# इतिहास

## कक्षा ९

नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
**पाठ्यक्रम विकास केन्द्र**
सानोठिमी, भक्तपुर

प्रकाशक : नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
पाठ्यक्रम विकास केन्द्र
सानोठिमी, भक्तपुर

© पाठ्यक्रम विकास केन्द्र

वि.सं. २०८२

मुद्रण :

पाठ्यक्रम विकास केन्द्रको लिखित स्वीकृतिबिना व्यापारिक प्रयोजनका लागि यसको पूरै वा आंशिक भाग हुबहु प्रकाशन गर्न, परिवर्तन गरेर प्रकाशन गर्न, कुनै विद्युतीय साधनमा उतार्न वा अन्य रेकर्ड गर्न र प्रतिलिपि निकाल्न पाइने छैन ।

# हाम्रो भनाइ

शिक्षालाई उद्देश्यमूलक, व्यावहारिक, समसामयिक र रोजगारमूलक बनाउन विभिन्न समयमा पाठ्यक्रम, पाठ्यपुस्तक विकास तथा परिमार्जन कार्यलाई निरन्तरता दिइँदै आएको छ । विद्यार्थीमा ज्ञानको खोजी गरी सिकाइ र वास्तविक जीवनबिच सम्बन्ध स्थापित गर्ने, सिद्धान्त र व्यवहारको समन्वय गर्ने, स्वपरावर्तित हुँदै ज्ञान, सिप र क्षमतालाई अद्यावधिक गर्ने सक्षमताको विकास हुनु आवश्यक छ । विद्यार्थीमा अधिकार, स्वतन्त्रता र समानताको प्रवर्धन गर्ने, स्वस्थ जीवनको अभ्यास गर्ने, तार्किक विश्लेषण गरी निर्णय गर्ने, वैज्ञानिक विश्लेषणका आधारमा व्यक्ति, समाज र राष्ट्रको दिगो विकासमा सरिक हुने सक्षमताको विकास पनि शिक्षाले गर्नुपर्छ । विद्यार्थीमा नैतिक आचरण प्रदर्शन गर्ने, सामाजिक सद्भावप्रति संवेदनशील हुने, पर्यावरणीय सन्तुलनप्रति संवेदनशील हुने, द्वन्द्व व्यवस्थापन गर्दै दिगो शान्तिका लागि प्रतिबद्ध रहने सक्षमताको विकास पनि माध्यमिक तहको शिक्षाबाट अपेक्षित छन् । यस तहको शिक्षाबाट आधुनिक ज्ञान, सिप, सूचना तथा सञ्चार प्रविधिको प्रयोग गर्ने, स्वावलम्बी र व्यवसायमुखी सिपको अभ्यास गर्ने, राष्ट्र, राष्ट्रियता र राष्ट्रिय आदर्शको सम्मान गर्ने, समाज स्वीकार्य आचरण र कार्य संस्कृतिको अवलम्बन गर्ने, सहिष्णु भाव राख्ने सक्षमता भएको नागरिक तयार गर्ने अपेक्षा रहेको छ । त्यस्तै सिर्जनशील, कल्पनाशील, उद्यमशील एवम् उच्च सोच र आदर्शमा आधारित व्यवहार गर्ने, समसामयिक चुनौतीहरूको सफल व्यवस्थापन गर्नेलगायतका विशेषताले युक्त स्वावलम्बी, देशभक्त, परिवर्तनमुखी, चिन्तनशील एवम् समावेशी समाज निर्माणमा योगदान गर्न सक्ने सक्षमतासहितको नागरिक तयार गर्नु माध्यमिक शिक्षाको लक्ष्य रहेको छ । यही लक्ष्य पूर्तिका लागि विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ को मार्गदर्शनअनुरूप विकास भएको माध्यमिक शिक्षा (कक्षा ९-१०) पाठ्यक्रमअनुसार कक्षा ९ को ऐच्छिक इतिहास विषयको पाठ्यपुस्तक तयार पारिएको हो ।

यस पाठ्यपुस्तकको लेखन तथा परिमार्जन कार्य डा. डोलराज काफ्ले, डा. हिक्मत बहादर खत्री, श्री होमनाथ पौडेलबाट भएको हो । पाठ्यपुस्तकलाई यस रूपमा ल्याउने कार्यमा केन्द्रका महानिर्देशक श्री युवराज पौडेल, विषय समितिका पदाधिकारीहरू प्रा.डा. रामकृष्ण तिवारी, डा. टिकाराम गौतम, डा. बद्रिनारायण गौतम, श्री दीपिका शर्मा, इन्दिरा

खड्का बुढाथोकी, श्री सरस्वती भट्टराईलगायतको विशेष योगदान रहेको छ । यसको विषयवस्तु सम्पादन प्रा.डा. शोभाखर कंडेल र भाषा सम्पादन श्री रजनी धिमालबाट भएको हो । यस पाठ्यपुस्तकको लेआउट डिजाइन श्री सन्तोषकुमार दाहाल र कुलदीप जङ्गबहादुर गुरुङबाट भएको हो । यस पुस्तकको विकास कार्यमा संलग्न सबैप्रति पाठ्यक्रम विकास केन्द्र धन्यवाद प्रकट गर्छ ।

पाठ्यपुस्तकलाई शिक्षण सिकाइको महत्त्वपूर्ण साधनका रूपमा लिइन्छ । यसबाट विद्यार्थीले पाठ्यक्रमद्वारा लक्षित सक्षमता हासिल गर्न मदत पुग्ने अपेक्षा गरिएको छ । यस पाठ्यपुस्तकलाई सकेसम्म क्रियाकलापमुखी, अनुभवकेन्द्रित, उद्देश्यमूलक र रुचिकर बनाउने प्रयत्न गरिएको छ । सिकाइ र विद्यार्थीको जीवन्त अनुभवबिच तादात्म्य कायम गर्दै यसको सहज प्रयोग गर्न शिक्षकले सहजकर्ता, उत्प्रेरक, प्रवर्धक र खोजकर्ताका रूपमा भूमिकाको अपेक्षा गरिएको छ । पाठ्यपुस्तकलाई अझै परिष्कृत पार्नका लागि शिक्षक, विद्यार्थी, अभिभावक, बुद्धिजीवी एवम् सम्पूर्ण पाठकहरूको समेत महत्त्वपूर्ण भूमिका रहने हुँदा सम्बद्ध सबैको रचनात्मक सुझावका लागि पाठ्यक्रम विकास केन्द्र हार्दिक अनुरोध गर्छ ।

वि.स. २०८२

नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
पाठ्यक्रम विकास केन्द्र

# विषयसूची


| क्र.स. | विषयवस्तु | पृष्ठ |
|---|---|---|
| एकाइ-एक : प्राचीन र मध्यकालीन नेपाल | | १ |
| १ | इतिहासको अर्थ र स्रोत | १ |
| २ | नेपाल शब्दको उत्पत्ति | ११ |
| ३ | गोपाल, महिषपाल र किरात राजवंश | १५ |
| ४ | लिच्छवि शासनकाल | २२ |
| ५ | अंशुवर्माको शासनकाल | २७ |
| ६ | नरेन्द्रदेव | ३२ |
| ७ | लिच्छविकालीन सामाजिक, आर्थिक र प्रशासनिक अवस्था | ३५ |
| ८ | मिथिला र कपिलवस्तु सभ्यता | ३९ |
| ९ | मध्यकालीन नेपालमण्डल | ४४ |
| एकाइ-दुई : आधुनिक नेपाल | | ४८ |
| १ | पृथ्वीनारायण शाह र नेपाल एकीकरण अभियान | ४८ |
| २ | रणबहादुर शाह र नेपाल एकीकरण | ५६ |
| ३ | नेपाल-तिब्बत-चीन युद्ध | ५९ |
| ४ | गीर्वाणयुद्ध विक्रम शाह र नेपाल एकीकरण | ६५ |
| ५ | भीमसेन थापा र नेपाल अङ्ग्रेज युद्ध | ६८ |
| ६ | राणा शासनकाल | ८० |
| ७ | राणा विरोधी अभियान र पतनका कारण | ८६ |
| ८ | वि.स. २००७ सालको क्रान्ति र यसका उपलब्धि | ९४ |

| | | |
|---|---|---|
| ९ | प्रजातान्त्रिक अभ्यासको एक दशक | ९९ |
| १० | पहिलो निर्वाचित सरकार | १०४ |
| एकाइ तीन : विश्वका सभ्यता | | ११० |
| १ | सभ्यता | ११० |
| २ | मेसोपोटामिया सभ्यता | ११३ |
| ३ | मिश्र सभ्यता | १२० |
| ४ | मिश्र सभ्यताका विशेषता | १२४ |
| ५ | ह्वाङ्हो सभ्यता | १२९ |
| एकाइ चार : विश्वका क्रान्तिहरू | | १३४ |
| १ | बेलायतको गौरवमय क्रान्ति | १३४ |
| २ | कृषि क्रान्ति | १३८ |
| ३ | औद्योगिक क्रान्ति | १४२ |
| ४ | औद्योगिक क्रान्तिका परिणाम | १४७ |
| ५ | अमेरिकी स्वतन्त्रता सङ्ग्राम | १५० |
| ६ | अमेरिकी स्वतन्त्रता सङ्ग्रामको परिणाम | १५४ |
| | एकाइ पाँच : विश्वयुद्ध | १५७ |
| १ | प्रथम विश्वयुद्ध : कारण र घटना | १५७ |
| २ | प्रथम विश्वयुद्धका परिणामहरू | १६४ |
| ३ | प्रथम विश्वयुद्धमा नेपालको सहभागिता र प्रभाव | १६८ |
| एकाइ छ : क्षेत्रीय सङ्गठन | | १७२ |
| १ | क्षेत्रीय सङ्गठनको अवधारणा र महत्त्व | १७२ |
| २ | दक्षिण एसियाली क्षेत्रीय सहयोग सङ्गठन (सार्क) | १७५ |
| ३ | बिमस्टेक (BIMSTEC) | १७९ |


एकाइ
एक

# प्राचीन र मध्यकालीन नेपाल

पाठ
१

## इतिहासको अर्थ र स्रोत

### १. इतिहासको अर्थ


'हेरोडोटस'

बितेका समयमा भएगरेका घटनाहरूको अध्ययन अनुसन्धान गर्ने विषय इतिहास हो । यसले विगतका सत्यतथ्य घटनाहरूको सङ्कलन गरी त्यसलाई तिथिमितिसहित सप्रमाण विश्लेषण गरेर जनसमक्ष ल्याउने काम गर्छ । इतिहासले बितेको समयका मानिसले गरेका परिश्रम, उपलब्धि र कमजोरीहरू उजागर गर्ने कार्य गर्छ । मानव जीवनसँग सम्बन्धित घटना, सभ्यता, समाज, संस्कृति, युद्ध, परम्परा, भाषा, धर्म, राष्ट्रको विकास, राजनीति, नियम, कानुन, सरकार, शासन पद्धति आदि इतिहासका विशेष पक्षहरू हुन् । त्यस्ता मानव जीवनसँग प्रत्यक्ष सरोकार राख्ने विगतका घटनाहरूको अध्ययन गर्ने विषय नै इतिहास हो । इतिहासको अङ्ग्रेजी शब्द History हो । यो History शब्द ल्याटिन भाषाको Historia भन्ने शब्दबाट बनेको हो । यसको अर्थ अनुसन्धानबाट प्राप्त ज्ञानको मूल्याङ्कन भन्ने हुन्छ । विश्वमा सर्वप्रथम इतिहास लेख्ने मानिस 'हेरोडोटस' थिए । त्यसैले उनलाई इतिहासका पिता भनिन्छ ।

इतिहास के हो ?

- बितेको समयमा भएका महत्त्वपूर्ण गतिविधिहरूको जानकारी दिने विषय
- विगतका सत्यतथ्य घटनाहरूको प्रमाणसहित विश्लेषण र सार्वजनिकीकरण
- विगतका मानिसहरूले गरेका परिश्रम, उपलब्धि र कमजोरीहरूको उजागर
- मानव जीवनसँग सम्बन्धित समाज, संस्कृति, सभ्यता, भाषा, वैदेशिक सम्बन्धको विवेचना
- मानव पुर्खाको वंश, गोत्र, थर, बसाइँसराइलगायतका विविध कुराको जानकारी

इतिहासका सम्बन्धमा केही इतिहासकारहरूको भनाइलाई यहाँ प्रस्तुत गरिएको छ । "इतिहासले मानिसलाई बुद्धिमान् बनाउँछ" - फ्रान्सिस वेकन (History as a discipline that makes men wise -Francis Bacon) । "इतिहास विगत र वर्तमानबिचको कहिल्यै नटुङ्गिने वार्तालाप हो ।" - इ.एच.कार (history as an unending dialogue between the present and the past. - E. H. Carr) । "मानिसले जे गऱ्यो, जे भन्यो र जे सोच्यो, त्यो नै इतिहास हो ।" - ग्रेट ल्यान्ड (What men have done and said above all what they have thought that is history. -Great Land)

आज भइरहेका घटनाक्रमहरूलाई बुझ्नका लागि विगतमा भएका घटना बुझ्न जरुरी हुन्छ । इतिहासले विगतका घटनाहरूलाई अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गरी वर्तमानलाई सचेत र सतर्क तुल्याउँदै भविष्यको मार्गनिर्देशन गर्ने काम गर्छ । इतिहासलाई स्रोतका आधारमा लेख्ने गरिन्छ । प्राप्त स्रोतका आधारमा इतिहासलाई प्राग ऐतिहासिक र ऐतिहासिक काल गरी दुई भागमा विभाजन गरिन्छ । मानिसले लिपिको विकास गर्नुभन्दा अगाडिको समयलाई प्राग ऐतिहासिक काल र लिपिको विकास गरेपछिको समयलाई ऐतिहासिक काल भन्ने गरिन्छ । अभिलेख, मुद्रा, ताडपत्र, भोजपत्र, पौराणिक गाथा, साहित्य, डायरी, ठ्यासफु जस्ता लिखित सामग्री र कला, वास्तुकला, हतियार, उपकरण, उत्खननबाट प्राप्त भौतिक सामग्री वा वस्तुहरूलाई प्रमाणका रूपमा उपयोग गरी ऐतिहासिक घटनाका बारेमा जानकारी लिएर इतिहास लेख्ने गरिन्छ ।


इतिहासको अध्ययन गर्नाले विश्वमा मानिसको उत्पत्ति र विकास कसरी भयो, समाजको विकास कसरी भयो, समाजमा आर्थिक, सामाजिक, धार्मिक, सांस्कृतिक, शैक्षिक, राजनीतिक जस्ता विषयहरू किन र कसरी विकसित भए भन्ने कुराहरूको जानकारी पाउन सकिन्छ । यसका अतिरिक्त इतिहासको अध्ययनले मानिसले विकास गरेको प्राविधिक ज्ञान, मानव जीवनलाई सुखी र सरल तुल्याउन गरेका परीक्षण र प्रयासका बारेमा पनि जानकारी पाउन सकिन्छ । इतिहासको अध्ययनले वर्तमान समयका

मानिसले कस्तो काम गर्दा जीवनमा आइपर्ने समस्याहरू समाधान गर्न सकिन्छ भन्ने तरिका थाहा पाउँछन् । इतिहास विगतका सत्यतथ्य स्रोतमा आधारित विषय भएकाले यसको अध्ययनबाट वर्तमान मानवका पुर्खा, मानवको वंश र उनीहरूको उत्पत्ति स्थलका बारेमा पनि जानकारी पाउन सकिन्छ । यसले गर्दा पुर्खाका आधारमा आफ्नो परिचय प्रस्तुत गर्न सकिन्छ । इतिहासले विगतका मानिसले गरेको बहादुरी र साहसिक कार्य, जीवनयापनको आधार, पेसा अनि विकास र परिवर्तनका कार्यहरूको जानकारी गराउँछ ।

इतिहासले विगतका राम्रा र नराम्रा सबै कार्यहरूको जानकारी दिने हुनाले त्यसबाट पाठ सिकेर समयलाई सही मार्गमा उपयोग गर्न वर्तमान पुस्तालाई प्रेरणा दिन्छ । विगतका मानिसले गरेको जीवन सङ्घर्षका विवरणले वर्तमानका मानिसलाई थप परिश्रम गर्न उत्साहित बनाउँछ । यसले वर्तमान समयका मानिसलाई राष्ट्रवादी भावनाको विकास गराउँदै परिश्रमी, लगनशील, अनुशासित र ऊर्जावान् बनाउन सहयोग पुऱ्याउँछ । उदाहरणका रूपमा हाम्रा पुर्खाले देशको राष्ट्रियता जोगाउन ज्यानको बलिदान दिएर गरेको योगदानको अध्ययनले हामीलाई उनीहरूप्रति श्रद्धाभाव जागृत गराउँछ । देश र राष्ट्रप्रति भक्तिभाव जगाउँछ । गौरवशाली पुर्खाप्रति आदरभाव जगाउन मदत पुग्छ । यसले मानिसलाई अनुशासित भएर राष्ट्रभक्तिमा लाग्न उत्प्रेरित गर्छ । इतिहास भनेको वास्तवमा विगतलाई नियालेर हेर्ने ऐना जस्तै हुन्छ ।

## २. इतिहासका स्रोत

विगतका घटनाहरूको तथ्यपरक जानकारी पाउनका लागि तत्कालीन समयका भरपर्दा प्रमाणहरूको आवश्यकता पर्छ । त्यस्ता प्रमाणहरूलाई नै इतिहासको स्रोत मानिन्छ । तथ्य, स्रोत र प्रमाणका आधारमा लेखिएको इतिहास मात्र वास्तविक इतिहास हुन्छ । इतिहासका स्रोतहरूलाई यसप्रकार प्रस्तुत गर्न सकिन्छ :



(क) पुरातात्त्विक स्रोत : 'पुरातत्त्व' 'पुरा' र 'तत्त्व' गरी दुईओटा शब्दहरू मिलेर बनेको हो । 'पुरा' को अर्थ प्राचीन र 'तत्त्व' को अर्थ 'वस्तु' भन्ने हुन्छ । समग्रमा पुरातत्त्व शब्दको अर्थ प्राचीन वस्तु भन्ने विषयसँग सम्बन्धित छ । त्यस्ता प्राचीन सामग्रीहरू अभिलेख, मुद्रा र कलाकौशलका वस्तुहरू हुन् । 'अभिलेख' पनि 'अभि' र 'लेख' गरी दुईओटा शब्दहरू मिलेर बनेको छ, जसको अर्थ कुनै ठोस वस्तुको सतहमा लेखिएको लेख भन्ने हुन्छ । सयौँ वर्षअगाडि लेखिएका अभिलेखहरू इतिहासका भरपर्दा स्रोत मानिन्छन् । नेपालको प्राचीन र मध्यकालीन इतिहास अध्ययन गर्न त्यतिबेला निर्माण गरिएका मुद्राहरू पनि निकै महत्त्वपूर्ण मानिन्छन् । मुद्रामा त्यतिबेलाका शासक र विशेष घटनाहरू झल्किने कुराहरू अङ्कित गरिएको हुन्छ । त्यसैगरी मठमन्दिर, भवन, स्मारक, किल्ला, स्तुप, विहार, मूर्ति, हातहतियार, मौखिक स्रोत, थाङ्का चित्र र भित्ते चित्रहरू आदि कलाकौशलका वस्तुहरू त्यो समयको इतिहास जान्न र लेख्न निकै उपयोगी आधार मानिन्छन् । पुरातात्त्विक स्रोतहरूलाई निम्न क्षेत्रमा वर्गीकरण गरिन्छ :

(अ) अभिलेख : सुन, तामा जस्ता धातुका पाता, ढुङ्गा, काठ, भित्ता जस्ता कडा वस्तुमा लेखाइएका लेख, विवरणका अतिरिक्त टिपोट, पुराना सरकारी कागजपत्र, पत्राचार, सन्धिसम्झौता, परराष्ट्रका कागजपत्रहरू आदि अभिलेख हुन् । प्राचीन समयदेखि नै राज्यमा कुनै घटना घट्दा वा उत्सव सम्पन्न गरेपछि त्यसको विवरण अभिलेखमा लेखेर राख्ने प्रचलन थियो । त्यसरी लेखिएका अभिलेखहरूलाई लेखाइएको वस्तुका आधारमा ताम्रपत्र, सुवर्णपत्र, काष्ठपत्र, शिलालेख, रजतपत्र आदि भन्ने गरिन्छ । यस्ता अभिलेखहरूको अध्ययनका आधारमा तयार पारिएको इतिहासबाट तत्कालीन समयको राजनीतिक, आर्थिक, सामाजिक, धार्मिक, शैक्षिक, परराष्ट्र सम्बन्ध जस्ता पक्षहरूका बारेमा जानकारी पाउन सकिन्छ । लिच्छविकालका राजा मानदेवले वि.स. ५२१ तिर लेखाएको चाँगुनारायणको अभिलेख, वि.स. ५६२ मा मानदेवकी छोरी विजयवतीले पशुपतिको सूर्यघाटमा लेखाएको अभिलेख,



*चाँगुनारायणको अभिलेख*

वि.स. ७९० मा लिच्छवि राजा जयदेव द्वितीयले पशुपति क्षेत्रमा लेखाएको अभिलेखका अतिरिक्त पलाञ्चोक, नाला, साँगा, खोपासी, लेले, टोखा, टिस्टुङ, पालुङ, हाँडीगाउँ, लुम्बिनी जस्ता क्षेत्रमा प्राचीनकालमा र जुम्ला, दैलेख सिम्रौनगढलगायत काठमाडौँका विभिन्न स्थानमा मध्यकालमा लेखाइएका अभिलेखहरू नेपालको इतिहास लेखनका लागि महत्त्वपूर्ण स्रोत मानिएका छन् । राष्ट्रिय अभिलेखालय, कौसी तोसखाना र परराष्ट्र मन्त्रालयमा रहेका कागजपत्रहरू अभिलेखअन्तर्गत पर्छन् ।

(आ) मुद्रा : मुद्रा इतिहासको अध्ययनमा निकै भरपर्दो पुरातात्त्विक स्रोत मानिन्छ । नेपालमा प्राचीनकालदेखि नै धेरै थरीका मुद्राहरू पाइन्छन् । प्राचीन कपिलवस्तु, मिथिलाका अतिरिक्त उपत्यकाका राजाहरूले पनि मुद्रा निर्माण गर्ने गरेका थिए । लिच्छवि राजा मानदेव,



गुणकामदेव, अंशुवर्मा, जिष्णुगुप्त आदिले निर्माण गरेका मुद्राहरू पाइन्छन् । राजा मानदेवले निर्माण गराएको मानाङ्क मुद्रा लिच्छविकालको इतिहास अध्ययन गर्न निकै महत्त्वपूर्ण स्रोत मानिन्छ । लिच्छविकालका मानाङ्क, गुणङ्क, जिष्णु गुप्तष्य, वैश्रवण, वृष, पशुपति आदि नामका मुद्राहरू पाइएका छन् । त्यस्ता मुद्राहरूबाट तत्कालीन समयको धार्मिक, सांस्कृतिक एवम् आर्थिक अवस्थाका साथै केन्द्रका शासक र सहायक शासकका बिचमा भएको शक्तिको बाँडफाँड, झगडा, द्वन्द्व, युद्ध आदिका बारेमा जानकारी पाउन सकिन्छ । मध्यकालमा द्रम्म, शिवका, प्ल, कर्ष, रूप्यद्रम्म, बोह्यद्रम्म आदि नामका मुद्रा निर्माण गरी प्रचलनमा ल्याएका थिए । कान्तिपुरका राजा महीन्द्र मल्लले मुद्रा निर्माण गरी तिब्बत पठाउने गरेका थिए । कान्तिपुर राज्यका अन्तिम मल्ल राजा जयप्रकाश मल्लले चाँदीको अभाव भएपछि चाँदीमा तामा मिसाएर मुद्रा निर्माण गरी तिब्बत पठाएका थिए । यही कारणले गर्दा नेपाल र तिब्बतका बिचमा युद्ध हुन गएको विवरण पाइन्छ । यसरी मुद्रा पनि इतिहास जान्नका लागि एक भरपर्दो पुरातात्त्विक स्रोत मानिन्छ ।

(इ) कलाकौशलका वस्तुहरू : कलाकौशलका वस्तुहरू पनि इतिहासका भरपर्दा पुरातात्त्विक स्रोत मानिन्छन् । कलाकौशलअन्तर्गत प्राचीकालदेखि नै निर्माण गरिएका मठमन्दिर,

भवन तथा स्मारक, किल्ला, स्तुप, विहार, धातु, काठ तथा ढुङ्गा आदिबाट कुँदिएका मूर्ति, हातहतियार, भित्ते वा थाङ्का चित्रहरू आदि पर्छन् । यस्ता कलाकौशलका वस्तुहरूको अध्ययनबाट त्यसबेलाको धार्मिक विश्वास, लवाइखवाइ, वेशभूषा, मूर्ति, वास्तु वा चित्र निर्माण विधि, सामाजिक जनजीवन, शासकका गतिविधिहरू, राज्य विस्तार, युद्ध, शान्ति, आर्थिक अवस्था आदिका बारेमा जानकारी पाउन सकिन्छ । पशुपति नजिकै रहेको विरुपाक्षको मूर्ति, बुढानीलकण्ठको जलाशयन विष्णुको मूर्ति आदि नेपालका प्राचीनकालमा नै निर्माण गरिएका मूर्तिहरू हुन् । पशुपतिको मन्दिर, हनुमानढोका दरबार, पाटन दरबार, भक्तपुर दरबार, भक्तपुरको न्यातपोल मन्दिर, पाटनको कृष्ण मन्दिर आदि कलाकौशलका उदाहरण हुन् । नेपालको पुरातत्त्व विभागले मकवानपुर, विराटनगरको भेडियारी, काठमाडौँ उपत्यकाका विभिन्न स्थान, डोल्पा, दार्चुला, लुम्बिनी, रामग्राम, तिलौराकोट आदि स्थानमा उत्खनन गर्दा प्रशस्त कलात्मक वस्तुहरू प्राप्त गरेको छ । त्यस्ता वस्तुहरू इतिहास अध्ययन गर्न भरपर्दा र उपयोगी स्रोत बनेका छन् ।



*प्राचीन मूर्तिकला*

(ख) साहित्यिक स्रोत : लिखित सामग्रीका रूपमा प्राप्त हुने स्रोतहरू साहित्यिक स्रोत हुन् । वंशावली, धार्मिक ग्रन्थ, ठ्यासफु, हस्तलिखित ग्रन्थ, ताडपत्र, भोजपत्र, सरकारी कागजपत्र, भाषण, प्रकाशन, लेखरचना, पत्रपत्रिका, प्रचलित रीतिरिवाज, स्थानीय जनश्रुति, मौखिक स्रोतहरू, किंवदन्ती, लोकगीत, कथा, कविता जस्ता विधा र क्षेत्रहरू पनि तत्कालीन समयको इतिहास जान्नका लागि भरपर्दा स्रोत मानिन्छन् । त्यस्ता साहित्यिक स्रोतहरूका केही नमुना यसप्रकार छन् :

(अ) वंशावली : कसैको वंशका बारेमा लेखिएको लेखलाई वंशावली भनिन्छ । त्यस्ता वंशावलीहरूमा राजामहाराजाका नाम, वंश, शासनकाल, त्यतिबेलाको सामाजिक,


आर्थिक, शैक्षिक, प्रशासनिक, धार्मिक अवस्था, राजनीतिक घटना, राज्यविस्तार, युद्ध, निर्माण, जीर्णोद्धार, दानपुण्य, यज्ञ, महायज्ञ, मूर्ति तथा मठमन्दिरको निर्माण, तत्कालीन चाडपर्व र ती चाडपर्वहरू मनाउने विधि, रीतिरिवाज, परम्परा, लवाइखवाइ, उत्सव, संस्कार, मेला, जात्रा, न्याय, कानुन, सुधार आदि पक्षहरूको जानकारी पाउन सकिन्छ । नेपालमा गोपालराज वंशावली, भाषा वंशावली, नेपाल देशको इतिहास जस्ता वंशावलीहरू नेपालको इतिहास अध्ययन गर्न निकै उपयोगी रहेका छन् । गोपालराज वंशावली मध्यकालका राजा जयस्थिति मल्लको शासनकालमा लेखिएको थियो । त्यो वंशावलीमा प्राचीनकालदेखि वि.स. १४४५ सम्मका घटनाहरूको विवरण उल्लेख गरिएको छ । गोपालराज वंशावली सर्वप्रथम वि.स. १९६० मा सिसिल वेण्डाल नामक इतिहासकारले खोजेर प्रकाशन गरेका थिए । नेपाली भाषामा लेखिएको हुनाले अर्को वंशावलीलाई भाषा वंशावली भनिएको हो । त्यो वंशावलीमा राणा प्रधानमन्त्री वीरशमशेरसम्मका घटनाहरू उल्लेख गरिएका छन् । त्यसैगरी नेपाल देशको इतिहास नामक वंशावलीमा राणा प्रधानमन्त्री चन्द्रशमशेरको शासनकालसम्मका घटनाहरू समावेश गरिएका छन् । तिनै वंशावलीलाई आधार बनाएर कर्कपैट्रिक, हेमिल्टन, सिसिल वेन्डाल, डेनियल राइट, भगवानलाल इन्द्रजी, सिल्भा लेभी जस्ता विदेशी इतिहासकारहरूले नेपालको इतिहास लेख्ने कार्य गरेका छन् ।

(आ) ठ्यासफु : ठ्यासफु वर्तमान समयमा लेखिने दैनिक डायरी जस्तै तर कागजका ससाना टुक्रामा लेखेर मुठा बाँध्दै राखिएका कागजका पोकाहरू हुन् । यसलाई पत्रपत्र पारेर राखिएको हुन्छ । ठ्यासफु नेवारी भाषाको शब्द हो । मध्यकालमा राजामहाराजाहरूले उनीहरूको जीवनमा घटेका दैनिक घटनाहरूलाई यस्तै कागजमा लेखेर राख्ने गर्थे । हुन त ठ्यासफु एक व्यक्तिगत लेख हो, तापनि त्यसमा तत्कालीन समयमा घटेका महत्त्वपूर्ण घटनाहरूको पनि उल्लेख गरिएको हुनाले इतिहासको अध्ययनमा ती निकै महत्त्वपूर्ण स्रोत मानिन्छन् ।

(इ) पुष्पिका वाक्य : नेपालमा प्राचीनकालदेखि नै छापाखानाको अभावका कारण पुस्तकहरू हातले सारेर राख्ने प्रचलन थियो । त्यस्ता हस्तलिखित ग्रन्थहरूको बाहिरी गातामा तत्कालीन राजाको नाम, शासनकाल र उनको शानसकालमा घटेका महत्त्वपूर्ण घटनाहरू जस्तै राजनीतिक, आर्थिक, सामाजिक, प्रशासनिक, धार्मिक अवस्था, न्याय, कानुन, परराष्ट्र सम्बन्ध, दण्डप्रणाली, भाषा, लिपि तथा विकास निर्माणसम्बन्धी पक्षहरू उल्लेख गरेको पाइन्छ । नेपालमा वि.स. १२०४ मा लेखिएको एउटा हस्तलिखित

ग्रन्थको अन्त्यमा 'नेपाल सम्वत् २६८ पौष शुक्ल पूर्णिमा सोमबार श्री आनन्ददेव राजाले जम्मै पृथ्वीलाई पालन गरिरहनुभएको बेलामा यो प्रज्ञापारमिता लेखियो' भनी उल्लेख गरिएको पाइन्छ । मध्यकालमा निर्माण गरिएका यस्ता हस्तलिखित ग्रन्थहरू तत्कालीन समयको इतिहास अध्ययन गर्न निकै उपयोगी सामग्री मानिन्छन् ।

(ई) धार्मिक ग्रन्थहरू : प्राचीनकालमा लेखिएका रामायण, महाभारत, पुराण, ब्राह्मण साहित्य, उपनिषद् आदिमा पनि नेपालसम्बन्धी केही पक्षहरू उल्लेख गरिएको पाइन्छ । महाभारतको युद्धमा किरात राजा जितेदास्तीले भाग लिएको कुरा उल्लेख गरिएको पाइन्छ । रामायणमा तत्कालीन मिथिला राज्यका राजा सीरध्वज जनक र उनकी छोरी सीताका बारेमा चर्चा गरिएको पाइन्छ । विष्णुधर्मोत्तर पुराणको हिमवत्खण्डमा नेपालका किरात शासकका बारेमा चर्चा गरिएको छ ।




यस्ता पौराणिक ग्रन्थहरू पनि नेपालको इतिहास लेखनका लागि महत्त्वपूर्ण साहित्यिक स्रोत मानिन्छन् ।

(उ) सरकारी कागजपत्र, भाषण र प्रकाशनहरू : विभिन्न समयमा प्रकाशन गरिएका सरकारी कागजपत्रहरूमा राजाको नाम, शासनकाल, तत्कालीन समयका प्रसिद्ध भारदारहरूको नाम र उनका कार्यहरू, न्याय, परराष्ट्र सम्बन्ध, सैनिक नीति जस्ता पक्षहरू उल्लेख गरिएको पाइन्छ । नेपालमा यस्ता कागजपत्रहरू जङ्गी अड्डा, लागतफाँट, कौसी तोसाखाना र महालेखा परीक्षकको कार्यालयमा पाइन्छन् । यसबाहेक सनदपत्र, लालमोहर, फुकुवापत्र, सन्धिपत्र, दिव्योपदेश, चन्द्रशमशेरले सती र दासप्रथा अन्त्य गर्दा टुँडिखेलमा जनतासामु दिइएको भाषण आदि इतिहासका राम्रा र भरपर्दा स्रोतहरू मानिन्छन् । यसका अतिरिक्त वि.स. १९५८ देखि प्रकाशन हुँदै आएको गोरखापत्रलगायतका पत्रपत्रिका, पूर्णिमा नामक पत्रिकामा इतिहाससम्बन्धी लेखहरू छापिँदै आएका छन्, तिनीहरू पनि इतिहासका भरपर्दा साहित्यिक स्रोत हुन् ।

(ग) वैदेशिक स्रोत : विभिन्न समयमा नेपालको भ्रमणमा आएका विदेशी यात्रुहरूले नेपालका बारेमा लेखेका यात्रा विवरणहरू पनि नेपालको इतिहास जान्न र लेख्न उपयोगी हुन्छन् । भारत, तिब्बत, चीन र युरोपेली देशहरूमा पाइने नेपालसम्बन्धी विवरणहरू नेपालको इतिहासका भरपर्दा स्रोतहरू हुन् । यी स्रोतहरूलाई निम्नानुसार देखाउन सकिन्छ :

(अ) चाइनिज स्रोत : प्राचीनकालमा नेपालको बाटो हुँदै भारत र अन्य छिमेकी मुलुकहरूमा आवतजावत गर्ने चिनियाँ यात्रीहरू फाह्यान, हु-एन-साङ (यु-वान-चाङ्ग), वाङ्-युन-चे, लि-यु-पाओ, थोन-मी-सम-भोटा आदिले नेपालसम्बन्धी वर्णन गरेको कुरा चिनियाँ ताङ्ग वृत्तान्तमा उल्लेख गरिएको पाइन्छ । चिनियाँ राजदूतले भारतमा आक्रमण गर्दा नेपालले उनलाई अश्वारोही सैनिक सहयोग गरेको, नेपालका लिच्छवि राजा नरेन्द्रदेवले दरबारको प्राङ्गणमा सयकडौँ सैनिकहरू राखेर शासन गर्ने गरेको, राजाले विशाल भद्राधिवास दरबारबाट शासन गर्दा मणिमाणिक्यले सजिसजाउ हुने गरेको कुरा चाइनिज यात्रीहरूले आफ्नो यात्रा वृत्तान्तमा उल्लेख गर्ने गरेका थिए ।

(आ) भारतीय स्रोत : खुला सिमाना, भौगोलिक निकटता, सांस्कृतिक समानता जस्ता कारणहरूले गर्दा प्राचीनकालदेखि नै नेपाल र भारतका बिचमा सामाजिक, सांस्कृतिक तथा व्यापारिक सम्बन्ध कायम रहँदै आएको थियो । जैन धार्मिक ग्रन्थ 'आगम सूत्र', भारतका शासक समुद्र गुप्तद्वारा स्थापित इलाहाबादको अभिलेख, कौटिल्यको अर्थशास्त्र, कवि कल्हणको राजतरङ्गिणी आदिमा नेपालका बारेमा पनि लेखिएको पाइन्छ । यसका अतिरिक्त भारतका मौर्य सम्राट् अशोकले लुम्बिनीमा लेखाएको अभिलेखमा सिद्धार्थ गौतमको जन्म वर्तमान नेपालको लुम्बिनीमा नै भएको प्रमाणित गर्छ । यसका अतिरिक्त नेपाल र भारतका बिचमा भएका सन्धिसम्झौताका विवरणहरू, नेपालका बारेमा लेखिएका कैयौँ लेखरचना, ब्रिटिसकालीन कागजपत्र तथा चिठीपत्रहरू नेपालको इतिहासका महत्त्वपूर्ण स्रोत हुन् ।

(इ) युरोपियन स्रोत : मध्यकालमा नेपाल पसेका युरोपेली पादरीहरूले तत्कालीन नेपालका बारेमा विभिन्न तथ्यहरू प्रकाशन गरेका थिए । नेपालको बाटो हुँदै तिब्बत र चीनमा व्यापार गर्न गएका युरोपेली व्यापारीहरूले वर्णन गरेका यात्रा विवरण, युरोपमा भएको धर्मसुधार आन्दोलनपछि धर्मप्रचारका लागि एसिया आएका पादरीहरू फादर ग्रोवर, फादर मार्क आदिले नेपालका बारेमा धेरै कुरा लेखेका थिए । भारतमा बेलायती कम्पनी सरकारको शासन स्थापना भएपछि बेलाबखत नेपाल आउने गरेका युरोपेलीहरूले पनि नेपालका बारेमा प्रशस्त लेखरचना, पुस्तकहरू प्रकाशन गरेका थिए । यी सामग्री नेपालको इतिहास जान्न र बुझ्न भरपर्दा वैदेशिक स्रोत मानिन्छन् ।

## अभ्यास

१. तलका प्रश्नहरूको अति छोटो उत्तर दिनुहोस् :

(क) इतिहासको महत्त्व उल्लेख गर्नुहोस् ।

(ख) इतिहासले विगत, वर्तमान र भविष्यलाई जोड्छ, कसरी ?

(ग) राष्ट्रभक्ति र इतिहासको अध्ययनमा के सम्बन्ध हुन्छ ?

(घ) इतिहासले आफ्ना पुर्खाको पहिचान गर्न कसरी सहयोग पुऱ्याउँछ ?

२. तलका प्रश्नहरूको छोटो उत्तर दिनुहोस् :

(क) इतिहास लेखनका प्रमुख स्रोतहरू उल्लेख गर्नुहोस् ।

(ख) पुरातात्त्विक स्रोतको परिचय दिनुहोस् ।

(ग) मुद्रालाई किन इतिहासको भरपर्दो स्रोत मानिन्छ, लेख्नुहोस् ।

(घ) 'इतिहासले अहिलेका मानिसलाई पुर्खाको सम्मान गर्न सिकाउँछ,' पुष्टि गर्नुहोस् ।

(ङ) इतिहास अध्ययनमा कलाकौशलको औचित्य पुष्टि गर्नुहोस् ।

३. तलका प्रश्नहरूको लामो उत्तर दिनुहोस् :

(क) विगतका मानिसले गरेका सफल कार्यहरू अध्ययन गर्दा अहिलेका पुस्तालाई हुने फाइदा उदाहरणसहित स्पष्ट पार्नुहोस् ।

(ख) 'इतिहासले मानव सभ्यतालाई जीवन्त राख्छ,' पुष्टि गर्नुहोस् ।

(ग) 'संसारको सबै ज्ञान इतिहासमा लुकेको हुन्छ,' आफ्ना विचार प्रस्तुत गर्नुहोस् ?

## परियोजना कार्य

(क) तपाईंको घरछिमेकमा उपलब्ध कुनै चारओटा इतिहासका स्रोतका सम्बन्धमा खोजी गरी कक्षामा प्रस्तुत गर्नुहोस् ।

(ख) तपाईंको परिवार र नातेदारमा रहेका ज्येष्ठ नागरिकसँग सोधपुछ गरी निम्न ढाँचामा आफ्नो वंशावली तयार पारी शिक्षकलाई देखाउनुहोस् ।

### वंश/थर/गोत्र

थर, गोत्र रहनाका कारणहरू :

पुर्खाको उद्भव :

स्थानान्तरणका कारण :

हाल तपाईंको परिवारमा जीवित रहनुभएका पुस्ताको नामावली :

तपाईंको पुस्तामा रहेका आफ्नो वंशका मानिसको नामावली :

पाठ २


# नेपाल शब्दको उत्पत्ति

नेपाल प्राचीनकालदेखि नै आफ्नै अस्तित्वमा रहेको देश हो । हिमालयको काखमा रहेको यस देशलाई पौराणिक ग्रन्थहरूमा उल्लेख गरेअनुसार सत्ययुगमा सत्यवती, त्रेतायुगमा तपोवन, द्वापरयुगमा मुक्तिसोपान र कलियुगमा नेपाल भन्न थालिएको हो । इ.पू. छैटौँ शताब्दीतिर लेखिएको मानिने अथर्व परिशिष्टमा नेपाल शब्द लिखित रूपमा रहेको पाइन्छ । इ.पू. ३३४ देखि ३०० सम्म भारतमा शासन गरेका राजा चन्द्रगुप्त मौर्यका मन्त्री कौटिल्यले लेखेको अर्थशास्त्र नामक पुस्तकमा पनि नेपाल शब्द उल्लेख गरिएको पाइन्छ । त्यसैगरी सन् ३४० देखि ३८० सम्म भारतमा शासन गरेका राजा समुद्र गुप्तले लेखाएको प्रयाग प्रशस्ती अभिलेखमा पनि नेपाल शब्दलाई उल्लेख गरेको पाइन्छ । यसका साथै बौद्ध र हिन्दु धर्मका प्राचीन ग्रन्थहरू नेपाल महात्म्य, गण्डकी महात्म्य, स्कन्द पुराण, गरुड पुराण, बराह पुराण, महाभारत आदिमा पनि नेपाल शब्द उल्लेख गरिएको पाइन्छ ।

## नेपाल शब्द उत्पत्तिका आधारहरू

'नेपाल' शब्दको अर्थ के हो र यो शब्द कसरी बन्यो भन्ने सम्बन्धमा फरक फरक धारणाहरू पाइन्छन् । नेपाल शब्दको उत्पत्तिसम्बन्धी हालसम्म प्राप्त भएका तीनओटा आधारहरूलाई निम्नानुसार उल्लेख गर्न सकिन्छ :

### (क) वंशावलीको आधार



*ने मुनि*

धेरै पहिले काठमाडौँ उपत्यका जलमग्न थियो । त्यो ठुलो दहलाई नागदह भनिन्थ्यो । कुनै समयमा महाचीनबाट मन्जुश्री बोधिसत्व त्यहाँ आएर दहको पानी बगाएपछि त्यो स्थान बस्तीयोग्य बन्न गयो । गोपाल राजवंशावलीमा उल्लेख गरेअनुसार भारतको द्वारकाबाट भगवान् कृष्णका साथ काठमाडौँ उपत्यकामा ग्वालाहरू पनि आएका

थिए । उनीहरूले बागमती नदीको किनारमा कैली गाईले दिनहुँ दुधको धारा दिने गरेको देखेपछि के रहेछ भनी ती 'नेप' नामका ग्वालाले खनेर हेर्दा त्यहाँ अत्यन्त तेजिलो पशुपतिको शिवलिङ्ग प्रादुर्भाव भयो । त्यसको तेजबाट नेप नाम गरेका ग्वाला भस्म भए । त्यही समयमा बागमती र विष्णुमती नदीको दोभानमा तपस्या गरी बसेका 'ने' मुनिले त्यसरी भस्म भएका ग्वालाका छोरा भुक्तमानलाई राजा बनाएर देशको पालन वा रक्षा गरेका कारण यो देशको नाम 'नेपाल' रहन गएको मानिन्छ ।

### (ख) भाषागत आधार

नेपालमा प्राचीनकालदेखि नै विभिन्न भाषा बोल्ने मानिसको बसोबास रहँदै आएको छ । त्यसैले नेपाल शब्द पनि तिनै विभिन्न भाषाका आधारमा बनेको हो भन्ने तथ्य उल्लेख गरेको पाइन्छ । त्यस्ता भाषागत आधारहरू यसप्रकार रहेका छन् :

(अ) तिब्बती भाषागत आधार : तिब्बती भाषाअनुसार 'नेपाल' शब्द 'ने' र 'पाल' गरी दुईओटा शब्दहरू मिलेर बनेको हो । जसमध्ये 'ने' को अर्थ 'ऊन' र 'पाल' को अर्थ 'घर' भन्ने हुन्छ । प्राचीनकालमा नेपालमा प्रशस्त ऊन उत्पादन हुने हुँदा तिब्बती भाषामा 'ऊनको घर' भन्ने अर्थमा 'नेपाल' शब्द प्रयोग गरिएको पाइन्छ ।

(आ) नेवारी भाषागत आधार : नेवारी भाषामा नेपाललाई नेपाः मात्र भनिन्थ्यो । त्यो नेपाः शब्द पनि 'ने' र 'पा' गरी दुईओटा अक्षरबाट बनेको हो जसमध्ये 'ने' को अर्थ 'मध्य' र 'पा' को अर्थ 'देश' भन्ने हुन्छ । प्राचीनकालदेखि नै नेपाल हिमालय र तराईको बिच भागमा रहँदै आएको हुनाले यसलाई मध्यदेश भन्ने अर्थमा नेपाल भन्ने गरिएको हो ।

(इ) लिम्बू भाषागत आधार : लिम्बू भाषामा नेपाल शब्दको अर्थ 'समथर जमिन' भन्ने हुन्छ । यो देशको नाम नेपाल रहने बेला वर्तमान काठमाडौँ उपत्यकालाई मात्र आधार बनाइएको र उपत्यकामा समथर जमिन भएको हुँदा यो देशको नाम नेपाल राखिएको थियो ।

(ई) लेप्चा भाषागत आधार : लेप्चा भाषामा 'ने' को अर्थ पवित्र र 'पाल' को अर्थ गुफा भन्ने हुन्छ । यहाँका गुफाहरूमा प्राचीनकालदेखि नै ऋषिमुनिहरूले तपस्या गर्दै आएका कारण यो देशको नाम पवित्र गुफा भन्ने अर्थमा 'नेपाल' राखिएको हो ।

(उ) संस्कृत भाषागत आधार : संस्कृत भाषाका दुईओटा शब्दहरू 'नीप' र 'आलय' मिलेर यो देशको नाम नेपाल बनेको देखिन्छ । यसमध्ये 'नीप' को अर्थ 'पहाडको फेदी' र 'आलय' को अर्थ 'बस्ती' भन्ने हुन्छ । यसरी संस्कृत भाषामा पहाडको फेदीको बस्ती भन्ने अर्थमा यो देशको नाम नेपाल रहन गएको हो ।

(ऊ) किरात भाषागत आधार : किरात भाषाको 'ङ्येतपा' को रूपान्तरित अर्थ 'नेपाल' भन्ने हुन्छ । जसमा 'ङ्येत' को अर्थ 'वस्तुभाउ' र 'पा' को अर्थ 'मान्छे' भन्ने हुन्छ । यसरी वस्तुभाउ पाल्ने मानिसको बस्ती भएको भन्ने अर्थमा यो देशको नाम नेपाल रहन गएको मानिन्छ ।

### (ग) जातिगत आधार

नेपाल शब्द प्राचीनकालमा बसोबास गरेका जातिका आधारमा बनेको हो भन्ने अर्को तर्क रहेको छ । ती जातिहरूका आधार यसप्रकार रहेका छन् :

(अ) न्यार्वा जातिगत आधार : 'नेपाल' र 'नेवार' शब्दहरू दुबै 'न्यार्वा' शब्दबाट बनेको मानिन्छ । यही नेवार जातिबाट पछि यो देशको नाम नेपाल रहन गएको मान्यता छ ।

(आ) किरात जातिगत आधार : प्राचीन नेपालका आदिवासी किरातहरूको 'नेपार' नाम गरेको एक शाखा थियो । उनीहरूको खास बस्ती काठमाडौँ उपत्यकामा रहेको थियो । यही नेपार जातिको बस्ती भएका कारण पछि यो स्थानको नाम अपभ्रंश भई नेपाल रहन गएको मानिन्छ ।

(इ) नेप जातिगत आधार : अर्को एक मान्यताअनुसार नेपालका प्रथम शासक गोपालहरूको थर 'नेप' थियो । त्यही 'नेप' भन्ने शब्दमा मानिसको बस्ती रहेको स्थान भन्ने बुझाउने शब्द 'आलय' जोडिएर यो देशको नाम 'नेपालय' र पछि त्यसैबाट 'नेपाल' हुन गएको हो ।

## अभ्यास

१. तलका प्रश्नहरूको अति छोटो उत्तर दिनुहोस् :

(क) सत्य र त्रेतायुगमा नेपालका नाम के के थिए ?

(ख) कौटिल्यले लेखेको कुन पुस्तकमा नेपाल शब्द उल्लेख गरिएको थियो ?

(ग) नेपालका कुन राजाले लेखाएको अभिलेखमा सर्वप्रथम नेपाल शब्दको उल्लेख गरिएको थियो ?

(घ) तिब्बती भाषामा नेपाल शब्दको अर्थ के हुन्छ ?

(ङ) नेपाल शब्दको उत्पत्तिका आधारहरूमध्ये कुनै दुईओटा भाषाहरूको नाम लेख्नुहोस् ।

२. तलका प्रश्नहरूको छोटो उत्तर दिनुहोस् :

(क) भाषागत आधारमा नेपाल शब्दको उत्पत्ति स्पष्ट पार्नुहोस् ।

(ख) नेवारी र संस्कृत भाषाका आधारमा नेपाल शब्दको अर्थ उल्लेख गर्नुहोस् ?

(ग) लिम्बु र लेप्चा जातिका आधारमा नेपालको नामकरण कसरी हुन गयो ?

३. तलका प्रश्नहरूको लामो उत्तर दिनुहोस् :

(क) नेपाल शब्दको उत्पत्तिका तीनओटा प्रमुख आधारहरू उल्लेख गरी छोटो चिनारी प्रस्तुत गर्नुहोस् ।

(ख) भाषागत र जातिगत आधारमा नेपाल शब्दको उत्पत्तिमा भएका समानता र भिन्नता उल्लेख गर्नुहोस् ।

(ग) नेपाल शब्दको उत्पत्तिका आधारहरूमध्ये तपाईंलाई कुन आधार बढी भरपर्दो लाग्छ, तर्क गर्नुहोस् ।

## परियोजना कार्य

(क) नेपाल शब्दको उत्पत्तिका आधारहरू खोजी गरी तालिकामा देखाई कक्षामा प्रस्तुत गर्नुहोस् ।

| नेपाल शब्द उत्पत्तिका आधार | जातिगत आधार | भाषिक आधार | ऐतिहासिक आधार | भौगोलिक आधार |
|---|---|---|---|---|
| | | | | |

पाठ ३

# गोपाल, महिषपाल र किरात राजवंश

हिमालयको काखमा अवस्थित देश नेपालमा प्रागैतिहासिक काल वा घुमन्ते युगदेखि नै मानिसको आवतजावत हुने गर्थ्यो । समुद्रसतहदेखि विश्वको सबैभन्दा अग्लो हिमाल सगरमाथा र करिब ६० मिटर उचाइमा रहेका मुसहर्निया, केचनाकवल जस्ता स्थान नेपालमै रहेका छन् । विश्वकै सबैभन्दा ठुलो महादेश एसियाको सानो देश नेपालमा विश्वमा पाइने सबै किसिमका हावापानी र वनस्पति पाइन्छन् । नेपाल प्राचीनकालदेखि नै ज्ञानभूमि, कर्मभूमि, व्यापारिक मार्ग, तीर्थस्थल, देवालय, शिवालयले पवित्र भूमिका रूपमा चिनिँदै आएको छ । उत्तरका अग्ला हिमाल र दक्षिणका घना जङ्गल नेपालको सुरक्षाका लागि प्राकृतिक किल्ला बन्दै आएका छन् । पहाडी र हिमाली कठिन धरातलीय स्वरूप भएको स्थान नेपालमा बाहिरबाट मानिसहरू कम मात्र आउने गर्थे । यदाकदा घुमन्ते रूपमा आएकाहरूले यहाँका तालतलैयाहरूमा रहेका माछा, जङ्गलमा पाइने पशुपक्षीको सिकार र कन्दमूलबाट जीवन निर्वाह गर्ने गर्थे ।

विभिन्न समयमा विभिन्न स्थानबाट बसाइँ सरी नेपाल आएका मानिसहरूले आफूसँग भएको ज्ञान, सिप, धर्मसंस्कृति यहाँ स्थापित गर्दै गए । यो क्रम पछिसम्मै चलेका कारण नेपाली समाजमा विविधता कायम भयो । यहाँ जातीय विविधता भए पनि एकतामा आबद्ध हुने बानी नेपाली समाजको पहिचान बन्न पुग्यो । नाग जातिका मानिसहरूले सुरु गरेको राज्य प्रणालीलाई 'गौडा' वंशले केही व्यवस्थित बनाए । त्यसपछि गोपाल वंशका मानिसहरूले काठमाडौँ उपत्यकालाई राजधानी बनाएर केही व्यवस्थित बनाउँदै लगेको शासन व्यवस्था र समाज क्रमिक रूपले अगाडि बढ्दै वर्तमान अवस्थासम्म आइपुगेको हो ।


सभ्यताको विकाससँगै नेपालमा विभिन्न समयमा फरक फरक वंशका शासकहरूले शासन गर्दै आएका थिए । ती विभिन्न वंशका शासकहरू यसप्रकार रहेका छन् :

## १. गोपाल वंश

प्राचीनकालमा काठमाडौँ उपत्यकामा एक विशाल दह रहेको थियो । वंशावलीमा उल्लेख गरेअनुसार महाचीनबाट बोधिसत्व प्राप्त गरेका मञ्जुश्री उनका सहयोगीहरूका साथ काठमाडौँ उपत्यकामा स्वयम्भू भगवान्को दर्शन गर्न आएका थिए । यहाँ पानीले भरिएको विशाल उपत्यका देखेपछि त्यस स्थानलाई उनले बस्तीयोग्य बनाउने इच्छा प्रकट गरे । त्यसका लागि उनले

चोभारको डाँडालाई खड्गले काटेर उपत्यकाको पानी बगाइदिए । त्यसपछि उपत्यकामा विभिन्न स्थानबाट मानिस आएर बस्न थाले । प्रारम्भमा उपत्यका र त्यसको आसपासका क्षेत्रमा नाग वंशका मानिसको बस्ती रहेको थियो । बिस्तारै अन्य वंशका मानिसको पनि बस्ती विस्तार भयो । त्यस्तैमा दक्षिणतिरबाट केही गाईपालक ग्वाला पनि भगवान् कृष्णका साथ उपत्यकामा आइपुगे । प्रारम्भमा ती ग्वालाहरूले मातातीर्थ, थानकोट, बलम्बु जस्ता केही स्थानमा बस्ती पनि बसालेका थिए ।

गाई पाल्ने पेसा अपनाएका कारण उनीहरूलाई 'गोपाल' भन्ने गरियो । यस क्षेत्रमा बिस्तारै मानव बस्ती बढ्दै गएपछि गोपालहरूले उपत्यकामा शासन व्यवस्था सुरु गरे । पछि उनीहरूले आफ्नो राज्य पूर्वमा दुधकोशी नदी, पश्चिममा त्रिशूली नदी, उत्तरमा गोसाइँकुण्ड र दक्षिणमा चित्लाङसम्म विस्तार गरे । यस वंशका पहिलो राजा भूमिगुप्त थिए । त्यसपछि जयगुप्त, धर्मगुप्त, हर्षगुप्त, भीमगुप्त, मणिगुप्त, विष्णुगुप्त र जितगुप्तले शासन गरे । यसरी नेपालमा स्थायी बसोबासको थालनी, राज्यव्यवस्थाको सुरुआत, पशुपतिनाथ, गोकर्ण, मातातीर्थ, मत्स्यनारायण जस्ता देवीदेवताको स्थापना एवम् नेपालको नामकरणसँग पनि जोडिएका कारण नेपालको इतिहासमा गोपालवंशी शासनकाल निकै महत्त्वपूर्ण मानिएको थियो ।



*गाई पालन गर्ने/गोपाल*

## २. महिषपाल वंश

गोपाल वंशका अन्तिम राजा जीतगुप्त/यक्षगुप्त थिए । उनलाई तराईतिरबाट आएका भैँसीपालन व्यवसाय गर्ने मानिसले पराजित गरेपछि गोपाल वंशको शासन समाप्त भयो । त्यसपछि ती भैँसीपालकहरूले राज्य सञ्चालन गर्न सुरु गरे । भैँसीपालन व्यवसाय अँगाल्ने भएका कारण उनीहरूलाई महिषपाल भनिएको हो । ती महिषपालहरू अहिरवंशका मानिस थिए । कुनै ठाउँमा उनीहरूको वंश 'आभिर' पनि लेखिएको पाइन्छ । महाभारतमा पनि आभिरहरूका बारेमा चर्चा गरिएको पाइन्छ । त्यसो हुँदा उनीहरू भारतका निकै पुराना जाति भएको अनुमान गरिन्छ । वंशावलीमा उल्लेख गरेअनुसार गोपाल वंशका अन्तिम राजा यक्षगुप्त नि:सन्तान थिए । उनी नि:सन्तान भएको कुरा थाहा पाएपछि नेपालको

तराई क्षेत्रमा आएर बसेका आभिरहरू दलबलसहित उपत्यकामा पसे र देशको शासन व्यवस्था आफ्नो हातमा लिए ।



महिषपाल

आभिरहरूको राज्य गोपाल वंशकै जस्तो पूर्वमा दुधकोशी, पश्चिममा त्रिशूली नदी, उत्तरमा गोसाइँकुण्डभन्दा पारिपट्टि रहेको नीलकण्ठ पहाड र दक्षिणमा चित्लाङसम्म फैलिएको थियो । यो वंशका तीन जना शासकहरू वरसिंह, जयसिंह र भूवनसिंह थिए । यस वंशका अन्तिम राजा भूवनसिंहले शासन गरिरहेको समयमा पूर्वतिरबाट आएका किरातहरूले आक्रमण गरी उनीहरूलाई पराजित गरे । त्यसपछि महिषपाल वंशको शासन अन्त्य भयो ।

## ३. किरात वंश

प्राचीनकालमा किरातहरूले नेपालमा झन्डै ८०० वर्ष जति शासन गरेको उल्लेख पाइन्छ । ती किरातहरू को थिए र कहाँबाट नेपाल आए भन्ने विषयमा तथ्य प्रमाण अझै प्राप्त हुन सकेको छैन । तर किरातहरू निकै पुरानो जाति भएको कुरा रामायण, महाभारतलगायत विभिन्न हिन्दु धार्मिक ग्रन्थहरूमा उल्लेख भएको पाइन्छ । प्राचीन संस्कृत भाषामा लेखिएका ग्रन्थहरूमा उल्लेख भएअनुसार 'किरात' शब्दको अर्थ 'वनमा घुमफिर गरी हिँड्ने, सिकार खेल्ने लडाकु जाति' भन्ने बुझिन्छ । विक्रमजित हजरत जस्ता इतिहासकारहरूले 'किरात' भन्ने शब्द भूमध्य सागरीय क्षेत्रमा बोलिने 'मोवायट' भाषाको 'किरियाट' भन्ने शब्दबाट बनेको उल्लेख गरेका छन् । किरातहरू हिमालय



यलम्बर

पर्वतमालाको दक्षिणको पहाडी भूभागका प्राचीन बासिन्दा भएको कुरा पौराणिक ग्रन्थहरूमा उल्लेख भएको पाइन्छ ।

किरात शब्दको उल्लेख शुक्लयजुर्वेदको वाजपेयी संहिता, अथर्ववेद, वाल्मीकि रामायण, महाभारत जस्ता विशेष ग्रन्थहरूमा पाइन्छ । प्राचीनकालदेखि चीन, जापान, कम्बोडिया, अफ्रिका, भियतनाम, भारतको आसाम, नागाल्यान्ड, मणिपुर, लद्दाखलगायतका विभिन्न स्थानमा मङ्गोल प्रजातिका मानिस बसोबास गर्दै आएका थिए । तिनीहरूसँग किरात जातिको केही पक्षमा समानता पनि देखिन्छ । उनीहरूको शारीरिक बनावट र अन्य सांस्कृतिक क्रियाकलापहरू केही मिल्दाजुल्दा देखिन्छन् । किरात जातिका मानिस प्राचीनकालदेखि नै नेपालका विभिन्न भूभागमा फैलिएर बस्दै आएका थिए । त्यसै क्रममा उनीहरू काठमाडौँ उपत्यकामा पनि बसोबास गर्न थालेका थिए । इतिहासकार इमानसिंह चेम्जोङले पनि भोटबर्मेली भाषा बोल्ने जातिहरू 'किरात' भएको उल्लेख गरेका छन् ।

गोपालराज वंशावलीमा किरातहरूले पूर्वतिरबाट काठमाडौँ उपत्यकामा आक्रमण गरी महिषपालहरूको शासन आफ्नो हातमा लिएको कुरा उल्लेख गरिएको पाइन्छ । यस वंशका प्रथम शासक 'यलम्बर' थिए । गोपालराज वंशावलीमा ३२ जना, भाषा वंशावलीमा २८ जना र कर्कपैट्रिकको वंशावलीमा २७ जना शासकहरूले नेपालमा शासन चलाएको तथ्य उल्लेख गरिएको पाइन्छ । महिषपाल वंशका राजा भूवनसिंहलाई युद्धमा पराजित गरेपछि यलम्बरले नेपालमा किरात वंशको शासन स्थापना गरेका थिए । यलम्बरलाई कतै 'यलुङ' भनी उल्लेख गरेको पनि पाइन्छ । यिनैको नामबाट प्राचीन पाटनको नाम पनि यलुङ रहेको मानिन्छ । काठमाडौँ उपत्यकामा इन्द्रजात्राका दिन प्रदर्शन गरिने आकाश भैरवको शिरलाई यलम्बरको मूर्ति मानेर पूजा गर्ने प्रचलन वर्तमान समयसम्म पनि कायम रहँदै आएको छ ।

किरात वंशका सातौँ राजा जितेदास्तीको शासनकालमा भगवान् गौतमबुद्ध उपत्यकाको भ्रमणमा आएको मानिन्छ । यस वंशका चौधौँ राजा 'स्थुङ्को' को शासनकालमा भारतका प्रसिद्ध मौर्य सम्राट् अशोक लुम्बिनी हुँदै नेपाल आएका थिए । सम्राट् अशोक नेपाल आएको समयमा उनीसँगै उनकी छोरी चारुमती पनि साथमै थिइन् । उनले नेपाल उपत्यकामा नै बस्ने इच्छा व्यक्त गरेपछि राजा अशोकले छोरी चारुमतीको विवाह एक जना क्षेत्रीय राजकुमार देवपालसँग गरिदिएको कुरा उल्लेख गरिएको पाइन्छ ।

## किरात सभ्यता

प्राचीनकालमा क्रमिक रूपले विश्वभर सभ्यताको विकास हुन थालेको थियो । त्यही क्रममा नेपालमा पनि समाजको विकास र परिवर्तन हुँदै गएको थियो । वर्तमान नेपालको पूर्वमा 'किरात सभ्यता' र

पश्चिममा 'खस सभ्यता' विस्तार हुँदै गएका थिए । ती सभ्यताहरू कसरी र कति समय लगाएर विकसित भएका थिए भन्ने प्रशस्त प्रमाणहरू भने पाइँदैन । त्यसैगरी किरात कालको सामाजिक, सांस्कृतिक, धार्मिक अवस्थाका बारेमा पनि निकै कम मात्र प्रमाणहरू पाइन्छ । उपलब्ध केही सामग्रीका आधारमा तत्कालीन किरात सभ्यतालाई निम्नानुसार उल्लेख गर्न सकिन्छ :

### (अ) सामाजिक अवस्था

किरात कालसम्म वर्तमान एसिया क्षेत्रमा विस्तार भएका जातिहरूमा पितृप्रधान स्वरूपको समाज विकास हुँदै गएको थियो । त्यसो भए पनि समाजमा महिलाहरूको अवस्था उच्च स्तरको नै थियो । किरातकालीन समाजमा वर्ण व्यवस्थाको विकास तथा पेसाका आधारमा जातिहरूको विकास भइसकेको थिएन । मानिसहरू सामाजिक रूपले स्वतन्त्र थिए । समाजमा छुवाछुत र जातपातका आधारमा उँचनिचको भावनाको विकास भइसकेको थिएन । बिस्तारै मानिसहरू सभ्य बन्दै गएपछि उनीहरू सामाजिक रूपले पनि सङ्गठित बन्दै गएका थिए । किरात कालमा लिच्छवि, कोलीय, शाक्य, मल्ल जस्ता विभिन्न जातिहरू नेपालमा शरण लिन आएका थिए ।

### (आ) प्रशासनिक अवस्था

किरातहरूले नेपालमा राजतन्त्रात्मक शासन व्यवस्था सञ्चालन गरेका थिए । राजतन्त्रात्मक शासन व्यवस्थाको विकास भएका कारण समाजमा राजाको स्थान सबैभन्दा उच्च थियो । उनीहरूले सैनिक प्रणालीको पनि विकास गरेका थिए तर सेनाहरू ब्यारेकमै राख्ने व्यवस्था भने थिएन । युद्धमा उनीहरू धनुकाँडको प्रयोग गर्थे । ढुङ्गाका हतियारहरू पनि प्रयोग गरिन्थे । उनीहरूले देशको प्रशासनिक व्यवस्थालाई सुदृढ तुल्याउन कुथेर, सुल्ली, माप्चोक, लिङग्वल जस्ता कार्यालयहरू स्थापना गरेका थिए । किरात शासकहरूले देशको आन्तरिक कर तथा प्रशासनिक व्यवस्थालाई सुदृढ पार्दै छिमेकी मुलुकहरूसँग पनि राम्रो सम्बन्ध स्थापना गरेका थिए । नेपालमा किरातहरूले शासन गरिरहेको समयमा भारतमा मगधहरूको साम्राज्य चलिरहेको थियो । बिम्बिसार, अजातशत्रु जस्ता शक्तिशाली शासकहरूसँग किरातहरूले राम्रो सम्बन्ध कायम गरेका थिए । किरात कालमा नेपालमा निर्माण गरिएका कपडाहरू भारतको पाटलीपुत्रको बजारमा निकै लोकप्रिय थिए । यसका आधारमा त्यस समयमा नेपालको आन्तरिक र वैदेशिक व्यापार पनि राम्रो भएको बुझिन्छ ।

### (इ) धर्म र कला

किरात कालमा कलाको क्षेत्रमा पनि राम्रो विकास भएको पाइन्छ । त्यतिबेला निर्माण गरिएका केही प्रस्तर मूर्तिहरू वर्तमानमा पनि रहेका पाइन्छन् । किरातकालमा मुन्धुममा आधारित धार्मिक गतिविधि गर्ने प्रचलनको विकास भएको थियो । मुन्धुममा समाजको विकास, अनुशासन, मूल्य, मान्यता

आदिको श्रुतिपरम्परा कायम रहेको थियो । यसले सामाजिक न्याय र अनुशासन कायम गर्न सहयोग पुऱ्याउँथ्यो । त्यो समयमा पनि रुखबिरुवा, सूर्य, चन्द्र, किरातेश्वर महादेव, उँधौली, उँभौली, चण्डी, ब्रह्मा, विष्णु, पारुहाङ्ग, सुम्निमा आदिको पूजा गर्ने प्रचलन थियो । अन्य धर्मावलम्बीहरूलाई पनि सम्मान गर्ने भएकाले त्यस समयमा धार्मिक सहिष्णुता कायम थियो भन्न सकिन्छ ।

### (ई) आर्थिक अवस्था

किरातकालीन समाजको आर्थिक विकासको आधार कृषि र पशुपालन थियो । त्यो समयमा आन्तरिक र बाह्य व्यापारको पनि विस्तार भएको थियो । त्यतिबेला उत्तरमा तिब्बत र चीन तथा दक्षिणमा भारतसँग व्यापार विस्तार भएको थियो । कौटिल्यको अर्थशास्त्रमा उल्लेख गरेअनुसार नेपालमा निर्माण गरिएका ऊनी कपडाहरू भारतको बजारमा निकै लोकप्रिय थिए । यसरी व्यापारको विस्तारले गर्दा नेपालको तत्कालीन आर्थिक अवस्था राम्रो बन्दै गएको थियो । यसरी राजनीतिक, आर्थिक, सामाजिक र प्रशासनिक अवस्थामा प्रशस्त सुधारहरू गरेकै कारण नेपालको इतिहासमा किरात काललाई विशेष महत्त्वका साथ हेर्ने गरिन्छ । यस वंशका अन्तिम राजा 'गस्ती' थिए ।

## अभ्यास

१. तलका प्रश्नहरूको अति छोटो उत्तर दिनुहोस् :

(क) 'गोपाल' शब्दको अर्थ के हो ?

(ख) गोपालहरू कुन स्थानबाट नेपाल आएको मानिन्छ ?

(ग) वंशावलीअनुसार सर्वप्रथम उपत्यकाको पानी कसले र कसरी बगाएका थिए ?

(घ) गोपालहरूले उपत्यकामा कुन कुन देवताको स्थापना गरेका थिए ?

(ङ) गोपाल वंशका पहिलो राजाको नाम लेख्नुहोस् ।

(च) गोपाल वंशको शासनकालमा नेपालको सिमाना कहाँसम्म फैलिएको थियो ?

(छ) गोपालहरूको राजधानी कहाँ थियो ?

(ज) गोपाल वंशका अन्तिम राजा को थिए ?

(झ) महिषपाल वंशका प्रथम शासक को थिए ?

२. तलका प्रश्नहरूको छोटो उत्तर दिनुहोस् :

(क) गोपाल वंशको शासनकालको वर्णन गर्नुहोस् ।

(ख) गोपाल वंशको शासनकालमा भएका मुख्य मुख्य कामहरूको सूची तयार पार्नुहोस् ।

(ग) महिषपाल वंशको शासनकाल उल्लेख गर्नुहोस् ।

(घ) किरात शासनसकालमा भएका प्रमुख घटनाको व्याख्या गर्नुहोस् ।

३. तलका प्रश्नहरूको लामो उत्तर दिनुहोस् :

(क) गोपाल र महिषपालवंशको शासनकालको तुलनात्मक विश्लेषण गर्नुहोस् ।

(ख) किरातकालीन सभ्यता र त्यसको प्रभाव बुँदागत रूपमा उल्लेख गर्नुहोस् ।

## परियोजना कार्य

(क) गोपाल, महिषपाल र किरात कालमा भएका प्रमुख उपलब्धिहरूलाई सोधखोज गरी तालिकामा राखेर कक्षामा प्रस्तुत गर्नुहोस् ।

पाठ ४

# लिच्छवि शासनकाल

## १. लिच्छवि शासनकालको परिचय

लिच्छविहरूले नेपालमा झन्डै ८०० वर्ष जति शासन गरेको मानिन्छ । त्यो समयमा नेपालको सामाजिक, आर्थिक, प्रशासनिक, शैक्षिक, धार्मिक, न्यायिक आदि क्षेत्र निकै उन्नत अवस्थामा पुगेको थियो । सङ्गठित राज्यको स्थापना, उत्कृष्ट शासन पद्धति, कृषि, व्यापार, उद्योगधन्दाको तीव्र विस्तार, व्यवस्थित कर प्रणाली, उच्च र पारदर्शी न्याय व्यवस्था भएकै कारण नेपालको इतिहासमा लिच्छविकाललाई स्वर्णकाल मान्ने गरिन्छ ।

प्राचीन भारतको पाटलीपुत्र र गयाका बिचमा एउटा मगध नामको साम्राज्य थियो । त्यो साम्राज्यको उत्तरमा वैशाली, कुशीनगर, कपिलवस्तु, रामग्राम जस्ता अन्य राज्यहरू रहेका थिए । इ.पू. ५०० तिर ती राज्यहरूमा मगधका राजा अजातशत्रुले आक्रमण गरी कब्जा गरे । त्यसपछि लिच्छवि, कोली, मल्ल जस्ता जातिहरूले नेपालमा शरण लिए । त्यस समयमा किरातहरूले नेपालमा शासन गरिरहेका थिए । त्यसरी शरण लिएका जातिहरूमध्ये लिच्छविहरूको सङ्ख्या निकै धेरै थियो । उनीहरू तुलनात्मक रूपले अन्य जातिभन्दा शक्तिशाली र चलाख पनि थिए । लिच्छविहरूले नेपाल आउनुभन्दा अगाडि भारतको वैशाली राज्यमा गणतन्त्रात्मक स्वरूपबाट शासन सञ्चालन गरेका थिए । उनीहरू शासन सञ्चालन गर्न अनुभवी भएका कारण नेपाल आएदेखि नै किरात शासकहरूलाई सहयोग गर्दै आएका थिए । बिस्तारै उनीहरू नेपाली समाजमा घुलमिल हुँदै गए । त्यसो गर्दै जाँदा उनीहरूले आफूलाई नेपालकै बासिन्दा मान्न थाले । आफ्नो पकड बलियो बनाउँदै लगेपछि उनीहरूले किरात वंशका राजा ‘गस्ती’ लाई हटाएर आफैँ राजा भए ।

लिच्छविहरू सूर्य वंशीय क्षेत्रीहरू थिए । उनीहरूले आफ्नो वंशवृक्ष अयोध्याका राजा दशरथसँग जोड्ने गरेका थिए । राजा दशरथभन्दा आठ पुस्तापछाडि एक लिच्छवि नामका निकै प्रतापी राजा भए । उनैको नामबाट त्यो वंशको नाम लिच्छवि रहन गयो । नेपालका लिच्छवि राजाहरूका सम्बन्धमा जयदेव द्वितीयले वि.स. ७९० मा पशुपतिमा लेखाएको अभिलेख एक महत्त्वपूर्ण आधार हो । उक्त अभिलेखमा लिच्छवि राजा जयदेव प्रथमलाई महान् विजयी शासक भनी उल्लेख गरेका आधारमा उनी नै प्रथम लिच्छवि शासक भएको अनुमान गरिएको छ ।

लिच्छवि वंशका प्रथम शासक को थिए भन्ने ठोस प्रमाण पाइएको छैन । डेनियल राइट भन्ने एक जना विदेशी इतिहासकारले सोमवंशी राजा निमिषले किरात वंशका राजालाई युद्धमा हराएर लिच्छवि

शासन स्थापना गरे र ती सोमवंशका पाँच जना राजाहरूले शासन गरेपछि सूर्यवंशका जयवर्मा राजा भए भनी उल्लेख गरेका छन् । त्यो सूर्यवंशका १२ औँ राजा हरिदत्त बर्माले चाँगुनारायण, इचङ्गुनारायण, विशङ्खुनारायण र शेषनारायण नामका चारओटा मन्दिरहरू काठमाडौँ उपत्यकाको चार दिशामा निर्माण गरेका थिए । उनीपछि वृषदेव, शङ्करदेव, धर्मदेव र मानदेवले शासन गरे । यस पाठमा लिच्छविकालका केही प्रसिद्ध राजाहरूमध्ये मानदेवका विषयमा चर्चा गरिएको छ ।

## मानदेव

लिच्छविकालका शासकहरूमध्ये मानदेव निकै प्रसिद्ध थिए । उनले चाँगुनारायण मन्दिर अगाडि एक गरुड स्तम्भ निर्माण गरी त्यहाँ अभिलेख लेखाएका थिए । उनले आफ्नो शासनकालमा मानाङ्क नामको मुद्रा पनि प्रकाशन गरेका थिए । यसरी मुद्रा प्रकाशन गर्ने, अभिलेख लेखाउने जस्ता कार्यहरू गरेकै कारण राजा मानदेवलाई नेपालको इतिहासमा प्रथम प्रमाणित शासक भन्ने गरिएको हो । उनका बाबुको नाम धर्मदेव र आमाको नाम राज्यवती थियो । मानदेव करिब २० वर्षका हुँदा उनका बाबु धर्मदेवको अकस्मात् मृत्यु भएपछि आमा राज्यवती सती जान लागेकी थिइन् । तर मानदेवले आमालाई सती जानबाट रोकेका थिए । पतिको मृत्यु भएपछि पत्नी चितामा जलेर प्राणत्याग गर्ने प्रचलनलाई सतीप्रथा भनिन्छ । यसरी सती जानबाट रोकिएकी राजमाता राज्यवतीको सहयोग लिएर मानदेवले नेपालमा लामो समय (वि.स. ५२१-५६२) शासन गरेका थिए । राजा मानदेवले आफ्नो शासनकालमा गरेका केही महत्त्वपूर्ण कार्यहरूलाई निम्नानुसार उल्लेख गर्न सकिन्छ :

### (क) सामन्त शासकमाथि नियन्त्रण

यातायात र सञ्चारको असुविधा र भौगोलिक कठिनाइसमेत भएका कारण केन्द्रीय शासकले देशका सबै क्षेत्रमा आफैँले शासन सञ्चालन गर्न सक्दैनथे । त्यसैले राज्यका विभिन्न दुर्गम स्थानमा सहायक शासकहरू नियुक्त गरी उनीहरूबाट शासन चलाउँथे । त्यस्ता सहायक शासकहरूलाई सामन्त शासक भनिन्थ्यो । मानदेव राजगद्दीमा बसेको समयमा पूर्वको अरुण र तामाकोशी नदीको बिचमा किरात सामन्त र पश्चिम गण्डकी पारि मल्लपुरी भन्ने स्थानमा मल्ल सामन्तहरूलाई शासनका लागि नियुक्त गरिएको थियो । केन्द्रमा नयाँ राजा राजगद्दीमा बस्दा त्यस्ता सामन्त शासकहरू केन्द्रका राजालाई दर्शनभेट गर्न जानुपर्ने हुन्थ्यो । तर उनीहरूले कलिलो उमेरका राजा मानदेवलाई टेरेनन् र स्वतन्त्र हुने प्रयास गरे । त्यसैले राजा मानदेवले पूर्वका ती किरात सामन्त र पश्चिमका मल्ल सामन्तहरूलाई युद्धको माध्यमबाट पराजित गरी आफ्नो अधीनमा राख्ने काम गरे ।

### (ख) शैक्षिक विकाससम्बन्धी कार्य

राजा मानदेव एक विद्वान् शासक थिए । लिच्छविकालमा संस्कृत भाषा राजभाषाका रूपमा रहेको थियो । उनले त्यस भाषाको विकासमा विशेष योगदान पुऱ्याएका थिए । उनले लेखाएका अभिलेख, मुद्रा आदिमा पनि संस्कृत भाषाको प्रयोग गरिएको थियो । लिच्छविकालमा गुरुकुल शिक्षा प्रणाली कायम थियो । राजा मानदेवले विभिन्न धार्मिक स्थलहरूलाई गुठीका रूपमा जमिन दिएका थिए । त्यही गुठीको आम्दानीबाट शिक्षा प्रदान गर्न देवालयका पुजारीहरूलाई खटाएका थिए ।

### (ग) मुद्रा प्रकाशनसम्बन्धी कार्य

राजा मानदेवले आफ्नो शासनकालमा 'मानाङ्क' नामका मुद्राहरू प्रकाशन गराएका थिए । ती मुद्राहरूको अगाडिपट्टिको भागमा श्रीमानाङ्क लेखिएको र त्यसको तल एउटा हातले ध्वजा बोकेको सिंहको आकृति निर्माण गरिएको थियो । त्यसैगरी उक्त मुद्राको पछाडिपट्टिको भागमा अर्धआसनमा बसेकी देवी लक्ष्मीको आकृति राखिएको थियो । यसरी राजा मानदेवले मुद्राको प्रचलन गराई तत्कालीन व्यापार र विनिमय प्रणालीमा सुधार गरेका थिए ।

### (घ) अभिलेख लेखाउने कार्य

राजा मानदेवले पूर्वका किरात र पश्चिमका मल्ल सामन्तहरूलाई जितेपछि चाँगुनारायणमा एक विशाल कोटिहोमको आयोजना गरेका थिए । मन्दिरअगाडि एक ढुङ्गाको गरुडस्तम्भ निर्माण गरी त्यसमा अभिलेख पनि राख्न लगाएका थिए । त्यस अभिलेखमा उनले आफ्ना माता, पितालाई सम्मान गरेको कुरा पनि उल्लेख गरेका थिए । उनका रानीहरू र राजमाता राज्यवतीलेसमेत मानदेवको प्रशंसा गरी अभिलेख लेखाएका थिए । यही अभिलेखका आधारमासमेत उनलाई नेपालको प्रथम प्रमाणित शासक मान्ने गरिन्छ ।



*चाँगु नारायणको अभिलेख*

### (ङ) निर्माणसम्बन्धी कार्य

राजा मानदेवले पूर्व र पश्चिमका सामन्त शासकहरूलाई युद्धबाट दमन गरी आफूलाई एक स्वतन्त्र र शक्तिशाली शासकका रूपमा स्थापित गरेपछि 'मानगृह' नामको विशाल दरबार निर्माण गराएका थिए । लिच्छवि राजा वसन्त देवले शकसंवत् ४२८ (वि.स. ५६३) मा लेखाएको एक अभिलेखमा मानगृह दरबार सुन्दर र भव्य भएको उल्लेख गरिएको थियो । राजा मानदेवदेखि भीमार्जुनदेवसम्मका लिच्छवि शासकहरूले त्यही दरबारबाट शासन गरेका थिए । गोपालराज वंशावलीमा 'मानगृह दरबार नेपालमा सबैभन्दा उत्तम भएको, साततले स्वरूप भएको, दुईओटा पानीयुक्त गहिरा नहरले घेरिएको' भनी उल्लेख गरिएको थियो ।

राजा मानदेव हिन्दु धर्मको वैष्णव सम्प्रदायका अनुयायी थिए । त्यसो भए पनि उनले अन्य सबै धर्म र सम्प्रदायहरूलाई समान रूपले सम्मान गर्ने गर्थे । त्यसैले उनलाई धार्मिक सहिष्णु शासक पनि मान्ने गरिन्छ । उनले एक बौद्ध विहार पनि निर्माण गराएका थिए । त्यो विहारको नाम मानविहार थियो । राजा अंशुवर्माको समयमा लेखाइएको हाँडीगाउँको अभिलेखमा र राजा नरेन्द्रदेवको शासनकालमा लेखाइएको यागबहालको अभिलेखमा त्यो विहारको चर्चा गरिएको थियो । यसका अतिरिक्त राजा मानदेवले लाजिम्पाट र तिलगङ्गा क्षेत्रमा त्रिविक्रम वामनका मूर्तिहरू पनि स्थापना गराएका थिए । उनले बुढानीलकण्ठ क्षेत्रमा प्रशस्त शिवलिङ्गहरू पनि स्थापना गर्न लगाएका थिए ।

राजा मानदेव लिच्छविकालका एक कुशल प्रशासक थिए । उनले आफ्नो शासनकालमा देशको आन्तरिक र बाह्य व्यापारको विस्तार गरी देशको आर्थिक अवस्था सुदृढ तुल्याएका थिए । उनले देशको कला, शिक्षा, साहित्य र संस्कृतिका साथै प्रशासनिक क्षेत्रमा पनि प्रशस्त सुधार गरेका थिए । देश र जनताको भलाइका लागि प्रशस्त कार्य गरेका कारण राजा मानदेव लिच्छवी कालका एक प्रसिद्ध शासक मानिन्छन् ।

## अभ्यास

१. तलका प्रश्नहरूको अति छोटो उत्तर दिनुहोस् :

(क) लिच्छविहरू कुन स्थानबाट नेपाल आएका थिए ?

(ख) कुन वंशको शासनकालमा लिच्छविहरूले नेपालमा शरण लिएका थिए ?

(ग) प्राचीनकालमा नेपालमा बसोबास गर्ने कुनै जातिहरूको नाम लेख्नुहोस् ।

(घ) राजा मानदेवकी आमा र उनकी महारानीको नाम लेख्नुहोस् ?

२. तलका प्रश्नहरूको छोटो उत्तर दिनुहोस् :

(क) लिच्छविहरूको परिचय दिँदै नेपालमा उनीहरूको शासन सुरुआत कसरी भएको थियो, उल्लेख गर्नुहोस् ।

(ख) राजा मानदेवले पूर्वका किरात र पश्चिमका मल्ल सामन्तलाई तह लगाउनुका कारणहरू लेख्नुहोस् ।

३. तलका प्रश्नहरूको लामो उत्तर दिनुहोस् :

(क) राजा मानदेवलाई नेपालका प्रथम प्रमाणिक शासक भनिनुका आधारहरू उल्लेख गर्नुहोस् ।

(ख) राजा मानदेवले आफ्नो शासनकालमा गरेका उपलब्धिहरूको सूची तयार पार्नुहोस् ।

## परियोजना कार्य

विभिन्न स्रोतबाट खोजी गरी राजा मानदेव र उनले निर्माण गरेका भवन, मूर्ति, दरबार आदिको चित्र सङ्कलन गरी त्यससम्बन्धी विवरण तयार पारेर कक्षामा प्रस्तुत गर्नुहोस् ।

| पाठ ९ |
|---|

# अंशुवर्माको शासनकाल

## १. परिचय

लिच्छवि राजा मानदेवको मृत्युपछि उनका छोरा महिदेव नेपालका राजा भए । उनको पनि छिट्टै मृत्यु भएकाले उनका पाँच वर्षका नाबालक छोरा वसन्तदेव राजा भए । यसरी राजगद्दीमा कलिलो उमेरका राजा रहेको अवसर पारेर केही गुप्त सामन्तहरू राजनीतिमा सक्रिय भए । वसन्तदेवभन्दा पछाडि क्रमश: मनुदेव, गुणदेव, गुणकामदेव, वामनदेव, रामदेव, गणदेव, गङ्गादेव, मानदेव द्वितीय र शिवदेव प्रथमले शासन गरे । वि.स. ६४७ मा शिवदेव प्रथम राजा भएको समयसम्म पनि गुप्त सामन्तहरू राजनीतिमा निकै सक्रिय थिए । राजा शिवदेव राजगद्दीमा बस्दा भौमगुप्त नाम गरेका सामन्त निकै शक्तिशाली थिए । त्यसैले राजा शिवदेव प्रथमले आफ्ना भान्जा अंशुवर्माको सहयोग लिएर ती सामन्त भौमगुप्तलाई शक्तिहीन तुल्याएर आफैँ एक स्वतन्त्र शासक बने ।



*राजा अंशुवर्मा*

राजा शिवदेव बौद्ध धर्मका अनुयायी थिए । राजकाजबाट उनी बिस्तारै विमुख बन्दै गएका थिए । त्यस्तो अवस्थामा उनले आफ्ना भान्जा अंशुवर्मालाई राजनीतिमा बिस्तारै अगाडि सारे । सामन्त भौमगुप्तलाई पदबाट निष्काशन गरी त्यो पदमा अंशुवर्मालाई नियुक्त गरे । त्यसको केही समयपछि उनलाई महासामन्त (प्रधानमन्त्री सरहको प्रशासक) को पद दिए । अन्तत: राजा शिवदेव प्रथम भिक्षु बनेर स्वयम्भूमा बस्न थालेपछि वि.स. ६६२ मा अंशुवर्मा नै नेपालका राजा भए । लिच्छवि वंशमा उनको जन्म भएको थिएन तर उनी आफ्नो राजकीय क्षमता र राजा शिवदेव प्रथमका भान्जा भएका कारण राजा बनेका थिए । इतिहासकार धनवज्र वज्राचार्यले उनलाई चन्द्रवंशी शासक भनी उल्लेख गरेका छन् । राजा अंशुवर्माले आफ्ना मुद्रामा अर्धचन्द्र अङ्कित गरेको हुँदा उनी चन्द्रवंशी हुन सक्ने देखिन्छ ।

## २. सुधारका कार्यहरू

राजा अंशुवर्माले आफ्नो शासनकालमा प्रशस्त सुधारका कार्यहरू गरेका थिए जसलाई निम्नानुसार उल्लेख गर्न सकिन्छ :

### (क) राजनीतिक कार्य

राजगद्दीमा बसेदेखि नै राजा अंशुवर्माले देशको प्रशासनिक सुधारका लागि विकेन्द्रीकरणको नीति अपनाएका थिए । लिच्छविकालमा राजाका नजिकका प्रशासकलाई अमात्य भनिन्थ्यो । केन्द्रको प्रशासन सञ्चालन गर्न महासामन्त र प्रान्तमा सामन्तहरू नियुक्त हुन्थे । दरबारको सुरक्षाका लागि दौबारिक र भण्डार सञ्चालनका लागि भण्डारनायकहरू नियुक्त गरिएका हुन्थे । दण्डनायकहरूले न्यायाधीशको काम गर्थे । सेनाको प्रमुखमा बलाध्यक्ष नियुक्त हुन्थे । राजा अंशुवर्माले ग्रामपाञ्चालीहरूलाई प्रशस्त अधिकार दिएका थिए । स्थानीय प्रशासनका प्रमुखलाई ग्रामपाञ्चाली भनिन्थ्यो । उनले गाउँ प्रशासनलाई ग्राम, तल र द्रङ्ग गरी तीन भागमा विभाजन गरेका थिए । सानातिना मुद्दामामिलाको फैसला गर्ने, कर असुल गर्ने, विकास निर्माण र शान्ति सुरक्षाका कार्यहरू गर्ने अधिकार पनि ग्रामपाञ्चालीलाई दिएका थिए ।

### (ख) आर्थिक कार्य

लिच्छविकालका प्रमुख व्यवसायहरू कृषि, पशुपालन र व्यापार थिए । ती व्यवसायहरूको विकासका लागि राजा अंशुवर्माले प्रोत्साहन गर्ने कार्यहरू गरेका थिए । उनले फलाम, चमर, ऊन, कस्तुरी, तामाका भाँडाकुँडाका अतिरिक्त अन्य वस्तुहरू विदेश निर्यात गर्ने व्यापारीहरूलाई भन्सार शुल्क छुट दिने व्यवस्था गरेका थिए । यसले गर्दा भारत र तिब्बतमा नेपालको व्यापार निकै फस्टाएको थियो । राजा अंशुवर्माले कृषि उत्पादनमा पनि विशेष जोड दिएका थिए । बलम्बुलगायतका स्थानहरूमा सिँचाइका लागि नहरहरू निर्माण गरिदिएका थिए । लिच्छविकालमा नहरलाई 'तिलमक' भन्ने गरिन्थ्यो । उनले लसुन, प्याज जस्ता वस्तुमा लगाउँदै आएको कर माफ गर्ने कार्यसमेत गरेका थिए । लिच्छविकालको अर्को प्रमुख व्यवसाय पशुपालन थियो । कुखुरा, सुँगुर, माछा मासुका लागि पाल्ने गरिन्थ्यो । गाई, भैँसी आदि दुग्धजन्य पदार्थका लागि पाल्ने गरिन्थ्यो । त्यतिबेला कृषिमा लाग्ने करलाई 'भाग', पशुपालनमा लाग्ने करलाई 'भोग' र व्यापारमा लाग्ने करलाई 'कर' भनिन्थ्यो । संयुक्त रूपमा ती करहरूलाई 'त्रिकर' भनिन्थ्यो । ती व्यवसायबाट राज्यलाई प्रशस्त कर उठ्ने गर्थ्यो । राजा अंशुवर्माले व्यापार र विनिमय प्रणालीलाई सरल तुल्याउनका लागि मुद्रा प्रकाशन गर्ने कार्य पनि गरेका थिए ।

### (ग) सामाजिक तथा सांस्कृतिक कार्य

लिच्छवि शासनकालमा हिन्दु धर्मको राम्रो विकास भएको थियो । त्यतिबेलाको समाज चार वर्ण र १८ जातमा विभाजित थियो । हिन्दु धर्मका अतिरिक्त बौद्ध, बोन्पो, किरात जस्ता धर्महरूले पनि उत्तिकै मान्यता पाएका थिए । समाजमा जातअनुसारको कर्म र वर्णअनुसारको वैवाहिक सम्बन्ध कायम रहेको थियो । त्यतिबेला सामाजिक व्यवस्था हेर्न भट्टाधीकरण नामको अड्डा (कार्यालय) स्थापना गरिएको थियो । राजा अंशुवर्मा सामाजिक व्यवस्थालाई स्थिर राख्न सधैँ तत्पर रहन्थे । उनले आफ्नो शासनकालमा सामाजिक क्षेत्रमा लगाइएका कैयौँ करहरू माफी गरिदिएका थिए ।

### (घ) निर्माणसम्बन्धी कार्य

आफ्नो शासनकालमा अंशुवर्माले विभिन्न दरबार, मठमन्दिर, मूर्ति, विहार आदि निर्माण गराएका थिए । कैलाशकुट दरबार राजा अंशुवर्माले निर्माण गराएको एक उत्कृष्ट नमुना थियो । साँगाको अभिलेखमा र चिनियाँ यात्रीका यात्रा विवरणमासमेत कैलाशकुट दरबारको चर्चा गरिएको पाइन्छ । राजविहारको निर्माण अंशुवर्माको अर्को महत्त्वपूर्ण निर्माणसम्बन्धी कार्य थियो । राजा अंशुवर्मा हिन्दु धर्मको शैव सम्प्रदायका अनुयायी भएको देखिए पनि उनी अन्य धर्म र सम्प्रदायप्रति सहिष्णु थिए । उनले माटीग्राम भन्ने स्थानमा रहेको एक मन्दिरको जीर्णोद्धार गर्नुका साथै विभिन्न मन्दिरहरूमा दैनिक पूजाआजाका लागि गुठी जग्गा प्रदान गरेका थिए ।

### (ङ) न्यायिक कार्य

अंशुवर्माको न्याय व्यवस्था धर्मशास्त्रमा आधारित थियो । त्यस बेलाको न्यायप्रणाली मुख्यत: मनुस्मृति, यज्ञवल्क्य स्मृति, बृहस्पति स्मृति, नारद स्मृति, र शुक्रनीति जस्ता धर्मशास्त्रहरूमा आधारित थियो । त्यसैगरी धर्मशास्त्रले नसमेटेका विषयहरूमा अंशुवर्माले राजाज्ञा जारी गरेर न्याय प्रदान गर्थे । उनले न्याय सम्पादन गर्दा विद्वान्हरूसँग छलफल गर्ने र कानुन बनाउने अभ्यास सुरु गरेका थिए । अंशुवर्माले न्याय प्रदान गर्नका लागि अड्डाहरूको स्थापना गरेका थिए । ती अड्डाहरूलाई अधिकरण भनिन्थ्यो । क्षेत्रीय रूपमा न्याय सम्पादन गर्नका लागि पूर्वाधिकरण र पश्चिमाधिकरणको स्थापना भएको थियो ।

अपराधको प्रकृति र जात हेरेर दण्ड सजाय तोकिन्थ्यो । लिच्छविकालमा चोरी, हत्या, राजद्रोह, अर्काको श्रीमती हरण र ती चार अपराध गर्न उक्साउनेलाई पञ्चअपराध भनिन्थ्यो । ती अपराध त्यस समयका ठुला अपराध मानिन्थे । त्यस्ता अपराधीले घर, खेत, गाईवस्तु तथा सबै धनसम्पत्ति

राजालाई बुझाउनुपर्थ्यो । अंशुवर्माको न्यायप्रणालीमा ३ प्रकारका दण्डहरूका प्रावधान रहेका थिए । ती दण्डहरू वाक्दण्ड (हप्काउने), धिक्दण्ड (समाजबाट निकाला) र अर्थदण्ड (आर्थिक जरिवाना) थिए ।

### (च) परराष्ट्र सम्बन्ध

प्राचीनकालदेखि नै नेपाल दुई विशाल मुलुकका बिचमा रहँदै आएको थियो । त्यसैले यहाँको भूराजनीति छिमेकी मुलुकहरूसँगको सम्बन्धमा आधारित छ । अंशुवर्माको शासनकालतिर भारतमा हर्षवर्धन र तिब्बतमा स्रोङ-चन-गम्पोको शासन थियो । ती दुबै राज्यहरूले साम्राज्यवादी नीति अपनाएका थिए । यसले गर्दा राजा अंशुवर्माले ती राज्यहरूसँग मैत्रीपूर्ण सम्बन्ध कायम गर्नु आवश्यक थियो । यसका लागि उनले भारतका मौर्य वंशका शासक सुरसेनसँग आफ्नी बहिनी भोगदेवीको विवाह गरिदिएका थिए । त्यसैगरी आफ्नी छोरी भृकुटीको विवाह तिब्बतका राजा स्रोङ-चन-गम्पोसँग गरिदिएका थिए ।

राजा अंशुवर्मा एक कुशल प्रशासक थिए । उनी जनताको भलाइका लागि सधैँ चिन्तित रहन्थे । उनको शासनकालमा देशको शिक्षा, स्वास्थ्य, कृषि, व्यापार, न्याय आदि क्षेत्रको विकास भएको थियो । नेपालको इतिहासमा 'महाराजाधिराज' को पदवी लिने उनी पहिलो शासक थिए । यसका अतिरिक्त राजा अंशुवर्माले कुशली, कलहाभिमानी (कलह +अभिमानी) जस्ता पद्वी पनि धारण गरेका थिए । राजा अंशुवर्मा लक्ष्मीसँग झगडा गर्ने तर सरस्वतीका भक्त भएका हुनाले उनलाई कलहाभिमानी भनिएको हो । वि.स. ६६२-६७८ सम्म करिब १६ वर्ष जति शासन गरेपछि वि.स. ६७८ मा उनको निधन भएको थियो । यसरी विभिन्न क्षेत्रमा प्रशस्त कार्य गरेका कारण अंशुवर्माको शासनकाललाई लिच्छविकालभित्रको स्वर्णयुग मान्ने गरिन्छ ।

## अभ्यास

१. तलका प्रश्नहरूको अति छोटो उत्तर दिनुहोस् :

(क) अंशुवर्मालाई राजा बनाउने लिच्छवि शासक को थिए ?

(ख) लिच्छविकालमा दरबारको सुरक्षाका लागि खटिने कर्मचारीलाई के भनिन्थ्यो ?

(ग) लिच्छविकालमा प्रशासनिक व्यवस्थालाई व्यवस्थित गर्न सिर्जना गरिएका कुनै दुईओटा पदहरूको नाम लेख्नुहोस् ।

(घ) लिच्छविकालीन कुनै दुई दरबारहरूको नाम लेख्नुहोस् ।

२. तलका प्रश्नहरूको छोटो उत्तर दिनुहोस् :

(क) अंशुवर्माको राज्यारोहणका सम्बन्धमा स्पष्ट पार्नुहोस् ।

(ख) अंशुवर्माले गरेका राजनीतिक उपलब्धिको सूची तयार गर्नुहोस् ।

(ग) अंशुवर्माको शासनकाललाई किन स्वर्णकाल मानिन्छ, लेख्नुहोस् ।

२. तलका प्रश्नहरूको लामो उत्तर दिनुहोस् :

(क) अंशुवर्माले गरेका भौतिक निर्माणसम्बन्धी कार्यको समीक्षा गर्नुहोस् ।

(ख) अंशुवर्माको शासनकालमा भएको नेपालको सामाजिक र आर्थिक अवस्थाको व्याख्या गर्नुहोस् ।

## परियोजना कार्य

विकेन्द्रीकरणमा आधारित शासन व्यवस्था भनेको कस्तो व्यवस्था हो ? लिच्छविकालीन विकेन्द्रीकरणमा आधारित शासन व्यवस्था र वर्तमानमा रहेको सङ्घीय शासन व्यवस्थाका बिचमा रहेका समानता र भिन्नता उल्लेख गरी छोटो संवाद तयार पारी कक्षामा भूमिका अभिनय गर्नुहोस् ।

पाठ ६

# नरेन्द्रदेव

## १. परिचय

अंशुवर्माको मृत्युपछि शिवदेव प्रथमका छोरा उदयदेव राजा भए । उनी राजगद्दीमा बसेदेखि नै गुप्त वंशका सामन्तहरूले राजकाजमा हस्तक्षेप गर्न सुरु गरे । राजा शिवदेव प्रथमले भौमगुप्त नामका सामन्तलाई पदच्युत गरेका थिए । उनै भौमगुप्तका नाति जिष्णु गुप्तले उदयदेवका विरुद्ध षड्यन्त्र गर्न सुरु गरे । जिष्णु गुप्तले राजा उदयदेवका भाइ ध्रुवदेवलाई दाजु विरुद्ध भड्काए । यस्तो भड्काउमा लागेर राजा उदयदेवका भाइ ध्रुवदेवले आफ्ना दाजुका विरुद्ध विद्रोह गरे । सो विद्रोह दमन गर्न नसकी राजा उदयदेव गद्दी छोडेर सपरिवार तिब्बतमा शरण लिन पुगे । यसरी तिब्बतमा शरण लिएका नेपालका पूर्वराजा उदयदेवका छोरा नरेन्द्रदेव थिए ।

विद्रोह गरी राज्यसत्ता कब्जा गरेपछि ध्रुवदेवलाई राजगद्दीमा राखेर जिष्णु गुप्त शासनमा शक्तिशाली बने । ध्रुवदेवको मृत्युपछि उनका छोरा भीमार्जुनदेव नेपालका राजा भए भने महासामन्त जिष्णु गुप्तको मृत्यु भएपछि उनका छोरा विष्णु गुप्त महासामन्त पदमा नियुक्त भए । त्यस्तैमा तिब्बतमा बसिरहेका नेपालका पूर्वराजा उदयदेवका छोरा नरेन्द्रदेवले तिब्बत शासक स्रोङ-चङ-गम्पोको सहयोग लिएर नेपालमा आक्रमण गरे । उनी नेपालका वैधानिक युवराज भएका कारण नेपाली जनताले पनि उनलाई साथ दिँदा भीमार्जुनदेवलाई हटाएर राजगद्दीमा बस्न सफल भए । त्यसपछि गुप्त सामन्तहरू लिच्छविकालभर फेरि शक्तिमा आउन सकेनन् ।

## २. सुधारका कार्य

नेपालको राजगद्दीमा बसेपछि नरेन्द्रदेवले विभिन्न महत्त्वपूर्ण कार्यहरू गरे । उनका केही महत्त्वपूर्ण कार्यहरू यस प्रकार रहेका छन् :

### (क) जनहितसम्बन्धी कार्य

नरेन्द्रदेव राजगद्दीमा बसेदेखि नै जनहितका कार्यमा सहभागी हुन थालेका थिए । त्यसका लागि उनले जनताका केही करहरू माफी गरिदिएका थिए । उनले पशुपति क्षेत्रमा सार्वजनिक पानीका धाराहरू निर्माण गर्न लगाएका थिए । व्यापारीहरूले जनतालाई नापतौलमा ठग्न नसकून् भन्ने उद्देश्यले प्रत्येक वर्षको असारमसान्त र पौषमसान्तमा ढकतराजु जाँच गर्ने नियम बनाएका थिए । उनले गर्भवती

महिलाले राम्रो स्याहार पाऊन् भन्ने उद्देश्यले कुनै पनि गर्भवती महिलाको औषधी उपचार नपाएर मृत्यु भएमा उनको लोग्नेलाई सजाय दिने व्यवस्था गरेका थिए । नरेन्द्रदेवले बिरामी पशुहरूको राम्रोसँग उपचार र स्याहार गर्न पनि पशुमालिकहरूलाई निर्देशन दिएका थिए । यस्ता जनहितका कार्यहरू गरेका कारण राजा नरेन्द्रदेवलाई मानवतावादी शासक पनि भन्ने गरिन्छ ।

### (ख) प्रशासनसम्बन्धी कार्य

राजा नरेन्द्रदेव एक कुशल प्रशासक थिए । उनले पनि अंशुवर्माले जस्तै प्रशासनमा विकेन्द्रीकरणको नीति अवलम्बन गरेका थिए । उनले स्थानीय पाञ्चालीलाई शक्तिशाली तुल्याएका थिए । नरेन्द्रदेवले स्थानीय धार्मिक संस्थाहरूलाईसमेत न्याय सम्पादन गर्ने अधिकार प्रदान गरेका थिए । पशुपतिनाथको भजन मण्डलीलाई त्यस क्षेत्रको सम्पूर्ण धार्मिक कार्य गर्ने अधिकार प्रदान गरेका थिए ।

### (ग) निर्माणसम्बन्धी कार्य

राजा नरेन्द्रदेवले भद्राधिवास नामको एक विशाल र सुन्दर दरबार निर्माण गर्न लगाएका थिए । आफ्नो राज्यभित्रका विभिन्न स्थानमा पाटी, पौवा, मठमन्दिर, विहार आदि निर्माण गराएका थिए । राजा नरेन्द्रदेवले निर्माण गराएको भद्राधिवास दरबारको चिनियाँ यात्री 'वाङ-हुएन-चे' ले आफ्नो यात्रा विवरणमा 'भद्राधिवास दरबार फूल र अत्तरले सुगन्धित छ' भनी प्रशंसा गरेका थिए । वाङ-हुएन-चे नेपालको बाटो हुँदै तत्कालीन भारतमा राजदूतका रूपमा गएको उल्लेख पाइन्छ । त्यस अर्थमा उनी नेपालका लागि एक यात्री मात्र थिए ।

### (घ) परराष्ट्र सम्बन्ध

राजा नरेन्द्रदेवले तिब्बत सरकारको सहयोग लिएर आफ्ना बाबुले गुमाएको राज्य फिर्ता लिन सफल भएको हुँदा उनको तिब्बतसँग सुमधुर सम्बन्ध रहेको थियो । उनी राजगद्दीमा बसेको एक वर्षपछि चिनियाँ दूत लि पियाओ नेपालको बाटो हुँदै भारत गएका बेला नरेन्द्रदेवले उनलाई भव्य स्वागत गरेका थिए । त्यसैगरी वि.स. ७०३-४ तिर चिनियाँ दूतमण्डलका नेता वाङ-हुएन-चे भारतका राजा हर्षवर्धनको दरबारमा राजदूतका रूपमा पुग्दा राजाको मृत्यु भइसकेको र उनका मन्त्री अरुणाश्वले सत्ता कब्जा गरी आफैँ राजा भएका थिए । राजा हर्षवर्धनका मित्र चिनियाँ दूत आएको देखी अरुणाश्वले उनलाई पक्रेर कैद गर्ने प्रयास गरे । तर वाङ-हुएन-चे त्यहाँबाट भागेर नेपाल आइपुगे । त्यसपछि राजा नरेन्द्रदेवले उनलाई सैनिक सहयोग दिएर अरुणाश्वको राज्यमा आक्रमण गर्न पठाए । नेपाल र तिब्बतका सेनाले आक्रमण गरी अरुणाश्वलाई नेपालको बाटो हुँदै तिब्बतमा लगेर कैद गरे । यसरी नरेन्द्रदेव तिब्बत, चीन र भारतसँग सुमधुर सम्बन्ध कायम राख्न सफल भएका थिए ।

राजा नरेन्द्रदेव कुशल राजनीतिज्ञका साथै वीर सेनापति पनि थिए । उनी तिब्बत सरकारको सहयोगमा आफ्नो गुमिसकेको राज्य फिर्ता लिन सफल भएका थिए । त्यसैले उनले देशको सुरक्षा व्यवस्थालाई कडा तुल्याएका थिए । दरबारको प्राङ्गणमा पनि उनले सयौँ सेना तैनाथ गराउने गर्थे । उनले आफूलाई एक स्वतन्त्र शासक भएको देखाउन महाराजाधिराज तथा भट्टारक जस्ता पदवीहरू लिने गरेका थिए । वि.स. ६९९-७३६ सम्म ३६ वर्षभन्दा बढी समय शासन गरेपछि वि.स. ७३६ मा उनको मृत्यु भएको थियो ।

## अभ्यास

१. तलका प्रश्नहरूको अति छोटो उत्तर दिनुहोस् :

(क) राजा उदयदेव किन तिब्बतमा शरण लिन पुगेका थिए ?

(ख) नरेन्द्रदेवलाई किन मानवतावादी शासक मानिन्छ ?

(ग) नरेन्द्रदेवले आफ्ना बाबु उदयदेवले गुमाएको राज्य फिर्ता लिन कसरी सफल भए ?

(घ) नरेन्द्रदेवले निर्माण गराएको दरबारको नाम के थियो ?

२. तलका प्रश्नहरूको छोटो उत्तर दिनुहोस् :

(क) नरेन्द्रदेव कसरी नेपालका राजा भए, स्पष्ट पार्नुहोस् ।

(ख) नरेन्द्रदेवले गरेका प्रशासनिक सुधारहरू उल्लेख गर्नुहोस् ।

(ग) नरेन्द्रदेवको शासनकालमा परराष्ट्र सम्बन्ध कस्तो थियो, लेख्नुहोस् ।

३. तलका प्रश्नहरूको लामो उत्तर दिनुहोस् :

(क) नरेन्द्रदेव लिच्छविकालका एक न्यायप्रेमी र चर्चित शासक थिए भन्ने तथ्य पुष्टि हुने आधारहरू प्रस्तुत गर्नुहोस् ।

## परियोजना कार्य

राजा नरेन्द्रदेवको शासनकालमा भएका उपलब्धिमूलक कार्यहरूलाई चार्टमा तयार पारी कक्षामा प्रस्तुत गर्नुहोस् ।

पाठ ७

# लिच्छविकालीन सामाजिक, आर्थिक र प्रशासनिक अवस्था

गणतन्त्रात्मक शासन पद्धतिमा अभ्यस्त भएका भारतको वैशालीबाट नेपाल आएका लिच्छविहरूले नेपाल आएपछि किरातहरूले जस्तै राजतन्त्रात्मक शासन सुरु गरे । उनीहरूले देशको प्रशासनिक व्यवस्थालाई विकेन्द्रीकरणमा आधारित तुल्याए । उनीहरू हिन्दु धर्मावलम्बी भएका कारण वैदिक साहित्यहरूका आधारमा न्यायप्रणाली विकसित गरेका थिए । लिच्छविहरूले समाजलाई वर्ण व्यवस्थाका आधारमा सङ्गठित तुल्याएका थिए ।

राजा नरेन्द्रदेवभन्दा पछाडि शिवदेव द्वितीय राजा भए । उनले स्वास्थ्यका क्षेत्रमा प्रशस्त सुधारहरू गरेका थिए । लिच्छवि राजा जयदेव द्वितीय धार्मिक स्वभावका शासक थिए । उनले आफ्ना पुर्खा र वंशजका विषयमा जानेसम्मका कुराहरू पशुपतिको अभिलेखमा लेखाए । त्यो अभिलेख लिच्छविकालको इतिहास जान्नका लागि महत्त्वपूर्ण आधार मानिन्छ । लिच्छविकालीन अवस्थालाई निम्नानुसार उल्लेख गर्न सकिन्छ :

## १. सामाजिक अवस्था

लिच्छविकालभन्दा अगाडिको नेपाली समाज कस्तो थियो भन्ने खास जानकारी हुन सकेको छैन । जब लिच्छविहरूले देशको शासन आफ्नो हातमा लिए तब भारतमा विकसित भएको वर्ण व्यवस्थालाई समाजमा लागु गरे । वर्णाश्रम व्यवस्था भनेको मानिसलाई कामका आधारमा वर्गीकरण गरिएको व्यवस्था हो । त्यो व्यवस्थाअनुसार समाजलाई ब्राह्मण, क्षेत्री, वैश्य र शुद्र गरी चार वर्गमा विभाजन गरिएको हुन्छ । कामलाई चार भागमा विभाजन गरेअनुसार शास्त्रार्थ गर्ने, दान लिनेदिने, ज्ञान आर्जन र वितरण गर्ने, यज्ञयज्ञादि गर्ने गराउने, मानिसलाई सत्कर्म, नैतिकता, आचरण, असल जीवन पद्धतिका बारेमा जानकारी गराउने आदि ब्राह्मणका कामहरू हुन्थे । शासन सञ्चालन गर्ने, समाजमा शान्ति सुव्यवस्था कायम गर्ने, राज्यको सुरक्षा गर्ने, दैनिक प्रशासनिक कार्यहरू गर्ने, युद्ध लड्ने आदि क्षेत्रीका कामहरू हुन्थे । वैश्यले आर्थिक गतिविधिसँग सम्बन्धित कार्यहरू कृषि उत्पादन, पशुपालन, उद्योगधन्दा, बन्दव्यापार आदि गर्ने, उत्पादित वस्तुहरू उपभोक्ता समक्ष पुऱ्याउने आदि कार्य गर्ने र शुद्रले सेवासम्बन्धी कार्य गर्ने गर्थे ।

लिच्छविकालीन समाज ४ वर्ण र १८ जातमा विभाजित भए पनि जातका आधारमा उँचनीचको भावना निकै कम थियो । समाजमा सहकार्य, सहभोज हुने गर्थ्यो । मठमन्दिर, विहार, धर्मशाला,

पाटी, पौवा, धारो, इनार, कुवा आदिको निर्माण, बिरामी, घाइते, सुत्केरी मानिस तथा पशुको सेवाका लागि गुठीहरू निर्माण गर्ने, आरोग्यशालाहरू निर्माण गर्ने, कुलो, नहर, पुलपुलेसा, बाटोघाटो आदि निर्माण गर्दा चार वर्ण र अठारै जातका मानिस सहभागी हुने गर्थे । समाजमा नारीको अवस्था राम्रो भएपनि सतीप्रथा, बहुविवाह, बालविवाह जस्ता कुरीतिहरू  कायम थिए । ठुला व्यापारी, घरानियाँ, प्रशासनको उच्च पदमा रहेका मानिस र राजपरिवारका महिला पढेलेखेका हुन्थे । समाजमा गीत, सङ्गीत, नाचगान, शृङ्गार आदि कार्यमा महिला बढी सक्रिय हुन्थे । पाठपूजा, मठमन्दिर निर्माण गर्ने जस्ता कार्यमा महिला सक्रिय भएर लाग्ने गर्थे । उच्च घरानाका केही महिला राजनीतिक र प्रशासनिक कार्यमा पनि सहभागी हुने गर्थे । लिच्छविकालका केही महिलाले अभिलेखसमेत लेखाउने गरेको पाइन्छ । उनीहरू सामूहिक रूपमा चाडपर्व मनाउने, गुरुकुल पद्धतिका आधारमा शिक्षा ग्रहण गर्ने, भिक्षु भिक्षुणीहरूलाई दान दिने गर्थे । लिच्छविकालीन समाजमा दशैं, तिहार, तीज, जनैपूर्णिमा जस्ता चाडपर्वहरू मनाएर मनोरञ्जन गर्ने गर्थे ।

## २. आर्थिक अवस्था

लिच्छविकालीन आर्थिक अवस्थाको मेरुदण्ड कृषि, पशुपालन, व्यापार र उद्योगधन्दाहरू थिए । त्यतिबेला कृषि व्यवसाय निकै फस्टाएको थियो । जमिनलाई कृषि जमिन, गौचरण जमिन र वनजङ्गल जमिन गरी तीन भागमा विभाजन गरिएको थियो । कृषि जमिनबाट जनताले राज्यलाई कर तिर्थे । लिच्छविकालमा धान, गहुँ, जौ, फापर, आलु जस्ता अन्नबालीहरू उत्पादन हुने गर्थे । सागसब्जी, फलफूल, तोरी र दलहन, गेडागुडी पनि उत्पादन हुने गर्थे । त्यतिबेला विभिन्न स्थानमा सिँचाइका लागि राजकुलोहरू निर्माण गर्ने गरिन्थ्यो ।

नेपालका प्रथम राजवंश गोपालहरूको शासनकालदेखि नै पशुपालन एक महत्त्वपूर्ण व्यवसायका रूपमा विकास भएको थियो । लिच्छविकालसम्म आइपुग्दा यो पशुपालन व्यवसाय राज्यको एक प्रमुख आयस्रोतको आधार बन्न पुगेको थियो । त्यतिबेला गाई, भैँसी, भेडा, बाखा, हाँस, कुखुरा, सुँगुर, माछा, घोडा, हात्ती जस्ता पशुहरू पाल्ने गरिन्थ्यो । त्यस्ता पशुहरू दुध, घिउ, मासु, ऊन, फुल, मल आदिका लागि पाल्ने गरिन्थ्यो । त्यतिबेला यातायातका साधनका रूपमा पनि यस्ता पशुहरूको प्रयोग हुन्थ्यो । लिच्छविकालमा पशुपालन व्यवसायको विकासका लागि राज्यले सुरक्षाको व्यवस्था र औषधी उपचारको व्यवस्था गर्ने गर्थ्यो ।

व्यापार लिच्छविकालीन आर्थिक अवस्थाको अर्को आधार थियो । लिच्छविकालका शासकहरूले व्यापारको विस्तारका लागि विशेष प्रोत्साहन गर्ने गर्थे । ठाउँ ठाउँमा पसल खोलेर व्यापार गर्ने

व्यापारीहरूको सङ्ख्या प्रशस्त हुन्थ्यो । व्यापारीहरूले जनतालाई नठगून् भन्ने उद्देश्यले वर्षको दुई पटक आषाढ मसान्त र पौष मसान्तमा ढक तराजु जाँच गर्ने गरिन्थ्यो । त्यतिबेला नेपालको आन्तरिक व्यापारका साथै बाह्य व्यापार पनि निकै फस्टाएको थियो । लिच्छविकालमा नेपालबाट अन्न, फलफूल, मसला, लत्ताकपडा, फलाम, चमर, कस्तुरी, बाज, ऊन र ऊनीकपडाहरू, जडीबुटी, धातुका भाँडाकुँडाहरू, हातहतियार निर्यात गर्ने गरिन्थ्यो । नेपालका व्यापारीहरूले तिब्बतबाट सामान ल्याएर भारतको बजारमा र भारतबाट सामान ल्याएर तिब्बतको बजारमा बिक्री गर्ने गर्थे । यसले गर्दा नेपालमा प्रशस्त भन्सार उठ्ने गर्थ्यो । लिच्छविकालमा नेपालमा काठ, कपडा, कागज, प्रस्तर, रङ तथा मदिरा उद्योग आदि निकै फस्टाएका थिए ।

## ३. प्रशासनिक र न्यायिक व्यवस्था

लिच्छविकालमा देशको प्रशासनिक व्यवस्था निकै सुदृढ थियो । उनीहरूले देशको प्रशासनिक व्यवस्थालाई विकेन्द्रीकरणका आधारमा सञ्चालन गरेका थिए । प्रशासनको केन्द्रमा राजा हुन्थे । राजा देशको सेना प्रमुख, न्याय प्रमुख र प्रशासनको पनि प्रमुख हुन्थे । न्याय प्रमुखको हैसियतले कुनै पनि मुद्दामामिलाको अन्तिम फैसला गर्ने अधिकार राजामा निहित हुन्थ्यो । राजालाई प्रशासनमा सहयोग गर्न केन्द्रमा अमात्य, महासामन्त, सामन्त, सर्वदण्डनायक, दण्डनायक, महाबलाध्यक्ष, बलाध्यक्ष, महाप्रतिहार, प्रतिहार जस्ता पदहरू निर्माण गरिएका हुन्थे । महाबलाध्यक्षले सेनाप्रमुखको काम, सर्वदण्डनायकले न्याय र प्रहरीप्रमुखको काम, महाप्रतिहारले राजाको सल्लाहकारको काम गर्ने गर्थे । केन्द्रीय प्रशासन सञ्चालनका लागि कुथेर, शुल्ली, लिङ्ग्वल, मापचोक जस्ता कार्यालयहरू निर्माण गरिएका थिए । कुथेर अड्डाले कर अशुल गर्थ्यो, शुल्ली अड्डा न्याय व्यवस्थासँग सम्बन्धित थियो, लिङ्ग्वल अड्डाले सिँचाइ र यातायात व्यवस्था हेर्दथ्यो भने माप्चोक अड्डाले सामाजिक व्यवस्था हेर्ने गर्थ्यो ।

लिच्छविकालमा भौगोलिक कठिनाइ, यातायात र सञ्चारको कमजोर अवस्थाका कारण विभिन्न स्थानको प्रशासन हेर्न प्रशासकहरू नियुक्त गरिएका हुन्थे । तिनीहरूलाई सामन्त शासक भन्ने गरिन्थ्यो । उनीहरूले आआफ्नो क्षेत्रमा कर असुल गर्ने, विकास निर्माण र सामाजिक कार्यहरू गर्ने, शान्तिसुरक्षा कायम राख्ने कार्य गर्थे । त्यसभन्दा तल जिल्ला प्रशासन कायम गरिएको हुन्थ्यो । जिल्लालाई त्यतिबेला 'विषय' भनिन्थ्यो र विषयको प्रमुखलाई विषपति भनिन्थ्यो । ती विषयपतिहरूले पनि जिल्लामा शान्तिसुरक्षा कायम राख्ने, केन्द्रका प्रशासकको निर्देशनअनुसार काम गर्ने गर्थे । यसभन्दा तल स्थानीय प्रशासन रहेको हुन्थ्यो । त्यसलाई पञ्चायत भनिन्थ्यो । पञ्चायतका प्रमुखलाई पाञ्चाली भनिन्थ्यो । उनीहरूले गाउँका सानातिना मुद्दामामिला मिलाउने, शान्तिसुरक्षा कायम गर्ने

गर्थे । त्यतिबेला स्थानीय प्रशासनलाई पनि ग्राम, तल र द्रङ्ग गरी तीन भागमा विभाजन गरिएको थियो । तिनीहरूलाई साना गाउँ, ठुला गाउँ र विकसित गाउँका आधारमा विभाजन गरिएको हुन्थ्यो । लिच्छविकालीन समाज विकेन्द्रीकरणमा आधारित भए पनि त्यतिबेला राजा नै राज्यका सर्वेसर्वा हुन्थे । प्रशासनिक र न्यायिक क्षेत्रमा उनी राज्यका प्रमुख व्यक्ति हुन्थे ।

## अभ्यास

### १. तलका प्रश्नहरूको अति छोटो उत्तर दिनुहोस् :

(क) वर्ण व्यवस्था भनेको के हो ?

(ख) वर्ण व्यवस्थाका आधारमा क्षेत्रीको काम के हुन्थ्यो ?

(ग) लिच्छविकालमा कस्तो शिक्षा व्यवस्था कायम थियो ?

(घ) लिच्छविकालमा त्रिकर भन्नाले के बुझिन्थ्यो ?

### २. तलका प्रश्नहरूको छोटो उत्तर दिनुहोस् :

(क) लिच्छविकालीन सामाजिक अवस्था उल्लेख गर्नुहोस् ।

(ख) लिच्छविकालमा महिलाको अवस्था कस्तो थियो, व्याख्या गर्नुहोस् ।

(ग) लिच्छविकालीन कृषि व्यवसायको विश्लेषण गर्नुहोस् ।

### ३. तलका प्रश्नहरूको लामो उत्तर दिनुहोस् :

(क) लिच्छविकालको वैदेशिक व्यापारका सम्बन्धमा आफ्ना विचारहरू प्रस्तुत गर्नुहोस् ।

(ख) लिच्छविकालको स्थानीय प्रशासनको समीक्षा गर्नुहोस् ।

# पाठ ८ मिथिला र कपिलवस्तु सभ्यता

काठमाडौँ उपत्यकामा गोपाल, महिषपाल र किरात वंशका शासकहरूले सभ्यताको विकास गरे जस्तै नेपालको तराई क्षेत्रमा प्राचीनकालमा पूर्वमा मिथिला र पश्चिममा कपिलवस्तु राज्यहरूले पनि आआफ्नै किसिमले सभ्यताको विकास गरेका थिए ।

## १. मिथिला सभ्यता

वर्तमान नेपालको जनकपुर क्षेत्रमा प्राचीनकालमा मिथिला राज्यको विकास भएको थियो । त्यो राज्यको सिमाना पूर्वमा कोशी नदी, पश्चिममा गण्डकी नदी, उत्तरमा हिमालय पहाड र दक्षिणमा गङ्गा नदीसम्म फैलिएको थियो । मार्कण्डेय पुराण, विष्णु पुराण, वाल्मिकी रामायण आदिमा मिथिला राज्यको चर्चा गरिएको पाइन्छ । यस राज्यका प्रथम शासक निमि थिए । उनका छोरा मिथिको नामबाट त्यो राज्यको नाम मिथिला रहन गएको थियो । धार्मिक ग्रन्थहरूमा यस राज्यका धेरै नामहरू उल्लेख गरिएको पाइन्छ । त्यसमध्ये विदेह, मिथिला, शाम्भवी, तपोवन जस्ता नामहरू बढी प्रचलनमा रहेका थिए ।



*जानकी मन्दिर*

प्राचीनकालमा मिथिला राज्य वैदिक सभ्यताको केन्द्र थियो । मिथिला सभ्यता भारतको वैदिक सभ्यताको समकालीन थियो । राजा शिरध्वज जनक यस वंशका चर्चित र धार्मिक शासक थिए । यिनै राजा शिरध्वज जनककी छोरी सीताको विवाह अयोध्याका युवराज रामसँग भएको थियो । राजा शिरध्वज जनकको दरबारमा ठुला विद्वान्हरूको धार्मिक सभा हुने गर्थ्यो । ब्रह्मज्ञानी विद्वान्हरूका बिचमा शास्त्रार्थ हुने गर्थ्यो । याज्ञवल्क्य, श्वेतकेतु, उद्दालक आरुणी, सत्यकाम, गार्गी, मैत्रेयी जस्ता ख्यातिप्राप्त विद्वान् र विदुषीहरू थिए । विदेह राज्यमा धर्म, दर्शनका अतिरिक्त कृषि, पशुपालन, व्यापार व्यवसायको पनि राम्रो विकास भएको थियो ।

मिथिला राज्यको चारैदिशामा ऋषिआश्रमहरू निर्माण गरिएका थिए । तिनै आश्रमहरूका भित्री भागमा व्यापारिक द्वारहरू पनि रहेका थिए । ती व्यापारिक केन्द्रहरूमा टाढा टाढाबाट व्यापारीहरू व्यापार गर्न आउने जाने गर्थे । यसरी प्राचीन विदेह राज्यमा धर्म, संस्कृति, ज्ञान, दर्शन आदिका अतिरिक्त कृषि, पशुपालन, व्यापार जस्ता व्यावसायिक क्षेत्रहरू पनि राम्रोसँग विकास भएका थिए । त्यो राज्यका शासकहरूमध्ये शिरध्वज जनक निकै प्रसिद्ध शासक थिए । उनी ज्यादै धार्मिक स्वभावका थिए । विदेह राज्यमा जनक वंशका ५६ जना शासकहरूले शासन गरेको मानिन्छ ।

जनकवंशीय शासकहरूले मिथिलामा शासन गरिरहेको समयमा भारतको मगध राज्यमा एक शक्तिशाली राजा अजातशत्रुले उत्तर भारतका गणराज्यहरूलाई आफ्नो अधीनमा लिँदै गए । त्यही क्रममा मिथिलामा पनि उनले आक्रमण गरे । त्यो समयमा कराल जनकले त्यहाँ शासन गरिरहेका थिए । प्राचीन मिथिला राज्यमा ६० हजार गाउँहरू रहेका थिए । अष्टावक्र नामका विद्वान् ब्राह्मणको सल्लाह र सुझावका आधारमा त्यो एक आदर्श राज्यका रूपमा विकसित भएको थियो । पछि बिस्तारै त्यहाँका जनक वंशीय शासकहरू पथभ्रष्ट बन्दै गएपछि त्यो राज्यको अन्त्य भएको थियो । पछि मध्यकालमा यही क्षेत्रलाई समेटेर कर्णाटवंशी नान्यदेवले सिम्रौनगढ राज्यको स्थापना गरे । सिम्रौनगढ राज्यमा पनि वि.स. १३८१ मा दिल्लीका मुस्लिम बादशाह गयासुद्दिन तुगलकले आक्रमण गरेपछि त्यो राज्यको अन्त्य भयो । त्यही क्षेत्रमा पछि पाल्पाका राजा मुकुन्द सेनका छोरा लोहाङ्ग सेनले नयाँ राज्य स्थापना गरे । त्यसपछि प्राचीन मिथिला क्षेत्रको पुन खोजी हुन थाल्यो । वर्तमान समयमा मिथिला वा जनकपुर एक महत्त्वपूर्ण धार्मिक केन्द्रका रूपमा नेपालमा रहेको छ ।

## २. कपिलवस्तु र रामग्राम

किरातकालतिर नेपालको पश्चिम तराईमा कपिलवस्तु नामको गणराज्य थियो । नेपालको प्राचीन सभ्यताको एक महत्त्वपूर्ण क्षेत्र कपिलवस्तुमा क्रकुछन्द बुद्ध, कनकमुनि बुद्ध एवम् भगवान् गौतम बुद्धको जन्म भएको थियो । प्राचीन कपिलवस्तु राज्य पूर्वमा रोहिणी नदी, पश्चिममा राप्ती नदी, उत्तरमा हिमालय तथा दक्षिणमा कुशीनगरसम्म फैलिएको थियो ।

बौद्ध धार्मिक ग्रन्थहरू दिग्धनिकाय, सौन्दरानन्द, ललितविस्तार तथा जातक कथा आदिमा उल्लेख गरेअनुसार प्राचीनकालमा कोशल राज्यका राजा इच्छाकुले जेठी रानीको मृत्यु भएपछि कान्छी रानी जयन्तीबाट जन्मिएका छोरा जयन्तुलाई राजा बनाउन जेठी रानीबाट जन्मिएका चार भाइ छोरा र पाँच बहिनी छोरीलाई राज्यबाट निष्काशन गरे । त्यसरी राज्यबाट निकालिएका राजकुमार राजकुमारीहरू उत्तरपश्चिममा रहेको जङ्गलको बाटो हिँड्दै गए । त्यही क्रममा उनीहरू बाणगङ्गा नदीको तटमा रहेको घना जङ्गलमा कुटी बनाएर तपस्या गरी बसेका कपिल ऋषिको आश्रममा पुगे । ऋषि कपिलकै सल्लाहबमोजिम उनीहरूले शक् नामको वृक्ष फँडानी गरी नयाँ बस्ती बसाले । त्यसरी कपिलमुनिको प्रेरणाले नयाँ बस्ती बसेको हुँदा त्यस स्थानको नाम कपिलवस्तु रहन गयो । त्यसैगरी शक् वृक्षको जङ्गल फँडानी गरेको हुँदा ती जातिहरू शाक्य कहलिए । बिस्तारै वरपरका मानिस पनि त्यही स्थानमा आएर बस्न थालेपछि त्यो एक नगरराज्यका रूपमा विकसित भयो ।

राजा शुद्धोधनको शासनकालसम्ममा कपिलवस्तु राज्यको राजनीतिक, आर्थिक, सामाजिक र सांस्कृतिक क्षेत्रमा ठुलो उन्नति भएको थियो । त्यति बेलासम्ममा कपिलवस्तु राज्यमा चातुमा, खोमदुस्सा, मेतलुप्प, समागम, सासुमार, शिलावती, लुम्बिनी, वेद्धायम जस्ता सहरहरू विकसित भएका थिए । राजधानी रहेको कपिलवस्तु नगर चारैतिरबाट पर्खाल र खाडल (खाई) ले घेरिएको थियो ।

राजा शुद्धोधनकी जेठी रानी मायादेवी गर्भवती थिइन् । त्यतिबेला सन्तानको जन्म माइतीघरमा गराउने प्रचलन थियो । मायादेवी आफ्नो माइती देवदहतर्फ जाँदै गर्दा लुम्बिनीको बगैँचामा इसापूर्व ५६३ मा बालकलाई जन्म दिइन् । ती बालकको नाम सिद्धार्थ राखियो । सिद्धार्थ जन्मेको सातौँ दिनमा मायादेवीको मृत्यु भयो । ती बालकको लालनपालन उनकी कान्छीआमा प्रजापति गौतमीले गरिन् । प्रजापति गौतमीले आफ्ना नाबालक छोराको पालनपोषणको जिम्मा धाई आमालाई लगाएर सिद्धार्थलाई आफूले पालनपोषण गरेकी थिइन् । सानै उमेरदेखि सिद्धार्थ सांसारिक मोहबाट अलग्गै रहने स्वभावका थिए । उनको विवाह कोलीय गणराज्यकी राजकुमारी यशोधरासँग भयो । यशोधराको गर्भबाट राहुल नामका पुत्र जन्मिए । छोरा जन्मँदासम्म पनि सिद्धार्थ गौतममा सांसारिक जीवनतर्फ चासो बढेन । उनी २९ वर्षको उमेरमा दरबार त्याग गरी ऋषि अलारकलामको आश्रममा पुगे । त्यहाँ उनले योगविद्या ग्रहण गरे । त्यसपछि बिस्तारै उनी तपस्यामा लीन हुन थाले । यसरी योगस्थ रहेकै अवस्थामा वैशाख पूर्णिमाका दिनमा उनलाई ज्ञान प्राप्त भयो ।

प्राचीन कपिलवस्तु राज्यको राजधानी रहेको वर्तमान तिलौराकोटलाई चारैतिरबाट विशाल पर्खाल लगाएर किल्लाबन्दी गरिएको थियो । त्यसको बाहिरपट्टि सबैतिर ढाकिने गरी गहिरो पोखरी निर्माण गरिएको थियो । पोखरी र पर्खालको बिचमा ठुला ठुला रुखहरू हुर्काएर त्यस स्थानमा सर्प, बिच्छी जस्ता हिंस्रक र बिषालु जन्तुहरू पालिएका थिए । उक्त किल्लाबाट बाहिरतिर आवतजावत गर्नका

लागि विशाल द्वारहरू निर्माण गरिएका थिए । द्वारहरूको सुरक्षाका लागि द्वारपालहरू तैनाथ गरिएका हुन्थे । राजधानीभन्दा बाहिरका सहरहरू पनि किल्लाबन्दी गरिएका थिए । शत्रुको आक्रमण भएमा सहरका द्वारहरू बन्द गरिन्थे । यसरी प्राचीन कपिलवस्तु राज्यको सभ्यता निकै उच्चस्तरको रहेको थियो । त्यहाँका मानिसहरू सामाजिक, आर्थिक तथा शैक्षिक दृष्टिले निकै अगाडि रहेका थिए ।

प्राचीनकालमा यसरी धनधान्य र कलाले सम्पन्न कपिलवस्तु राज्य बुद्धकालमा नै पतन भयो । कपिलवस्तु र कोशल राज्यकाबिचमा रोहिणी नदीको पानीको बाँडफाँटका विषयमा खिचलो थियो । त्यस्तैमा कोशल राज्यका युवराज प्रसेनजितलाई झुक्याएर ल्याइते रानीपट्टिकी छोरी बासभखतियाको विवाह गरिदिए । उनीबाट विरुद्धक नामका युवराजको जन्म भयो । पछि उनी मामाघर आएका बेला मठ्याहा सन्तान भनी अपमान भएको महसुस गरेपछि कपिलवस्तुमा आक्रमण गरे । तर बुद्धले उनलाई सम्झाई बुझाई गरी फिर्ता पठाए । त्यसपछि पनि उनले पटक पटक आक्रमण गरे । चौथोपटकमा उनले भीषण आक्रमण गरे र नरसंहार गरी कपिलवस्तु राज्य ध्वस्त पारिदिए । यसरी प्राचीन कपिलवस्तु सभ्यता पूर्ण रूपले अन्त्य भयो ।

प्राचीन नेपालको पश्चिमी तराई क्षेत्र हालको नवलपुर जिल्लामा रामग्राम नामको एक राज्य थियो । त्यो राज्यको राजधानी देवदह थियो । देवदह लुम्बिनीबाट ३५ किलोमिटर पूर्वमा रहेको थियो । त्यो स्थान सिद्धार्थ गौतमको मामाघर अर्थात् उनकी आमा मायादेवी, उनकी कान्छीआमा प्रजापति गौतमी तथा पत्नी यशोधराको माइतीघर थियो । कोलीय राज्य कपिलवस्तु राज्यको पूर्वी सिमाना रोहिणी नदीको तटमा अवस्थित थियो । ती कपिलवस्तु र रामग्राम दुबै गणराज्यहरू मगध र कोशल राज्यहरूको व्यापार र वाणिज्यको केन्द्रका रूपमा पनि रहेका थिए । त्यस राज्यलाई कोलीयनगर, व्याघ्रपुर, देवदह, रामग्राम जस्ता नामहरूबाट पनि चिनिने गरिन्थ्यो । प्राचीनकालमा उत्तर भारतमा जोडिएको उत्तरापथ नामको राजमार्ग कपिलवस्तु हुँदै देवदह भएर अन्य मल्ल गणराज्यसम्म विस्तारित भएको थियो । त्यसरी प्राचीनकालमा सभ्यताको राम्रो विकास गरेको रामग्राम राज्य पनि कपिलवस्तु राज्यको पतन भएकै समयतिर समाप्त भएको थियो ।

## अभ्यास

### १. तलका प्रश्नहरूको अति छोटो उत्तर दिनुहोस् :

(क) किरातकालमा नेपालको तराईमा अवस्थित दुईओटा राज्यहरूको नाम लेख्नुहोस् ।

(ख) मिथिला राज्यका प्रथम शासक को थिए ?

(ग) जनक वंशका अन्तिम राजा को थिए ?

(घ) कोशल राज्यका कुन राजाले आफ्ना भाइ तथा सन्तानलाई राज्यबाट निष्काशन गरेका थिए ?

(ङ) कोशल राज्यका युवराज युवराज्ञीलाई नयाँ राज्य स्थापना गर्न सहयोग गर्ने ऋषिको नाम लेख्नुहोस् ।

(च) सिद्धार्थ गौतमले दरबार छोड्नुको एक कारण लेख्नुहोस् ।

२. तलका प्रश्नहरूको छोटो उत्तर दिनुहोस् :

(क) प्राचीन मिथिला राज्यमा भएको बौद्धिक बहस उल्लेख गर्नुहोस् ।

(ख) मिथिला राज्यको आर्थिक अवस्था कस्तो थियो, लेख्नुहोस् ।

(ग) कपिलवस्तु राज्यको उत्पत्ति कसरी भएको थियो ?

(घ) कपिलवस्तु राज्य नेपालको इतिहासमा किन महत्त्वपूर्ण छ, वर्णन गर्नुहोस् ।

३. तलका प्रश्नहरूको लामो उत्तर दिनुहोस् :

(क) सिम्रौनगढ राज्य मिथिला राज्यको निरन्तरता थियो, कसरी, उदाहरण दिएर स्पष्ट पार्नुहोस् ।

(ख) कपिलवस्तु राज्य र कोशल राज्यका बिचमा झगडा हुनाका कारणहरूको सूची तयार पार्नुहोस् ।

## परियोजना कार्य

स्थानीय जानकार व्यक्ति वा पुस्तकालय वा सूचनाप्रविधिका साधनको सहयोग लिई मिथिला राज्य र कपिलवस्तु राज्यका प्रशासनिक अवस्थाका विषयमा लेख तयार पारी कक्षामा प्रस्तुत गर्नुहोस् ।

पाठ ९

# मध्यकालीन नेपालमण्डल

नेपालको इतिहासलाई प्राचीनकाल, मध्यकाल र आधुनिककाल गरी तीन कालमा वर्गीकरण गरेर अध्ययन गर्ने गरिन्छ । वि.स. ९३६ भन्दा अगाडिको समयलाई प्राचीनकाल, वि.स. १८२५ सम्मको समयलाई मध्यकाल र त्यसपछिको समयलाई आधुनिककाल भनिन्छ ।

मध्यकालमा नेपालमा धेरैजसो समय मल्ल वंशका शासकहरूले शासन गरेका थिए । राघवदेव मध्यकालका प्रथम शासक थिए भने अरी मल्ल मल्ल वंशका प्रथम शासक थिए । राजा राघवदेवपछि अरी मल्लको उदय नहुँदासम्मको समयमा नेपालमा राजनीतिक अस्थिरता कायम थियो । त्यस समयका राजाहरूका बारेमा विश्लेषण गर्न सकिने प्रशस्त सामग्री उपलब्ध नभएका कारण त्यो काललाई अन्धकारको युग पनि भन्ने गरिन्छ । मध्यकाल र नेपाल संवत् एकै समयदेखि सुरु भएको थियो ।

नेपाल संवत् सुरु गर्ने व्यक्ति शङ्खधर साख्वा मानिन्छन् । मध्यकालको सुरुदेखि नै नेपाल प्रारम्भमा तीनओटा राज्यहरूमा विभाजित भएको थियो । काठमाडौँ उपत्यकाको राज्यलाई नेपालमण्डल, पश्चिमको राज्यलाई खसमल्ल राज्य र पूर्वी तराईको राज्यलाई कर्णाटक, सिम्रौनगढ, डोय वा तिरहुत राज्य भनिन्थ्यो । मध्यकालको प्रारम्भदेखि नै नेपालका राजाहरू कमजोर भएका कारण त्यो राज्य टुक्रिँदै गएको थियो । सुरुमा नेपाल तीनओटा राज्यमा विभाजन भयो भनेपछि बिस्तारै बाइसेचौबिसे राज्यमा विभाजित हुन पुग्यो । काठमाडौँ उपत्यकाको मल्ल राज्य पनि कान्तिपुर, पाटन र भादगाउँ गरी तीनओटा राज्यमा विभाजित भयो । त्यसैगरी नेपलको पूर्वी तराईमा तीनओटा सेन राज्यहरू विकसित भए । ती राज्यहरू मकवानपुर, चौदण्डी र विजयपुर थिए । नेपाल मण्डल राज्यको राजनीतिक, सामाजिक र आर्थिक अवस्थालाई निम्नानुसार प्रस्तुत गर्न सकिन्छ :

## १. राजनीतिक अवस्था

वि.स. १२५७ देखि वि.स. १८२६ सम्म काठमाडौँ उपत्यकामा मल्ल शासकहरूले शासन गरे । लिच्छविकालदेखिको सुदृढ नेपाल मध्यकालको सुरुदेखि नै नेपाल राज्यको राजनीतिक अवस्था कमजोर हुँदा राज्य टुक्रिएर तीन भागमा विभाजन हुन पुग्यो । पूर्वी तराईमा सिम्रौनगढ राज्य, पश्चिम नेपालमा खस राज्य र उपत्यकामा नेपालमण्डल राज्य बन्न पुगे । यसले गर्दा केन्द्रीय राज्यको भौगोलिक क्षेत्र सानो आकारको भएको थियो । त्यो नेपालमण्डल राज्य पूर्वमा कोशी नदी, पश्चिममा त्रिशूली नदी, उत्तरमा हिमालय र दक्षिणमा महाभारत पर्वतसम्म फैलिएको थियो । त्यो समयमा नेपालमण्डल राज्यको राजनीतिक अवस्था राम्रो थिएन । राजगद्दीमा मल्ल राजाहरू भए पनि अन्य केही देव थर

भएका व्यक्तिहरू पनि राजनीतिमा निकै शक्तिशाली भएर राजाले समान अधिकारको प्रयोग गर्थे । बिस्तारै उनीहरूले पालैपालो शासन गर्न थाले । आफू शक्तिशाली बन्न उनीहरूमध्ये कुनै एक समूहले सिम्रौनगढ वा पश्चिमको खस राज्यका राजालाई नेपालमण्डल राज्यमा आक्रमण गर्न लगाउँथे । यसले गर्दा त्यो राज्यको राजनीतिक अवस्था अझै कमजोर बन्न पुगेको थियो ।

वि.स. १२५७ देखि मल्ल शासकहरूले नेपालको राज्यसत्ता आफ्नो हातमा लिए । अरिमल्ल नेपालका प्रथम मल्ल शासक थिए । त्यसपछि वि.स. १४३७ मा जयस्थिति मल्ल राजा नहुँदासम्म उपत्यकाको मल्ल राज्य निकै कमजोर रह्यो । यसरी कमजोर भएका कारण दक्षिणको सिम्रौनगढ राज्य र पश्चिमको खस राज्यले काठमाडौँ उपत्यकामा पटक पटक आक्रमण गरेका थिए । वि.स. १४०६ मा बङ्गालका मुस्लिम शासक समसुद्दिन इलियासले पनि उपत्यकामा आक्रमण गरेका थिए । यो अस्थिर राजनीतिक अवस्था वि.स. १४३७ मा राजा भएका जयस्थिति मल्लको शानसकालदेखि केही सुधार हुन पुग्यो ।

## २. सामाजिक अवस्था

मध्यकालीन नेपाली समाज वर्णव्यवस्थामा आधारित थियो । नेपालमण्डल राज्यको कमजोर राजनीतिक अवस्था र सिम्रौनगढमा शासकको आक्रमणपछि धेरै मानिस उपत्यकामा शरण लिन आए । त्यसपछि यहाँको सामाजिक परम्परा र सांस्कृतिक अभ्यासहरूमा विविधता देखिन थाल्यो । समाज विभिन्न जातजातिमा विभाजित थियो । कतिपय जातिहरू पेसाका आधारमा उपजातमासमेत विभाजित थिए । ब्राह्मणहरूले धार्मिक कार्यहरू सञ्चालन गर्थे । क्षेत्रीयहरूले शासन सञ्चालन गर्थे । वैश्यहरूले उद्योगधन्दा र बन्दव्यापार गर्थे भने शुद्रहरू सेवा कार्यमा संलग्न रहन्थे । पेसाका आधारमा भिन्नता भए पनि तत्कालीन नेपाली समाज सनातन परम्परामा आधारित थियो । सबैजसो वर्णका मानिसले सामाजिक नियमको पालना गर्थे । सामाजिक जीवनलाई नैतिकता र परम्परामा आधारित बनाएर व्यवस्थित गरिएको थियो ।

उपत्यकामा नेवारी समाजको बाहुल्यता थियो । नेवारहरू कुनै एकल जाति नभएर विभिन्न जाति र समुदायको मिश्रित समूह थिए । त्यसो भए पनि समाजमा बालविवाह, बहुविवाह, सतीप्रथा, दासप्रथा जस्ता सामाजिक कुरीतिहरू कायम थिए । समाजमा अन्धविश्वास र सामाजिक असमानता व्याप्त थियो । समाज व्यवसायमा आधारित परम्पराका आधारमा अगाडि बढेको हुँदा धार्मिक सहिष्णुता कायम थियो । कला र वास्तुकलाको उत्कृष्ट विकासले गर्दा नेपालमण्डल राज्यका बासिन्दा संस्कृतिप्रेमी भएका थिए । मेलापर्व, जात्रा, भोजभतेर र नाचगानले सामाजिक एकता कायम गर्न सहयोग पुगेको थियो ।

### ३. आर्थिक अवस्था

नेपालमा प्राचीनकालदेखि नै कृषि, पशुपालन, उद्योग र व्यापारमा राम्रो विकास भएका कारण आर्थिक रूपमा समृद्ध रहँदै आएको थियो । मध्यकालीन समय विशेष गरी मल्ल शासकहरूले तिनै आयस्रोतलाई निरन्तरता दिने कार्य गरे । त्यो समयमा नेपाली व्यापारीहरू भारत र तिब्बतमा गएर व्यापार गर्ने गर्थे । त्यो व्यापारले नेपालको अर्थतन्त्रमा ठुलो योगदान पुऱ्याएको थियो । यही आर्थिक समृद्धिका कारण उपत्यकाबासीहरूले मठमन्दिर निर्माण गर्ने, त्यसमा कलाकारिता भर्ने र जात्रा तथा उत्सव मनाउने परम्परा विकास गर्न सकेका थिए । मध्यकालमा उपत्यकामा मानवबस्ती केही पातलो भएका कारण प्रशस्त खेतीयोग्य जमिन थियो । नेपालमण्डल राज्यका अधिकांश मानिसहरू कृषि पेसामा संलग्न हुन्थे । उब्जाउ जमिन र परिश्रमी जनताले गर्दा उपत्यकाको आर्थिक अवस्था सुदृढ बनेको थियो । मल्ल शासकहरूले सिँचाइका लागि कुलोको व्यवस्था र त्यसको संरक्षणमा विशेष ध्यान दिएका थिए । जनताले आम्दानीका आधारमा राज्यलाई कर तिर्नुपर्थ्यो । त्यतिबेला जमिनलाई बिर्ता जमिन, जागिर जमिन, गुठी जमिन, रैकर जमिन गरी विभिन्न भागमा विभाजन गरिएको हुन्थ्यो ।

खेतीकिसानीका अतिरिक्त पशुपालन पनि नेपालमण्डल राज्यको महत्त्वपूर्ण आर्थिक स्रोत रहेको थियो । काठमाडौँ उपत्यकामा किसानहरूले नै पूरक पेसाका रूपमा पशुपालन पनि गर्ने गर्थे । दुध, मासु र मलका लागि खासगरी पशुपालन गर्ने गरिन्थ्यो । पशु चराउनका लागि राज्यले चरनभूमि उपलब्ध गराउँथ्यो । त्यसबाट राज्यले कर असुल गर्थ्यो । यसका अतिरिक्त मध्यकालमा नेपालमण्डल राज्यमा गहना उद्योग, भाँडाकुँडा उद्योग, मूर्ति निर्माण तथा काष्ठकलाका वस्तुहरू निर्माण गर्ने उद्योगहरू पनि फस्टाएका थिए ।

**अभ्यास**

१. तलका प्रश्नहरूको अति छोटो उत्तर दिनुहोस् :

(क) मध्यकालीन नेपालको समयावधि लेख्नुहोस् ।

(ख) सिंजा र तिरहुत राज्यका प्रथम राजाहरू को को थिए ?

(ग) मध्यकालीन नेपालमण्डल राज्यका पेसाहरू के के थिए ?

२. तलका प्रश्नहरूको छोटो उत्तर दिनुहोस् :

(क) मध्यकालीन नेपालमण्डलको सामाजिक अवस्था वर्णन गर्नुहोस् ।

(ख) नेपालमण्डलका शासकहरूबिचको सम्बन्धको विषयमा टिप्पणी गर्नुहोस् ।

(ग) काठमाडौँ उपत्यकाको नेपालमण्डल राज्यमा कायम रहेको वर्णव्यवस्था उल्लेख गर्नुहोस् ।

३. तलका प्रश्नहरूको लामो उत्तर दिनुहोस् :

(क) नेपालमण्डल राज्यको राजनीतिक अवस्था विश्लेषण गर्नुहोस् ।

(ख) मध्यकालीन नेपालमण्डल राज्यको सामाजिक, आर्थिक अवस्था वर्णन गर्नुहोस् ।

## परियोजना कार्य

मध्यकालीन नेपालमण्डल राज्यको अवस्थाका सम्बन्धमा एक समीक्षात्मक टिप्पणी तयार गरी कक्षामा प्रस्तुत गर्नुहोस् ।

एकाइ
दुई

# आधुनिक नेपाल

पाठ
१

## पृथ्वीनारायण शाह र नेपाल एकीकरण अभियान

मध्यकालमा विभिन्न राज्यहरूमा विभाजित नेपाललाई एउटै सिङ्गो राष्ट्र बनाउने कार्यको थालनी गोरखाका राजा पृथ्वीनारायण शाहले गरेका थिए । यिनका पुर्खा द्रव्य शाहले वि.स. १६१६ मा गोरखा राज्यको स्थापना गरेका थिए । मध्यकालमा नेपाल विभिन्न टुक्रामा विभाजित भएर कमजोर अवस्थामा रहेका बेला भारतमा बेलायतको इस्ट इन्डिया कम्पनी सरकारले साम्राज्य विस्तार अभियान चलाएको थियो । त्यसैगरी तिब्बत सरकारले पनि आफ्नो भूभाग विस्तारको नीति लिँदा नेपालको अस्तित्व सङ्कटमा परेको थियो । त्यही कुरालाई मनन गरी पृथ्वीनारायण शाहले नेपाल राष्ट्रलाई एउटा सिङ्गो रूप दिने अठोट गरी एकीकरण कार्यको थालनी गरेका थिए । नेपालको त्यो एकीकरण कार्यलाई पृथ्वीनारायण शाह, रणबहादुर शाह र गीर्वाणयुद्ध विक्रम शाहको शासनकालमा गरी तीन चरणमा सम्पन्न गरिएको थियो ।

### १. पृथ्वीनारायण शाहको परिचय

गोरखाका राजा नरभूपाल शाहका चारओटी रानीहरू थिए । जेठी रानी चन्द्रप्रभावतीबाट कुनै पनि सन्तान भएको थिएन । माहिली रानी कौशल्यावतीबाट पृथ्वीनारायण शाह, दलमर्दन शाह र पृथ्वीपति शाह जन्मिएका थिए । साहिँली रानी बुद्धिमतीबाट वृन्दकेशर शाह र सुरप्रताप शाहको जन्म भएको थियो भने कान्छी रानी सुभद्रावतीबाट महोद्दमकीर्ति शाह र दलजित शाह जन्मिएका थिए । पृथ्वीनारायण शाह सात महिनाको गर्भबाट र वृन्दकेशर शाह उनीभन्दा पछाडि तर नौ महिनाको गर्भबाट जन्मिँदा गर्भको जेठो वा जन्मको जेठो भन्ने विवाद भई युवराजाधिराज घोषणा गर्न कठिन भएको थियो । तर केही समयपछि नै वृन्दकेशर शाहको मृत्यु भएका कारण पृथ्वीनारायण शाह युवराज घोषित भएका थिए । पृथ्वीनारायण शाहको जन्म वि.स. १७७९ साल पौष २७ गते भएको थियो ।

पृथ्वीनारायण शाहको लालनपालन, हेरविचार र शिक्षादीक्षाको जिम्मेवारी नरभूपाल शाहकी जेठी रानी चन्द्रप्रभावतीले लिएकी थिइन् । महेश्वर पन्त, भानु अर्याल जस्ता राजगुरुहरूले शुक्रनीति, चाणक्य नीति, रामायण, महाभारत जस्ता ग्रन्थहरूका आधारमा शास्त्र र शास्त्रीय ज्ञानले युक्त तुल्याए जसले गर्दा पृथ्वीनारायण शाह वीर, साहसी, चरित्रवान्, कुटनीतिज्ञ, कुशल प्रशासक र सेनानायक बन्न सफल भएका थिए ।

पृथ्वीनारायण शाहको पहिलो विवाह मकवानपुरका राजा हेमकर्ण सेनकी छोरी इन्द्रकुमारीसँग भएको थियो । विवाहमा दुलही ल्याउन नपाएपछि किचलो बढ्दै जाँदा उनले भारतको बनारसका राजपूत अहिमानसिंहकी छोरी नरेन्द्रलक्ष्मीसँग दोस्रो विवाह गरेका थिए ।



*पृथ्वीनारायण शाह*

## २. नेपालको एकीकरण अभियान

पृथ्वीनारायण शाहका बुबा नरभूपाल शाहले पनि नेपाल एकीकरण गर्ने सोच राखी वि.स. १७९४ मा नुवाकोटमा आक्रमण गरेका थिए । तर त्यस युद्धमा पराजित भएपछि मानसिक तनाव बढ्दै जाँदा १७९९ साल चैत्र १९ गते उनको मृत्यु भयो । त्यसपछि २० वर्षको उमेरमा पृथ्वीनारायण शाह गोरखाको राजगद्दीमा बसे । राजगद्दीमा बसेको अर्को वर्ष वि.स. १८०० मा नै पृथ्वीनारायण शाहले नुवाकोट हुँदै काठमाडौँ उपत्यका कब्जा गरी विशाल नेपालको निर्माण गर्ने योजना बनाए । त्यस योजनाअनुसार सुरुमा नुवाकोटमा आक्रमण गरे ।

विराज थापाको नेतृत्वमा गएको गोरखाली फौज त्रिशूली नदी पार गरी खिनचेत भन्ने स्थानमा मुकाम कायम गरी नुवाकोटको गतिविधि बुझ्न थाल्यो । यसरी विराज थापाको नेतृत्वमा गएको फौजले तत्काल नुवाकोटमा आक्रमण नगर्दा उनीमाथि शङ्का गरी महेश्वर पन्तको नेतृत्वमा अर्को फौज नुवाकोट आक्रमण गर्न पठाए । त्यो फौजले आफूलाई सक्षम देखाउन तत्काल नुवाकोटमा आक्रमण गर्‍यो । नुवाकोट निकै अग्लो स्थानमा थियो । तल्लो भागबाट आक्रमण गरेका गोरखाली सेनालाई त्यहाँको भौगोलिक अवस्था र सेनाका बारेमा कुनै ज्ञान थिएन । जसका कारण गोरखाली सेना युद्धमा पराजित भए ।

नुवाकोटको प्रथम आक्रमणमा पराजय हुनुका कारणहरू

- गोरखाली फौजमा एकता नहुनु
- दुई जना सेनापति हुनु
- तालिम र हातहतियारको राम्रो बन्दोबस्त नहुनु
- नुवाकोट क्षेत्रको राम्रो भौगोलिक ज्ञान नहुनु
- नुवाकोटमा रहेका कान्तिपुरे सेनाको शक्ति र हातहतियारका बारेमा गोरखाली सेनालाई कुनै जानकारी नहुनु

वि.स. १८०० मा बिना तयारी नुवाकोट आक्रमण गर्दा पराजित भएपछि पृथ्वीनारायण शाह हातहतियार खरिद गर्न तीर्थयात्रा गर्ने निहुँमा भारतको बनारस गए । त्यहाँ उनले आफ्ना ससुरा अहिमानसिंहको सहयोग लिएर केही हतियार खरिद गरे । युद्धमा आफ्नै गोत्रका मानिसकोसमेत हत्या हुन सक्ने ठानेर उनले आफ्नो भारद्वाज गोत्र त्याग गरी काश्यप गोत्र धारण गरे । हतियार चलाउन, मर्मत गर्न र नयाँ हतियार निर्माण गर्न जान्ने तीन जना मुसलमान कालीगढलाई साथमा लिएर गोरखा फर्किए । उनले कालु पाँडेलाई काजी र शिवरामसिंह बस्नेतलाई सेनापति पदमा नियुक्त गरे । कालु पाँडे गोरखाका निकै पुराना र अनुभवी व्यक्ति थिए । गोरखाले पूर्वी क्षेत्रमा आक्रमण गर्दा पश्चिमका चौबिसे राज्यहरूले गोरखामा आक्रमण गर्न सक्ने भएकाले कालु पाँडेको सहयोगमा लमजुङ, तनहुँ, कास्की जस्ता राज्यहरूसँग आक्रमण नगर्ने सर्तमा सम्झौता गरे । उपत्यकाका मल्ल राजाहरूलाई फुटाउन भक्तपुरलाई कान्तिपुरका साँखु, चाँगु, नालदुम, महादेवपोखरी आदि जितेर दिने र भक्तपुरले उपत्यकाभन्दा उत्तर र पूर्वका भागमा आक्रमण गर्दा गोरखालाई सैनिक सहयोग गर्ने सम्झौता गरे । उनले गोरखामा हतियार निर्माण गर्ने कारखाना खोले । युवाहरूलाई अनिवार्य सैनिक तालिम दिएपछि एकीकरण कार्य सुरु गरे ।

### (क) नुवाकोट विजय

नुवाकोट धेरै पहिलेदेखि कान्तिपुर राज्यअन्तर्गत रहेको थियो । त्यहाँ जयन्त राना सेनापति थिए । वि.स. १७९४ मा नरभूपाल शाहले नुवाकोट आक्रमण गर्दा गोरखाका तर्फबाट जयन्त राजा सेनापति थिए । युद्ध हारेपछि उनलाई नरभूपाल शाहले देश निकालाको सजाय दिएपछि उनी कान्तिपुरको सेनामा भर्ती भई नुवाकोटको उमराव (इन्चार्ज) भएर बसेका थिए ।

नुवाकोट आक्रमण गर्ने निश्चित भएपछि पृथ्वीनारायण शाहले जयन्त रानालाई आफूसँग मिल्न आऊ भनी अनुरोध गरेका थिए । तर जयन्त रानाले कान्तिपुरको नुन खाएको भनी इन्कार गरे । गोरखाले

कुनै पनि बेला आक्रमण गर्न सक्ने ठानी जयन्त रानाले आफ्ना छोरा शङ्खमणि रानालाई नुवाकोटको सुरक्षाको जिम्मा लगाएर थप सेना लिन कान्तिपुर गए । त्यही अवसर पारेर पृथ्वीनारायण शाहले कुलानन्द ज्योतिषीले हेरेको शुभसाइतमा वि.स. १८०१ आश्विन १५ गते नुवाकोटमा आक्रमण गरे । युद्धमा त्यहाँका सेनापति शङ्खमणि राना गोरखाली सेनाको कब्जामा परे । पृथ्वीनारायण शाहका १२ वर्षका भाइ दलमर्दन शाहको हातबाट शङ्खमणि राना काटिए ।

थप सेना लिन कान्तिपुर गएका जयन्त राना बेलकोटमा आइपुग्दा गोरखाली सेनाले नुवाकोट कब्जा गरेको र आफ्ना छोराको हत्या भएको खबरले मर्माहत भए । तैपनि आफूसँग भएका केही सेना लिएर गोरखालीसँग युद्ध गर्न अगाडि बढे । गोरखाली सेना पनि बेलकोटतर्फ आउँदै गरेका बेला बाटैमा जयन्त रानाको सेनासँग भिडन्त भयो । ओरालो भागको तलतिर परेको हुँदा गोरखाली सेनाको ठुलो क्षति भए पनि विजय गोरखालीकै भयो । जयन्त रानालाई गोरखाली सेनाले पक्रन सफल भए । उनलाई नुवाकोट लगेर मृत्युदण्ड दिइयो । यसरी नुवाकोट र बेलकोट एकैसाथ गोरखाको अधीनमा आयो ।

### (ख) उपत्यकाकाको उत्तरपूर्वी क्षेत्रमा विजय र आर्थिक नाकाबन्दी

नुवाकोट विजयपछि पृथ्वीनारायण शाहले उपत्यकाभन्दा बाहिरका भागहरू जित्दै गएर उपत्यकामा घेराबन्दी गरी आर्थिक नाकाबन्दी लगाउने योजना बनाए । त्यसका लागि उनले भक्तपुरसँग पहिले नै सैनिक सहयोग पाउने गरी सम्झौता गरेका थिए । नुवाकोट गोरखाको अधीनमा आएपछि कान्तिपुरका राजा जयप्रकाश मल्लले काशिराम थापाको नेतृत्वमा आक्रमण गर्न सेना पठाएकामा उनी पराजित भएका थिए । त्यसैले काशिराम थापालाई जयप्रकाश मल्लले मृत्युदण्ड दिएका थिए । पृथ्वीनारायण शाहले त्यही अवसर पारेर काशिराम थापाका भाइ परशुराम थापाको सहयोग लिएर साँगा, चाँगु, नालदुम, महादेवपोखरी, दोलखा, सिन्धुपाल्चोक, चित्लाङ, टिस्टुङ, पालुङ, फर्पिङ, कुलेखानी जस्ता क्षेत्रमाथि विजय गरे । यसरी गोरखाले उपत्यकाभन्दा बाहिरका धेरै भागमाथि विजय गर्दै गएपछि चौबिसे राज्यको पनि उपत्यकासँग सम्पर्क बन्द भयो । त्यसैले वि.स. १८१२ मा लमजुङ, तनहुँ, कास्की र पर्वत मिलेर गोरखाको सिङ्गानचोकमा आक्रमण गरे । तर युद्धमा चौबिसे सेना नराम्रोसँग पराजित भए ।

### (ग) मकवानपुर विजय

पृथ्वीनारायण शाहको पहिलो विवाह मकवानपुरकी राजकुमारी इन्द्रकुमारीसँग भएको थियो । मकवानपुर तराईको निकै धनी राज्य थियो । विवाहको समयदेखि नै उनको मकवानपुरसँग सम्बन्ध बिग्रिएको थियो । पृथ्वीनारायण शाहले नुवाकोट र अन्य भागमाथि विजय गरेपछि उपत्यकाका मल्ल

राजाहरूले मकवानपुर हुँदै भारतसँग व्यापार विस्तार गरेका थिए । पृथ्वीनारायण शाहले उपत्यकामा आर्थिक नाकाबन्दी लगाउन मकवानपुरमाथि कब्जा गर्नुपर्ने महसुस गरे । त्यसैले वि.स. १८१९ को भाद्र ९ गते महोद्दमकीर्ति शाह, दलजित शाह, वंशराज पाण्डे, केहरसिंह बस्नेत आदिको नेतृत्वमा मकवानपुरमाथि आक्रमण गरी विजय प्राप्त गरे । युद्धमा पराजित भएपछि राजा दिग्बन्धन सेन र मन्त्री कनकसिंह बानिया सपरिवार मकवानपुरबाट भागी हरिहरपुर पुगे । गोरखाली सेनाले पिछा गरेपछि त्यहाँबाट पनि भागेर खुँडाघाट पुगे । उनले बङ्गालका मुस्लिम शासक मिरकासिमसँग सैनिक सहयोग मागे । मिरकासिमले गुरगिन खानको नेतृत्वमा सेना पठाए तर युद्धमा ठुलो सङ्ख्यामा मुस्लिम सेना मारिए । मकवानपुरका राजा दिग्बन्धन सेन पनि गोरखाली सेनाको कब्जामा परे । उनलाई सपरिवार नुवाकोटमा लगेर कैद गरियो । यसरी मकवानपुर जितेपछि पृथ्वीनारायण शाहले उपत्यकामा आर्थिक नाकाबन्दी लगाए ।

### (घ) कीर्तिपुर विजय

वि.स. १८१४ जेठ १९ गते पृथ्वीनारायण शाहले कालु पाण्डेको नेतृत्वमा कीर्तिपुरमा आक्रमण गर्दा उपत्यकाका तीनओटै राज्य मिलेर प्रतिकार गरे । त्यो युद्धमा स्वयम् पृथ्वीनारायण शाह पनि उपस्थित थिए । पाँच घण्टासम्म चलेको युद्धमा कालु पाण्डेसहित ४०० जति गोरखाली सेना मारिए । युद्धमा झन्डै पृथ्वीनारायण शाह पनि मारिएका थिए । कीर्तिपुरको त्यो पहिलो युद्धमा गोरखाको ठुलो क्षति भएको थियो ।

कीर्तिपुरको पहिलो युद्धमा पराजित भएपछि वि.स. २०२१ साल आश्विन २ गते पृथ्वीनारायण शाहका भाइ सुरप्रताप शाहको नेतृत्वमा कीर्तिपुरमा आक्रमण गर्न सेना पठाए । गोरखाली सेनाले आक्रमण गरेपछि कीर्तिपुरेहरूले सहरभित्र पस्ने द्वारहरू बन्द गरे । त्यसपछि भऱ्याङ हालेर सहरभित्र छिर्न लाग्दा कीर्तिपुरे सेनाले हानेको बाँण लागेर सेनापति सुरप्रताप शाहको आँखा फुट्यो । उनका धेरै सेनाको पनि मृत्यु भइसकेका कारण गोरखाली सेना त्यहाँबाट भागे । यसरी दोस्रोपटक पनि कीर्तिपुरमा गोरखाली सेनाको पराजय भयो ।

उपत्यका कब्जा गर्न कीर्तिपुरमाथि विजय गर्नु अनिवार्य थियो । त्यसैले गोरखाली सेनाले कीर्तिपुरलाई घेराबन्दी गरी कमजोर पार्ने रणनीति लियो । त्यसका लागि उनले कालु पाण्डेका छोरा वंशराज पाण्डेलाई सेनापति बनाएर पठाए । घेराबन्दीका क्रममा गोरखाली सेनाले कीर्तिपुरमा आउने पानीको मुहानसमेत बन्द गरिदिए । त्यसो हुँदा पनि कीर्तिपुरेहरू गोरखा राज्यमा मिल्न सहमत भएनन् । अन्ततः गोरखाली सेनाले त्यहाँका रक्षक धनवन्तका छोरालाई अपरहण गरी गोरखा लगे । आफ्ना छोराको रक्षाका लागि धनवन्तले रातिको समयमा गोरखाली सेनालाई कीर्तिपुरमा छिर्न दिए । यसरी वि.स. १८२२ साल चैत्र ३ गते कीर्तिपुर गोरखाको अधीनमा आयो ।

### (ङ) ब्रिटिस इस्ट इन्डिया कम्पनीका सेनामाथि विजय

कीर्तिपुरलगायत उपत्यकाको बाहिरी क्षेत्रमाथि गोरखाले विजय गर्दै गएपछि कान्तिपुरका राजा जयप्रकाश मल्ल अत्तालिन थाले । उनले गोरखाका विरुद्ध भारतस्थित कम्पनी सरकारसँग सैनिक सहयोग मागे । त्यसलाई स्वीकार गरी कम्पनी सरकारले कप्तान किनलकको नेतृत्वमा उपत्यकातर्फ २४०० जति सेना पठाए । त्यो सेना सिन्धुलीगढीको बाटो उपत्यकातर्फ अगाडि बढ्दै गरेको समयमा गोरखाली सेनाले अकस्मात् आक्रमण गर्दा आधाजति कम्पनी सरकारका सेनाको ज्यान गयो । कप्तान किनलक बाँकी रहेका सेना लिएर तराईतिर भाग्न सफल भए ।

### (च) कान्तिपुर विजय

पृथ्वीनारायण शाहको प्रमुख लक्ष्य उपत्यकामाथि विजय गर्नु थियो । उपत्यकाभन्दा बाहिरका सबैजसो छिमेकी भूभागमाथि विजय गरेपछि चौबिसे राज्य, उपत्यकाका मल्ल शासक र भारतस्थित कम्पनी सरकारसमेत उनको शत्रुका रूपमा देखा परे । त्यस्तो अवस्थामा ती शत्रुहरू मिलेर एकैपटक आएमा गोरखाको केही लाग्दैनथ्यो । त्यसैले छिटोभन्दा छिटो उनले उपत्यका कब्जा गर्ने योजना बनाए । त्यही क्रममा कुलानन्द ज्योतिषीले हेरेको शुभ साइतमा वि.स. १८२५ आश्विन १३ गते आइतबारका दिन उपत्यकाबासीले इन्द्रजात्रा पर्व मनाइरहेको समयमा वसन्तपुर दरबार क्षेत्रमा आक्रमण गरे । त्यो आक्रमणको प्रतिकार गर्न नसकेपछि कान्तिपुरका राजा जयप्रकाश मल्ल ललितपुरमा शरण लिन पुगे । कान्तिपुर गोरखाको अधीनमा आयो । पृथ्वीनारायण शाहले कुमारीको पूजा गरी इन्द्रजात्रा पर्व सम्पन्न गरे । उनले तत्काल उपत्यकाबासीलाई सम्बोधन गरी उनीहरूको धनजन र संस्कारको संरक्षण गर्ने, नाकाबन्दी पनि खुला गरी जनताको भलाइमा काम गर्ने जानकारी दिए । त्यो सुनेपछि कान्तिपुरे जनताले उनको जयजयकार गरे ।

### (छ) ललितपुर/पाटन विजय

कान्तिपुरमाथि गोरखाले विजय गरेपछि त्यहाँका राजा जयप्रकाश मल्ल ललितपुरमा शरण लिन गए । त्यसपछि पृथ्वीनारायण शाहले आफ्ना गुरु श्रीहर्ष पन्तलाई दूत बनाएर ललितपुरका छ जना प्रधानहरूलाई आत्मसमर्पण गर्न खबर पठाए । ललितपुरमा धेरै अगाडिदेखि राजा नाममात्रका र छ जना प्रधानहरू राजनीतिक रूपले निकै शक्तिशाली थिए । पृथ्वीनारायण शाहको पत्र पाएपछि त्यहाँका प्रधानहरू पनि आत्मसमर्पण गर्न राजी भए । त्यो कुरा थाहा पाएपछि कान्तिपुरका राजा जयप्रकाश मल्ल र ललितपुरका राजा तेजनरसिंह मल्ल भक्तपुरमा शरण लिन पुगे ।

### (ज) भक्तपुर/भादगाउँ विजय

कान्तिपुर र ललितपुर विजय गरेपछि पृथ्वीनारायण शाहले भक्तपुरका राजा रणजित मल्ललाई पनि आत्मसमर्पण गर्न अनुरोध गरे । तर उनले आत्मसमर्पण गर्न नमानेपछि कान्तिपुर र ललितपुर विजय गरेको करिब १ वर्षपछि वि.स. १८२६ कार्तिक २९ गते रातिको समयमा गोरखाली सेनाले भक्तपुरमा आक्रमण गरे । दुई दिनसम्म घमासान युद्ध भयो । युद्धमा जयप्रकाश मल्लको खुट्टामा गोरखाली सेनाले हानेको गोली लाग्यो । अन्ततः रणजित मल्ल आत्मसमर्पण गर्न राजी भए । यसरी वि.स. १८२६ मङ्सिर १ गते भक्तपुर पनि पृथ्वीनारायण शाहको अधीनमा आयो । त्यसपछि पृथ्वीनारायण शाह आफैँ भक्तपुर पुगेर उपत्यकाका सबै मल्ल राजालाई भेटे । रणजित मल्लले बनारस जाने इच्छा व्यक्त गरे । उनी पृथ्वीनारायण शाहका मीत बाबा थिए । जयप्रकाश मल्लले पशुपति क्षेत्रमा बस्ने इच्छा व्यक्त गरे भने तेजनरसिंह मल्ललाई कैद गरियो । यसरी पृथ्वीनारायण शाहले उपत्यकाका तीनओटै मल्ल राज्यमाथि विजय गरी नेपालको एकीकरण कार्यलाई निकै अगाडि बढाए । वि.स. १८२७ को वैशाख महिनादेखि नेपालको राजधानी काठमाडौँ भएको घोषणा गरे ।

### (झ) पूर्वी राज्यहरूमाथि विजय

उपत्यका विजय गरेपछि पृथ्वीनारायण शाहले पश्चिम एकीकरण गर्ने प्रयास गरे तर त्यो सफल नभएपछि उनले पूर्वमा रहेका राज्यहरू चौदण्डी र विजयपुर माथि आक्रमण गर्ने योजना बनाए । ती राज्यमा आक्रमण गर्न उनले रामकृष्ण कुँवर, पारथ भण्डारी र अमरसिंह थापाको नेतृत्वमा सेना पठाए । ती गोरखाली सेनाले वि.स. १८३० सम्ममा चौदण्डी, विजयपुर र यिनको मातहतमा रहेका माझ किरात, मोरङ, आठराई, चैनपुर, लिम्बुवान् क्षेत्रमाथि पनि कब्जा गरी नेपालको सिमाना मेची नदीसम्म पुऱ्याए ।

पूर्वी एकीकरण कार्य सम्पन्न गरी पश्चिम चौबिसे राज्यमा आक्रमण गर्ने तयारी गर्न नुवाकोट गएका बेला अकस्मात् उनी बिरामी परे । वैद्यहरू झिकाएर उपचार गर्दा पनि उनको रोग निको हुन सकेन । बिस्तारै उनी सिकिस्त बन्दै गए । उनकै निर्देशनबमोजिम पृथ्वीनारायण शाहलाई त्रिशूली नदीको किनारमा रहेको देवीघाट भन्ने स्थानमा लगियो । त्यस्तैमा वि.स. १८३१ माघ १ गतेका दिन ५२ वर्षको उमेरमा पृथ्वीनारायण शाहको मृत्यु भयो ।

## अभ्यास

१. तलका प्रश्नहरूको अति छोटो उत्तर दिनुहोस् :

(क) पृथ्वीनारायण शाहको जन्म कहिले भएको थियो, पूरा मिति लेख्नुहोस् ।

(ख) पृथ्वीनारायण शाहको मकवानपुर राज्यसँग कसरी सम्बन्ध स्थापना भएको थियो ?

(ग) पृथ्वीनारायण शाह राजा भएपछि पहिलोपटक कहाँ आक्रमण गरेका थिए ?

(घ) पृथ्वीनारायण शाहले कीर्तिपुरमा कतिपटक आक्रमण गरेका थिए ?

२. तलका प्रश्नहरूको छोटो उत्तर दिनुहोस् :

(क) पृथ्वीनारायण शाहले नेपालको एकीकरण गर्नको लागि अपनाएको सैनिक रणनीतिको विश्लेषण गर्नुहोस् ।

(ख) गोरखाली सेनाको नुवाकोट विजय अभियानको परिचय दिनुहोस् ।

(ग) गोरखाली फौजले कान्तिपुरमा कसरी विजय गरे, लेख्नुहोस् ।

३. तलका प्रश्नहरूको लामो उत्तर दिनुहोस् :

(क) गोरखाली फौजको कीर्तिपुर र मकवानपुर विजय अभियान उल्लेख गर्नुहोस् ।

(ख) पृथ्वीनारायण शाहको उपत्यका विजय महत्त्वपूर्ण अभियान थियो, कसरी ?

(ग) पृथ्वीनारायण शाहले पूर्वका सेन राज्यमाथि कसरी विजय गरे, व्याख्या गर्नुहोस् ।

### परियोजना कार्य

पृथ्वीनारायण शाहको एकीकरण अभियान (कारण र घटना) वर्णन तल दिइएको तालिकाअनुसार लेखेर कक्षामा प्रस्तुत गर्नुहोस् ।

| क्र.सं. | एकीकरण गर्नुका कारणहरू | एकीकरणमा भएका घटनाहरू |
|---|---|---|
| १. | | |
| २. | | |
| ३. | | |
| ४. | | |
| ५ | | |

पाठ
२

# रणबहादुर शाह र नेपाल एकीकरण

## १. परिचय

पृथ्वीनारायण शाहको मृत्युपछि उनका छोरा प्रतापसिंह शाह राजा भए । सुरुदेखि नै प्रतापसिंह शाह र उनका भाइ बहादुर शाहकाबिचमा विवाद भएपछि बहादुर शाह भारतको बेतियामा गएर बसेका थिए । भारतबाट बहादुर शाहले चितवन क्षेत्रमा कम्पनी सरकारले आक्रमण गर्न सक्ने भएकाले त्यो क्षेत्रमा एकीकरण गर्न दाजु प्रतापसिंह शाहलाई पत्र पठाए । त्यसपछि प्रतापसिंह शाहले चितवनका सोमेश्वर गढी, उपरदाङ गढी, कविलासपुर गढी, जोगिमारालगायत क्षेत्रमाथि विजय गरे । मात्र २ वर्ष १० महिना शासन गरेपछि बिफरको रोगबाट वि.स. १८३४ मङ्सिर ६ गते राजा प्रतापसिंह शाहको मृत्यु भयो ।

प्रतापसिंह शाहको मृत्युपछि उनका साढे दुई वर्षका छोरा रणबहादुर शाह नेपालको राजगद्दीमा बसे । कलिलो उमेरका राजा भएका कारण उनकी आमा राजेन्द्रलक्ष्मीले नायब भएर शासन गर्न थालिनन् । राजाले आफैँ शासन गर्न नसक्दासम्म उनको नामबाट शासन गर्ने मानिसलाई नायब र त्यो शासनकाललाई नायबीकाल भनिन्छ । नाबालक राजा भएको समयमा चौबिसे राज्यले उपत्यकामा आक्रमण गर्ने सम्भावना बढ्दै गएको र आन्तरिक द्वन्द्व पनि भएका कारण आफ्नो अवस्था बलियो बनाउन आफू नायब बनेपछि राजेन्द्रलक्ष्मीले भारतको बेतियामा बसिरहेका देवर बहादुर शाहलाई नेपाल बोलाइन् । केही समयसम्म दुबै जना मिलेर शासन गरे । तर केही समयपछि नै बहादुर शाहले एकीकरण तुरुन्त अगाडि बढाउन चाहे तर राजेन्द्रलक्ष्मीले तत्काल एकीकरण गर्न नचाहेकाले विवाद भएपछि फेरि बहादुर शाह बेतिया गए । त्यसो भए पनि राजेन्द्रलक्ष्मीको शासनकालमा पनि नेपालको एकीकरण अगाडि बढ्यो ।

## २. राजेन्द्रलक्ष्मीको नायबीकालमा नेपालको एकीकरण अभियान

नेपालको राजगद्दीमा बालक राजा र राजमाता नायब भएको अवसर पारेर तनहुँ, कास्की, लमजुङ, पर्वत र पाल्पा मिलेर गोरखाको सिह्लानचोक भन्ने स्थानमा आक्रमण गरे । त्यसको प्रतिआक्रमणका लागि राजेन्द्रलक्ष्मीले बलभद्र शाह, अमरसिंह थापा, दामोदर पाण्डे आदिको नेतृत्वमा सेना पठाइन् । त्यो सेनाले चौबिसे सेनालाई पराजित गरी लखेट्दै लगेर तनहुँ, लामजुङ, कास्की, गरहुँ, रिसिङ, सतहुँ, भिरकोट जस्ता राज्यमाथि विजय प्राप्त गरी ती भूभागहरूलाई नेपालमा एकीकरण गरे । यस्तैमा वि.स. १८४२ साल श्रावण २ गते क्षयरोगका कारण राजमाता राजेन्द्रलक्ष्मीको मृत्यु भयो ।

## ३. बहादुर शाहको नायबीकाल र नेपालको एकीकरण अभियान

राजमाता राजेन्द्रलक्ष्मीको मृत्यु भएको थाहा पाएपछि बहादुर शाह नेपाल आएर भतिज राजा रणबहादुर शाहको नायब भएर शासन गर्न थाले । त्यसपछि उनले नेपालको पश्चिम एकीकरण अभियान सुरु गरे । चौबिसे राज्यहरूमा पाल्पा निकै शक्तिशाली थियो । आफू एक्लैले पश्चिमका सबै बाइसे र चौबिसे राज्यमाथि विजय गर्न नसक्ने महसुस गरी बहादुर शाहले पाल्पाको सहयोग लिने योजना बनाए । पाल्पालाई आफ्नो मित्र राज्य बनाउन उनले पाल्पाका राजा महादत्त सेनकी छोरी विद्यालक्ष्मीसँग विवाह गरे । साथै पाल्पासँग एक सन्धि पनि गरे । सन्धिअनुसार नेपालले पश्चिम एकीकरण गर्दा पाल्पाले नेपाललाई सहयोग गर्ने र नेपालले पाल्पालाई गुल्मी, अर्घा र खाँची दिने भन्ने उल्लेख गरियो ।

सुरुमा बहादुर शाहले दामोदर पाण्डे र अमरसिंह थापाको नेतृत्वमा पश्चिम एकीकरण गर्न सेना पठाए । त्यो सेनाले वि.स. १८४३ मा गुल्मीमा आक्रमण गरी विजय प्राप्त गऱ्यो । त्यसपछि क्रमिक रूपले नेपाली सेनाले अर्घा, खाँची, धुर्कोट, इस्मा, पर्वत, प्युठान, दैलेख, जुम्ला, अछाम, डोटी जस्ता राज्यहरूमाथि विजय गर्दै नेपालको सिमाना महाकाली नदीसम्म पुऱ्यायो । सन्धिबमोजिम बहादुर शाहले गुल्मी, अर्घा र खाँची पाल्पालाई दिए । त्यसपछि बहादुर शाहले महाकालीपारिका भूभागहरूमा आक्रमण गर्ने योजना बनाए । राम्रोसँग सेनालाई तालिम दिएर बहादुर शाहले अमरसिंह थापा, जगजित पाण्डे, रणवीर खत्री र शूरवीर थापाको नेतृत्वमा कुमाउँमा आक्रमण गर्न सेना पठाए । ती नेपाली सेनाले कुमाउँ, गडवाल जस्ता राज्यमाथि विजय प्राप्त गरे । त्यस्तैमा नेपाल र तिब्बतका बिचमा युद्ध हुने अवस्था देखिएपछि गडवालका राजासँग सन्धि गरी गोरखाली सेना काठमाडौँ फर्कियो । यसरी रणबहादुर शाहको शासनकालमा नेपालको पश्चिमी सिमाना गडवाल राज्यसम्म पुगेको थियो ।

**अभ्यास**

१. तलका प्रश्नहरूको अति छोटो उत्तर दिनुहोस् :

(क) प्रतापसिंह शाहले कुन कुन स्थान नेपालमा एकीकृत गरेका थिए ?

(ख) राजेन्द्रलक्ष्मी र बहादुर शाहकाबिच विवाद हुनुको कुनै एक कारण लेख्नुहोस् ।

(ग) बहादुर शाहले पाल्पा राज्यसँग कसरी सम्बन्ध स्थापना गरेका थिए ?

(घ) रणबहादुर शाहको शासनकालमा नेपालको पश्चिम सिमाना कुन स्थानसम्म पुगेको थियो ?

२. तलका प्रश्नहरूको छोटो उत्तर दिनुहोस् :

(क) प्रतापसिंह शाह र उनको एकीकरण अभियानका सम्बन्धमा छोटो चर्चा गर्नुहोस् ।

(ख) राजेन्द्रलक्ष्मीले चौबिसे राज्यहरूलाई कसरी नेपालमा एकीकरण गरिन्, लेख्नुहोस् ।

(ग) बहादुर शाहले पश्चिम नेपालको एकीकरण गर्नका लागि बनाएको कुटनीतिक योजना उल्लेख गर्नुहोस् ।

३. तलका प्रश्नहरूको लामो उत्तर दिनुहोस् :

(क) नेपालको एकीकरणमा बहादुर शाहको योगदान उल्लेख गर्नुहोस् ।

(ख) रणबहादुर शाहको शासनकालमा भएको एकीकरण अभियानको व्याख्या गर्नुहोस् ।

पाठ ३

# नेपाल-तिब्बत-चीन युद्ध

## १. नेपाल-तिब्बत युद्ध (वि.स. १८४५-४६)

प्राचीनकालदेखि नै नेपाल र तिब्बतका बिचमा राम्रो सम्बन्ध कायम रहँदै आएको थियो । दुई देशका बिचको व्यापार पनि राम्रोसँग चल्दै आएको थियो । मध्यकालमा काठमाडौँ उपत्यकाका मल्ल शासकहरूले तिब्बतमा पनि नेपाली मुद्रा चलाउन सुरु गरेका थिए । मध्यकालको अन्त्यतिर त्यही मुद्राकै विषयलाई लिएर नेपाल र तिब्बतका बिचमा किचलो सुरु भयो । अन्ततः नेपाल र तिब्बतका बिचमा वि.स. १८४५ देखि युद्ध सुरु भयो ।

### (क) नेपाल-तिब्बत युद्धका कारण

वि.स. १८४५ देखि सुरु भएको नेपाल-तिब्बत युद्धका कारणहरू निम्नानुसार थिए :

(अ) मुद्रासम्बन्धी समस्या हुनु : कान्तिपुरका राजा महीन्द्र मल्लको शासनकालदेखि नेपाली मुद्रा तिब्बतमा पनि चलाउन थालिएको थियो । कान्तिपुरका अन्तिम मल्ल राजा जयप्रकाश मल्लको शासनकालमा उपत्यकाको आर्थिक अवस्था कमजोर हुँदै गएपछि उनले चाँदीका मुद्रामा तामा मिसाएर निर्माण गरी तिब्बत पठाएका रहेछन् । त्यसरी मिसावट गरी बनाइएको मुद्रालाई खोटो मुद्रा भनिन्छ । सुरुमा धेरै व्यापारीहरूलाई त्यो विषयमा कुनै जानकारी थिएन । पृथ्वीनारायण शाहले पनि तिब्बतसँग त्यो मुद्रासम्बन्धी विवाद मिलाउने प्रयास गरेका थिए । बहादुर शाह नायब भएको समयमा त्यो मुद्रासम्बन्धी विवाद मिलाउन एक प्रतिनिधि मण्डल तिब्बत पठाए । उनले पुराना दुई सिक्का बराबर नयाँ एक सिक्का सटही गरी व्यापार गर्न प्रस्ताव पठाए । तर तिब्बत सरकारले त्यसोगर्दा धेरै घाटा हुने भनी प्रस्ताव स्वीकार नगरेपछि युद्धको अवस्था सिर्जना भयो ।

(आ) तिब्बतले नयाँ व्यापारिक मार्ग खोल्नु : प्रतापसिंह शाहको शासनकालमा नेपाल र तिब्बतका बिच खासामा एक सन्धि भएको थियो । त्यो सन्धिअनुसार तिब्बतले व्यापारका लागि कुती र केरुङभन्दा बाहेकका अन्य क्षेत्रको बाटो खोल्न र प्रयोग गर्न नपाउने सर्त थियो । तर तिब्बती व्यापारीहरूले त्यो सन्धि उल्लङ्घन गरी सिक्किमतर्फबाट नयाँ व्यापारिक मार्ग खोले । यसले गर्दा नेपालको व्यापारमा नकारात्मक असर पर्न गयो र बिस्तारै दुई देशका बिचमा युद्धको वातावरण बन्दै गयो ।

(इ) व्यापारसम्बन्धी अन्य समस्याहरू हुनु : तिब्बतले सिक्किमतिरबाट नयाँ व्यापारिक मार्ग खोलेर भारतसँग व्यापार गर्न थालेकै समयमा तिब्बतमा नेपाली व्यापारीहरूमाथि भोटेहरूले ठुलो लुटपाट मच्चाएका थिए । नेपाली व्यापारीहरूको तिब्बतमा कुनै सुरक्षा थिएन । नेपाल सरकारले तिब्बतमा नेपाली व्यापारीहरूको सुरक्षाका लागि अनुरोध गर्दा तिब्बत सरकारले कुनै वास्ता नगरेपछि दुबै देशका बिचमा युद्ध हुने वातावरण सिर्जना भयो ।

(ई) तिब्बतले नुनमा मिसावट गर्नु : तिब्बतबाट नेपाल आयात हुने वस्तुहरूमध्ये नुन पनि एक थियो । नेपालसँग विवाद बढ्दै जाँदा तिब्बती व्यापारीहरूले नुनमा धुलो, ढुङ्गा आदि मिसाएर पठाउन थाले । नेपालले शुद्ध नुन पठाउन अनुरोध गर्दा तिब्बत सरकारले शुद्धताको जाँच गरी नुन लैजाने काम नेपालको हो भनी जवाफ पठायो । यसरी हरेक कुरामा तिब्बतले निहुँ खोज्दै गएपछि दुबै देशका बिचमा युद्ध हुने स्थिति बन्यो ।

(उ) समार्पा लामालाई नेपालले शरण दिनु : तिब्बतको तासी हुम्पो गुम्बाका पञ्चेन लामा चीनका सम्राट्लाई भेटेर फर्कँदै गर्दा बाटैमा उनको मृत्यु भयो । त्यसपछि उनका भाइहरूका बिचमा सम्पत्ति बाँडफाँट गर्ने विषयमा विवाद भएपछि पञ्चेन लामाका कान्छा भाइ समार्पा लामा (समेर तुर्लुक) ले तासी हुम्पो गुम्बाको धेरै धनसम्पत्ति लिएर १५ जना सहयोगीका साथ नेपालमा शरण लिन आए । तिब्बत सरकारले उनलाई फिर्ता पठाउन नेपाल सरकारलाई पत्र लेख्यो । त्यही अवसर पारेर बहादुर शाहले पुरानो विवाद सुल्झाउन प्रस्ताव राखे । नेपालले मल्लकालीन पुरानो मुद्रा बन्द गरी नयाँ मुद्रा चलाउने, तिब्बतले शुद्ध नुन पठाउनुपर्ने र ती माग पूरा नभए नेपालले तिब्बतमा आक्रमण गर्ने कुरा लेखी बहादुर शाहले पत्र पठाए । तिब्बत सरकारले नेपालको माग स्वीकार नगर्ने जानकारी दियो । त्यसपछि नेपालले तिब्बतमा आक्रमण गर्न सेना पठायो ।

## (ख) युद्धका घटना

सम्बन्ध बिग्रँदै गएपछि नेपालले दामोदर पाण्डे, प्रबल राना, पारथ भण्डारी, अमरसिंह थापा आदिको नेतृत्वमा तिब्बतमा आक्रमण गर्न सेना पठायो । त्यो नेपाली सेनाले कुती, केरुङ, डिगर्चा, शिकारजोङ जस्ता क्षेत्रमाथि कब्जा गऱ्यो । तिब्बत सरकार डराएर भारत र चीन सरकारसँग नेपालका विरुद्ध सैनिक सहयोग माग्यो । चीन सरकारले सैनिक सहयोग दिने निर्णय गरे पनि तिब्बतलाई सुरुमा केही समय युद्धविराम गर्न सुझाव दियो । त्यस्तो अवस्थामा तिब्बत नेपालसँग सन्धि गर्न तयार भयो ।

### (ग) केरुङ सन्धि

तिब्बतले युद्ध हार्दै गएपछि तिब्बती प्रतिनिधि मण्डल र नेपाली प्रतिनिधि मण्डलका बिचमा केरुङमा वार्ता भयो । धेरै ठुलो बहसपछि वि.स. १८४६ श्रावण १२ गते सन्धि सम्पन्न भयो । यस सन्धिका सर्तहरू यसप्रकार थिए :

(अ) मल्लकालीन दुई नेपाली मोहर बराबर नयाँ एक मोहर साट्ने

(आ) तिब्बतले नेपाललाई युद्धको क्षतिपूर्ति वापत वार्षिक रूपमा रुपियाँ ५०००१ (पचास हजार एक) दण्ड तिर्ने

(इ) नेपालले युद्धमा कब्जा गरेका तिब्बतका जमिन फिर्ता दिने

(ई) तिब्बतमा रहेका नेपाली व्यापारीहरूको सुरक्षाका लागि एक नेपाली प्रतिनिधि मण्डल तिब्बतमा रहने

(उ) तिब्बतले नेपाललाई शुद्ध नुन पठाउने

(ऊ) नेपाली व्यापारीले तिब्बतमा स्वतन्त्र रूपमा व्यापार गर्न पाउने

## २. नेपाल-तिब्बत-चीन युद्ध (वि.स. १८४८)

चीन सरकारको आश्वासन पाउँदै गएपछि तिब्बतले केरुङ सन्धि उल्लङ्घन गर्न थाल्यो । त्यसपछि नेपालले फेरि तिब्बतसँग युद्ध गर्ने निर्णय गऱ्यो । त्यो युद्धका कारणहरू यसप्रकार थिए :

(क) तिब्बतले केरुङ सन्धि कार्यान्वयन नगर्नु : चिनियाँ अम्बाको सुझावअनुसार केही समय नेपाललाई छलछाम गर्न केरुङ सन्धि गरिएको थियो । त्यसैले सन्धि सम्पन्न भए पनि तिब्बतले त्यसलाई कार्यान्वयन नगर्दा नेपालले तिब्बतमा आक्रमण गर्न बाध्य भयो ।

(ख) मुद्रासम्बन्धी समस्या अझै बढ्नु : केरुङ सन्धिअनुसार मल्लकालीन दुई मोहर बराबर नयाँ एक मोहर चलाउने निर्णय भई नेपालले नयाँ शुद्ध मुद्रा तिब्बत पठायो तर तिब्बती व्यापारीहरूले पुराना दुई मुद्रा दिएर नयाँ एक मुद्रा लिन अस्वीकार गरे । यसले गर्दा विनिमयसम्बन्धी खिचलो बढ्दै गयो ।

(ग) चिनियाँ सेना तिब्बत आइपुग्नु : चीनले तिब्बतमा आफ्नो स्वार्थ विस्तार गर्न चाहेको थियो । यसैबेला तिब्बतले नेपाल विरुद्ध सैनिक सहयोगको अपिल गऱ्यो । चीनले यसलाई राम्रो अवसरका रूपमा लिएर ठुलो सङ्ख्यामा चिनियाँ सेना तिब्बत पठायो । त्यो सेना तिब्बतको

ल्हासाबाट नेपालतर्फ बढेपछि नेपालले बाध्य भएर त्यसको प्रतिआक्रमणका लागि आफ्नो सेना तिब्बत पाठाउन बाध्य भयो ।

(घ) नेपाली प्रतिनिधि मण्डलमाथि आक्रमण गर्ने प्रयास : तिब्बतले केरुङ सन्धि पालन नगरेका विषयमा छलफल गर्न र पुनर्विचार गर्न भनी तिब्बत सरकारले नेपाली प्रतिनिधि मण्डल कुतीमा बोलायो । दामोदर पाण्डे, समार्पा लामा, बम शाह आदि नेपाली प्रतिनिधिहरू त्यहाँ पुग्दा तिब्बतीहरूले केही सेना लगाएर समार्पा लामालाई अपहरण गर्ने प्रयास गरे । त्यसपछि उल्टै नेपाली प्रतिनिधिहरूले तिब्बती प्रतिनिधिलाई पक्रेर काठमाडौँ ल्याए । त्यो घटनाले गर्दा दुई देशका बिचमा युद्धको अवस्था सिर्जना भयो ।

(ङ) युद्धको घटना र बेत्रावती सन्धि : तिब्बत सरकारले एकपछि अर्को गर्दै नेपाललाई छल्ने, होच्याउने, ल्हासामा रहेका व्यापारीहरूलाई दु:ख दिने गरेपछि वि.स. १८४८ मा बहादुर शाहले दामोदर पाण्डे, बम शाह, देवदत्त थापा आदिको नेतृत्वमा ४००० जति सेना कुतीतर्फ पठाए । त्यो सेनाले कुती, टिङ्गरी, डिगार्चा आदि कब्जा गर्दै तासीहुम्पो मठ पुग्यो । केरुङ सन्धिअनुसार तिब्बतले नेपाललाई तिर्नुपर्ने दुई वर्षको एक लाख रकम नदिएको भन्दै नेपाली सेनाले तासीहुम्पो मठको सम्पत्ति लुटे । त्यो समयमा तिब्बत सरकारले चीन सरकारसँग मागेका सैनिकहरूको ठुलो सङ्ख्या ल्हासा आइपुग्यो । त्यसपछि तिब्बत र चीनका संयुक्त सेनाले नेपाली सेनालाई पराजित गर्दै नेपालको बेत्रावती नदीसम्म ल्याई पुऱ्याए । त्यहाँबाट काठमाडौँ मात्र ४२ किलोमिटरको दुरीमा थियो । नेपालको भौगोलिक ज्ञान नभएका चिनियाँ सेना नेपालको धेरै भित्री भागसम्म आइसकेका र खानेकुराकोसमेत अभाव भएका कारण आत्तिँदै गए । त्यस्तो अवस्थामा राती बास बसेको स्थानमा नेपाली सेनाले घरेलु जनावरका सिङमा तेलमा भिजाएको कपडा बेरेर आगो लगाई चिनियाँ सेना भएतिर चारैतिरबाट ल्याएपछि उनीहरू त्यहाँबाट भागाभाग भए । कैयौँ चिनियाँ सेना नदीमा डुबेर मरे भने कैयौँ भिरबाट लडेर मरे । त्यो आक्रमणबाट उनीहरूको ठुलो क्षति भयो । त्यसको भोलिपल्ट तिब्बती र चिनियाँ सेना नेपालसँग सन्धिवार्ता गर्न राजी भए । त्यसैले १८४८ आश्विन १६ गतेका दिन नेपाल, तिब्बत र चीनका बिचमा सन्धि भयो । बेत्रावतीमा सन्धि भएका कारण त्यो सन्धिलाई 'वेत्रावती सन्धि' भनिन्छ ।

## ३. नेपाल-तिब्बत-चीन युद्धका परिणामहरू

तिब्बतले नेपालप्रति गरेको छलका कारण भएको त्यो युद्ध नेपाल र चीन दुबैका लागि हानिकारक सिद्ध भयो । यसका परिणाम यसप्रकार थिए :

(क) नेपाल र चीनबिचको सम्बन्ध नवीकरण हुनु : बेत्रावती सन्धिपछि प्रत्येक पाँच वर्षमा नेपालले चीनका सम्राट्लाई कोसेली पठाउनुपर्ने भयो । कोसेली लिएर चीन गएका नेपाली प्रतिनिधि मण्डलसँग चीनका सम्राट्ले पनि नेपालका राजालाई कोसेली पठाउन थाले । नेपालले कोसेलीमा हात्ती, घोडा, मयूर, गैँडाको खाग आदि पठाउने गर्थ्यो । त्यो बेत्रावती सन्धिपछि नेपालले ११५ वर्षको अवधिमा १८ पटक चीनका सम्राट्लाई कोसेली पठाएको थियो ।

(ख) नेपालले तिब्बतमा मुद्रा पठाउन नपाउनु : मल्लकालदेखि नेपाली मुद्रा तिब्बतमा चल्दै आएकामा बेत्रावती सन्धिपछि नेपाली मुद्रा तिब्बतमा नचल्ने र चिनियाँ मुद्रा चल्ने भयो । मुद्राबाट नेपाललाई प्रशस्त फाइदा हुन्थ्यो । त्यो गुमाउनुपर्‍यो ।

(ग) नेपाल-तिब्बत व्यापारमा कमी आउनु : नेपाली मुद्रा तिब्बतमा चल्न छोडेपछि नेपाली व्यापारीहरूलाई व्यापारमा नोक्सान हुन थाल्यो । त्यसमा पनि चिनियाँ मुद्रा तिब्बतमा चल्ने र त्यो मुद्रा नेपालमा नचल्ने भएपछि तिब्बतबाट नेपाली व्यापारीहरू नेपाल फर्किन थाले । दुई देशबिचको व्यापारमा पनि निकै कमी आयो ।

(घ) तिब्बतमा चीनको हस्तक्षेप बढ्नु : नेपालसँग युद्ध गर्न ठुलो सङ्ख्यामा चिनियाँ सेना तिब्बत आएका थिए । युद्ध समाप्त भएपछि पनि तिब्बतको सुरक्षाका निहुँमा धेरै चिनियाँ सेना ल्हासामा नै बस्न थाले । यसले गर्दा तिब्बतमाथि चीनको प्रभाव बढ्दै जान थाल्यो ।

(ङ) नेपाल-तिब्बत सम्बन्धमा चीनको प्रभाव हुनु : बेत्रावती सन्धिपछि नेपाल र तिब्बतका विषयमा विवाद हुँदा चीनले नेतृत्वदायी भूमिका खेल्न थाल्यो । यसले गर्दा तिब्बतले बिस्तारै स्वतन्त्र रूपमा नेपालसँग सम्बन्ध विस्तार गर्न नसक्ने हुँदै गयो ।

(च) नेपालको आन्तरिक राजनीतिमा प्रभाव हुनु : नेपाल, तिब्बत र चीन युद्धमा नेपालको धनजनको ठुलो क्षति भयो । बहादुर शाहसँग भतिजा राजा रणबहादुर शाहले खर्चको हिसाब मागे । तर उनले त्यो हिसाब बुझाउन सकेनन् । त्यही निहुँमा बहादुर शाहलाई रणबहादुर शाहले कैद गरे । कैदी अवस्थामा नै उनको मृत्यु भयो ।

## अभ्यास

१. तलका प्रश्नको अति छोटो उत्तर दिनुहोस् :

(क) खोटो मुद्रा भनेको हो ?

(ख) तिब्बतले नेपालको बाटो छोडेर किन सिक्किमबाट नयाँ व्यापारिक मार्ग खोलेको थियो ?

(ग) केरुङ सन्धिअनुसार तिब्बतले नेपाललाई वार्षिक कति रकम नगद दिन राजी भएको थियो ?

(घ) तिब्बतमा आक्रमण गर्ने क्रममा नेपाली सेनाले तिब्बतको कुन गुम्बामा लुटपाट गरेका थिए ?

२. तलका प्रश्नहरूको छोटो उत्तर दिनुहोस् :

(क) नेपाल र तिब्बतका बिचमा युद्ध हुनाका कुनै चारओटा कारणहरू उल्लेख गर्नुहोस् ।

(ख) नेपाल, तिब्बत युद्धका घटनाहरूको चर्चा गर्नुहोस् ।

(ग) नेपाल, तिब्बत र चीन युद्धका कारणहरू उल्लेख गर्नुहोस् ।

(घ) तिब्बतका समार्पा लामाले किन नेपालमा शरण लिएका थिए, छोटो वर्णन गर्नुहोस् ।

३. तलका प्रश्नहरूको लामो उत्तर दिनुहोस् :


(क) नेपाल-तिब्बत-चीन युद्धका परिणामहरूको विश्लेषण गर्नुहोस् ।

(ख) नेपाल-तिब्बत-चीन युद्धले नेपालको राजनीतिमा पारेको प्रभावहरूको समीक्षा गर्नुहोस् ।

### परियोजना कार्य

नेपाल र तिब्बतका बिचमा युद्ध हुनुका कारण र परिणामहरूको विश्लेषणात्मक टिप्पणी तयार गरी कक्षामा प्रस्तुत गर्नुहोस् ।

# पाठ ४ गीर्वाणयुद्ध विक्रम शाह र नेपाल एकीकरण



गीर्वाणयुद्ध विक्रम शाह

वि.स. १८५१ मा बहादुर शाहलाई कैद गरेपछि रणबहादुर शाह नेपालका स्वतन्त्र शासक भए । रणबहादुर शाहका पाँच ओटी रानीहरू राजराजेश्वरी देवी, सुवर्णप्रभा, कान्तिवती, चन्द्रप्रभावती र ललितत्रिपुरासुन्दरी थिए । राजा रणबहादुर शाहले साँहिली रानी कान्तिवतीबाट जन्मिएका गीर्वाणयुद्ध विक्रम शाहलाई उत्तराधिकारी घोषणा गरेका थिए । रानी कान्तिवती मिथिलाका मिश्र ब्राह्मणकी छोरी थिइन् । उनी रणबहादुर शाहकी सबैभन्दा बढी मन परेकी रानी थिइन् । रानी कान्तिवतीलाई क्षयरोग लागेर मृत्यु हुने अवस्था देखिएपछि राजा रणबहादुर शाहले उनकै अनुरोधमा राजगद्दी त्याग गरी डेढ वर्षका गीर्वाणयुद्ध विक्रम शाहलाई राजा बनाए । त्यही समयमा कान्तिवतीको मृत्यु भयो । त्यसपछि रणबहादुर शाह गेरुवा वस्त्र धारण गरी स्वामी निर्गुणानन्द नाम राखेर पशुपति क्षेत्रमा बस्न थाले ।

राजगद्दी त्याग र मन परेकी रानी कान्तिवतीको मृत्यु भएपछि राजा रणबहादुर शाहको मानसिक अवस्था केही असन्तुलित भएको थियो । उनी होसले काम गर्न नसक्ने भई राज्यमा हस्तक्षेप गरेपछि तत्कालीन भारदारहरूले उनलाई भारतको काशीमा निर्वासित गरे । गेरुवा वस्त्र धारण गरेका रणबहादुर शाह जेठी रानी राजराजेश्वरी देवी र अङ्गरक्षक भीमसेन थापाका साथ भारतको काशी गए । भीमसेन थापा रणबहादुर शाहका निकै विश्वासिला व्यक्ति थिए । रणबहादुर शाह काशी गएको बेला उनकी माहिली रानी सुवर्णप्रभा बालक राजा गीर्वाणयुद्ध विक्रम शाहकी नायब भएर शासन गरिन् । भारतमा व्यापार गर्ने उद्देश्यले आएका अङ्ग्रेजहरूको नेपालप्रति विशेष चासो रहेको थियो । नेपालमा नाबालक राजा र महिला नायब भएको अवसर पारेर भारतस्थित अङ्ग्रेजी इस्ट इन्डिया कम्पनीले नेपालसँग वि.स. १८५८ मा एक व्यापारिक सन्धि गर्‍यो । उनीहरूले रणबहादुर शाहलाई काशीमा बन्दी जस्तै बनाए ।

सन्धिअनुसार क्याप्टेन नक्स नामका व्यक्ति पहिलो राजदूत भएर नेपाल आए । त्यो कुरा थाहा पाएपछि भीमसेन थापाको सल्लाहबमोजिम रणबहादुर शाहकी जेठी रानी राजराजेश्वरी देवी काठमाडौँ आएर अङ्ग्रेजसँगको सन्धि भङ्ग गरिन् । क्याप्टेन नक्स भारत फिर्ता गए । त्यसपछि भीमसेन थापाका साथ रणबहादुर शाह नेपाल फर्किए । नेपाल आएपछि उनी नाबालक राजा गीर्वाणयुद्धको नायब भएर शासन गर्न थाले । उनले भीमसेन थापालाई मुख्तियार पदमा नियुक्त गरे । नेपालको बाँकी एकीकरण कार्य भीमसेन थापाकै प्रयासमा अगाडि बढ्यो ।

बहादुर शाहको नायबीकालमा पश्चिमका बाइसे र चौबिसे राज्यहरू नेपालमा एकीकृत भए पनि पाल्पा स्वतन्त्र नै थियो । पाल्पामा त्यतिबेला पृथ्वीपाल सेन राजा थिए । उनलाई षड्यन्त्रपूर्वक काठमाडौँ झिकाउने योजना पनि भीमसेन थापाले नै बनाए । योजनाअनुसार पृथ्वीपाल सेनकी बहिनीसँग रणबहादुर शाहको विवाह गर्ने निहुँमा राजा गीर्वाणयुद्ध विक्रम शाहको नामबाट पत्र पठाएपछि उनी सपरिवार काठमाडौँ आए । काठमाडौँ आइपुग्नासाथ पाल्पाका राजा र उनको परिवारलाई गिरफ्तार गरी कैद गरियो । त्यसपछि भीमसेन थापाका बाबु अमरसिंह थापा र दलभञ्जन पाण्डेको नेतृत्वमा सेना पठाएर पाल्पा कब्जा गरी नेपालमा एकीकृत गरियो ।

पृथ्वीनारायण शाहको शासनकालपछि बिस्तारै राजनीतिक अस्थिरता बढ्दै जाँदा देशको सैनिक शक्ति पनि निकै कमजोर बनेको थियो । त्यसैले भीमसेन थापाको सहयोग लिएर रणबहादुर शाहले सेनालाई पुनर्गठन गरे । बहादुर शाहको नायबीकालमा नेपालको पश्चिमी सिमाना गढवाल राज्यको सीमासम्म पुगेको थियो । सैनिक तयारि भएपछि वि.स. १८६१ मा गढवालमा आक्रमण गर्न बडाकाजी अमरसिंह थापाको नेतृत्वमा नेपाली सेना पठाए । त्यो सेनाले गढवालमा आक्रमण गरी राजधानी श्रीनगर कब्जा गर्‍यो । त्यहाँका राजा प्रद्युम्न शाह राजधानी छोडेर भागे । गढवाल विजयपछि नेपाली सेना सतलज नदी पार गरेर काँगडामा आक्रमण गर्न पुग्यो । काँगडाका राजा संसारचन्द निकै शक्तिशाली शासक थिए । नेपाली सेना काँगडा राज्यमा चार वर्षजति बसेर साना ठुला युद्धहरू लड्दै रह्यो । काँगडाका राजाले पञ्जाबसँग सैनिक सहयोग मागे । पञ्जाबले नेपाली सेनाका विरुद्ध सैनिक सहयोग दियो । त्यो युद्धमा नेपाली सेनाको ठुलो क्षति भयो । अन्ततः नेपाली सेना सतलज नदीलाई मात्र आफ्नो पश्चिमी सिमाना कायम गर्न सफल भयो ।

## अभ्यास

१. तलका प्रश्नको अति छोटो उत्तर दिनुहोस् :

(क) गीर्वाणयुद्ध विक्रम शाहकी आमाको नाम के थियो ?

(ख) राजा रणबहादुर शाहले किन राजगद्दी त्याग गरेका थिए ?

(ग) वि.स. १८५८ मा अङ्ग्रेजसँग भएको वाणिज्य सन्धि किन भङ्ग गरिएको होला ?

(घ) पाल्पा राज्यलाई कसरी नेपालमा एकीकरण गरियो, एक वाक्यमा लेख्नुहोस् ।

२. तलका प्रश्नहरूको छोटो उत्तर दिनुहोस् :

(क) रणबहादुर शाहको काशीयात्राका सम्बन्धमा व्याख्या गर्नुहोस् ।

(ख) वि.स. १८५८ मा नेपाल र कम्पनी सरकारका बिचमा भएको सन्धि किन उपयुक्त थिएन होला, आफ्नो विचार लेख्नुहोस् ।

३. तलका प्रश्नहरूको लामो उत्तर दिनुहोस् :

(क) गीर्वाणयुद्ध विक्रम शाहको शासनकालमा भएको नेपाल एकीकरणको समीक्षा गर्नुहोस् ।

(ख) पाल्पा राज्यको एकीकरण कसरी गरिएको थियो, वर्णन गर्नुहोस् ।

पाठ ५

# भीमसेन थापा र नेपाल अङ्ग्रेज युद्ध

भीमसेन थापाको जन्म अमरसिंह थापाकी पत्नी सत्यरुपाको गर्भबाट वि.स. १८३२ साउन ९ गते भएको थियो । उनका बाबु अमरसिंह थापा दरबारको सुरक्षामा रहेका कारण सानैदेखि भीमसेन थापा दरबारसँग नजिक भएर रहेका थिए । उनी रणबहादुर शाहको बालबालिका साथी पनि थिए । रणबहादुर शाहको हत्यापछि भीमसेन थापा मुख्तियार भएर ३१ वर्षसम्म शासन चलाए ।


*भीमसेन थापा*

## १. भीमसेन थापाको उदयका कारणहरू

### (क) भीमसेन थापा रणबहादुर शाहको नजिकका व्यक्ति हुनु

भीमसेन थापाका बाबु अमरसिंह थापा दरबारको सुरक्षामा खटिएका थिए । त्यो समयमा भीमसेन थापा पनि आफ्ना बाबुसँग दरबारमै रहन्थे । यसले गर्दा रणबहादुर शाहसँग उनको हेलमेल बढ्न गयो । पछि भीमसेन थापा रणबहादुर शाहको अङ्गरक्षकका रूपमा नियुक्त भए । रणबहादुर शाहसँग बस्दा भीमसेन थापाले उनको मन जित्न सफल भएकाले बिस्तारै उनी निकै शक्तिशाली बन्दै गए ।

नेपालको एकीकरणकालदेखि नै पाण्डेहरू निकै शक्तिशाली थिए । भारतको काशीबाट नेपाल फर्केका बेला रणबहादुर शाहलाई रोक्न सेना लिएर थानकोट पुगेका दामोदर पाण्डे र उनका छोराहरूलाईसमेत रणबहादुर शाहकै आदेशमा भीमसेन थापाले मृत्युदण्ड दिएपछि दरबारमा पाण्डेहरूको शक्ति निकै कमजोर भयो भने भीमसेन थापाको शक्ति बढ्न गयो ।

### (ग) ललितत्रिपुरासुन्दरीसँग रणबहादुर शाहको विवाह हुनु

भीमसेन थापाले आफ्ना भाइ नयनसिंह थापाकी छोरी ललितत्रिपुरासुन्दरीको विवाह रणबहादुर शाहसँग गराइदिएका थिए । यसले गर्दा भीमसेन थापा र रणबहादुर शाह नातेदारसमेत बनेका थिए । रणबहादुर शाहको हत्या भएपछि ललितत्रिपुरासुन्दरी बालक राजा गीर्वाणयुद्ध विक्रम शाहकी नायब भइन् । ललितत्रिपुरासुन्दरीले मुख्तियार भीमसेन थापाको सहयोगले प्रभावकारी रूपमा शासन गरिन् । यसरी भीमसेन थापा देशका सबैभन्दा शक्तिशाली मुख्तियार बने ।

### (घ) रणबहादुर शाहको हत्यापछि विरोधीमाथि दमन

रणबहादुर शाह काशी गएका बेला उनका भाइ शेरबहादुर शाहले अन्य भारदारहरूसँग मिलेर आर्थिक भ्रष्टाचार गरेको आरोप लाग्यो । यसै विषयमा छलफल गर्न भारदारी सभा बसेका बेला शेरबहादुर शाहले राजा रणबहादुर शाहको हत्या गरे । त्यो हत्याको आरोपमा भीमसेन थापाले आफ्ना विरोधीहरूलाई मार्न लगाए । यसले गर्दा भीमसेन थापाको विरोध गर्ने मानिस भएनन् । त्यही अवसर पारेर उनी देशका शक्तिशाली मुख्तियार बने ।

### (ङ) सेनामा भीमसेन थापाको प्रभाव कायम हुनु

रणबहादुर शाहले समरजङ्ग कम्पनी नामको एक सैनिक सङ्गठन स्थापना गरेका थिए । त्यो सैनिक दलमा भीमसेन थापाका धेरै मानिस थिए । रणबहादुर शाहको हत्यापछि त्यो सैनिक दललाई भीमसेन थापाले दरबारको सुरक्षामा खटाए । यसले गर्दा भीमसेन थापाको शक्तिमा वृद्धि भयो ।

## २. भीमसेन थापाका सुधारहरू

३१ वर्षको लामो मुख्तियारी कालमा भीमसेन थापाले देशका विभिन्न क्षेत्रमा सुधारहरू गरेका थिए । जसलाई निम्नलिखित बुँदाहरूमा प्रस्तुत गर्न सकिन्छ :

(क) केटाकेटी बिक्री गर्न प्रतिबन्ध : भीमसेन थापाको मुक्तियारी कालसम्म केही गरिब गुरुवाहरूले धनीमानीसँग ऋण लिने र त्यो तिर्न नसके छोराछोरीलाई दासका रूपमा साहुको घरमा काम गर्न राख्ने प्रचलन थियो । भीमसेन थापाले त्यसरी छोराछोरीलाई दासका रूपमा पठाउन नपाउने नियम बनाए । त्यसैगरी त्यतिबेला कुनै जातिका आफ्नो छोराछोरी बिक्री गरेर आर्थिक लाभ लिने प्रचलन भएकामा त्यो पनि बन्द गरिदिए ।

(ख) विवाह प्रथामा सुधार : भीमसेन थापाको समयसम्म नेपालका केही जातिहरूमा भाउजु व्यहोर्ने, सानीआमा व्यहोर्ने, मामाकी छोरीसँग विवाह गर्ने, आफ्नै नातेदारसँग पनि विवाह गर्ने प्रचलन थियो । भीमसेन थापाले त्यस्तो प्रचलनको अन्त्य गरी विवाह प्रथामा सुधार गरेका थिए ।

(ग) बेठ बेगारमा प्रतिबन्ध : भीमसेन थापाको समयमा मुखिया, साहु, जिम्मावाल तथा महाजनहरूले सर्वसाधारण वर्गलाई बिनाज्याला काममा लगाउने गर्थे । त्यस्तो व्यवस्थालाई बेठ बेगार प्रथा भनिन्थ्यो । यसले गर्दा गरिब अझै गरिब र धनी अझै धनी हुने गर्थे । भीमसेन थापाले राज्यबाहेक कुनै पनि व्यक्तिले बिनाज्याला काममा लगाउन नपाउने नियम बनाए ।

(घ) नापतौलमा सुधार : भीमसेन थापाको समयमा देशका सबै स्थानमा समान खालको नापतौलको व्यवस्था थिएन । फरक फरक स्थानमा फरक फरक मानापाथी, ढक र तराजुको प्रचलन थियो । त्यसमा पनि व्यापारीले सामान खरिद गर्दा ठुला मानापाथी र बिक्री गर्दा साना मानापाथीको प्रयोग गर्ने गर्थे । भीमसेन थापाले देशैभर समान रूपमा एउटै कुरुवा मानाको प्रयोग गर्नुपर्ने नियम बनाए ।

(ङ) व्याजदरमा एकरुपता कायम : गाउँघरमा प्राय : साहुमहाजनहरूले गरिबलाई व्याजमा ऋण दिने र मनपरी व्याज असुल गर्ने गर्थे । यसले गर्दा अर्कासँग ऋण लिएर जीवन चलाउनुपर्ने गरिब वर्गको अवस्था निकै दयनीय थियो । भीमसेन थापाले यसलाई नियन्त्रण गर्न नगदमा १० प्रतिशत र जिन्सीमा २५ प्रतिशतभन्दा बढी व्याज असुल गर्न नपाउने नियम बनाए ।

(च) हुलाकको व्यवस्था : नेपालमा धेरै पहिलेदेखि सूचनाको स्रोतका रूपमा चिठीपत्र पठाउने प्रचलन भए पनि सरकारी तबरबाट त्यसलाई व्यवस्थित गर्ने कार्य भीमसेन थापाले गरेका थिए । उनले चिठीमा टिकट टाँसेर पठाउने नियम बनाए । यसरी कागजपत्र वा चिठी लैजाने हुलाकीलाई जमिन जागिरका रूपमा दिने प्रचलन चलाए । हुलाक व्यवस्थालाई छिटो बनाउन जाँचकीकोसमेत व्यवस्था गरे ।

(छ) राहदानीको व्यवस्था : भारतस्थित अङ्ग्रेजी कम्पनी सरकारका मानिसहरूले नेपाल र नेपालको बाटो हुँदै तिब्बतमासमेत व्यापार बिस्तार गर्न चाहन्थे । अङ्ग्रेजको त्यो नीतिलाई कमजोर पार्न भीमसेन थापाले नेपालमा आउन राहदानी चाहिने नियम बनाए । त्यस व्यवस्थालाई कडाइका साथ लागु गर्न उनले राहदानी विभागको स्थापना गरे । उनले ठाउँ ठाउँमा गढीहरू स्थापना गरी मालसामान, हतियार आदि जाँच गर्ने व्यवस्था गरे ।

(ज) आर्थिक सुधार : मुख्तियार भीमसेन थापाले देशको आर्थिक अवस्थामा सुधार गर्न जग्गा जमिनको वैज्ञानिक तरिकाले नापी गराएर मालपोत उठाउने कार्यलाई व्यवस्थित गरे । उनले भन्सार व्यवस्थामा पनि प्रशस्त सुधार गरी व्यापारीहरूलाई भन्सार तिर्न प्रोत्साहित गरे ।

(झ) खानी उत्खनन : भीमसेन थापाले देशको आम्दानी बढाउन विभिन्न स्थानमा रहेका खानीहरू सञ्चालन गरेका थिए । उनले खानीबाट धातु निकाली ठाउँ ठाउँमा त्यसलाई खार्ने व्यवस्था गरेका थिए । धातुको कच्चा पदार्थलाई धाउ भनिन्छ र त्यसलाई आगामा पोलेर शुद्ध पार्ने कार्यलाई खार्ने भनिन्छ ।

(ञ) प्रशासनमा सुधार : भीमसेन थापाले देशमा रहेका मुख्य चौतरिया, चौतरिया, मुख्य काजी, काजी, धर्माधिकारी, पुरोहित, खजाञ्ची, कपरदार, सरदार, सुब्बा, सुवेदार आदि पदहरूलाई व्यवस्थित गरे । उनले केही पदहरू घटाएर चौतरियाले गर्ने काम मुख्तियारले गर्ने व्यवस्था मिलाए । उनले नेपाली सेनामा पनि प्रशस्त सुधार गरेका थिए ।

## ३. नेपाल अङ्ग्रेज युद्ध (वि.स. १८७१-७२)

बेलायतको एक व्यापारिक कम्पनी 'इस्ट इन्डिया कम्पनी' ले भारतको व्यापारका साथै राजनीतिक शक्ति पनि आफ्नो हातमा लिएको थियो । भारतका ससाना राज्यहरूमाथि अधिकार जमाउने क्रममा उसको सिमाना नेपालसँग जोडिँदै गएको थियो । नेपालले पनि त्यो समयमा एकीकरण कार्य गरिरहेको थियो । यसरी दुबैले राज्य विस्तार गर्दै जाँदा कम्पनी सरकार र नेपालकोबिचमा युद्धको अवस्था सिर्जना भयो, जसका कारणहरू यसप्रकार थिए :

(क) नेपाल र कम्पनी सरकार दुबैको विस्तारवादी नीति हुनु : पृथ्वीनारायण शाहको शासनकालदेखि सुरु भएको नेपालको एकीकरण कार्य गीर्वाणयुद्ध विक्रम शाहको शासनकालसम्म पूर्वमा टिस्टा र पश्चिममा सतलज नदीसम्म पुगेको थियो । अङ्ग्रेजहरूले विश्वमा नै साम्राज्यवादी नीति अपनाएका कारण त्यस समयमा उनीहरू नेपालमा पनि कब्जा जमाउन चाहन्थे । भारतमा व्यापार गर्न आएको अङ्ग्रेजी कम्पनी सरकारले भारतका राज्यहरूलाई एकीकरण गर्दै बङ्गाल, बिहार जस्ता नेपालसँग सिमाना जोडिएका भागहरू कब्जा गर्दै जाँदा दुई देशकाबिचमा सिमाना जोडिँदै गयो । ती राज्यहरूका स्पष्ट सिमाना कायम नभएको हुँदा नेपाल र कम्पनी सरकारका बिचमा सीमासम्बन्धी विवादले युद्ध हुने वातावरण बन्यो ।

(ख) नेपालप्रति कम्पनी सरकारको स्वार्थ हुनु : अङ्ग्रेजहरूले नेपालको बाटो हुँदै तिब्बतसम्म व्यापार विस्तार गर्न चाहन्थ्यो । नेपालमा रहेका कुमाउँ, गडवाल, नैनिताल, देहरादुन, दार्जिलिङ जस्ता शीतल पहाडी क्षेत्रमा अङ्ग्रेजले बस्ती विस्तार गर्न र राजधानीसमेत बनाउन चाहन्थे । उनीहरू वास्तवमा नेपाललाई भारतमा नै मिलाएर यस क्षेत्रमा राज गर्न चाहन्थे । त्यस्ता स्वार्थ पूरा गर्न उनीहरूले नेपालसँग विभिन्न सम्झौतामार्फत प्रयास गरे तर कुनै प्रयास पनि सफल हुन नसकेपछि युद्धको अवस्था विकसित भयो ।

(ग) नेपालले अङ्ग्रेज विरोधी गुट खडा गर्ने प्रयास गर्नु : अङ्ग्रेजहरूले एसियाकै शक्ति आफ्नो हातमा लिने प्रयास गरेको भीमसेन थापाले महसुस गरेका थिए । त्यसैले उनले अङ्ग्रेजले नेपालमाथि पनि आक्रमण गर्ने कुरा राम्रोसँग बुझेका थिए । त्यसरी अङ्ग्रेजले नेपालमा आक्रमण गर्नुभन्दा अगावै उनीहरूलाई एसियाबाटै धपाउनुपर्ने भीमसेन थापाको योजना थियो ।

त्यसका लागि उनले छलफल गर्न पृथ्वीविलास उपाध्यायलाई पञ्जाव र पद्मपाणि शर्मालाई ग्वालियर पठाएका थिए । यसका अतिरिक्त उनले मराठा, मैसुर, चीन र तिब्बतसँग पनि छलफल अगाडि बढाएका थिए । त्यो कुरा अङ्ग्रेजहरूले बुझिसकेका थिए । त्यसैले उनीहरूले सर्वप्रथम नेपाललाई नै युद्धद्वारा तह लगाउने योजना बनाए ।

(घ) नेपालका हरुवा रजौटाहरूले अङ्ग्रेजलाई साथ दिनु : नेपालको एकीकरणका क्रममा पश्चिमका बाइसे र चौबिसे राज्यका हरुवा रजौटाहरू भारतमा शरण लिएर बसिरहेका थिए । उनीहरूले अङ्ग्रेजको सहयोग लिएर नेपालमा आक्रमण गरी आफ्नो गुमेको राज्य फिर्ता पाउने सपना देखेका थिए । अङ्ग्रेजहरूले पनि उनीहरूलाई राज्य फिर्ता गराइदिने आश्वासन दिएका थिए । अङ्ग्रेजहरूलाई भन्दा उनीहरूलाई नेपालको आन्तरिक स्थिति बढी जानकारी थियो । यसरी हरुवा रजौटाहरूले अङ्ग्रेजलाई साथ दिनु पनि नेपाल अङ्ग्रेज युद्धको एक कारण थियो ।

(ङ) नेपालको सैनिक नीति : एकीकरण कार्यका लागि नेपालमा सैनिक सङ्गठन राम्रो बनाइएको थियो । भीमसेन थापा मुख्तियार भएपछि उनले फ्रान्सेली नागरिकलाई नेपाली सेनामा भर्ती गरी तालिम दिन लगाएका थिए । फ्रान्सेलीहरू बेलायतका विरोधी शक्ति थिए । भीमसेन थापाको त्यो कार्य अङ्ग्रेजका लागि निकै खतरा साबित भयो । त्यसले गर्दा पनि अङ्ग्रेजहरू नेपालसँग त्रसित हुन थाले । उनीहरूले नेपाली सेना शक्तिशाली हुनु अगावै आक्रमण गरी निस्तेज तुल्याउने योजना बनाए ।

(च) नेपालका स्रोतसाधन माथि लोभिनु : समथर उत्पादनशील तराई क्षेत्र, सिँचाइका लागि उपयुक्त नदीनालाहरू, प्रशस्त राम्रा र बलिया काठ भएका जङ्गल, पहाडी र हिमाली क्षेत्रमा प्रशस्त खनिज पदार्थ भएको विश्वासले गर्दा अङ्ग्रेजहरूले नेपालमाथि आँखा गाडेका थिए । अन्य कुनै उपायबाट नेपाल हातपार्न नसक्ने ठहर भएपछि उनीहरूले आक्रमण गरी कब्जा जमाउने निश्चय गरे ।

(छ) तत्कालीन कारण : नेपालको एकीकरणका क्रममा नेपालको सिमाना भारतका विभिन्न भागसँग जोडिँदै गयो । सीमासम्बन्धी किचलो निकालेर अङ्ग्रेजहरूले बुटवल र स्युराजलगायत ४२ ठाउँमा नेपालले जमिन मिचेको दाबी गर्‍यो । भारतमा लर्ड हेस्टिङ नामका व्यक्ति कम्पनी सरकारको गभर्नर जनरल भएर आएपछि उनले नेपालसँगको सीमा विवादलाई बढी चर्काएका थिए । पाल्पा राज्यले बुटवल र स्युराज क्षेत्र अवधका नवावसँग कर तिर्ने गरी लिएको थियो । पाल्पा राज्य नेपालमा गाभिएपछि ती भूभाग स्वत: नेपालका भएका थिए । तर भारतले ती

भूभाग अवधकै भएको दावी गरेको थियो । त्यस्तैमा वि.स. १८७० मा ती विवादित क्षेत्र खाली गरिदिन कम्पनी सरकारले नेपाललाई धम्कीपूर्ण पत्र पठायो । तर नेपालले त्यसतर्फ कुनै चासो दिएन । कम्पनी सरकारले वि.स. १८७१ वैशाख ८ गते (सन् १८१४ अप्रिल २२) का दिन एकाएक सेना पठाएर बुटवल र स्युराज कब्जा गऱ्यो । त्यो आक्रमणको प्रतिकार गर्दा १६ जना नेपाली सेनाले वीरगति प्राप्त गरे । त्यो क्षेत्र कब्जा गरी केही सुरक्षाकर्मी राखेर अङ्ग्रेजी सेना फिर्ता गए । त्यसपछि नेपालले त्यहाँ आक्रमण गरी आफ्नो गुमेको जमिन फिर्ता लियो । यसलाई अङ्ग्रेजहरूले धम्कीका रूपमा लिएर वि.स. १८७१ कार्तिक १७ गते (सन् १८१४ नोभेम्बर १) नेपालका विरुद्ध युद्धको घोषणा गऱ्यो ।

## ४. युद्धको तयारी

अङ्ग्रेजले नेपालका विरुद्ध युद्धको घोषणा गरेपछि मुख्तियार भीमसेन थापाले भारदारी सभा बोलाएर सल्लाह गरे । केही ठुला राजनीतिज्ञहरूले अङ्ग्रेजसँग युद्ध लड्न नहुने सुझाव दिए तर भीमसेन थापा युद्ध लड्ने पक्षमा रहेको हुँदा नेपाल र अङ्ग्रेजबिचको युद्ध सुनिश्चित भयो । उता भारतमा त्यो समयमा लर्ड हेस्टिङ नामका गभर्नर जनरल भएकाले अङ्ग्रेजहरू नेपालसँग युद्ध गर्न आतुर हुँदै गएका थिए । अङ्ग्रेजले नेपालमा एकैपटक पाँच ठाउँबाट आक्रमण गरे । अङ्ग्रेज सरकारले ३० हजार भन्दा बढी सैनिकहरू नेपालतर्फ अगाडि बढायो । नेपालमा भने त्यतिबेला मात्र १२००० सेना जम्मा पारिएको थियो । अङ्ग्रेजले आक्रमण गर्ने योजना बनाएका पाँच ओटा स्थानहरू यसप्रकार थिए :

(क) कोशी क्षेत्र : कोशी क्षेत्रबाट नेपालमा आक्रमण गर्न मेजर लेटर खटिएका थिए । उनलाई कम्पनी सरकारले २७०० सेना दिएर पठाएको थियो । नेपालका तर्फबाट त्यस मोर्चाको सुरक्षार्थ काजी बख्तावरसिंह थापालाई खटाएको थियो ।


(ख) मकवानपुर क्षेत्र : कम्पनी सरकारले मकवानपुर हुँदै काठमाडौँसम्म आक्रमण गर्न मेजर जनरल वेटेन मार्लेलाई खटाएको थियो । उनको मातहतमा ८००० को सैनिक सङ्ख्या थियो । नेपालका तर्फबाट उक्त क्षेत्रको सुरक्षाको जिम्मा कर्णेल रणवीरसिंह थापालाई दिइएको थियो ।

(ग) बुटवल क्षेत्र : बुटवल क्षेत्रबाट नेपालमा आक्रमण गर्नका लागि कम्पनी सरकारले मेजर जनरल सुलिमान उडलाई खटाएको थियो । उनीसँग ५००० सेना रहेका थिए । उक्त क्षेत्रको सुरक्षाका लागि नेपाल सरकारले कर्णेल उजिरसिंह थापालाई खटाएको थियो ।

(घ) कुमाउँ, गढवाल क्षेत्र : कुमाउँ क्षेत्रबाट नेपालमा आक्रमण गर्नका लागि कम्पनी सरकारले मेजर जनरल रोवर्ट जिलेस्पीलाई खटाएको थियो । त्यसका लागि कम्पनी सरकारले उनलाई

१०,००० सेना दिएर पठाएको थियो । नेपालका तर्फबाट उक्त क्षेत्रको सुरक्षाका लागि चौतरिया बम शाह खटिएका थिए ।

(ङ) काँगडा-मलाउँ क्षेत्र : सुदूरपश्चिम नेपालको काँगडा र मलाउ क्षेत्रबाट आक्रमण गर्न मेजर जनरल अक्टरलोनी खटिएका थिए । उनसँग ७००० सेना रहेको थियो । नेपालका तर्फबाट उक्त किल्लाको रक्षाका लागि बडाकाजी अमरसिंह थापा खटिएका थिए ।




## ५. युद्धका घटना

वि.स. १८७१ मा नेपाल र भारतस्थित बेलायतको इस्ट इन्डिया कम्पनीका बिचमा युद्ध भयो । त्यो युद्धका घटनाहरू यसप्रकार रहेका थिए :

(क) खलङ्गाको युद्ध र बलभद्र कुँवर : अङ्ग्रेज सेनापति जनरल जिलेस्पीले खलङ्गा अर्थात नालापानीमा आक्रमण गर्दा त्यहाँ नेपालका तर्फबाट सेनापति बलभद्र कुँवर र उनका साथमा ६०० जना सेना खटिएका थिए । अङ्ग्रेज सेनापतिले बलभद्र कुँवरलाई हामीसँग मिल्न आऊ भनी पत्र पठाएका थिए । तर बलभद्र कुँवरले 'आधारातमा पत्र खोल्ने हाम्रो चलन छैन, भोलि युद्धमा भेट हुने छ' भनी जवाफ दिएका थिए । युद्धमा अङ्ग्रेज सेनापति मारिएपछि दिल्लीबाट थप सेना त्यहाँ आए । त्यस्तैमा


*बलभद्र कुँवर*

अङ्ग्रेज सेनाले नालापानीमा आउने पानीको मुहान बन्द गरिदिए । अङ्ग्रेजले किल्लाभित्रै तोप वर्षाए । अन्त्यमा जीवित ७० जना सैनिकका साथ बलभद्र कुँवर अङ्ग्रेज सेनाकै अगाडिबाट किल्ला छोडेर गए ।

(ख) काङ्गडाको युद्ध र अमरसिंह थापा : नेपालको सुदूरपश्चिम काङ्गडा र मलाऊँ क्षेत्रको सुरक्षामा नेपालका तर्फबाट बडाकाजी अमरसिंह थापा खटिएका थिए । अङ्ग्रेजका तर्फबाट त्यहाँ आक्रमण गर्न मेजर जनरल अक्टरलोनीको नेतृत्वमा सेना आएको थियो । अङ्ग्रेज सेनापति अक्टरलोनीले अमरसिंह थापालाई हामीसँग मिल्न आऊ ठुलो पुरस्कार दिउँला भनी पत्र पठाएका थिए । तर अमरसिंह थापा देशभक्ति र राष्ट्रभक्तिले ओतप्रोत भएका मानिस थिए । अङ्ग्रेजसँग नेपालका भन्दा धेरै सेना र राम्रा हातहतियारहरू थिए । रामगढको युद्धमा नेपाली सेनाको ठुलो क्षति भयो । त्यसपछि उनीहरू पछाडि हटे । अन्त्यमा अमरसिंह थापा अङ्ग्रेजसँग युद्धविराम गर्न वाध्य भए । उनको वीरता देखेर अङ्ग्रेजहरूले उनलाई "The living Lion of Nepal" भनी प्रशंसा गरेका थिए ।

(ग) देउथलको युद्ध र भक्ति थापा : पश्चिम नेपालको देउथल किल्लाको सुरक्षार्थ भक्ति थापा खटिएका थिए । ७० वर्ष उमेर पार गरेका भक्ति थापाले देउथलको युद्धमा नाङ्गो तरबार लिएर अङ्ग्रेजसँग डटेर लड्दा नेपाली सेना निकै उत्साहित भएर लडेका थिए । उनलाई पनि अङ्ग्रेजले हामीसँग मिल्न आऊ, ठुलो पद दिउँला भनी लोभ देखाएका थिए । तर त्यसतर्फ कुनै वास्ता नगरी उनी युद्ध लडे । अङग्रेजसँग तोपलगायतका आधुनिक युद्ध सामग्री थिए भने नेपाली सेनालाई तरवार आदि सामान्य हतियारका भरमा लड्नुपर्ने बाध्यता थियो । अङग्रेजको तोप खोस्न गएको समयमा भक्ति थापालाई अकस्मात् अङ्ग्रेजी सेनाले चलाएको गोली लाग्यो । त्यसपछि पनि ४/५ जना जति अङ्ग्रेज सेनालाई भक्ति थापाले काटिदिए । अन्ततः भक्ति थापाले वीरगति प्राप्त गरे । अङ्ग्रेज सेनाले भक्ति थापाको लासलाई दोसल्ला ओडाएर अमरसिंह थापालाई बुझाए ।

बहादुरीका साथ युद्ध लड्दा पनि पश्चिम नेपालका नालापानी, जैथक, देउथल, मलाउँ जस्ता किल्लाहरूमा अङ्ग्रेजी सेनाले कब्जा जमाए । युद्धमा दुबै पक्षको धनजनको ठुलो क्षति भयो । अङ्ग्रेज पनि नेपालमाथि विजय गर्न नसक्ने कुरामा विश्वस्त हुन थाल्यो । त्यस्तैमा दुबै देशका बिचमा सन्धिवार्ता सुरु भयो । नेपालका तर्फबाट गुरु गजराज मिश्र र चन्द्रशेखर उपाध्याय तथा कम्पनी सरकारका तर्फबाट मेजर ब्राड्साले प्रतिनिधिका रूपमा वार्तामा भाग लिए । सुरुमै अङ्ग्रेज प्रतिनिधिले नेपालको सम्पूर्ण तराई क्षेत्र, कुमाउँ, गडवाल जस्ता

भूभाग अङ्ग्रेजलाई दिनुपर्ने, काठमाडौँमा अङ्ग्रेजी दूत राखिनुपर्ने जस्ता माग राखेपछि नेपाली प्रतिनिधिहरूले त्यसलाई स्वीकार गरेनन् । त्यसपछि अङ्ग्रेजले फेरि नेपालमा आक्रमण गर्ने तयारी गर्न थाल्यो । अन्ततः वार्ता अगाडि बढ्यो ।

सुगौली भन्ने स्थानमा वार्ता भई सन्धिपत्र तयार गरियो । त्यो सन्धिपत्रमा नेपालका राजाले १५ दिनभित्र र भारत स्थित कम्पनी सरकारका गर्भनर जनरलले २० दिनभित्र हस्ताक्षर गरिसक्नुपर्ने उल्लेख गरियो । सन्धिका विषयमा काठमाडौँमा धेरै लामो बहस भयो । तोकिएको समयभित्र नेपालका राजाले हस्ताक्षर नगरेपछि मकवानपुरबाट सेनापति अक्टरलोनीको नेतृत्वमा कम्पनी सरकारका सेना अगाडि बढ्यो । उनीहरूले काठमाडौँलाई केन्द्रविन्दु बनाएर अगाडि बढे । उनीहरूले नेपालका राजालाई चेतावनी पत्रसमेत पठाए । त्यसपछि नेपालका राजा गीर्वाणयुद्ध विक्रम शाहले सन्धिपत्रमा हस्ताक्षर गरे । यसरी २० फागुन १८७२ (सन १८१६ मार्च ४) का दिन सुगौली सन्धि सम्पन्न भयो ।

## ६. सुगौली सन्धिका धाराहरू

(क) इस्ट इन्डिया कम्पनी र नेपालका राजाबिच सदाकाल मैत्री र शान्ति सम्बन्ध कायम रहने

(ख) युद्धभन्दा अगाडि विवादमा रहेका भूभागमाथि नेपालले दाबी गर्न नपाउने

(ग) नेपालका राजाले निम्न भूभागहरू सदाका लागि कम्पनी सरकारलाई सुम्पनुपर्ने

- (अ) काली र राप्ती नदीबिचको सम्पूर्ण तराई क्षेत्र
- (आ) बुटवल खासलाई छाडी राप्ती र गण्डकीबिचको सम्पूर्ण तराई क्षेत्र
- (इ) गण्डकी र कोशीबिचको सम्पूर्ण तराई क्षेत्र
- (ई) मेची र टिष्टाबिचको सम्पूर्ण तराई क्षेत्र
- (उ) मेचीनदीभन्दा पूर्वको सम्पूर्ण भाग

(घ नेपालले सम्पूर्ण तराई कम्पनी सरकारलाई बुझाउँदा परेको क्षतिको क्षतिपूर्तिका लागि कम्पनी सरकारले नेपाललाई वार्षिक २ लाख दिने

(ङ) नेपालका राजा र उनका उत्तराधिकारीहरूले काली नदीदेखि पश्चिमका प्रदेश र त्यहाँका निवासीहरूसँग कुनै सम्बन्ध राख्न नपाउने

(च) नेपालले सिक्किमका राजाको अधिनमा भएका भूभागमाथि दाबी गर्न नपाउने साथै नेपाल र सिक्किमका बिचमा कुनै विवाद उत्पन्न भएमा कम्पनी सरकारले त्यसको मध्यस्थता गर्ने

(छ) कम्पनी सरकारको स्वीकृति बिना नेपालका राजाले कुनै पनि बेलायती, युरोपेली वा अमेरिकी नागरिकलाई आफ्नो नोकरीमा राख्न नपाउने

(ज) दुई देशबिच कायम भएको मित्रता एवम् शान्ति सम्बन्धलाई सुदृढ पार्न दुबै देशका मिनिस्टर एक अर्को देशमा रहने

(झ) यो सन्धिलाई नेपालका राजालाई १५ दिनभित्र स्वीकृति प्रदान गरी ब्राड्सालाई बुझाउने र उनले २० दिनभित्र कम्पनी सरकारका गभर्नर जनरलको हस्ताक्षर गराउने

## ७. नेपाल अङ्ग्रेज युद्धका परिणामहरू

नेपाल अङ्ग्रेज युद्धका कारण नेपाललाई ठुलो क्षति भयो भने अङ्ग्रेजलाई प्रशस्त फाइदा भयो । त्यो युद्धका परिणाम यसप्रकार थिए :

(क) नेपालले ठुलो मात्रामा जमिन गुमाउनु : पृथ्वीनारायण शाहको शासनकालदेखि सुरु भएको एकीकरण अभियानले गर्दा गीर्वाणयुद्ध विक्रम शाहको समयसम्ममा नेपाल टिष्टादेखि सतलजसम्म ७०० माइलमा विस्तार भएको थियो । यसमध्ये महाकाली नदीभन्दा पश्चिम, बुटवलबाहेक सबै तराई र मेचीदेखि पूर्वका सबै भाग नेपालले गुमायो । त्यो नेपालको एक तिहाइ जमिन थियो ।

(ख) नेपाल एकीकरणको अन्त्य र दरबारी षड्यन्त्रमा वृद्धि हुनु : करिब ७१ वर्षसम्म चलेको नेपालको एकीकरण कार्य नेपाल-अङ्ग्रेज युद्धपछि अन्त्य भयो । त्यसपछि नेपाली सेनाका धेरै मानिसहरू राजनीतिमा सहभागी हुन थाले । यसले गर्दा दरबारी षडयन्त्र बढ्न थाल्यो ।

(ग) नेपालको आन्तरिक र परराष्ट्र नीतिमा अङ्ग्रेजी हस्तक्षेप हुनु : सुगौली सन्धिअनुसार नेपालले कुनै पनि युरोपेली र अमेरिकी नागरिकलाई आफ्नो जागिरमा नियुक्त गर्न नपाउने भयो । त्यसैगरी नेपाल र सिक्किमका बिचमा विवाद भएमा भारतस्थित कम्पनी सरकारले गरेको निर्णय नेपालले स्वीकार गर्नुपर्ने भयो ।

(घ) अङ्ग्रेजी रेजिडेन्ट काठमाडौँमा रहनु : सुगौली सन्धिअनुसार अङ्ग्रेज प्रतिनिधि नेपालमा रहने भए । लेफ्टिनेन्ट व्यायलु नामक व्यक्ति पहिलो अस्थायी रेजिडेन्ट भएर नेपाल

आए । त्यसपछिका सबैजसो रेजिडेन्टहरूले नेपालको राजनीतिमा हस्तक्षेप गरी चासो राख्ने गर्न थाले ।

(ङ) नेपालीहरू गोरखा आर्मीका रूपमा भारतमा भर्ती हुने परम्परा हुनु : नेपाल अङ्ग्रेज युद्धमा नेपाली सेनाले देखाएको वीरताबाट अङ्ग्रेजहरू ज्यादै प्रभावित भएका थिए । त्यसपछि उनले भारतमा अङ्ग्रेजी सरकारको रक्षाका लागि गोरखाली सेना तयार गर्ने अठोट गरे । त्यही अठोटअनुसार नेपाली युवाहरू भारतीय सेनामा भर्ती हुने भए ।

(च) कम्पनी सरकारका लागि लाभदायक हुनु : भारतस्थित कम्पनी सरकारले नेपालसँगको युद्धमा धेरै धनजन गुमायो तापनि नेपालबाट प्रशस्त जमिन प्राप्त गर्‍यो । भीमसेन थापाले तयार पार्न लागेको अङ्ग्रेज विरोधी गुटको अन्त्य भयो । अङ्ग्रेजले नेपालमा रेजिडेन्ट राखेर एसियाकै राजनीतिमा प्रभाव जमायो ।

(छ) भीमसेन थापाको पतन हुनु : धेरै अनुभवी भारदारहरूले अङ्ग्रेजसँग युद्ध लड्न नहुने धारणा व्यक्त गर्दागर्दै पनि भीमसेन थापाको दबाबका कारण नेपाल-अङ्ग्रेज युद्ध भएको थियो । जब त्यो युद्धबाट नेपालको ठुलो क्षति भयो, तब त्यसको दोष भीमसेन थापालाई लगाउन थालियो । नेपालमा बिस्तारै भीमसेन थापा विरोधी गुट तयार हुँदै गयो । त्यसमा अङ्ग्रेज रेजिडेन्टले पनि भूमिका खेल्न थाले । विभिन्न आरोपहरू लगाएर राजा राजेन्द्रविक्रम शाहले उनलाई कैद गरे । कैदी अवस्थामा नै उनको रहस्यमय तरिकाले मृत्यु भयो ।

## अभ्यास

१. तलका प्रश्नको अति छोटो उत्तर दिनुहोस् :

(क) भीमसेन थापाकी आमाको नाम के थियो ?

(ख) भाउजू व्यहोर्ने प्रथा भन्नाले के बुझिन्छ ?

(ग) नेपाल-अङ्ग्रेज युद्धको तत्कालीन कारण के थियो ?

(घ) नेपाल-अङ्ग्रेज युद्धमा नेपालका तर्फबाट काङ्गडाको सुरक्षामा को खटिएका थिए ?

२. तलका प्रश्नहरूको छोटो उत्तर दिनुहोस् :

(क) भीमसेन थापाका कुनै चारओटा सुधारहरू लेख्नुहोस् ।

(ख) नेपाल-अङ्ग्रेज युद्धका कुनै चारओटा कारण लेखी कुनै दुई ओटाको व्याख्या गर्नुहोस् ।

३. तलका प्रश्नहरूको लामो उत्तर दिनुहोस् :

(क) देउथलको युद्धमा भक्ति थापाले देखाएको वीरताको वर्णन गर्नुहोस् ।

(ख) सुगौली सन्धिमा कम्पनी सरकार र नेपालका बिचमा भएको सम्झौतालाई विश्लेषण गर्नुहोस् ।

## परियोजना कार्य

नेपाल-अङ्ग्रेज युद्धका कारण र परिणामहरूलाई तल दिएको नमुना तालिकाका आधारमा तयार गरी प्रस्तुत गर्नुहोस् ।

| क्र.सं. | नेपाल-अङ्ग्रेज युद्धका कारणहरू | नेपाल-अङ्गेज युद्धका परिणामहरू |
|---|---|---|
| १. | | |
| २. | | |
| ३. | | |
| ४. | | |
| ५. | | |

पाठ ६

# राणा शासनकाल

## १. राणा शासनको उदय र राणाकालका गतिविधिहरू

पृथ्वीनारायण शाहको मृत्युभन्दा पछाडि लगत्तै नेपाल दरबारमा राजनीतिक अस्थिरताको सुरुआत भयो । राजनीतिक अस्थिरता बढ्नुको खास कारण कलिलो उमेरका व्यक्ति राजगद्दीमा बस्नु, राजाले लामो समयसम्म शासन नगर्नु, राजामा आत्मबलको अभाव हुनु आदि थिए । यसले गर्दा भारदारहरूमा राजनीतिक शक्ति आफ्नो हातमा लिने होडबाजी चल्यो । शक्ति हातमा लिन विभिन्न गुट र उपगुटहरू विकसित भए । थापा र पाण्डे जस्ता गुटका बिचमा ठुलो दुस्मनी देखियो । राजा रणबहादुर शाहकी कान्छी रानी ललितत्रिपुरासुन्दरीको समर्थनका कारण भीमसेन थापा लामो समयसम्म नेपालको राजनीतिमा शक्तिशाली भएर शासन गरे । भीमसेन थापाको पतनपछि पनि गुट उपगुट नै कायम रहे । दरबारमा सत्ता स्वार्थभन्दा बाहेक अन्य विषय सामान्य मानिँदै गएको थियो । राजा राजेन्द्रविक्रम शाहकी कान्छी रानी राज्यलक्ष्मीले राजा राजेन्द्रविक्रम शाहबाट धेरै अधिकार लिएर त्यसको दुरुपयोग गर्दा राणा शासनको उदय भयो । यसका कारणहरू यसप्रकार थिए :

(क) कलिलो उमेरका व्यक्ति राजगद्दीमा बस्नु : रणबहादुर शाह र त्यसपछिका शासकहरू नाबालक अवस्थामा नै राजगद्दीमा बसेका थिए । रणबहादुर शाह साढे दुई वर्षमा, गीर्वाणयुद्ध विक्रम शाह डेढ वर्षमा र राजेन्द्रविक्रम शाह दुई वर्षमा राजा भएका थिए । यसरी कलिलो उमेरका व्यक्ति राजा भएका बेला राजनीति आफ्नो हातमा लिन भारदारहरू अग्रसर भए । यसक्रममा हत्या, कुटनीति, षड्यन्त्र र गुटवन्दी बढ्दै गयो । यसले देशमा राजनीतिक अस्थिरता निकै बढ्दै जाँदा राणा शासनको उदय भयो ।

(ख) जङ्गबहादुर एक महत्त्वाकाङ्क्षी व्यक्ति हुनु : जङ्गबहादुर रणबहादुर शाहका अङ्गरक्षक बालनरसिंह कुँवरका छोरा थिए । उनको जन्म वि.स. १८७४ मा भएको थियो । उनको न्वारानको नाम वीरनरसिंह कुँवर थियो । पछि उनी जङ्गबहादुरका नामले चिनिएका थिए । बालनरसिंह कुवरको समयदेखि नै उनको परिवार दरबारसँग जोडिँदै आएको थियो । जङ्गबहादुर निकै महत्त्वाकाङ्क्षी व्यक्ति थिए । क्रमिक रूपले नेपालको राजनीतिमा सहभागी हुँदै गएका बेला गगनसिंहको हत्यारा पत्ता लगाउन आयोजित कोतमा उनले आफ्नो शक्ति प्रयोग गरी देशको राजनीति आफ्नो हातमा लिए ।

(ग) राजनीतिक अस्थिरता र गुटबन्दी हुनु : प्रतापसिंह शाहको शासनकालमा सुरु भएको भारदारी गुटबन्दी भीमसेन थापा शक्तिशाली भएपछि केही कम भयो । जब भीमसेन थापाको पतन भयो तब नौ वर्षको अवधिमा सात पटक मन्त्रीमण्डल फेरिए । गुटबन्दीका कारण एउटा मन्त्रीमण्डल ढालेर अर्को मन्त्रीमण्डल गठन गर्ने क्रम चल्यो । प्रत्येक गुटले देशको राजनीतिक शक्ति आफ्नो हातमा लिने प्रयत्न गरे । यसले गर्दा राजनीतिक अस्थिरता बढ्दै गयो । त्यस्तो अवस्थामा जङ्गबहादुरले देशको शासन शक्ति आफ्नो हातमा लिने अवसर पाए ।

(घ) राजेन्द्रविक्रम शाह कमजोर शासक हुनु : राजेन्द्रविक्रम शाह दक्ष शासक थिएनन् । आफूले राम्रोसँग शासन गर्न नसकेपछि राज्यका धेरै अधिकार उनले आफ्नी कान्छी रानी राज्यलक्ष्मीलाई र केही अधिकार युवराज सुरेन्द्रविक्रम शाहलाई हस्तान्तरण गरेका थिए । यही कारणले गर्दा राज्यमा अस्थिरता बढेको थियो । त्यही अस्थिरताका कारण राणा शासनको उदय भयो ।

(ङ) रानी राज्यलक्ष्मीले अधिकारको दुरुपयोग गर्नु : राजेन्द्रविक्रम शाहले राजाका धेरैजसो अधिकार कान्छी रानी राज्यलक्ष्मीदेवीलाई दिएका थिए । त्यो अधिकारको दुरुपयोग गरी उनले आफ्ना छोरा रणेन्द्रविक्रम शाहलाई राजा बनाउन चाहन्थिन् । जेठी रानी साम्राज्यलक्ष्मीबाट जन्मिएका सुरेन्द्रविक्रम शाह उनीभन्दा उमेरले जेठा थिए । त्यो उद्देश्य पूरा गर्न रानी राज्यलक्ष्मीले विभिन्न गुटउपगुट खडा गरेकी थिइन् । यसका कारणले गर्दा पनि अस्थिरता बढ्न गयो र राणा शासनको उदय भयो ।

(च) शक्तिशाली राजनीतिज्ञ र भारदारहरूको हत्या हुनु : राजा रणबहादुर शाहको हत्या हुनु, भीमसेन थापाको रहस्यमय मृत्यु हुनु, माथवरसिंह थापाले पाण्डेहरूमाथि दमन गर्दा धेरै व्यक्तिहरूको ज्यान जानु, माथवरसिंह थापा, गगनसिंह जस्ता भारदारको हत्या हुँदै जाँदा जङ्गबहादुर मात्र एक शक्तिशाली व्यक्ति जीवित रहन पुगे । यसले गर्दा उनले देशको शक्ति आफ्नो हातमा लिने वातावरण बन्यो र राणा शासनको उदय भयो ।

(छ) अङ्ग्रेज रेजिडेन्टले नेपालको राजनीतिमा हस्तक्षेप गर्नु : सुगौली सन्धिपछि नेपालमा रहन लागेका अङ्ग्रेज रेजिडेन्टले नेपालको राजनीतिमा हस्तक्षेप गर्न थाले । उनले आफूले मन पराएका व्यक्तिलाई शक्तिमा ल्याउने र अरुलाई शक्तिहीन तुल्याउन सक्रिय भूमिका खेल्ने गरे । त्यही क्रममा जङ्गबहादुर उनीहरूका विश्वासिला व्यक्ति बन्दै गएकाले राणा शासनको उदयमा अङ्ग्रेज रेजिडेन्डको हात पनि रहेको थियो ।

(ज) कोतपर्व हुनु : वि.स. १९०३ भाद्र ३१ गते राति आफ्नै पूजाकोठामा अज्ञात व्यक्तिको गोली प्रहारबाट गोली हानेर गगन सिंहको हत्या भयो । उनी राजेन्द्रविक्रम शाहकी कान्छी

रानी राज्यलक्ष्मीदेवीका विश्वास पात्र थिए । उनीमार्फत नै रानी राज्यलक्ष्मीले आफ्ना छोरा रणेन्द्रविक्रम शाहलाई राजा बनाउन चाहन्थिन् । जब गगनसिंहको हत्या भयो, त्यसै रात रानी राज्यलक्ष्मीले सबैजसो ठुला भारदारलाई कोतमा बोलाइन् । जङ्गबहादुरले इसारा गरी गगनसिंहको हत्यारा देखाइदिने आश्वासन रानीलाई दिएका थिए । जङ्गबहादुरकै इसाराअनुसार रानीले तत्काल वीरकेशरको हत्या गर्ने आदेश अभिमानसिंह रानालाई दिइन् । वीरकेशर पाण्डेलाई मार्नका लागि अभिमान सिंह रानाले राजाको आदेश मागे तर राजाले आदेश दिएनन् । स्थिति आतङ्कपूर्ण हुने अवस्था देखिएपछि अभिमानसिंह बाहिर रहेका आफ्ना सेना भएतिर जान लाग्दा युद्धवीर अधिकारीले अभिमानसिंहलाई छातीमा सङ्गीन रोपिदिए । उनी रगताम्य भएपछि भित्तामा रगतको पञ्जाछाप लगाउँदै 'गगनसिंहको हत्यारा जङ्गे हो' भन्दै गर्दा उनको मृत्यु भयो । त्यसपछि बाहिर रहेका जङ्गबहादुरका निजी सैनिक कोतमा छिरेर जङ्गबहादुरका विरोधीहरूलाई एक एक गरी हत्या गरे । जङ्गबहादुरका भाइहरूले पनि शत्रुपक्षलाई खोजी खोजी मारे । त्यो हत्याकाण्डमा ५५ जना जति भारदार र सिपाहीहरू मारिए । तथापि त्यो सङ्ख्या निश्चित हुन सकेको पाइँदैन । त्यो हत्याकाण्डपछि रानी राज्यलक्ष्मीदेवीले जङ्गबहादुरलाई सेनापति तथा प्रधानमन्त्री पदमा नियुक्त गरिन् । त्यसपछि जङ्गबहादुर दिनदिनै अझै शक्तिशाली बन्दै गए ।

(झ) भण्डारखाल पर्व हुनु : कोतपर्वसँगै जङ्गबहादुर सेनापति तथा प्रधानमन्त्री भएपछि रानी राज्यलक्ष्मीदेवीले युवराज सुरेन्द्रको हत्या गरी रणेन्द्रलाई राजा बनाउन आदेश दिइन् । तर जङ्गबहादुरले त्यस्तो अपराध गर्न नसक्ने र आवश्यक परे रानीलाई नै देश निकालासमेत गर्न सक्ने खबर पठाए । त्यसबाट रानी निकै आश्चर्यमा परिन् । त्यसपछि उनले गगनसिंहका छोरा वजिरसिंहलाई अगाडि सारेर जङ्गबहादुरको हत्या गर्ने योजना बनाइन् । योजनाअनुसार जङ्गबहादुरलाई भोजमा आमन्त्रण गरी विष खुवाएर मारिने निर्णय गरियो । दरबारिया पण्डित विजयराज पाँडे र दरबारकी सुसारे पुतली नानीले त्यो योजनाका बारेमा सबै कुरा जङ्गबहादुरलाई भनिदिए । त्यसैले वि.स. १९०३ कार्तिक १७ गते जुन दिन भण्डारखालमा जङ्गबहादुर र उनका आफन्तलाई मार्ने योजना बनाइएको थियो उल्टै त्यो समयमा जङ्गबहादुरले भण्डारखालमा घेराबन्दी गरी २३ जना विरोधीको हत्या गरे । त्यसपछि उनले रानी राज्यलक्ष्मीलाई देश निकालाको सजाय दिएर बनारस पठाए । राजा राजेन्द्रविक्रम शाह र उनका छोरा रणेन्द्रविक्रम शाह पनि उनीसँगै गए । यसरी भण्डारखालपछि जङ्गबहादुर नेपालका शक्तिशाली प्रधानमन्त्री बनेर देशको सम्पूर्ण प्रशासनिक शक्ति आफ्नो हातमा लिए ।

(ञ) अलौ पर्व हुनु : राजा राजेन्द्रविक्रम शाह, उनकी कान्छी रानी राज्यलक्ष्मी र छोरा रणेन्द्रविक्रम शाह भारतको बनारसमा गएर बसेका थिए । कोतपर्व, भण्डारखाल पर्वलगायतका घटनाका बेला भागेका नेपाली भारदारहरू पनि त्यहीँ बसेका थिए । उनीहरूले राजा राजेन्द्रविक्रम शाहलाई एक स्वयम्सेवक सेना गठन गरी नेपालमा आक्रमण गरी राज्यशक्ति फिर्ता लिन उक्साए । त्यसैमा विश्वास गरी उनले गुरुप्रसाद शाहको नेतृत्वमा स्वयम्सेवक सेना गठन गरेर वीरगन्ज नजिकै अलौ भन्ने स्थानमा आक्रमण गरे । वि.स. १९०४ श्रावण १४ गते जङ्गबहादुरले राजा सुरेन्द्रविक्रम शाहका भाइ उपेन्द्रविक्रम शाहको नेतृत्वमा सेना पठाएर प्रतिआक्रमण गर्दा १०० जना जति आक्रमणकारी मारिए । हात्तीमा चढेर भाग्न लाग्दा राजेन्द्रविक्रम शाह पक्राउ परे । उनलाई काठमाडौँ ल्याएर कैद गरियो । यस घटनापछि जङ्गबहादुर पूर्ण शक्तिशाली बन्न पुगे ।

पृथ्वीनारायण शाहको शासनकालपछि सुरु भएको राजनीतिक अस्थिरता जङ्गबहादुरले देशको शक्ति आफ्नो हातमा लिएपछि समाप्त भयो । देशमा राणाहरूको जहानियाँ शासन सुरु भयो । जङ्गबहादुर र उनका भाइभतिजाहरू मात्र देशका ठुला ठुला पदमा नियुक्त भए । जङ्गबहादुर देशका अत्यन्त शक्तिशाली व्यक्ति बन्न पुगे । उनले आफ्ना तीनओटा छोरीहरूको विवाह युवराज त्रैलोक्यसँग गराएर राजपरिवारसँग समान हैसियतको बन्ने प्रयास गरे ।

## २. राणा शासनकालमा भएका विभिन्न कार्यहरू

राजेन्द्रविक्रम शाह कान्छी रानी राज्यलक्ष्मीदेवीसँग बनारस गएपछि जङ्गबहादुरले युवराज सुरेन्द्रविक्रम शाहलाई राजगद्दीमा राखेर आफैँले शासन गर्न थाले । राजाबाट विभिन्न समयमा लालमोहर छाप लगाएर सैनिक र निजामती कर्मचारीको नियुक्ति, पजनी र कार्बाही गर्ने अधिकार प्राप्त गरे । वि.स. १९०५ मा राजा सुरेन्द्रबाट लालमोहर लगाएर आफ्नो कुवर थरबाट राणा घोषित गराए । आफूलाई कास्की र लमजुङको महाराजा घोषणा गरी श्री ३ महाराज बनाए । त्यसैगरी युद्धको घोषणा गर्ने, सन्धि गर्ने, कर्मचारीको सरुवा, बढुवा गर्ने, मृत्युदण्ड दिने, आजीवन कैद गर्ने जस्ता अधिकारहरू पनि उनैले लिए । उनले आफूभन्दा पछाडि भाइहरू र त्यसपछि आफ्ना छोरा अनि नातिहरू प्रधानमन्त्री हुने रोलक्रम तयार पारे । यसरी राणालाई शक्तिशाली बनाउने कार्यका अतिरिक्त राणाकालमा भएका केही कार्यहरू यसप्रकार थिए :

(क) सामाजिक कार्य

प्रथम राणा प्रधानमन्त्री जङ्गबहादुरले नेपालमा जहानियाँ, निरङ्कुश र एकतन्त्रीय शासनको सुरुआत गरेका थिए । नेपाली समाजमा पहिलेदेखि नै सामाजिक कुरीति र अन्धविश्वास कायम रहँदै आएको थियो । समाजमा सती प्रथा, दास प्रथा, बालविवाह, बहुविवाह, अनमेल विवाह, जातीय छुवाछुत, दाइजो प्रथा आदि राणाकालमा पनि विद्यमान थिए । प्रथम राणा प्रधानमन्त्री जङ्गबहादुरले वि.सं.१९१० मा एक लिखित मुलुकी ऐन निर्माण गर्दा जातजातिलाई विभिन्न वर्गमा विभाजन गरेका थिए । समाजमा महिलाको अवस्था निकै कमजोर थियो । पछि चन्द्रशमसेरले वि.स. १९७७ साल आषाढ १४ गते सतीप्रथा अन्त्य गरे भने वि.स. १९८१ साल कार्तिक २४ गते दासप्रथा पनि अन्त्य गरेका थिए । वि.स. १९७५ मा त्रिभुवन चन्द्र कलेजको स्थापना, वि.स. १९५८ मा गोरखापत्रको प्रकाशनको सुरुआत गरेका थिए । देवशमसेरले कार्यालय समय १० बजेदेखि ५ बजेसम्म बनाएका थिए । भीमशमसेरले शनिबार बिदा दिने प्रचलन चलाए भने जुद्धशमसेरले नेपालमै एस.एल.सी बोर्डको स्थापना गरेका थिए । वि.स. २००४ मा पद्मशमसेरको शासनकालमा नेपालमा पहिलो संविधान निर्माण गरिएको थियो ।

(ख) आर्थिक कार्य

राणाकालमा देशको राष्ट्रिय ढुकुटी प्रशस्त दुरुपयोग गएको थियो । राणा प्रधानमन्त्री वीरशमसेरको शानसकालदेखि देशको राष्ट्रिय ढुकुटी प्रधानमन्त्रीको निजी सम्पत्तिसरह प्रयोग गर्न पाइने व्यवस्था गरिएको थियो । उनले नै धन सम्पत्ति विदेशी बैङ्कमासमेत राख्न पाउने व्यवस्था गरेका थिए । राणाकालमा झारा प्रथा, बाँधा प्रथा, हलिया प्रथा, बालीघरे प्रथा, विनाज्याला काममा लगाउने प्रथा आदि कायम थिए । राज्यका अधिकांश उब्जाउ जमिनहरू राणा परिवारका नाममा हुन्थे । सर्वसाधारण मानिसले राणाको जमिनमा खेती गर्ने गर्थे । राणा प्रधानमन्त्री चन्द्रशमसेरले किपट र विर्ता जमिनलाई रैकर जमिनमा परिणत गरेका थिए । रैकर जमिन भनेको कर लाग्ने जमिन थियो । जुद्धशमसेरले सुन्दरीजलबाट विद्युत् उत्पादन गर्ने, विराटनगर जुटमिलको स्थापना, नेपाल बैङ्कको स्थापना, कागजी नोटको निर्माणलगायतका अन्य केही उद्योगधन्दाहरू निर्माण गरी देशको आर्थिक अवस्थामा केही वृद्धि गरेका थिए ।

(ग) प्रशासनिक कार्य

राणा शासनको सुरुआत भएपछि देशको सबै प्रशासनिक अधिकार राणा प्रधानमन्त्रीको हातमा गएको थियो । जङ्गबहादुर सुरुमा देशको कमान्डरइनचिफ र प्रधानमन्त्री बनेपछि कास्की र लमजुङको राजा भई श्री ३ महाराज कहलाए । त्यसपछि उनले देशको राजनीतिक र प्रशासनिक सबै अधिकार

आफ्नो हातमा लिए । बेलायतको भ्रमणबाट फर्केपछि उनले देशको प्रशासनलाई सजिलो बनाउन प्रशस्त कार्यालयहरू स्थापना गरे । उनले कर असुल गर्न मुलुकी खाना, सैनिक प्रशासनलाई व्यवस्थित तुल्याउन जङ्गी अड्डा, न्याय व्यवस्थाका लागि कौशल अड्डा आदि स्थापना गरेका थिए । देशको राजनीतिक र प्रशासनिक शक्तिको केन्द्र राणा प्रधानमन्त्री भएपछि कुनै पनि व्यक्तिलाई मृत्युदण्डसम्मको सजाय दिने, कर्मचारी नियुक्त र बर्खास्त गर्ने, जागिरमा बढुवा र घटुवा गर्ने, कानुन बनाउने, खारेज गर्ने, संशोधन गर्ने जस्ता राज्यका सम्पूर्ण अधिकार राणा प्रधानमन्त्रीले आफ्नो हातमा लिएका थिए ।

## अभ्यास

१. तलका प्रश्नहरूको एक वाक्यमा उत्तर दिनुहोस् :

(क) जङ्गबहादुरका बाबुको नाम के थियो ?

(ख) कसको हत्यारा पत्ता लगाउने उद्देश्यले भाइभारदारहरूलाई कोतमा बोलाइएको थियो ?

(ग) भण्डारखाल पर्वमा कसको हत्या गर्ने योजना बनाइएको थियो ?

(घ) सुरेन्द्रविक्रम शाहले जङ्गबहादुरलाई कुन पद दिएर अझै शक्तिशाली बनाएका थिए ?

२. तलका प्रश्नहरूको छोटो उत्तर दिनुहोस् :

(क) पृथ्वीनारायण शाहको शासनकालपछि राजाहरू किन कमजोर भए, कारणहरू लेख्नुहोस् ।

(ख) रानी राज्यलक्ष्मीले आफूले पाएको अधिकार कसरी दुरुपयोग गरिन् ?

३. तलका प्रश्नहरूको लामो उत्तर दिनुहोस् :

(क) कोतपर्वको घटना कसरी भयो, वर्णन गर्नुहोस् ।

(ख) 'राणा शासनको स्थापना हुनुमा रानी राज्यलक्ष्मीको भूमिका रहेको छ', तपाईं यो भनाइसँग सहमत हुनुहुन्छ वा हुनुहुन्न ? आफ्नो उत्तर तर्क दिएर पुष्टि गर्नुहोस् ।

(ग) राणाकालमा भएका सामाजिक गतिविधिको समीक्षा गर्नुहोस् ।

# पाठ ७ राणा विरोधी अभियान र पतनका कारण

राणा शासनको प्रारम्भदेखि नै राणा विरोधी गतिविधिहरू पनि सुरु भएका थिए । तर ती गतिविधिहरू सशक्त बन्न नसक्दा १०४ वर्षसम्म त्यो शासन कायम रह्यो ।

## १. राणा विरोधी अभियान

नेपालमा राणा शासनको उदय भएदेखि नै त्यसको अन्त्य गरी राजा र जनताको अधिकार फिर्ता गराउन विभिन्न प्रयासहरू भएका थिए । राजा राजेन्द्रविक्रम शाहले नेपालबाट कोतपर्व, भण्डारखाल पर्वबाट जोगिएर भागी भारत पुगेका र त्यसभन्दा अगाडिदेखि भारतमा निर्वासित जीवन बिताइरहेका जङ्बहादुरका विरोधीहरूलाई जम्मा गरी अलौ भन्ने स्थानमा आक्रमण गरेका थिए । यो घटना जङ्गबहादुरको विरोधी अभियान थियो । त्यसैगरी वि.स. १९०६ सालमा अछाम कालिमाटीका बलदेव शाह (बाँकावीर) ले जङ्गबहादुरको अत्याचार विरुद्ध अभियान सुरु गरेका थिए । जङ्गबहादुरको ठाडो आदेशमा बाँकावीरको टाउको काटी काठमाडौँ ल्याइयो । उनको यो अभियानलाई नै राणा शासन विरुद्धको अर्को अभियान मान्न सकिन्छ ।

जङ्बहादुरको शासनकालमा उनका भाइ, भतिजाले पनि उनीविरुद्ध केही गतिविधि गरेका थिए । तर जङ्गबहादुर धेरै चतुर व्यक्ति भएकाले त्यस्ता प्रयास सफल हुन सकेनन् । चौतरिया गुरुप्रसाद शाहले जङ्बहादुरको हत्या गरी राजाको अधिकार फिर्ता गर्ने प्रयास गरेका थिए । गोरखाका लखन थापाले पनि जङ्गबहादुरलाई मार्ने प्रयास गरे तर ती प्रयासहरू सबै विफल भएका थिए ।

जङ्गबहादुरका भाइ रणोद्दिपसिंहको शासनकालमा राणा विरोधी गतिविधि र राणाहरूबिचको आन्तरिक द्वन्द्व निकै बढेको थियो । जङ्गबहादुरका कान्छा भाइ धीरशमसेरका छोराहरूको हातमा सत्ता गएपछि उनीहरूले धेरै सावधानीपूर्वक शासन गर्न थाले । त्यसो भए पनि राणा विरोधी गतिविधि भने पूर्ण नियन्त्रण हुन सकेन । नेपालमा भएका प्रमुख राणा विरोधी गतिविधिहरू यसप्रकार थिए :

### (क) आर्य समाज

दयानन्द सरस्वतीले भारतमा बेलायतको इस्ट इन्डिया कम्पनीका विरुद्ध चालेको कदमबाट प्रभावित भएर माधवराज जोशीले नेपालमा पनि आर्य समाजको प्रचारप्रसार गरे । त्यो समाजका देखावटी कार्यहरू धर्ममा सुधारहरू थिए । तर मुख्य उद्देश्य धार्मिक अभियानमार्फत राणाविरुद्ध जनतामा चेतना

जगाउनु थियो । त्यो कुरा थाहा पाएपछि चन्द्रशमसेरले आर्य समाजलाई दमन गरे । माधवराज जोशी भागेर दार्जिलिङ गए । केही समयपछि उनका अन्य साथीहरूले मलामी गुठी नामको अर्को संस्था खोले । त्यसका माध्यमबाट उनीहरूले राणाविरुद्ध केही गतिविधि गरे ।

### (ख) मकैपर्व

चन्द्रशमसेरको शासनकालमा कौशल अड्डाका सुब्बा कृष्णलाल अधिकारीले वि.स. १९७७ मा 'मकैको खेती' नामक पुस्तक प्रकाशित गरी केही राणा विरोधी व्यङ्ग्यात्मक विवरण प्रस्तुत गरेका थिए । त्यो कुरा थाहा पाएपछि चन्द्रशमसेरले उनलाई जेल हालेका थिए । नौ वर्ष जेलमा बिताएपछि उनको मृत्यु भयो । यस घटनाले नेपाली समाजलाई राणा विरोधी बनाउन केही सहयोग पुग्यो ।

### (ग) भारतमा निर्वासित नेपालीहरूको योगदान

नेपालमा राणा शासनको विरोधमा संलग्न व्यक्तिहरूमाथि कडा निगरानी र दमन गरेपछि धेरै राणा विरोधी नेपालीहरूले आफ्नो सुरक्षाका लागि भारतको बनारसलगायतका विभिन्न स्थानमा शरण लिएर बसेका थिए । राणा सरकारले केही नेपालीहरूलाई जबरजस्ती देश निकाला पनि गरेको थियो । भारतमा रहँदा उनीहरूले राणा शासनलाई कमजोर पार्न विभिन्न गतिविधि सञ्चालन गरेका थिए ।

### (घ) लाइब्रेरी पर्व

राणा शासनकालमा नेपाली जनताले पढ्न र लेख्न पाउँदैनथे । राणाका छोराछोरीहरूलाई पढ्नका लागि केही विद्यालय खोलिए पनि शिक्षाको राम्रो विकास हुन सकेको थिएन । त्यही अवस्थामा जोगवीर सिंह, लक्ष्मीप्रसाद देवकोटा, हरिकृष्ण श्रेष्ठ आदि ४५ जना मिलेर वि.स. १९८७ मा पुस्तकालय स्थापना गरे । बाहिरी रूपमा पुस्तकालय शैक्षिक विकासका लागि भनिए पनि यसको वास्तविक उद्देश्य राणा शासन विरुद्ध चेतना जगाउनु थियो । तर केही समयपछि रामचन्द्र अधिकारीले भीमशमसेरलाई त्यसको वास्तविक रहस्य सुनाएपछि त्यसका सदस्यहरूलाई पक्राउ गरी रु. १०० का दरले जरिवाना गरियो ।

### (ङ) महावीर स्कुलको स्थापना

नेपालमा आम जनताका छोराछोरीलाई पनि शिक्षा दिनुपर्छ भनी केही शिक्षित युवाहरूले वि.स. १९९७ कार्तिक २ गते काठमाडौँको खिन्हटोलमा महावीर स्कुलको स्थापना गरे । ती युवाहरू पूर्णनारायण, टङ्कबिलास, गङ्गालाल, बाक्पतिराज, सिद्धिचरण श्रेष्ठ आदि थिए । यसरी खोलिएका स्कुलका कारण जनचेतना अभिवृद्धि हुने भन्दै राणा सरकारले २८ जना शिक्षकलाई पक्राउ गरी कैद गऱ्यो । यसले पनि नेपालमा राणा विरोधी गतिविधिलाई सघाउ पुऱ्यायो ।

## (च) विराटनगर मजदुर हडताल

विराटनगर जुटमिलका मजदुरले आफ्नो उचित पारिश्रमिक र सुविधाको माग राख्दै वि.स. २००३ फाल्गुन २१ गतेदेखि हड्ताल सुरु गरेका थिए । त्यो आन्दोलनका नेताहरू गिरिजाप्रसाद कोइराला, तारिणीप्रसाद कोइराला, मनमोहन अधिकारी, गेहेन्द्रहरि शर्मा, युवराज अधिकारी आदि थिए । केही समयपछि बी.पी. कोइराला पनि त्यसमा सामेल भए । चैत ४ देखि २४ गतेसम्म ठुलो आन्दोलन भयो । बी.पी. कोइरालालगायतका नेताहरू पक्राउ परे । त्यो आन्दोलनले नेपालमा राणा शासनको पतनमा ठुलो योगदान पुऱ्यायो ।

## (छ) जयतु संस्कृतम् आन्दोलन

राणा शासनविरुद्ध केही गतिविधिहरू अगाडि बढिरहेका बेला तीनधारा पाठशालाका विद्यार्थीहरूले संस्कृत शिक्षाको उन्नयनका लागि विभिन्न माग राखेर आन्दोलन गरे । सुरुमा शैक्षिक सुधारको माग गर्दै आन्दोलन गरेका विद्यार्थीहरूले क्रमशः राणा शासनविरुद्ध कदम चाल्न थाले । त्यसबाट केही हदसम्म राणा प्रधानमन्त्री पद्मशमसेरले माग पूरा गर्ने वाचा गरेपछि आन्दोलन रोकियो । त्यसपछि आन्दोलनका माध्यमबाट राणा प्रधानमन्त्रीबाट माग पूरा गराउन सकिन्छ भन्ने सन्देश फैलियो र जनतालाई राणाविरोधी आन्दोलनमा उत्तेजित गरायो ।

## (ज) राजनीतिक दलहरूको उदय

राणा शासनविरुद्धका केही गतिविधिहरू अगाडि बढिरहेका बेला केही राजनीतिक दलहरूको उदय भएपछि त्यो आन्दोलन थप उचाइमा पुगेको थियो । त्यस्ता राजनीतिक दलहरू निम्नानुसार थिए :

### (अ) प्रचण्ड गोर्खा

वि.स. १९८८ मा राणा शासनका विरुद्ध नेपालमा क्याप्टेन खण्डमानसिंहको नेतृत्वमा प्रचण्ड गोर्खा नामक राजनीतिक पार्टी खोलियो । त्यस पार्टीको उद्देश्य निरङ्कुश राणा शासनको अन्त्य गरी देशमा लोकतन्त्र स्थापना गर्ने थियो । जसमा उपेन्द्रविक्रम शाह, मैनाबहादुर खत्री, रङ्गनाथ शर्मा, खड्गमान सिंहलगायतका व्यक्तिहरू थिए । उनीहरूले राणा शासकहरूलाई मारेर देशमा लोकतन्त्र स्थापना गर्ने योजना बनाएका थिए । तर लक्ष्मण राजाले सो पार्टीको पोल खोलिदिएपछि सदस्यहरू समातिए र जेलमा परे । पार्टी पूर्ण रूपमा खारेज भयो ।

## (आ) प्रजा परिषद्

वि.स. १९९३ साल ज्येष्ठ २३ मा राजा त्रिभुवनका व्यायाम शिक्षक धर्मभक्त माथेमाको निवास ओमबाहालमा प्रजा परिषद् नामक राजनीतिक दलको स्थापना गरियो । त्यसको दुई वर्षपछि टङ्कप्रसाद आचार्य त्यसको अध्यक्ष बने । उपाध्यक्षमा दशरथ चन्द, महासचिवमा रामहरि शर्मा र सदस्यमा चुडाराज शर्मा, गोविन्दप्रसाद शर्मा, पुष्करनाथ उप्रेती आदि रहेका थिए । त्यो राजनीतिक दल स्थापना भएको र त्यसले पर्चाबाजी गरेको भन्ने जानकारी पाएपछि राणाहरू निकै त्रसित भए । यसबारे गोप्य खुलासा गर्नेलाई रु. पाँच हजार पुरस्कार दिने भनी गोरखापत्रमा सूचना प्रकाशित गरे । त्यसको लोभमा परेर शुक्रराज शास्त्रीका भाइ रामजी जोशी र मुरलीधर पण्डितले सबै कुरा भनिदिए । त्यसपछि राणा सरकारले सहभागीहरूलाई पक्रेर चरम यातना दियो । गङ्गालाल श्रेष्ठ, दशरथचन्द ठकुरी, धर्मभक्त माथेमा र शुक्रराज शास्त्रीलाई मृत्युदण्ड दिइएको थियो । यस्तो दमनका बाबजुद पनि राणाविरुद्धको अभियान क्रमिक रूपले अगाडि बढ्दै गयो ।

## (इ) नेपाल प्रजा पञ्चायत

गोपालप्रसाद रिमाल, त्रिपुरावर सिंह, विजयबहादुर मल्ल, गोपालप्रसाद श्रेष्ठलगायत केही युवाहरू मिलेर ‘नेपाल प्रजा पञ्चायत’ नामक राजनीतिक दल स्थापना गरी नेपालको पहिलो संविधान ‘वैधानिक कानुन २००४’ लागु गर्न दबाब दिए । यसले पनि जनतालाई राणा विरोधी क्रान्तिमा सहभागी हुन उत्प्रेरित गऱ्यो ।

## (ई) नेपाल कम्युनिस्ट पार्टी

नेपालबाट राणा शासन अन्त्य गर्ने प्रयास भइरहेको समयमा वामपन्थी विचारधारा बोकेका युवाहरू पनि क्रियाशील भएका थिए । भारतको निर्वासनमा रहेर नेपालमा राणा शासनको अन्त्य गर्नुपर्छ भनी सक्रिय रहेका केही युवाहरू मिलेर वि.स. २००६ सालमा कलकत्तामा नै नेपाल कम्युनिष्ट पार्टी गठन गरेका थिए । नेपालमा राणा शासन अन्त्य गरी जनताको शासन स्थापना गर्न भनी पुष्पलाललाई महासचिव बनाएर नेपाल कम्युनिस्ट पार्टी गठन गरेका थिए । त्यस पार्टीका अन्य सदस्यहरू निरञ्जन गोविन्द वैद्य, नारायणविलास जोशी, नरबहादुर कर्माचार्य रहेका थिए । नेपाली काङ्ग्रेससँग नीतिगत मेल हुन नसकेपछि वि.स. २००७ सालको क्रान्तिमा त्यो पार्टीले भाग लिएको थिएन । तर आफ्नो उद्देश्य पूरा गर्न भने निरन्तर लागेको थियो ।

### (उ) नेपाली काङ्ग्रेस

वि.स. २००३ सालको कार्तिक महिनामा भारतमा निर्वासित जीवन बिताइरहेका केही जोसिला युवाहरूले 'अखिल भारतीय नेपाली राष्ट्रिय काङ्ग्रेस' नामको राजनीतिक दल खोलेका थिए । वि.स. २००४ सालमा कलकत्ताको भवानीपुरमा भएको सम्मेलनले त्यो राजनीतिक दलको नाम बदलेर 'नेपाली राष्ट्रिय काङ्ग्रेस' बनायो । त्यसको अध्यक्षमा जेलमा रहेका टङ्कप्रसाद चुनिए भने बी.पी. कोइराला कार्यबाहक अध्यक्ष भए । त्यसका अरू सदस्यहरू बालचन्द्र शर्मा, डिल्लीरमण रेग्मी, गोपालप्रसाद उपाध्याय, कृष्णप्रसाद उपाध्याय, रुद्रप्रसाद गिरी आदि थिए । त्यो राजनीतिक सङ्गठनको उद्देश्य नेपालमा राणा शासनको अन्त्य गरी प्रजातन्त्र स्थापना गर्नु थियो । त्यसैगरी वि.स. २००५ साल श्रावण १ गते भारतकै कलकत्तामा अर्को राजनीतिक दल 'नेपाली प्रजातान्त्रिक काङ्ग्रेस' पनि गठन गरिएको थियो । त्यो राजनीतिक दलका संस्थापक सदस्यहरू सुवर्णशमसेर, सूर्यप्रसाद उपाध्याय, महेन्द्रविक्रम शाह, प्रेमबहादुर कंशाकार, सुन्दरराज चालिसे आदि थिए । त्यो राजनीतिक सङ्गठनको उद्देश्य भने सशस्त्र विद्रोहबाट नेपालमा प्रजातन्त्र स्थापना गर्नु थियो । त्यो सङ्गठनले राणा सरकारसँग लड्न एक सशस्त्र स्वयम्सेवक दल पनि खडा गरेको थियो ।

नेपाली राष्ट्रिय काङ्ग्रेस र नेपाली प्रजातन्त्र काङ्ग्रेस दुबै राजनीतिक दलहरूको उद्देश्य राणा शासन समाप्त गरी नेपालमा प्रजातन्त्रको स्थापना गर्नु थियो । जनबलका दृष्टिले नेपाली राष्ट्रिय काङ्ग्रेस बलियो थियो भने आर्थिक दृष्टिले नेपाली प्रजातान्त्रिक काङ्ग्रेस बलियो थियो । ती दुबै सङ्गठनहरू एक भएमा राणा शासन विरोधी अभियान सशक्त हुन सक्ने र नेपालबाट राणा शासनको अन्त्य गर्न सकिने महसुस गरी २७ चैत्र २००६ मा दुबै दल मिलाएर नेपाली काङ्ग्रेस नामको नयाँ राजनीतिक दल घोषणा गरियो । त्यो नवगठित राजनीतिक दल नेपाली काङ्ग्रेसका अध्यक्षमा मातृकाप्रसाद कोइराला र महासचिवमा महेन्द्रविक्रम शाह चुनिए । नेपाली प्रजातान्त्रिक काङ्ग्रेसको झन्डालाई नै नेपाली काङ्ग्रेसको झन्डा स्वीकार गरियो । वि.स. २००७ साल आश्विन ९ र १० गते त्यो राजनीतिक दल नेपाली काङ्ग्रेसले भारतको वैरगनिया भन्ने स्थानमा सम्मेलन गरी नेपालमा राणा शासन विरुद्ध सशस्त्र आन्दोलन गर्ने निर्णय गऱ्यो ।

### (ऊ) मुक्तिसेनाको गठन

नेपाली काङ्ग्रेसले थिरबम मल्लको नेतृत्वमा र दिलमानसिंह, दिलबहादुर राई, पुरनसिंह, बी.बी. याक्थुम्बा आदिको सहायक नेतृत्वमा मुक्तिसेना नामक स्वतन्त्र सेना गठन गऱ्यो । त्यस

सेनाले नेपालको सीमा क्षेत्र झापा, विराटनगर, वीरगन्ज, बारा, पर्सा, रौतहट, सर्लाही, सप्तरी, महोत्तरी, चितवन, नवलपरासी, बुटवल, भैरहवा, दाङ, बाँके, बर्दिया, कैलाली, कञ्चनपुरमा एकैपटक अक्रमण गऱ्यो ।

## २. राणा शासनको पतनका कारणहरू

नेपालमा वि.स. १९०३ सालमा स्थापना भएको राणा शासन वि.स. २००७ सालमा अन्त्य भयो जसका कारणहरू निम्नानुसार थिए :

### (क) ब्रिटिस शासनको अन्त्य र भारतमा लोकतान्त्रिक सरकारको स्थापना

नेपालका राणा प्रधानमन्त्रीहरूले सुरुदेखि नै ब्रिटिस इस्ट इन्डिया कम्पनी सरकारलाई सहयोग र समर्थन गरेका थिए । त्यसैले उनीहरूले भारतमा राणा शासन विरुद्धका गतिविधिहरूको निगरानी गरिरहे । वि.स. २००४ सालमा बेलायतको कम्पनी सरकार भारतबाट फिर्ता गयो । त्यसपछि भारतमा नवगठित प्रजातान्त्रिक सरकारका प्रधानमन्त्री जवाहरलाल नेहरूले नेपालमा राणा शासन अन्त्य गर्न समर्थन गरे । भारतमा निर्वासित जीवन बिताइरहेका नेपालीहरूले राजनीतिक दल स्थापना गरी राणा विरोधी गतिविधिमा स्वतन्त्र रूपमा संलग्न हुन थाले । यसले गर्दा राणा शासनको अन्त्य गर्न सहयोग पुग्यो ।

### (ख) राणाहरूबिचको आन्तरिक द्वन्द्व

जङ्गबहादुरले आफ्ना भाइहरूको सहयोगमा नेपालमा राणा शासन स्थापना गरेका थिए । त्यसैले उनले आफ्ना भाइहरूलाई राज्यका उच्च पदहरूमा नियुक्त गरे । जब जङ्गबहादुरले उत्तराधिकारीसम्बन्धी नियम बनाए, तब राणा परिवारमा विवाद सुरु भयो । जङ्गबहादुरको मृत्युपछि विद्रोहद्वारा सत्ता कब्जा गर्ने परम्परा विकसित भयो । प्रधानमन्त्री रणोद्दीप सिंहको हत्या गरी धीरशमसेरका छोरा वीरशमसेर प्रधानमन्त्री भए । वीरशमसेर, देवशमसेर, चन्द्रशमसेर आदिको शासनकालमा आन्तरिक कलह बढ्यो । त्यसपछि एकथरि राणाहरू नै राणा शासनको अन्त्यका लागि भएको आन्दोलनहरूमा सहभागी हुन थाले ।

### (ग) काठमाडौँ उपत्यकाबाट 'ग' वर्गका राणाहरूलाई निष्कासन गर्नु

चन्द्रशमसेरले राणाहरूलाई क, ख र ग वर्गमा विभाजन गरेका थिए । वि.स. १९९० चैत ५ मा प्रधानमन्त्री जुद्धशमसेरले ग वर्गका राणाहरूलाई उपत्यकाबाट निष्काशन गरे । त्यसपछि ग वर्गका राणाहरू राणा विरोधी अभियानमा लागे र अन्ततः राणा शासनको पतन भयो ।

### (घ) विश्वयुद्धमा भाग लिएर फर्केका गोर्खाली सेनाको भूमिका

नेपालीहरूले गोर्खा आर्मीमा भर्ती भएर कम्पनी सरकारको तर्फबाट पहिलो र दोस्रो विश्वयुद्धमा भाग लिएका थिए । युद्धका क्रममा उनीहरू विश्वका विभिन्न ठाउँमा पुगे । त्यस अवधिमा उनीहरूले विश्वको राजनीतिक, सामाजिक परिवर्तन र विकासलाई गहिरोसँग अवलोकन गर्ने अवसर पाएका थिए । दोस्रो विश्वयुद्ध समाप्त भएपछि ती सेनाहरू नेपाल फर्किए । नेपाल आएपछि उनीहरूले नेपालको विकास हुन नसक्नुका कारण राणाहरूको निरङ्कुश शासन भएको थाहा पाए । त्यसपछि उनीहरू बिस्तारै राणा विरोधी गतिविधिमा संलग्न हुन थाले जसले राणा शासनको पतनमा थप सहयोग पुग्यो ।

### (ङ) राजा र राजपरिवारको योगदान

राणा शासनको उदयदेखि नै नेपालका राजा र राजपरिवारका व्यक्तिहरू राजेन्द्रविक्रम शाह, उपेन्द्र विक्रम शाह, त्रैलोक्य वीरविक्रम शाह, नरेन्द्र वीरविक्रम शाह, पृथ्वी वीरविक्रम शाह, त्रिभुवन वीरविक्रम शाह आदिले राणा शासनको अन्त्य गरी राजाको शक्ति फिर्ता गर्न प्रयास गरेका थिए । यसले गर्दा पनि राणा शासनको पतनमा थप बल मिल्यो ।

## अभ्यास

१. तलका प्रश्नहरूको अति छोटो उत्तर दिनुहोस् :

(क) आर्य समाजको कुनै एक उद्देश्य लेख्नुहोस् ।

(ख) मुक्ति सेनाको मुख्य भूमिका के थियो ?

(ग) विराटनगर जुटमिलमा हड्ताल गरिनुको कुनै एक कारण लेख्नुहोस् ।

(घ) कुन कुन दुईओटा पार्टीहरू मिलेर नेपाली काङ्ग्रेस पार्टी गठन भएको थियो ?

२. तलका प्रश्नहरूको छोटो उत्तर दिनुहोस् :

(क) भारतमा रहेका नेपालीहरूले गरेका राणा विरोधी गतिविधिबारे बयान गर्नुहोस् ।

(ख) नेपाली काङ्ग्रेस पार्टीको गठन कसरी भयो, उल्लेख गर्नुहोस् ।

(ग) मुक्तिसेना र त्यसका गतिविधिबारे छोटो विवरण प्रस्तुत गर्नुहोस् ।

३. तलका प्रश्नहरूको लामो उत्तर दिनुहोस् :

(क) नेपालको पहिलो राजनीतिक दल नेपाल प्रजापरिषद्को गठन र त्यसका गतिविधिबारे चर्चा गर्नुहोस् ।

(ख) राणाहरूको आन्तरिक कलह र ग वर्गका राणाहरूको निश्काशनले राणा शासनको पतनमा कस्तो भूमिका निर्वाह गऱ्यो, उल्लेख गर्नुहोस् ।

(ग) राणा शासनको पतनमा राजपरिवारका सदस्यहरूले खेलेको भूमिकाबारे समीक्षा गर्नुहोस् ।

## परियोजना कार्य

राणा शासनको पतन हुनुका कारणहरूको खोजी गरी चार्टमा प्रस्तुत गर्नुहोस् ।

पाठ ८

# वि.स. २००७ सालको क्रान्ति र यसका उपलब्धि

नेपालमा वि.स. २००७ सालमा राणा शासनको अन्त्य र देशमा प्रजातान्त्रिक शासन व्यवस्था स्थापना गर्नका लागि क्रान्ति भएको थियो । त्यो क्रान्ति सफल भई १०४ वर्षसम्म कायम रहेको राणा शासनको अन्त्य भई राजा र प्रजाको अधिकार पुन:स्थापना भएको थियो ।

## १. वि.स. २००७ सालको क्रान्तिका कारणहरू

वि.स. २००७ सालमा नेपालमा राणा शासनको अन्त्य भयो । १० जना राणा प्रधानमन्त्रीहरूले १०४ वर्षसम्म शासन गरे । उनीहरू जङ्गबहादुर, बमबहादुर, रणद्दीप सिंह, वीरशमसेर, देवशमसेर, चन्द्रशमसेर, भीम शमसेर, जुद्धशमसेर, पद्मशमसेर र मोहनशमसेर राणा थिए । वि.स. २००७ सालमा भएको क्रान्तिका कारणहरू :

### (क) आन्तरिक कारण

राणा शासनको पतनका लागि देशभित्र भएका घटनाहरूलाई आन्तरिक कारण मानिन्छ । ती आन्तरिक कारणहरू यसप्रकार थिए :

(अ) राजनीतिक कारण : राणाकालको राजनीतिक व्यवस्था निरङ्कुशता, सामन्तवाद र केन्द्रीकरणमा आधारित थियो । राणा प्रधानमन्त्री राज्यका शक्तिशाली शासक हुन्थे । राज्यका विशेष पदहरूमा राणा परिवारका सदस्यहरू नै नियुक्त हुन्थे । सामान्य कर्मचारीको नियुक्ति, बढुवा र बर्खास्ती पनि चाप्लुसी तथा नातावादमा आधारित थियो । देशको राजनीतिमा घुसखोरी, भ्रष्टाचार र कृपावाद मौलाएको थियो । राणा प्रधानमन्त्रीको बोली नै कानुन हुन्थ्यो । जनताका सबै अधिकार राणा शासकहरूले उपयोग गरेका थिए । जनतालाई बोल्न, लेखरचना प्रकाशन गर्न, सङ्घ सङ्गठन खोल्न तथा शिक्षा आर्जन गर्न प्रतिबन्ध लगाइएको थियो । एउटै अपराधमा पनि राणा परिवारका सदस्यलाई माफी दिइन्थ्यो भने जनताका छोराछोरीलाई मृत्युदण्डसम्मको सजाय दिइन्थ्यो । प्रथम विश्वयुद्धपछि राष्ट्रवाद र स्वतन्त्रताको लहर विश्वभर फैलिँदै गयो र यसले नेपाली जनतालाई पनि प्रभाव पाऱ्यो । बी.पी. कोइराला, सुवर्णशमसेर जस्ता केही युवाहरूले गोप्य रूपमा राणा विरोधी प्रचार र राजनीतिक सङ्गठनहरू बनाउन थाले । राणा शासनको विरुद्धमा आफ्नो अधिकारका लागि आवाज उठाउन थाले । राणा प्रधानमन्त्रीहरूको अदूरदर्शी र स्वेच्छाचारी शासनका विरुद्ध जनताले विद्रोह गरेका कारण राणा शासनको पतन भयो ।

(आ) आर्थिक कारण : राणाकालमा देशमा आर्थिक अनियमितता व्यापक रूपमा बढेको थियो । त्यतिबेला देश धनी भए पनि जनता गरिब बन्दै गएका थिए । जनताले तिरेको करको रकम राणा प्रधानमन्त्रीले स्वेच्छाले खर्च गर्थे । राज्यकोषको रकमले ठुला ठुला दरबार बनाएर आरामसँग बस्थे । उनीहरू बग्गी चढेर काठमाडौँ सहर घुम्ने, बहुमूल्य गहना र विदेशी वस्तुहरू प्रयोग गर्ने, जुवा खेलेर धन खर्च गर्ने गर्थे । उद्योग, व्यापार, खानी, वन, भन्सार जस्ता सबै आर्थिक स्रोत राणा परिवारको कब्जामा थिए । राज्यमा कर असुल गर्ने निहुँमा राणा शासकहरूले जमिन्दार, बिर्तावाल, ठेकेदार र रजौटाहरूलाई जनताको शोषण गर्न पूर्ण स्वतन्त्रता दिएका थिए । समाजमा बेठी, बेगारी, घिउखानी, टिकाभेट जस्ता नाममा कर उठाउनेहरूले जनताको शोषण गर्थे । उद्योगहरूमा कामदारहरूलाई निकै कम ज्यालामा काम लगाइन्थ्यो । यसले गर्दा जनताको आक्रोश र अशान्ति बढ्दै गयो । अन्त्यमा देशको आर्थिक अवस्था सुधार्न क्रान्ति आवश्यक छ भन्ने महसुस भई क्रान्ति भयो ।

(इ) सामाजिक कारण : नेपालमा राणा शासनको पतनमा तत्कालीन सामाजिक अवस्थाले पनि महत्त्वपूर्ण भूमिका खेलेको थियो । राणा शासनकालमा देशको सामाजिक अवस्था दयनीय बन्यो । जातीय विभेद, छुवाछुत र कट्टरताले समाजमा जरा गाडेको थियो । उनीहरूले चाकडी गर्नेहरूलाई जात बढुवा र कसैलाई जात घटुवासमेत गर्थे । समाजमा तल्लो जातिका मानिसहरू बढी शोषित र पीडित थिए । समाजमा बालविवाह, बहुविवाह, अनमेल विवाह जस्ता सामाजिक कुरीतिहरू कायम थिए । बिस्तारै जनताले राणा शासकको कुकर्मका बारेमा थाहा पाए र आफ्नो अधिकारको लागि आन्दोलन सुरु गरे जसले गर्दा राणा शासनको पतन भयो ।

(ई) राजा त्रिभुवनको भूमिका : वि.स. २००७ सालको आन्दोलन हुनमा नेपालका तत्कालीन राजा त्रिभुवन वीरविक्रम शाहदेवको पनि महत्त्वपूर्ण योगदान रहेको थियो । जङ्गबहादुरले निरङ्कुश राणा शासन सुरु गरेदेखि नै नेपालका राजाहरूले आफ्नो अधिकार फिर्ता लिने प्रयास गरेका थिए । त्यसमध्ये राजा त्रिभुवन राणा विरोधी गतिविधिमा सबैभन्दा बढी सक्रिय भए । उनले राणा विरोधीहरूसँग गोप्य सम्पर्क गरी नेपाली प्रजापरिषद् नामक राणा विरोधी सङ्गठन लाई आर्थिक सहयोग गरे । त्यस कार्यमा राजाका पिटी शिक्षक धर्मभक्त माथेमा र कम्पाउन्डर चन्दमान डङ्गोलले सहयोग गरेका थिए ।

देशमा राणा विरोधी गतिविधि बढिरहेका बेला २००७ साल कात्तिक २१ गते सोमबार बिहान ९.४५ बजे राजा त्रिभुवनले राजगद्दी त्याग गरी भारतीय दूतावास शरण लिन पुगे र २६ कार्तिक दिउँसो १२.३० बजे परिवारसहित भारतीय विशेष विमानबाट दिल्ली पुगेका थिए ।

त्यो समयमा नेपाली काङ्ग्रेसले देशभर सशस्त्र आन्दोलन गरिरहेको थियो । अन्त्यमा राणा प्रधानमन्त्री मोहनशमसेर दिल्ली सम्झौता गर्न बाध्य भए जसको परिणामस्वरूप नेपालमा १०४ वर्षको निरङ्कुश राणा शासन अन्त्य भयो ।

## (ख) अन्तर्राष्ट्रिय कारण

२१ औँ शताब्दीमा धेरै युरोपेली देशहरू औपनिवेशिक नियन्त्रणबाट मुक्त भए । प्रथम विश्वयुद्धपछि एसियाली देशहरूमा पनि स्वतन्त्रताको लहर आयो । वि.स. १९७४ मा भएको क्रान्तिले रुसमा जारशही शासनको अन्त्य गऱ्यो ।

वि.स. १९६८ मा मन्चु सम्राट्ले चीनमा पनि गद्दी त्याग्नुपरेको थियो । प्रथम विश्वयुद्धपछि हङ्गेरी, पोल्यान्ड, चेकोस्लोभाकिया, युगोस्लाभिया, फिनल्यान्ड जस्ता राष्ट्रहरू पनि स्वतन्त्र बन्दै गए । युरोपका धेरै देशहरूमा निरङ्कुश राजतन्त्रको अन्त्य भई गणतन्त्रात्मक शासन व्यवस्था स्थापना भयो । प्रथम र दोस्रो विश्वयुद्धमा बेलायती सरकारको अनुरोधमा युद्ध लड्न गएका नेपाली सेनाले विभिन्न देशको विकास र परिवर्तनको अवस्थाबारे अध्ययन गर्ने अवसर पाए । युद्धबाट फर्केपछि नेपाली युवाहरूले नेपालको विकासमा राणा शासकहरू नै बाधक भएको कुरा थाहा पाए । उनीहरूले राणा सरकार विरुद्ध नेपाली जनतामा चेतना फैलाउने काम गरे । वि.स. २००४ सालमा भारत स्वतन्त्र भयो । अङ्ग्रेजहरूले भारतमा आफ्नो साम्राज्यवादी उपनिवेशहरू त्याग्नुपऱ्यो । भारतमा स्थापित नयाँ सरकारले नेपालको राणा विरोधी आन्दोलनलाई समर्थन गऱ्यो । भारतीय प्रधानमन्त्री जवाहरलाल नेहरूले नेपालका राणाहरूलाई सत्ता त्याग्न दबाब दिए । राजा त्रिभुवनले गद्दीत्याग गरेपछि राणा प्रधानमन्त्री मोहनशमसेरले उनका नाति ज्ञानेन्द्रलाई गद्दीमा राखे तर भारत र चीन दुबैले ज्ञानेन्द्रलाई नेपालको राजा मानेनन् । भारतले समर्थन नगरेपछि बेलायत र अमेरिकाले पनि नयाँ राजालाई समर्थन गरेनन् । यसरी राणा शासकका लागि अन्तर्राष्ट्रिय परिस्थिति प्रतिकूल हुनु पनि राणा शासनको पतनको प्रमुख कारण थियो ।

यसरी वि.स. २००७ मा नेपालमा राणा विरोधी आन्दोलन निकै बढ्दै गएपछि राणाहरू आन्दोलनकारीसँग सम्झौता गर्न बाध्य भए । दिल्लीमा राणा, राजा त्रिभुवन र क्रान्ति गरेको पार्टी नेपाली काङ्ग्रेसका बिचमा त्रिपक्षीय सम्झौता भयो । त्यसपछि राजा त्रिभुवन वि.स. २००७ फागुन ४ गते नेपाल फर्किए र वि.सं २००७ फागुन ७ गते प्रजातन्त्रको घोषणा गरे । यसरी नेपालमा १०४ वर्षपछि राणा शासनको अन्त्य भयो ।

## २. वि.स. २००७ को क्रान्तिका परिणामहरू

वि.स. २००७ को क्रान्तिले नेपालको राजनीतिक क्षेत्रमा मात्र नभएर देशकै समग्र सामाजिक, सांस्कृतिक, शैक्षिक तथा प्रशासनिक क्षेत्रमासमेत ठुलो परिवर्तन ल्याइदियो । ती परिणामहरू यसप्रकार थिए :

### (क) राणा शासनको अन्त्य र प्रजातन्त्रको स्थापना

राणा विरोधी आन्दोलनको सबैभन्दा प्रमुख प्रभाव निरङ्कुश राणा शासनको पतन गरायो । त्यो आन्दोलनले पुस्तौँदेखि चलेको राणा परिवारको एकाधिकार अन्त्य गर्दै लोकतान्त्रिक प्रणालीको स्थापना गऱ्यो ।

### (ख) अन्तरिम सरकारको स्थापना

राणा शासनको पतनपछि नेपालमा राणा काङ्ग्रेसको संयुक्त अन्तरिम सरकार गठन गरियो । जुन सरकारमा राणा पक्षबाट ५ पाँच जना र नेपाली काङ्ग्रेसका तर्फबाट पाँच जना व्यक्तिहरू मन्त्रीमण्डलमा सहभागी भए । त्यो सरकारको प्रधानमन्त्री भने मोहनशमसेर नै भए ।

### (ग) राजनीतिक दल र अभिव्यक्ति स्वतन्त्रता

वि.स. २००७ मा राणाविरोधी आन्दोलन सफल भएपछि नेपालमा विभिन्न राजनीतिक दलहरूको गठन भई अभिव्यक्ति स्वतन्त्रता स्थापित भयो । जनतामा खुला बहस, छलफल र राजनीतिक सङ्गठन खोल्ने स्वतन्त्रता स्थापित भयो ।

### (घ) सामाजिक, आर्थिक सुधार र आधुनिकीकरण

राणा शासनको पतनसँगै देशमा सामाजिक, आर्थिक सुधार र आधुनिकीकरणको जग बस्न गयो । शिक्षा, पूर्वाधार विकास र सार्वजनिक सेवाको सुधारका लागि प्रयासहरू भए । राणा शासनअन्तर्गत कायम रहेको सामन्तवाद र भूमि असमानताका समस्याहरूलाई सम्बोधन गर्न विभिन्न भूमिसुधारको व्यवस्था प्रारम्भ गरियो ।

### (ङ) अन्तर्राष्ट्रिय मान्यता र कूटनीतिक संलग्नता

राणा विरोधी आन्दोलन सफल भएपछि नेपालको अन्तर्राट्रिय छवि बढ्दै गयो । फलस्वरूप अन्य देशहरूसँग नेपालको कूटनीतिक सम्बन्ध विस्तार भयो । विश्वव्यापी मञ्चमा राष्ट्रको पहिचान बढ्दै गयो । नेपालको प्रजातान्त्रिक विकासलाई अन्तर्राष्ट्रिय समुदायले स्वागत गरेको थियो । समग्रमा

वि.स. २००७ को क्रान्ति नेपालको इतिहासमा एक महत्त्वपूर्ण घटना थियो । त्यो क्रान्तिले देशमा निरङ्कुश शासनको अन्त्य गरी संवैधानिक राजतन्त्रात्मक शासन व्यवस्थाको स्थापना गऱ्यो । यसले गर्दा देशमा प्रजातन्त्रको जग बस्न गयो । त्यो आन्दोलनको परिणामस्वरूप पछिल्ला वर्षहरूमा नेपालको राजनीतिक, सामाजिक र आर्थिक विकासमा दिगो प्रभाव पर्न गयो ।

## अभ्यास

१. तलका प्रश्नहरूको अति छोटो उत्तर दिनुहोस् :

(क) वि.स. २००७ को क्रान्तिका प्रमुख दुईओटा कारणहरू के के थिए ?

(ख) दिल्ली सम्झौता कुन कुन पक्षका बिचमा भएको थियो ?

(ग) राणा शासनको पतनमा आन्तरिक कारण केलाई मानिन्छ ?

(घ) राजा त्रिभुवनले गद्दी त्याग गरेपछि प्रधानमन्त्री मोहनशमसेरले कसलाई राजा बनाए ?

२. तलका प्रश्नहरूको छोटो उत्तर दिनुहोस् :

(क) वि.स. २००७ को क्रान्तिको आन्तरिक र बाह्य कारणहरू उल्लेख गर्नुहोस् ।

(ख) वि.स. २००७ को क्रान्तिमा राजा त्रिभुवनको योगदानको विश्लेषण गर्नुहोस् ।

३. तलका प्रश्नहरूको लामो उत्तर दिनुहोस् :

(क) राजनीतिक दलका गतिविधि र २००७ सालको क्रान्तिका प्रभाव स्पष्ट पार्नुहोस् ।

(ख) वि.स. २००७ को क्रान्तिमा बाह्य सहयोग र समर्थन विश्लेषण गर्नुहोस् ।

## परियोजना कार्य

वि.स. २००७ को क्रान्तिका कारण र परिणामहरूको दुईओटा सूची तयार पारी कक्षामा प्रस्तुत गर्नुहोस् ।

पाठ ९

# प्रजातान्त्रिक अभ्यासको एक दशक

वि.स. २००७ देखि २०१७ सालसम्म नेपालमा १० ओटा सरकार फेरिए । राजनीतिक स्वतन्त्रता र प्रजातन्त्रको अभ्यास भए पनि अस्थिरता भने कायमै रह्यो । राजनीतिक स्वतन्त्रता र प्रजातान्त्रिक अभ्यासका कारण जनतामा चेतनाको विकास हुँदै गयो । सामाजिक परिवर्तनहरू हुँदै गए । आर्थिक क्षेत्रमा पनि जनताको सहभागिता बढ्न थाल्यो । राज्यमा उद्योगधन्दा, बन्द व्यापार खुल्दै गए । देशमा कानुनी राज्य स्थापना भयो । राजनीतिक विकासका लागि संसदीय अभ्यास हुन थाल्यो । वि.स. २००७ देखि २०१७ सम्मका सरकारहरू यसप्रकार थिए :

## (क) राणा-काङ्ग्रेस संयुक्त सरकार

वि.स. २००७ फागुन ७ गते राजा त्रिभुवनले मोहनशमसेरको नेतृत्वमा १० सदस्यीय संयुक्त सरकार गठन गरे । यसमा राणा पक्षबाट मोहनशमसेर, बबरशमसेर, चुडाराजशमसेर, नृपजङ्ग राणा र यज्ञबहादुर बस्नेत थिए । त्यसैगरी नेपाली काङ्ग्रेसका तर्फबाट विश्वेश्वरप्रसाद कोइराला, सुवर्णशमसेर, गणेशमान सिंह, भद्रकाली मिश्र र भरतमणि शर्मा मन्त्री पदमा नियुक्त भएका थिए । त्यस सरकारले विधान सभाद्वारा संविधान निर्माण गर्ने र एक वर्षभित्रमा आम निर्वाचन गर्ने जिम्मेवारी पाएको थियो ।

राणा-काङ्ग्रेस संयुक्त सरकारले वि.स. २००७ चैत्र २० गतेदेखि प्रजातन्त्र रेडियो प्रसारण र अन्तरिम शासन विधान निर्माण गऱ्यो । त्यो समयमा केही राणा समर्थकहरू मिलेर गोरखा दल नामको विद्रोही समूह गठन गरे । त्यसलाई खुकुरी दल पनि भनियो । त्यस दलले नेपाली काङ्ग्रेसका मन्त्रीहरूलाई धम्क्याउने गरेका कारण राणा र काङ्ग्रेसका मन्त्रीहरूका बिचमा विवाद बढ्दै गयो । गोरखादलका कार्यकर्ताले गृहमन्त्री बी.पी. कोइरालालाई आक्रमण गर्ने प्रयास गरे । त्यस्तैमा दुई पक्षका मन्त्रीहरूका बिचमा विवाद बढ्दै जाँदा वि.स. २००८ कार्तिक २५ गते काङ्ग्रेसका मन्त्रीहरूले राजीनामा दिए । त्यसपछि कार्तिक २६ गते मोहनशमसेरले पनि राजीनामा दिएपछि मङ्सिर १ गते त्यो सरकार समाप्त भई नयाँ सरकार गठन भयो । त्यो सरकारले जमिनदारी र बेठबेगारी प्रथाको अन्त्य, बिर्ता उन्मूलनको प्रयास, जुवातासमा प्रतिबन्ध, सर्वोच्च अदालतको स्थापना, निर्वाचन आयोग, लोक सेवा आयोग, जनसङ्ख्या आयोग, कानुन आयोगको स्थापना जस्ता कार्यहरू गरेको थियो ।

### (ख) नेपाली काङ्ग्रेसको मन्त्रीमण्डल

वि.स. २००८ मङ्सिर १ गते राजा त्रिभुवनले काङ्ग्रेसका सभापति मातृकाप्रसाद कोइरालाको अध्यक्षतामा नेपाली काङ्ग्रेसका ८ जना र अन्य ६ जना व्यक्तिहरूलाई समावेश गरी १४ सदस्यीय मन्त्रीमण्डल गठन गरे । त्यस सरकारले नेपालमा सडक विस्तारका लीग सर्वेक्षण गराउने, प्रशासन सुधारका लागि विशेषज्ञहरूको राय लिने, जमिनदारी प्रथामा सुधार गर्ने जस्ता कामहरू गऱ्यो । त्यस समयमा नेपाली काङ्ग्रेसको जनकपुरमा भएको सम्मेलनले बी.पी.कोइरालालाई सभापतिमा नियुक्त गरेपछि पार्टी र प्रधानमन्त्रीका बिचमा विवाद हुँदा प्रधानमन्त्री मातृकाप्रसाद कोइरालाले पदबाट राजीनामा दिन बाध्य भएपछि वि.स. २००९ साउन १९ गते त्यो सरकारको अन्त्य भयो ।

### (ग) परामर्शदातृ सरकार

प्रजातन्त्रको स्थापना भएपछि देशमा स्थायी शान्ति र विकास हुन्छ भन्ने जनताको अपेक्षा थियो । तर राजनीतिक दलहरूकै बिचमा विवाद बढ्दै जाँदा अस्थिरता देखियो । त्यस्तो अवस्थामा राजा त्रिभुवनले प्रत्यक्ष शासन गर्ने प्रयास गरे । उनले वि.स. २००९ साउन ३० गते केशर शमसेरको अध्यक्षतामा एक परामर्शदातृ सरकार गठन गरे । जसमा महावीरशमसेर, खड्गमानसिंह, सुरेन्द्रबहादुर बस्न्यात र मणिकलाल राजभण्डारी सदस्यमा नियुक्त भए । त्यसरी राजाले देशको राजनीतिक शक्ति आफ्नो हातमा लिने प्रयास गरेपछि राजनीतिक दलहरूले सरकारका विरुद्ध आन्दोलन गरे । त्यो समयमा मातृकाप्रसाद कोइरालाले राष्ट्रिय प्रजापार्टी, वेदानन्द झाले नेपाल तराई काङ्ग्रेस जस्ता नयाँ पार्टीहरू खोले । परामर्शदातृ सरकारले पनि राम्ररी काम गर्न नसकेपछि वि.स. २०१० साल असारमा त्यो सराकार विघटन गरियो ।

### (घ) राष्ट्रिय प्रजा पार्टीको सरकार

परामर्शदातृ सरकार विघटन गरी राजा त्रिभुवनले वि.स. २०१० असार २ गते मातृकाप्रसाद कोइरालाको नेतृत्वमा नयाँ सरकार गठन गरे । त्यस्तैमा राजा त्रिभुवन बिरामी परी कलकत्तामा उपचारका लागि गए । उनले युवराज महेन्द्रलाई कलकत्ता बोलाएर देशको अधिकार हस्तान्तरण गरे । त्यसपछि युवराज महेन्द्र नेपाल आएर मातृकाप्र साद कोइरालाको मन्त्रीमण्डलमा केही मन्त्रीहरू फेरबदल गरे । उता स्विजरल्यान्डमा उपचारका लागि गएको बेला वि.स. २०११ फागुन ३० गते ४८ वर्षको उमेरमा क्यान्टन अस्पतालमा राजा त्रिभुवनको मृत्यु भयो ।

### (ङ) शाही सल्लाहकार सरकार

वि.स. २०१२ वैशाख १ गते राजा महेन्द्रले सरदार गुञ्जमान सिंहको अध्यक्षतामा पाँच सदस्यीय सल्लाहकार सभा गठन गरी आफैँले शासन गरे । राजाले देशमा भूमिसम्बन्धी सुधारको घोषणा गरे । उनले चीनमा शरणार्थीका रूपमा रहेका डा. के.आई. सिंहलाई फिर्ता बोलाए । सन् १९५५ को डिसेम्बर १४ का दिन नेपाल संयुक्त राष्ट्रसङ्घको सदस्य भयो । त्यसैगरी वि.स. २०१२ पौष १ गते नेपाल अन्तर्राष्ट्रिय श्रम सङ्गठनको पनि सदस्य भयो ।

### (च) नेपाल प्रजापरिषद्को सरकार

वि.स. २०१२ माघ १३ गते राजा महेन्द्रले नेपाल प्रजापरिषद्का नेता टङ्कप्रसाद आचार्यको अध्यक्षतामा नयाँ सरकार गठन गरे । वि.स. २०१३ मा त्यो सरकारकै शासनकालदेखि नेपालमा पञ्चवर्षीय योजना लागु भयो । यसका अतिरिक्त नेपाल राष्ट्र बैङ्कको स्थापना, सर्वोच्च अदालत ऐन, २०१३ को निर्माण, रुस र जापानसँग दौत्य सम्बन्ध स्थापना गर्ने, विश्व हुलाक सङ्घको सदस्यता प्राप्त गर्ने जस्ता कार्य गरे पनि तोकिएको मितिमा संविधान सभाको निर्वाचन गर्न नसकेको, राज्य सञ्चालनमा असफल रहेको भनी राजा महेन्द्रले वि.स. २०१४ असार ३१ गते त्यो मन्त्रीमण्डल विघटन गरे ।

### (छ) संयुक्त प्रजातन्त्र पार्टीको सरकार

केही समय चीनमा शरणार्थीका रूपमा रहेका नेता डा. के.आई सिंह नेपाल आएपछि उनले संयुक्त प्रजातन्त्र नामको पार्टी खोलेका थिए । राजा महेन्द्रले नेपाल प्रजापरिषद्को सरकार भङ्ग गरेपछि वि.स. २०१४ साउन ११ गते डा. के.आई. सिंहको अध्यक्षतामा ११ सदस्यीय नयाँ मन्त्रीमण्डल गठन गरे । तर त्यो सरकार भारतप्रति बढी झुक्नु, संविधान सभाको विरोध गर्नु, भ्रष्टाचारीमाथि कार्बाही गर्न नसक्नु जस्ता आरोप लागेपछि ११० दिनका दिन डा. के.आई सिंहले आफ्नो पदबाट राजीनामा दिए ।

### (ज) राजा महेन्द्रको प्रत्यक्ष शासन

वि.स. २०१४ कार्तिक २९ गतेदेखि राजा महेन्द्रले पुन: प्रत्यक्ष शासन सुरु गरे । त्यस समयमा नेपाली काङ्ग्रेस जस्ता पार्टीले देशमा संसदीय निर्वाचन गर्न दबाब दिँदै भद्रअवज्ञा आन्दोलन गरे । राजाले देशको राजनीतिक अस्थिरताका विषयमा छलफल गर्न राजनीतिक सम्मेलन बोलाए । त्यही सम्मेलनले वि.स. २०१५ फागुन ७ गते निर्वाचन गर्ने मिति तोक्यो । तर माघ १९ गते नै राजाले एक संविधान मसौदा समिति गठन गरी त्यही संविधानका आधारमा संसदीय निर्वाचन गरिने छ भनी घोषणा गरे । उनले वि.स. २०१४ चैत्र ३ गते भगवतीप्रसाद सिंहको अध्यक्षतामा संविधान मस्यौदा समिति गठन गरे

### (झ) चुनावी सरकारको गठन

वि.स. २००७ मा प्रचातन्त्रको स्थापना भए पनि त्यति लामो समयसम्म पनि नेपालमा संविधान सभाको निर्वाचन गरी संविधान निर्माण गर्न राजनीतिक दलहरू सफल हुन नसकेका र राजा महेन्द्रले संविधान सभाको निर्वाचन र रानीतिक दलहरूको शासन व्यवस्थाप्रति नै रुचि नदेखाएका कारण नयाँ संविधानका आधारमा नेपाली काङ्ग्रेसलगायतका राजनीतिक दलहरूले संसदीय निर्वाचन स्वीकार गरेका थिए । वि.स. २०१५ जेठ २ गते राजा महेन्द्रले नेपाली काङ्ग्रेसका नेता सुवर्णशमसेरको अध्यक्षतामा ६ सदस्यीय चुनावी सरकारको मन्त्रीमण्डल गठन गरे । फागुन १ गतेदेखि नयाँ संविधान लागु गरियो भने फागुन ७ गते १०९ सदस्यीय प्रतिनिधिसभाको निर्वाचन सुरु भयो । त्यो संसदीय निर्वाचनमा नेपाली काङ्ग्रेस पार्टीले ७४ स्थानमा, गोरखा परिषद्ले १९ स्थानमा, नेपाल कम्युनिस्ट पार्टीले ४ स्थानमा र अन्य दलहरूले बाँकी स्थानमा विजय प्राप्त गरे ।

## अभ्यास

१. तलका प्रश्नहरूको अति छोटो उत्तर दिनुहोस् :

(क) राणा-काङ्ग्रेस संयुक्त मन्त्रीमण्डलमा राणा र काङ्ग्रेसका कति कति जना सदस्यहरू रहेका थिए ?

(ख) पहिलोपटक वि.स. २००८ मा गठन भएको नेपाली काङ्ग्रेसको सरकारका प्रधानमन्त्री को थिए ?

(ग) परामर्श दातृ सरकारको अर्थ प्रष्ट पार्नुहोस् ।

(घ) नेपाल प्रजापरिषद्को सरकारका प्रधानमन्त्री को थिए ?

(ङ) वि.स. २०१५ मा संसदीय निर्वाचन हुँदा नेपालका प्रधानमन्त्री को थिए ?

२. तलका प्रश्नहरूको छोटो उत्तर दिनुहोस् :

(क) राणा-काङ्ग्रेसको संयुक्त सरकारले पाएको जिम्मेवारी कार्यहरू उल्लेख गर्नुहोस् ।

(ख) वि.स. २००८ मा गठन भएको नेपाली काङ्ग्रेसको सरकार र पार्टीको आन्तरिक विवादको विवेचना गर्नुहोस् ।

(ग) पहिलो परामर्शदातृ सरकारका गतिविधिहरू उल्लेख गर्नुहोस् ।

(घ) राजा महेन्द्रले गठन गरेको शाही सल्लाहकार सरकारका गतिविधिहरू के के थिए, व्याख्या गर्नुहोस् ।

३. तलका प्रश्नहरूको लामो उत्तर दिनुहोस् :

(क) वि.स. २००७ देखि २०१७ सम्मका राजनीतिक घटनाक्रमबारे टिप्पणी लेख्नुहोस् ।

(ख) राजा त्रिभुवनको मृत्युपछि नेपालको राजनीतिमा राजा महेन्द्रले चालेका गतिविधिबारे विश्लेषण गर्नुहोस् ।

## परियोजना कार्य

नेपालमा राणा शासनको पतनपछि भएका राजनीतिक अस्थिरताका कारणहरूलाई एउटा कार्डबोर्डमा लेखी कक्षाको भित्तामा टाँसेर छलफल गर्नुहोस् ।

पाठ १०

# पहिलो निर्वाचित सरकार

वि.स. २००७ मा दिल्लीमा भएको त्रिपक्षीय सम्झौतामा नेपालमा संविधान सभाको निर्वाचन गरी त्यो संविधान सभाले निर्माण गरेको संविधानका अधारमा देशमा शासन सञ्चालन हुने कुरा उल्लेख गरिएको थियो । तर राजा त्रिभुवनको मृत्युपछि बिस्तारै त्यो विषय ओझेलमा पर्दै गएर वि.स. २०१५ मा नेपालमा संसदीय निर्वाचन भयो, जसका आधारमा नेपालमा जननिर्वाचित सरकार गठन गरियो ।

## १. प्रथम जननिर्वाचित सरकारका गतिविधिहरू

नेपालमा वि.स. २००७ मा प्रजातन्त्रको स्थापना भए पनि लामो समयसम्म स्थिर सरकार बन्न सकेको थिएन । त्यसैले वि.स. २०१५ मा संसदका लागि आम निर्वाचन सम्पन्न गरियो । त्यो निर्वाचन वि.स. २०१५ फागुन ७ गतेदेखि चैत २८ गतेसम्म विभिन्न चरणमा सम्पन्न गरिएको थियो । संसदीय निर्वाचनको सम्पूर्ण परिणाम सार्वजनिक हुन ४५ दिन लागेको थियो । त्यतिबेला कुल ८५ लाख जनसङ्ख्यामध्ये ४२ लाख ४६ हजार ४ सय ४८ जना नेपाली नागरिक मताधिकारका लागि योग्य मानिएका थिए । उक्त मतदातामध्ये १९ लाख ८१ हजार ३ सय ८१ जनाले मतदान गरेका थिए । सो निर्वाचनमा नौओटा राजनीतिक दलका ५१८ जना र स्वतन्त्र २६८ गरी कुल ७ सय ८६ उम्मेदवार रहेका थिए । १०९ स्थान रहेको सांसदहरूको निर्वाचनमा नेपाली काङ्ग्रेसले ३७.२ प्रतिशत मतसहित ७४ स्थानमा, गोरखापरिषद्ले १७.०३ प्रतिशत मतसहित १९ स्थानमा, संयुक्त प्रजातन्त्र पार्टीले ५ स्थानमा, नेपाल कम्युनिस्ट पार्टीले ४ स्थानमा, नेपाल प्रजापरिषद्ले ३ स्थानमा र स्वतन्त्रले ४ स्थानमा विजय प्राप्त गरेका थिए । चुनावी परिणाम सार्वजनिक भएको दुई महिनापछि राजा महेन्द्रले वि.स. २०१६ जेठ १३ गते नेपाली काङ्ग्रेस संसदीय दलका नेता विश्वेश्वरप्रसाद कोइरालालाई प्रधानमन्त्रीमा नियुक्त गरेका थिए ।

प्रधानमन्त्रीमा नियुक्त भएलगत्तै बी.पी. कोइरालाले मन्त्रीमण्डल गठन गरे । उक्त मन्त्रिमण्डलमा समावेशितालाई महत्त्व दिएको हुँदा द्वारिकादेवी ठकुरानी पहिलो महिला मन्त्री बन्न सफल भइन् । त्यसैगरी तराईबाट रामनारायण मिश्र, परशुनारायण चौधरी, सूर्यनाथदास यादव मन्त्री भएका थिए । काठमाडौँ उपत्यकाबाट नेवार समुदायका गणेशमान सिंह, मध्यपहाडी र हिमाली क्षेत्रबाट मीनबहादुर गुरुङ, योगेन्द्रमान शेरचन, जमानसिंह गुरुङ, देवानसिंह राई, प्रेमराज आङदम्बे आदिले जनजातिबाट मन्त्रीमा प्रतिनिधित्व गर्ने अवसर पाएका थिए ।

## २. प्रथम निर्वाचित सरकारका उपलब्धिहरू

प्रथम निर्वाचित सरकारका उपलब्धिहरू यसप्रकार छन् :

### (क) प्रधानमन्त्री र मन्त्रीहरूको पारिश्रमिक कटौती

पहिलोपटक संसदको निर्वाचन सम्पन्न भई सरकार बनेको समयमा नेपाल गाउँ नै गाउँले भरिएको ज्यादै अविकसित देश थियो । त्यसैले दुर्गम गाँउका जनताको अवस्थालाई आधार बनाएर विकासको योजना बनाउनुपर्छ भन्ने नीति सरकारले अगाडि सारेको थियो । जनतालाई परिवर्तनको सन्देश दिन सुरुमै त्यो सरकारले प्रधानमन्त्री र मन्त्रीहरूको तलब सुविधा घटाउने निर्णय गऱ्यो । उक्त निर्णयअनुसार प्रधानमन्त्रीको तलब प्रतिमहिना पच्चिस सयबाट पन्ध्र सय, उपप्रधानमन्त्रीको तलब दुई हजारबाट बाह्र सय, मन्त्रीहरूको पन्ध्र सयबाट एक हजार र सहायक मन्त्रीहरूको तलब बाह्र सयबाट आठ सय कायम गरिएको थियो । त्यसैगरी प्रधानमन्त्री कार्यालयको मासिक खर्चमा पनि कटौती गरिएको थियो ।

### (ख) बिर्ता उन्मूलन

वि.स. २००७ भन्दा अगाडि देशको कृषि योग्य जमिनको ५० प्रतिशत राणा परिवार, १५ प्रतिशत शाही परिवार र राजारजौटा, १५ प्रतिशत भाइभारदार, सरदार, काजी, गुरुपुरोहितको, १० प्रतिशत जागिरदारहरूको खान्गीमा र ७ प्रतिशत सन्त, महन्त, साहु, महाजन, द्वारे, अमाली, जिम्मेवाल, मुखिया र किपटका सुब्बाहरूको अधिनमा रहेको थियो भने जम्मा ३ प्रतिशत जमिन जनताको स्वामित्वमा रहेको थियो । त्यतिबेला नेपालका ९७ प्रतिशत जनता कृषि व्यवसायमा आश्रित रहे पनि देशको कुल कृषियोग्य जमिनको ३६ प्रतिशत भूमि बिर्तावालको अधीनमा थियो । त्यसैले सरकारले 'जसको जोत उसको पोत' भन्ने नाराका साथ बिर्ता उन्मूलन गर्ने योजना बनाएको थियो । प्रतिनिधि सभाबाट वि.स. २०१६ असोज १६ र महासभाबाट असोज १८ गते पारित भएको बिर्ता उन्मूलन विधेयकले सामन्तवादको अन्त्य गरी वैधानिक रूपमा किसानलाई जमिनको हकदार बनाउने आधार तय गरेको थियो । त्यसका लागि अर्थमन्त्री सुवर्णशमसेरले सबैभन्दा पहिला आफ्नो १२ हजार बिघा जमिनको बिर्ता उन्मूलनको घोषणा गरेर त्यो अभियानको सुरुआत गरेका थिए ।

### (ग) गरिबी निवारणको प्रयास

वि.स. २००७ सम्म नेपालीको औसत आयु ४० वर्ष मात्र थियो । जनतामा गरिबी र अशिक्षा व्याप्त थियो । देशको कुल विद्युत् उत्पादन १.४ मेगावाट थियो भने विराटनगर र वीरगन्जमा मात्र केही उद्योगधन्दा थिए । ५१ माइल रेल मार्ग, ५० हेक्टर जमिनमा सिँचाइ, ३ सय टेलिफोन लाइन, १००

ओटा हुलाक थिए । देशभर रहेका ६५९ सैयाका अस्पतालका लागि मात्र ५० जना डाक्टर थिए । वि.स. २०१६ सम्म काठमाडौँ, भक्तपुर, ललितपुर, वीरगन्ज, विराटनगर, भद्रपुर र तानसेन गरी देशभर सातओटा मात्र नगरपालिका थिए । त्यसैले निर्वाचित सरकारले गाउँका किसानहरूको हित र कल्याणलाई पहिलो प्राथमिकतामा राखेको थियो । त्यो योजना सफल पार्न सरकारले धनीहरूमाथि कर लगाउने र उठेको राजस्वबाट गरिबलाई शिक्षा, स्वास्थ्य, यातायात, रोजगारी जस्ता सुविधा उपलब्ध गराउने नीति अगाडि सारेको थियो । आर्थिक वर्ष २०१६-०१७ को बजेटमा जग्गा जमिनमा र सम्पत्तिमा धनीलाई बढी कर लगाउने र गरिबको पक्षमा खर्च गर्ने नीति अवलम्बन गरिएको थियो ।

### (घ) शिक्षामा सुधार

राणाकालमा र उच्च वर्ग र उनका भाइभारदारहरूले मात्र पढ्न पाउने दरबार हाइस्कुल, पद्मोदय र जुद्धोदय जस्ता केही स्कुल मात्र थिए । वि.सं. २००७ सम्म देशभरमा एउटा त्रिचन्द्र कलेज, ११ ओटा माध्यमिक विद्यालय र २०० प्राथमिक विद्यालय मात्र थिए । त्यस समयमा केही धनीमानीहरूले आफ्ना छोराछोरीहरूलाई भारतका विभिन्न सहरमा पढ्न पठाउँथे । आम नेपालीको शिक्षामा पहुँच नै थिएन । त्यसैले पहिलो निर्वाचित सरकारले शिक्षाको विकासलाई उच्च प्राथमिकता दिएर बजेट विनियोजन गरेको थियो । आर्थिक वर्ष २०१५/०१६ मा २५ लाख रुपियाँ शिक्षामा खर्चिएकामा निर्वाचित सरकारले त्यसलाई बढाएर ६९ लाख ११ हजार पुऱ्याएको थियो । सरकारले हरेक निर्वाचन क्षेत्रमा कम्तीमा १५ ओटा प्राथमिक विद्यालय खोल्ने योजना बनायो । वि.स. २०१६ सम्म देशमा २, ५०८ ओटा विद्यालय खुलेका थिए जसमा १,६२४ ओटा वि.स. २०१६ सालमा मात्र खोलिएका थिए । नेपालको इतिहासमा एकै वर्षमा त्यति धेरै स्कुल खोलिएको त्यो नै पहिलोपटक थियो । प्राथमिक तहको शिक्षालाई नि:शुल्क र अनिवार्य बनाउने योजना सरकारले अगाडि सारेको थियो । त्यस समयमा नेपालको सहरी क्षेत्रमा २.८ प्रतिशत र ग्रामिण क्षेत्रमा ९७.२ प्रतिशत जनता बस्थे । नेपालमा संसदीय पद्धतिका आधारमा निर्वाचित सरकारले राणाकालभन्दा अगाडिदेखि नै कायम रहँदै आएको पजनी प्रथाको अन्त्य गरी योग्यताका आधारमा राष्ट्रसेवक कर्मचारीहरू छान्ने र उच्च शिक्षाको विकासका लागि त्रिभुवन विश्वविद्यालयको स्थापना गर्ने जस्ता कार्य गरेको थियो ।

### (ङ) स्वास्थ्य चौकीहरूको निर्माण

धामीझाँक्री र झारफुकको भरमा बिरामी निको हुन्छ भन्ने मान्यता बोकेको तत्कालीन समाजमा जनस्वास्थ्यको अवस्था नाजुक थियो । अधिकांश जनता शुद्ध खानेपानीको पहुँचभन्दा बाहिर थिए । घन्टौँ हिडेर पानी बोक्नुपर्ने अवस्था थियो । त्यसैले दूरदराजका गाउँमा स्वास्थ्यचौकी र शुद्ध खानेपानीको प्रबन्ध गर्न तत्कालीन सरकारले प्राथमिकता दिएको थियो ।

### (च) सडक यातायातको विस्तार

राणाकालमा नेपालमा मोटर गुड्न सक्ने बाटो २३१ माइल मात्र थियो । प्रजातन्त्र स्थापना भएको १० वर्षमा ३५६ माइल सडक बनाइएको थियो । त्यस्तै ६८ माइल बाटो पक्की गरिएको थियो । वि.स. २०१६ सम्ममा राजधानी काठमाडौँमा २ हजार २२ ओटा मात्र सवारी साधन थिए । पहिलो निर्वाचित सरकारले पूर्व पश्चिम राजमार्ग निर्माण गर्न रुस सरकारसँग सम्झौता गरेपछि जहाजबाट बाटाको सर्वेक्षणसमेत गरिएको थियो । यसरी पहिलो निर्वाचित सरकारले सडक यातायातलाई पनि प्राथमिकता दिएको थियो ।

### (छ) छिमेकी मुलुकसँगको सम्बन्धमा सुधार

दुई विशाल मुलुक भारत र चीनसँगको सम्बन्धलाई सन्तुलित राख्नु नेपालका लागि सर्वाधिक महत्त्वको विषय थियो र वर्तमान समयमा पनि त्यो चुनौती कायमै छ । नेपालको पहिलो जननिर्वाचित सरकारले दुबै छिमेकीबिचको सन्तुलित सम्बन्धलाई उच्च प्राथमिकतामा राखेको थियो । त्यसैले प्रथम निर्वाचित प्रधानमन्त्री बी.पी. कोइराला वि.स. २०१६ माघ ३ देखि १६ गतेसम्म भारतको र फागुन २३ गतेदेखि दुई साता लामो चीन भ्रमणमा गएका थिए । यसले गर्दा नेपालको छिमेकी मुलुकहरूसँगको सम्बन्धमा सुधार भएको थियो ।

### (ज) वैदेशिक सम्बन्ध विस्तार

पहिलो निर्वाचित सरकारले अन्य धेरै विदेशी राष्ट्रहरूसँगको सम्बन्ध पनि विस्तार गरेको थियो । वि.स. २०१२ सम्ममा नेपालको कूटनीतिक सम्बन्ध बेलायत (सन् १८१६), अमेरिका (सन् १९४७), फ्रान्स (सन् १९४९) र भारत (सन् १९५०) गरी चार मुलुकमा मात्र सीमित थियो । प्रजातन्त्र स्थापनापछि चीन (सन् १९५५), रुस (सन् १९५६), जापान (सन् १९५६), श्रीलङ्का (सन् १९५७), इजिप्ट (सन् १९५७) र पश्चिम जर्मनी (सन् १९५८) सँग सम्बन्ध विस्तार गरिएको थियो भने पहिलो जननिर्वाचित सरकारले अन्य १६ ओटा मुलुकसँग कूटनीतिक सम्बन्ध विस्तार गरेको थियो ।

नेपालमा वि.स. २०१५ मा पहिलोपटक निर्वाचन भई २०१६ सालमा गठन भएको जननिर्वाचित सरकारले देशको विकासमा केही सकारात्मक काम गर्दै गरेको समयमा राजा महेन्द्रले त्यस सरकारलाई विघटन गरी दलविहीन पञ्चायत व्यवस्था लागु गरे । उनले राजनीतिक दलमाथि पनि प्रतिबन्ध लगाए । त्यसपछि नेपालमा राजनीतिक स्वतन्त्रता अन्त्य भयो । करिब ३० वर्ष जति राजा र राजनीतिक दलका बिचमा सङ्घर्ष कायम हुँदा देशमा आन्तरिक अस्थिरता र विद्रोहहरू बढ्दै गयो ।

## २. वि.स. २००७ देखि २०१७ सम्म देशमा भएको आर्थिक, सामाजिक, शैक्षिक र प्रशासनिक सुधार

वि.स. २००७ सालमा नेपालमा राणा शासनको अन्त्य भई प्रजातन्त्रको स्थापना भए पनि स्थायी सरकारको अभावका कारण जनताको आर्थिक अवस्थामा उल्लेख्य सुधार हुन सकेन । झन्डै १ दशकसम्म राजनीतिक अस्थिरता कायम रह्यो । वि.स. २०१५ मा संसदको निर्वाचन भयो । त्यसपछि बनेको निर्वाचित सरकारलाई पनि राजा महेन्द्रले विघटन गरी देशको शासन आफ्नो हातमा लिएका कारण देशमा झन्डै ३० वर्षसम्म दलविहीन पञ्चायत व्यवस्था कायम रह्यो ।

राणा शासनको पतनपछि नेपालको सामाजिक क्षेत्रमा भने उल्लेख्य सुधार देखियो । राणाकालमा जाति बढुवा र घटुवासमेत हुने, जातका आधारमा मृत्युदण्डसम्मको सजाय दिने जस्ता कार्यहरू बन्द गरियो । मानिसहरू आफ्ना सामाजिक संस्कारहरू मान्न स्वतन्त्र भए । जातका आधारमा दिइने दण्डप्रणालीको अन्त्य भयो । नेपाल धेरै अगाडिदेखि नै जातीय विविधता भएको देश भएका कारण सबै जातजातिहरूका आआफ्नै संस्कार तथा संस्कृतिहरू कायम रहँदै आएका थिए । राणाकालमा एउटा जाति र धर्मका विरुद्ध कसैले अन्याय गरेमा त्यसको खासै सुनवाइ हुँदैनथ्यो तर प्रजातन्त्रको स्थापना भएपछि मानिस आआफ्ना धर्म र संस्कृतिहरू मान्न स्वतन्त्र भएका थिए । त्यसो भए पनि परम्परागत जातीय छुवाछुत, बालविवाह, बहुविवाह, अनमेल विवाह, दाइजोप्रथा, बोक्सी प्रथा, हलिया प्रथा, कमैया प्रथा, बालीघरे प्रथा जस्ता कुरीतिहरू कायम रहेका कारण नेपाली समाजमा उल्लेख्य सुधार हुन सकेन ।

शिक्षाको क्षेत्रमा भने राणा शासनको पतनपछि देशले निकै प्रगति गऱ्यो । अधिराज्यका विभिन्न दुर्गम क्षेत्रमासमेत विद्यालयहरू खोलिए । उच्च शिक्षाका लागि कलेजहरू स्थापना गरिए । यसले गर्दा देशमा शिक्षित मानिसहरूको सङ्ख्या बढ्दै गयो ।

राणा शासनको अन्त्यपछि देशको प्रशासनिक क्षेत्रमा पनि केही सुधारहरू भए । लोकसेवा आयोगको स्थापनाले गर्दा जनताले देशभित्रै क्षमताका आधारमा रोजगारी प्राप्त गरे । जागीरमा योग्य हुन नसकेका मानिसहरूले व्यापार व्यवसाय गरी जीवन निर्वाह गर्न स्वतन्त्र भए । राणा शासनकालमा चाकडीका भरमा जागिर खानुपर्ने व्यवस्थाको अन्त्य भयो । सबै किसिमका सिप आर्जन गरी रोजगारी प्राप्त गर्न जनता स्वतन्त्र भए । जनताका प्रशासनिक कामहरू पनि राणाकालमा भन्दा क्रमश: सजिलोसँग हुने व्यवस्था बन्दै गए ।

## अभ्यास

१. तलका प्रश्नहरूको अति छोटो उत्तर दिनुहोस् :

(क) नेपालमा पहिलोपटक संसदीय निर्वाचन कुन सालमा भएको थियो ?

(ख) नेपालको पहिलो जननिर्वाचित प्रधानमन्त्री को थिए ?

(ग) नेपालकी पहिलो महिला मन्त्रीको नाम लेख्नुहोस् ।

(घ) जननिर्वाचित सरकारले गरेको पहिलो काम के थियो ?

(ङ) बिर्ता उन्मूलन भनेको के हो ?

२. तलका प्रश्नहरूको छोटो उत्तर दिनुहोस् :

(क) पहिलो जननिर्वाचित सरकारले गरेका गरिबी निवारणका कार्यको सूची तयार गर्नुहोस् ।

(ख) पहिलो जननिर्वाचित सरकारले शिक्षाको सुधारमा गरेका उपलब्धि उल्लेख गर्नुहोस् ।

(ग) पहिलो निर्वाचित सरकारको छिमेकी मुलुकहरूसँगको सम्बन्ध व्याख्या गर्नुहोस् ।

(घ) पहिलो जननिर्वाचित सरकारको परराष्ट्र नीति कस्तो थियो, उल्लेख गर्नुहोस् ।

३. तलका प्रश्नहरूको लामो उत्तर दिनुहोस् :

(क) नेपालमा भएको पहिलो संसदीय निर्वाचन र सरकार गठनको समीक्षा गर्नुहोस् ।

(ख) सडक यातायातको विकासका लागि प्रथम निर्वाचित सरकारले गरेका कार्यहरू उल्लेख गर्नुहोस् ।

(ग) राणा शासनको पतनपछि देशमा भएको सामाजिक, आर्थिक सुधारको विश्लेषण गर्नुहोस् ।

## परियोजना कार्य

नेपालको पहिलो जननिर्वाचित सरकारका कार्यहरूका सम्बन्धमा विश्लेषणात्मक लेख तयार गरी प्रस्तुत गर्नुहोस् ।

एकाइ
तीन


# विश्वका सभ्यता

पाठ १

## सभ्यता

### सभ्यताको परिचय

'सभ्यता' को शाब्दिक अर्थ 'शिष्टता' हुन्छ । मानव सभ्यता विकासको थालनी 'कविला' सभ्यताबाट भएको मानिन्छ । कविला सभ्यता भनेको एक परिवारका सबै मानिस एउटै समूहमा बस्ने र अर्को समूहसँग कुनै किसिमको सम्बन्ध स्थापित नगर्ने सभ्यता हो । संसारका विभिन्न ठाउँमा सभ्यताको विकाससँगै हिजोआज पनि कविला सभ्यता पाइन्छ ।



*ऐतिहासिक भग्नावशेष*

कविला वा जङ्गली अवस्था पार गर्दै मानिस ढुङ्गेयुगबाट कृषियुगमा प्रवेश गरेर एकै ठाउँमा बस्न थाले । क्रमशः औद्योगिक, कम्प्युटर र अन्तरिक्ष युग मानव सभ्यताको विकासका विभिन्न चरणहरू हुन् । आजको युगमा मानिसले भोगिरहेको सुख र सुविधा विगतका सभ्यताको परिणाम हो ।

मानिसले जीविकोपार्जनका लागि एक स्थानबाट अर्को स्थानमा घुमन्ते जीवन व्यतित गर्ने क्रममा आगाको आविष्कार र कृषिसम्बन्धी जानकारी भएपश्चात् घरबास बनाएर एकै ठाउँमा बस्न थाले । त्यसपछि मानव सभ्यताको स्थापना र विकास भएको हो । सभ्यताको विकास हुनका लागि विभिन्न पक्षहरूको विकास हुनु आवश्यक हुन्छ । मानव समाजको सकारात्मक, प्रगतिशील र समावेशी विकासको स्थितिलाई सभ्यताको प्रतीकका रूपमा लिइन्छ ।

मानिसले विभिन्न किसिमका खोजी, अनुसन्धान, आविष्कार र विकास निर्माणका काम गर्दै आएको छ । उन्नत खेती, उद्योग, व्यापार, व्यवसाय, व्यावसायिक विशेषज्ञता, यातायात व्यवस्था, हातहतियार निर्माण र सैनिक प्रबन्धलाई सभ्यताको आधार मानिन्छ । यसका साथै आर्थिक, सामाजिक अवस्था, संस्कृति, धार्मिक विश्वास, राजनीतिक विकास, कानुनी प्रणाली, साहित्य, कला, गणित र वैज्ञानिक आविष्कारतर्फ उन्मुख मानिसको बसोबासको स्थितिलाई नै सभ्यताको मुख्य आधार मानिन्छ ।

सभ्यता र संस्कृति एकआपसमा सम्बन्धित हुन्छन् । सभ्यतामा बाह्य विकास मात्र हुन्छ भने संस्कृति हाम्रो आत्मासँग सम्बन्धित हुन्छ । संस्कृतिले मानवको आध्यात्मिक जीवनलाई आनन्द दिन्छ । मानवको आध्यात्मिक र कलात्मक सिर्जनाको प्रक्रिया संस्कृति हो । यसले समाज र मानव जीवनलाई माथि उठाउँछ । सभ्यताले मानव समाज र व्यक्तिको जीवनमा भौतिक सुखसुविधा प्रदान गर्छ । सभ्यता वैज्ञानिक आविष्कार र उत्पादनका साधनमा आधारित हुन्छ अर्थात् सभ्यतामा भौतिक पक्ष प्रधान हुन्छ भने संस्कृतिमा वैचारिक पक्ष कायम रहेको हुन्छ । मानव सभ्यताको उत्पत्ति इ.पू.४००० सम्ममा भइसकेको मानिन्छ ।

मेसोपोटामिया, मिश्र, ग्रिक, रोम, सिन्धु तथा ह्वाङ्हो आदि प्राचीन सभ्यताहरू हुन् । सभ्यताको विकास नदी किनारमा भएको पाइन्छ ।

## अभ्यास

१. तलका प्रश्नहरूको अति छोटो उत्तर दिनुहोस् :

(क) मानव सभ्यताको थालनी कसरी भएको थियो ?

(ख) कस्तो सभ्यतालाई कविला सभ्यता भनिन्छ ?

(ग) सभ्यताको प्रतीक मानिने कुनै दुई पक्षहरू लेख्नुहोस् ।

(घ) सभ्यताको विकास कस्ता स्थानमा भएको पाइन्छ, लेख्नुहोस् ।

२. तलका प्रश्नहरूको छोटो उत्तर दिनुहोस् :

(क) मानव सभ्यताको विकास कसरी भयो, छोटकरीमा लेख्नुहोस् ।

(ख) सभ्यताको विकास नदी किनारमा किन भएको होला, आफ्नो विचार प्रस्तुत गर्नुहोस् ।

३. तलका प्रश्नहरूको लामो उत्तर दिनुहोस् :

(क) प्राचीन समयमा मानिसहरू किन एक स्थानबाट अर्को स्थानमा सरिरहन्थे, विश्लेषण गर्नुहोस् ।

(ख) सभ्यताका आधारहरू के के हुन्, तालिकामा प्रस्तुत गर्नुहोस् ।


## परियोजना कार्य

मानव सभ्यतासम्बन्धी फोटाहरू विभिन्न माध्यमबाट सङ्कलन गरी ती फोटाहरू अभ्यास पुस्तिकामा टाँस्नुहोस् ।

पाठ २

# मेसोपोटामिया सभ्यता

## १. परिचय




*मेसोपोटामियाको नक्सा*

युफ्रेट्स (Euphrates) र टाइग्रिस (Tigris) नदीहरूको बिचमा रहेको मध्यपूर्वको क्षेत्रलाई मेसोपोटामिया भनिन्थ्यो । युनानी भाषामा मेसोपोटामियाको अर्थ दुई नदीहरूको बिचको भूभाग भन्ने हुन्छ । यही क्षेत्रबाट कृषि युग सुरु भई सहरीकरण र सभ्यताको विकास भएकाले यसको ऐतिहासिक महत्त्व रहेको छ । हँसिया आकारको उब्जाउभूमि भएको हुनाले यसलाई अर्धचन्द्राकार उर्वरभूमि (Fertile Crescent) पनि भनिन्छ । इ.पू. ९००० देखि नै यहाँ गहुँ र जौको खेती हुन थालेको थियो । इ.पू. ९००० देखि इ.पू. ६००० सम्मको समयलाई प्रारम्भिक कृषिकाल मानिन्छ ।

## २. कालक्रम

इतिहासकारहरूले मेसोपोटामियाको इतिहासलाई पाँच कालक्रममा विभाजन गरेका छन् । ती कालक्रममा सुमेरियन, अक्कडियन, बेबिलोन, आसिरियन र काल्डियन पर्छन् ।




### (क) सुमेरियन

पहिलो महान् मेसोपोटामिया सभ्यता सुमेरियन सभ्यता थियो । इ.पू. ३५०० तिर नै सुमेरियनहरूले नदीको बहाबलाई नियन्त्रण गरी दलदल जमिनलाई खेतीयोग्य बनाए । नदीको बाढीलाई रोकेर सिँचाइयोग्य बनाए । नगर राज्यका रूपमा विकसित गरे । यहाँको धर्म, संस्कृति र भाषा सम्पूर्ण मेसोपोटामियाको साझा सम्पत्ति नै बन्यो ।

इ.पू. २३५९ देखि २२३० को बिचमा सारगन प्रथमले विशाल क्षेत्र विजय गरेर अक्कडियन वंशक्रमको स्थापना गरे, जुन लामो समय टिक्न सकेन । यस समयमा सुमेरियनहरूकै संस्कृतिको अनुसरण गरेको हुँदा सभ्यतामा खासै फरक देखिएन ।

### (ग) बेबिलोन

इ.पू. २००० देखि १५५० सम्मको अवधिलाई बेबिलोनको सभ्यता मानिन्छ । यस सभ्यतामा हम्मुरावीको शासनकाललाई प्रमुख मानिन्छ ।

### (घ) आसिरियन

इ.पू. करिब ११०० मा आसिरियन सभ्यताको विकास भएको पाइन्छ । यो काल लामो समय युद्धमा बितेकाले सभ्यता र संस्कृतिको खासै विकास भएको पाइँदैन ।


### (ङ) काल्डियन

इ.पू. ६०६ देखि इ.पू. ५३९ को बिचको अवधिलाई काल्डियन सभ्यताको समय मानिन्छ । छोटो समयमा पनि काल्डियनहरूले सभ्यता र संस्कृतिको विकासमा महत्त्वपूर्ण योगदान दिएका थिए । यिनीहरूले खगोल विद्याका बारेमा सर्वप्रथम विश्वलाई जानकारी गराएका थिए । सात दिनको एक हप्ता हुने पद्धतिको विकास यही सभ्यतामा भएको थियो । बुध, शुक्र, मङ्गल, बृहस्पति र शनि ग्रहको पहिचान र नामकरण पनि यही युगमा भएको थियो ।

मेसोपोटामिया सभ्यतामा सुमेरियन र बेबिलोनियन प्रमुख साम्राज्यका रूपमा रहेका थिए ।

## ३. जीवन पद्धति

युफ्रेट्स नदीको किनारमा विकसित भएको सुमेरियन सभ्यताका मानिसहरू कृषिकार्यका लागि गोरु र गधा जस्ता जनावरहरू पाल्थे । उनीहरूले खेत जोत्नका लागि धातुको हलो निर्माण गरेका थिए । उनीहरू सेतो माटाका भाँडाकुँडा बनाउन सिपालु थिए । सुन चाँदीका आकर्षक गहना बनाउँथे । सुमेरियनहरू चित्रकला र मूर्तिकलामा पनि निपुण थिए । काँचो माटाले बनाएको पाटीजस्तो वस्तुमा धारिलो वस्तुले लेख्ने कलाको पनि विकास गरेका थिए, जसलाई क्युनिफर्म



*सुमेरियनकाल चित्र*

(Cuneiform) भनिन्छ । यसलाई घाममा सुकाएर सुरक्षित तरिकाले राखिन्थ्यो । उनीहरूले सुरुमा चित्रलिपि, त्यसपछि शब्द र वाक्यको प्रयोग गर्न जानेका थिए । समय गणना गर्नका लागि ६० सेकेन्डको एक मिनेट र ६० मिनेटको एक घण्टाको नियम यिनीहरूले नै विकास गरेका थिए । महिना र वर्षको गणना गर्ने प्रचलन उनीहरूले नै चलाएका थिए । व्यापार र आयव्ययको लेखा पद्धतिको विकाससमेत सुमेरियनले नै गरेका थिए । वास्तुअनुसारको घर बनाउने चलन पनि यिनीहरूले गरेका थिए । सहरको प्रतिरक्षाका लागि नहर तथा अग्ला पर्खालले घेरिएको थियो । त्यस सभ्यताका केही सहरहरू इरिडु, उरुक, अदाब आदि थिए । निर्माण कार्यका लागि इन्जिनियरिङ विज्ञानको विकास भएको थियो । पाङ्ग्राको प्रयोग गरेर माटाका भाँडाकुँडा बनाइनुको साथै रथ तथा गोरुगाडा चलाउने पद्धतिको विकास भएको थियो ।  नापतौल प्रणाली तथा पैसाको प्रयोग पनि सुमेरियनले नै गरेका थिए । उनीहरूले प्रकृतिको पूजा गर्थे । देवताको सम्मानका लागि अग्लो स्थान वा पहाडको टाकुरामा मन्दिर बनाउँथे ।

## ४. शासन पद्धति

सुमेरियन साम्राज्य मानवीय र प्राकृतिक कारणले पतन हुन पुग्यो । त्यसकालका नगरराज्यहरूका बिचमा मेलमिलाप थिएन । बलिया नगर राज्यहरूले छिमेकी नगरराज्यलाई जितेर आफ्नो राज्यमा मिलाउने गर्न थाले ।  एकआपसमा युद्धको कारणले गर्दा आर्थिक रूपलेसमेत ती राज्यहरू कमजोर हुँदै गएका थिए । यसलाई आन्तरिक सङ्घर्षको कारण पनि भन्न सकिन्छ । अर्कोतर्फ नदीमा आएको बाढीले ती राज्यहरूमा ठुलो क्षति पुऱ्याएको थियो ।

यही कमजोरीको फाइदा उठाएर अक्कडियन थरका सेमेटिक जातिले त्यहाँ कब्जा जमाए । अक्कडियन वंशका प्रथम राजा सारगन प्रथम थिए । उनले त्यहाँका नगर राज्यका राजाहरूलाई बन्दी बनाई उत्तरमा जाग्रोस पर्वत र दक्षिणमा लेबनानसम्म आफ्नो साम्राज्य विस्तार गरी महाराजाधिराजको उपाधि लिएका थिए । राजा सारगन प्रथमले नै आफ्नो साम्राज्यमा सांस्कृतिक एकता कायम गर्ने प्रयास गरेका थिए ।

इ.पू. २२१८ तिर अक्काडियनलाई पराजित गरी गुटियन आदिवासीले साम्राज्य चलाए । इ.पू. १९०० तिर गुटियनलाई पनि एमोराइटले पराजित गरी बेबिलोनियन साम्राज्यको स्थापना गरे ।

बेबिलोन सभ्यतामा इ.पू. १८०० तिर हम्मुराबी (Hammurabi) राजगद्दीमा बसे । उनले आफ्नो साम्राज्यलाई एकताबद्ध गरे । हम्मुराबीले कानुनी संहितासमेत निर्माण गरी साम्राज्यमा शान्ति र समृद्धि कायम गरेका थिए । उनले आठ फिटको स्तम्भमा संहिता लेखाएका थिए । उक्त स्तम्भको टुप्पामा सूर्य भगवानबाट संहिता प्राप्त भएको भन्ने सङ्केत गरिएको थियो । यस हम्मुराबी संहितामा

व्यक्तिगत सम्पति, वाणिज्य र व्यापार, अपराध, श्रम जस्ता अध्यायहरू रहेका थिए । यस संहिताले तल्लो वर्गका मानिस र दासहरूलाई संरक्षण प्रदान गरेको थियो । महिलाहरूको सम्मान पनि संहितामा सुरक्षित गरिएको थियो । व्यापारमा संलग्न हुन पाउने, पारपाचुके, विधवा र अनाथलाई न्याय दिने व्यवस्थासमेत गरिएको थियो ।

हम्मुराबी संहितामा अपराधअनुसार दण्डको व्यवस्था गरिएको थियो । राजाले यही संहिताको आधारमा आदेश तथा आज्ञापत्रहरू जारी गर्थे । हम्मुराबीको शासन व्यवस्थालाई उनका उत्तराधिकारीहरूले पनि कायम राखे । हम्मुराबीको मृत्युको ४०० वर्षपछि यस वंशको शासन अन्त्य भयो ।

इ.पू. १७०० मा बेबिलोनियाको पूर्वी भागमा रहेका कसाइटहरूले बेबिलोनियामा राज्य गर्न थालेका थिए । उनीहरूले यातायात र युद्ध प्रयोजनका लागि घोडाको प्रयोग गर्न सिकाएका थिए । कसाइटपछि एसियामाइनरबाट आएका हिटीहरूले शासनको सुरुआत गरे । त्यसपछि यिनीहरूलाई पनि पराजित गरी आसिरियनहरूले शासन गरे । उनीहरू फलामसँग परिचित थिए र फलामका हतियारहरू बनाउन र प्रयोग गर्न जान्दथे । यी आसिरियनहरूलाई पनि काल्डियन र मेडेसहरूले आक्रमण गरेकाले परास्त भई काल्डियनहरूले बेबिलानियनमाथि शासन चलाएको पाइन्छ ।

## ५. कला

काल्डियन सम्राट् नोबोपोलाजर (Nobopolassar) का छोरा नेबुचाडनेजर द्वितीय (Nebuchadnessar II) ले बेबिलानिया सहरको चारैतर्फ पर्खाल र आफ्नी रानीका लागि झुल्ने बगैँचा (Hanging Garden of Babylon)समेत बनाउन लगाएका थिए ।

बेबिलोनियाको झुल्ने बगैँचालाई प्राचीन सात आश्चर्यमध्ये एक मानिन्थ्यो । राजा नेबुचाडनेजर द्वितीयले युफ्रेट्स नदीमा पुल बनाएका थिए जुन विश्वमा पहिलो पुलका रूपमा मानिन्छ । उनले बेबिलोनियालाई सांस्कृतिक र व्यापारिक राजधानी बनाएका थिए । यही समयमा खगोल, ज्योतिषशास्त्र, चिकित्सा क्षेत्रमा विकासका साथै नक्षत्र तालिका, ग्रहण लाग्ने समय भन्न र जीवनमा नक्षत्रको प्रभावलाई बुझ्न सक्ने भएका थिए ।

नेबुचाडनेजरका उत्तराधिकारीहरूले बेबिलोनिया राज्य सञ्चालन गर्न सकेनन् र इ.पू. ५३९ मा पर्सियनहरू सत्ता कब्जा गर्न सफल भए ।

## ६. मेसोपोटामिया सभ्यताको आधुनिक विश्वमा प्रभाव

मेसोपोटामिया सभ्यताले आधुनिक विश्वमा महत्त्वपूर्ण प्रभाव पारेको पाइन्छ । उक्त सभ्यताले पारेका केही प्रभावहरू यसप्रकार रहेका छन् :

(क) ज्योतिष, गणित र खगोलशास्त्रको ज्ञान पनि विकास भएको थियो । अङ्क, समय विभाजन, वर्ष, महिना, बार राखेर क्यालेन्डर निर्माण, औषधीमा जडीबुटीको प्रयोग भएको थियो ।

(ख) साहित्य सिर्जना जस्तै आख्यानमा आधरित गिलगमेस काव्यको रचनाले विश्वलाई साहित्य सिर्जनामा योगदान पुऱ्याएको छ ।

(ग) ग्रह, नक्षत्र, जल, स्थल, आकाश र प्राकृतिक वस्तुको पूजा गर्ने परम्पराको थालनी त्यहाँबाटै भएको थियो ।

(घ) स्थान विशेषलाई मानचित्रमा देखाउने र मानचित्रको कुनामा सङ्केत राख्ने पद्धतिको विकास मेसोपोटामियाबाटै भएको पाइन्छ ।

(ङ) कानुनी संहितामा पनि मेसोपोटामियाको योगदान महत्त्वपूर्ण मानिन्छ ।

(च) नदी तथा नहरलाई यातायातको मार्ग बनाएर व्यापार गर्ने कला मेसोपोटामियाबासीले नै सिकाएको भनिन्छ ।

(छ) पहिलो सहरी सभ्यताको विकास त्यहींबाट भएको मानिन्छ ।

(ज) दलदल जमिनलाई खेतियोग्य बनाएर नदीबाट सिँचाइ गर्ने प्रणालीको विकास सर्वप्रथम उनीहरूले नै गरेका थिए ।

(झ) धातुको उत्खनन र त्यसबाट अनेक कलाकृतिहरूको निर्माण त्यहींबाट भएको थियो ।

## अभ्यास

१. तलका प्रश्नहरूको अति छोटो उत्तर दिनुहोस् :

(क) मेसोपोटामिया सभ्यता कहाँ विकास भएको थियो ?

(ख) मेसोपोटामिया सभ्यताअन्तर्गत पहिलो कुनलाई मानिन्छ ?

(ग) सुमेरियन लेखन कलालाई के भनिन्थ्यो ?

(घ) कुन राजाले बेबिलोनलाई एकीकरण गरेका थिए ?

(ङ) प्राचीन आश्चर्यमध्येको एक आश्चर्य कुन थियो ?

२. तलका प्रश्नहरूको छोटो उत्तर दिनुहोस् :

(क) मेसोपोटामिया सभ्यताको अवस्थितिका बारेमा लेख्नुहोस् ।

(ख) मेसोपोटामिया सभ्यतालाई कति कालक्रममा विभाजन गरिएको थियो, उल्लेख गर्नुहोस् ।

(ग) 'सुमेरियन साम्राज्य मेसोपोटामियन सभ्यताको पहिलो सभ्यता थियो,' चर्चा गर्नुहोस् ।

(घ) सुमेरियन क्यालेन्डरको वर्णन गनुहोस् ।

३. तलका प्रश्नहरूको लामो उत्तर दिनुहोस् :

(क) सुमेरियनहरूको व्यापार, वास्तु, इन्जिनियरिङ र यातायातको अवस्था वर्णन गर्नुहोस् ।

(ख) सुमेरियन साम्राज्य कसरी पतन भयो, उल्लेख गर्नुहोस् ।

(ग) सेमेटिक भाषामा लेखिएको हम्बुरावीको संहिताको विश्लेषण गर्नुहोस् ।

(घ) मेसोपोटामियाको सभ्यताले वर्तमान समाजमा कस्तो योगदान पुऱ्याएको छ, मूल्याङ्कन गर्नुहोस् ।

## प्रयोगात्मक/परियोजना कार्य

(क) मेसोपोटामिया सभ्यताको विकासक्रमलाई समयरेखामा देखाई कक्षामा प्रस्तुत गर्नुहोस् ।

(ख) पाना भरिने गरी विश्वको नक्सा बनाउनुहोस् र बेबिलोनको सभ्यता विकसित भएका स्थानहरू देखाउनुहोस् ।

पाठ ३

# मिश्र सभ्यता

## १. परिचय

मिश्र सभ्यताको विकास नाइल नदीको किनारमा भएको थियो । नदीले बगाएर ल्याएको मलिलो माटाबाट बनेको त्रिकोणात्मक जमिन (डेल्टा) मा यो सभ्यता विकास भएको थियो । त्यस जमिनमा किसानहरूले वर्षमा तीन बालीसम्म लगाउने गर्थे । प्रशस्त अन्न उत्पादन हुने हुँदा जीवन निर्वाहका लागि समस्या थिएन । उनीहरू बाँकी समय कला, संस्कृतिको सिर्जना र विकासमा लगाउँथे । इतिहासका पिता भनेर चिनिने ग्रिसका इतिहासकार हेरोडोटसले मिश्रलाई 'नील (नाइल) नदीको उपहार' भनेर लेखेका थिए । तल्लो र माथिल्लो मिश्रमा विभाजित मिश्रलाई माथिल्लो मिश्रका राजा मेनिजले एकीकरण गरी एउटा विशाल सहर मेम्फिसको निर्माण गरेका थिए । त्यो सहर १५०० वर्षसम्म राजधानीका रूपमा रहेको थियो ।

## २. कालक्रम

मिश्र सभ्यतालाई विभिन्न कालक्रममा विभाजन गरेर अध्ययन गर्न सकिन्छ :

### (क) पिरामिड युग (इ.पू. ३१००-२१६०)

पिरामिड युग इ.पू. ३१०० देखि २१६० को अवधिलाई भनिन्छ । मिश्रको इतिहासमा त्यो युग समृद्धि र उन्नति कालका रूपमा परिचित छ । मिश्रका राजालाई फारोह भनिन्थ्यो । फारोहको अर्थ ठुलो घर भन्ने हुन्छ, ठुलो दरबारमा बस्ने भएकाले राजालाई फारोह भनिएको हो ।

इ.पू. ३१०० मा राजा मेनेस (Menes) ले ससाना राज्यहरूलाई मिश्र राज्यमा एकीकरण गरेका थिए । सूर्यको छोराका रूपमा पनि लिइने फारोह (Pharaoh) लाई दैवी अधिकार प्राप्त थियो । त्यो समयमा ठुला ठुला पिरामिडहरू बनाइए । पिरामिड ठुला ठुला ढुङ्गाहरूबाट बनाइन्थे । मानिसको मृत्युपछि उसको आत्मा जीवित रहन्छ भन्ने विश्वासअनुसार मरेको लासलाई नकुहिने गरी विभिन्न किसिमका रसायनको लेदो पोतेर पिरामिड भित्रको जमिनमा गाडिन्थ्यो । यसरी सुरक्षित राखिएका लासलाई "मम्मी" भनिन्छ । लाससँगै उसले आफ्नो जीवनमा उपभोग गरेका र अन्य चाहिने सरसामानलगायत नोकरलाई पनि पिरामिडभित्रै गाडिन्थ्यो । लाससँगै पेपिरसको पातमा उसको जीवनीका बारेमा लेखेर राख्ने चलन पनि थियो ।

सर्वप्रथम इ.पू. ३००० मा मिश्रमा जोसर नामका फारोह (राजा) ले पहिलो पिरामिडको निर्माण गराएका थिए । फारोहका चिहानका लागि बनाइएका पिरामिडहरूको पङ्क्ति ६०/७० माइलसम्म फैलिएका छन् । पिरामिडहरूमध्ये फारोह खुफुका लागि बनाएको गिजाको पिरामिड सबैभन्दा ठुलो र अग्लो छ । हालसम्म पनि कैयौँ पिरामिड र पेपिरसहरू सुरक्षित छन् । विश्वका सात आश्चर्यहरूमध्ये मिश्रको पिरामिड पनि एक हो । विश्वका विभिन्न स्थानबाट आज पनि कैयौँ मानिसहरू पिरामिड हेर्न मिश्र जाने गर्छन् ।

### (ख) सामन्त युग (इ.पू. २१६०-१५६७)

सामन्ती कालको समय इ.पू. २१६०- इ.पू. १५६७ को बिचमा पर्छ । पछिल्लो समयमा फारोहका उत्तराधिकारीहरू कमजोर र अयोग्य भएकाले शान्ति अमनचयन कायम हुन सकेन र अशान्ति फैलिँदा धनीमानी र प्रभावशाली व्यक्तिहरूले नेतृत्व लिई छुट्टै ससाना राज्यहरूमा विभाजन गर्न थाले । पाँचौँ राजवंशका राजाहरूले आफूलाई सूर्यपुत्र भन्ने गर्थे र उनीहरूले सूर्यदेवका मन्दिर बनाउन थालेपछि पिरामिड युगको अन्त्य भयो ।

पहिलेको तुलनामा त्यो राज्य उत्तरदायी थियो र पिरामिड जस्ता अनुत्पादक चिजमा खर्च गरेनन्, बरु सार्वजनिक हितका कामहरू भए । व्यापारी, कलाकार, साहित्यकार, कवि र कृषकहरूसँग सम्झौता गरेर कल्याणकारी कार्यहरू भए । सिँचाइका लागि कुला, नहर बनाएर देशलाई समृद्धितर्फ लैजाने कार्य गरे । त्यसैले त्यो समयलाई मिश्रको इतिहासमा स्वर्णकाल पनि भनिन्छ । विकास र निर्माणमा मात्र लाग्नाले सैनिक शक्तिमा ध्यान नदिँदा राज्यलाई शत्रुबाट बचाउन भने सकिएन ।

विशाल मिश्र साम्राज्य ससाना राज्यहरूमा विभाजित भएकाले इ.पू. १७५० मा सिरियाबाट आएका हिक्सस (Hyksos) जातिले आक्रमण गरेर पराधिन गरेका थिए । त्यो युद्धले मिश्रवासीमा एकताको महसुस गरायो । उनीहरूलाई एकसूत्रमा बाँध्ने काम गर्‍यो ।

### (ग) साम्राज्य युग (इ.पू. १५६७-१०८५)

साम्राज्य विकासको युग इ.पू. १५६७- १०८५ सम्मको समयलाई गणना गरिएको छ । राजा अहमोस (Ahmose 1570-1546) ले इ.पू.१५६७ मा मिश्रको एकीकरण गरी विशाल साम्राज्यको पुन: निर्माण गरे । साम्राज्य विस्तारले गर्दा प्रशस्त धन प्राप्त भयो । मिश्रवासी विलासी बन्दै गए । सैनिक शक्ति कमजोर हुँदा पहिले जस्तै फेरि ससाना राज्य बन्न पुगे । तर रामेस द्वितीयका छोरा अमेनहोटेपले दक्षिणमा नुबिया र पूर्वमा बेबिलोनियासम्म जितेर विशाल साम्राज्यको निर्माण गरे । अर्का प्रसिद्ध राजा

थुटमस प्रथम थिए । राजा थोटमस प्रथमले प्यालेस्टाइन, सिरिया, फोनेसियालगायत वरपरका प्रदेश जितेर मिश्री साम्राज्यको स्थापना गरेको पाइन्छ । थोटमस द्वितीयले राज्य गरे । उनको मृत्युपछि उनकी छोरी हटसेपसुट (Hatshepsut) ले पहिला सौताको छोरा नाबालक राजाको संरक्षक भएर शासन चलाइन् पछि फारोह नै घोषणा गरी मिश्रकी रानी भएर शासन चलाइन् । उनलाई विश्वकै पहिलो महारानी पनि भनिन्छ । उनले युद्धको सट्टा राष्ट्र निर्माण र व्यापारतर्फ ध्यान दिइन् । उनले व्यापारबाट प्रशस्त धन आर्जन गरी कारनाक सहरलाई सिँगारिन् । ह्याक्ससद्वारा भत्काइएको कारनाकको मन्दिरको जिर्णोद्धार गरिन् । उनको मृत्युपछि उनकै पति थुटमस तृतीय राजा भए । यिनले मिश्रको अझै विस्तार गरे । तर यिनको मृत्युपछि मिश्र साम्राज्यको पतन भयो । लिबियन र ल्युबियनहरूले आक्रमण गरे । अन्त्यमा माथिल्लो नीलको मरुभूमिबाट आएका ल्युबियनहरूले मिश्रमा शासन गर्न थाले । यसरी निर्माण र पतन भएको मिश्रको जीवन पद्धति, नीति नियम, शिक्षा, साहित्य र आर्थिक पक्षमा ठुलो योगदान रहेको छ ।

## अभ्यास

१. तलका प्रश्नहरूको अति छोटो उत्तर दिनुहोस् :

(क) मिश्रको सभ्यता कहाँ विकास भएको थियो ?

(ख) मिश्रको सभ्यतालाई नाइल नदीको देन भनेर कसले भनेका थिए ?

(ग) मिश्रमा कसको शासनकालदेखि सामन्ती युगको अन्त्य भयो ?

(घ) मम्मी भनेको के हो ?

(ङ) फारोहलाई कस्तो अधिकार प्राप्त थियो ?

२. तलका प्रश्नहरूको छोटो उत्तर दिनुहोस् :

(क) मिश्रमा सामन्ती युगको थालनी र अवस्थाका बारेमा एक अनुच्छेद लेख्नुहोस् ।

(ख) मिश्रको सभ्यता डेल्टा आकारभित्र विकास भएको थियो, चर्चा गर्नुहोस् ।

(ग) मिश्रलाई किन नाइल नदीको देन भनेर चिनिन्छ, विश्लेषण गर्नुहोस् ।

३. तलका प्रश्नहरूको लामो उत्तर दिनुहोस् :

(क) मिश्रलाई किन पिरामिडको सभ्यता भनिन्छ, विश्लेषण गर्नुहोस् ।

(ख) मिश्रमा सामन्ती युग र साम्राज्य विकास युगको मूल्याङ्कन गर्नुहोस् ।

## परियोजना कार्य

(क) मिश्रको सभ्यताका विकासक्रमलाई तालिका बनाई समयरेखामासमेत देखाएर कक्षामा प्रस्तुत गर्नुहोस् ।

(ख) इन्टरनेटमा खोजेर विभिन्न पिरामिडका तस्बिरहरू सङ्कलन गरेर चित्रकथा बनाई कक्षाकोठामा प्रस्तुत गर्नुहोस् ।

पाठ ४

# मिश्र सभ्यताका विशेषता

मिश्र सभ्यताको परिचय र कालक्रम सम्बन्धमा यस अगिको पाठमा अध्ययन गरी सकिएको छ । यस पाठमा हामी मिश्र सभ्यताका विशेषता र आधुनिक विश्वमा मिश्र सभ्यताको प्रभावहरू अध्ययन गर्ने छौँ ।

## १. मिश्र सभ्यताका विशेषता

### (क) शासन व्यवस्था

फारोह राज्य सञ्चालनको उच्च स्थानमा रहन्थे । सूर्यका छोराका रूपमा राजाको दैवी अधिकारमा मिश्रवासीहरू विश्वास गर्थे । राजाले कानुन बनाउने र त्यसको पालन गर्न लगाउँथे । विवाद समाधान गर्न न्यायाधीशको भूमिकासमेत निर्वाह गर्थे । फारोहले प्राचीन कानुनअनुसार नै शासन सञ्चालन गर्थे । राज्यको मुख्य सल्लाहकारमा पुरोहित रहन्थे । जुनसुकै समारोह वा भ्रमणमा पुरोहित पनि फारोहकै साथमा रहन्थे । फारोहको सिद्धान्त शान्ति र अनाक्रमण थियो । त्यसकारण केन्द्रको नियन्त्रणमा कुनै स्थायी सेना राख्ने प्रचलन थिएन । स्थानीय तहमा भने सैनिक सङ्गठन थियो । सेनाको प्रयोग सार्वजनिक निर्माणका काममा गरिन्थ्यो । 'शान्तिसँग बसौँ र अरूलाई पनि बस्न दिऊँ' भन्ने सिद्धान्त मिश्रबासीको थियो । फारोहले सेनाको नेतृत्व गर्ने, सिँचाइ व्यवस्था मिलाउने, धार्मिक कार्यको दिन तोक्ने र कर सङ्कलन कार्यसमेत गर्थे ।

### (ख) जीवन पद्धति

प्राचीन मिश्र राज्यको समाज मूलत: राजपरिवार, सामन्त, पुजारी, मध्यमवर्ग र दास गरी पाँच वर्गमा विभाजित थियो । राजपरिवार, पुजारी र सामन्त उच्चवर्गमा पर्थे भने मध्यमवर्गमा लिपिक, व्यापारी, कालिगड र किसान थिए । तेस्रोवर्गमा दासहरू पर्थे । उच्चवर्ग सुविधा सम्पन्न थियो । यस वर्गका मानिसहरू विशाल भवनमा बस्थे, कोठाको सजावट तथा व्यक्तिगत शृङ्गारपटारमा ध्यान दिन्थे । उनीहरूले बहुमूल्य लुगा तथा धातुका भाँडाकुँडाको प्रयोग गर्थे ।

मध्यमवर्गले मिश्रको जनङ्ख्याको ठुलो हिस्सा ओगटेको थियो । त्यो वर्गले आआफ्नो व्यवसाय गरेर जीविका चलाउँथ्यो । दासहरूको जीवन ज्यादै कष्टकर थियो । उनीहरू कष्टकर जीवन बिताउन

बाध्य थिए । यस वर्गलाई कठोर परिश्रम गर्दा पनि कम ज्याला दिइन्थ्यो । काम गर्ने समयको कुनै सीमा थिएन । उनीहरू सामान्य खरको छाना भएको माटाका घरमा बस्नुपर्थ्यो ।

प्राचीन मिश्रका उच्च वर्गमा बहुविवाह गर्ने प्रचलन थियो । फारोहका धेरै पत्नीहरू हुन्थे । अन्य वर्गमा भने एकल विवाह प्रचलित थियो । एकै परिवारका दिदीबहिनीसँग विवाह गरिने प्रथाले परिवार बढी सुदृढ र सङ्गठित थियो । त्यस समयमा संयुक्त परिवार प्रथाको विकास पनि भइसकेको थियो । राजाको उत्तराधिकारीका रूपमा छोरी पनि रहन सक्ने भएकाले नारीको स्थान उच्च थियो भन्न सकिन्छ । विवाहमा कन्याको सहमति अनिवार्य मानिन्थ्यो । पिताको भन्दा आमाको महत्त्व बढी मानिन्थ्यो । खेतीपाती तथा व्यवसायमा महिला पुरुषको समान सहभागिता र सहयोगी भूमिका रहन्थ्यो ।

### (ग) कला, साहित्य र दर्शन

मिश्रबासीहरू गद्य र पद्य दुबै विधामा कलम चलाउँथे । फारोह यमनहोटेप ठुला वैद्य र लेखक थिए । मृत लासलाई कुहिन नदिने 'मम्मी मसला' (रासायनिक पदार्थ) उनैले पत्ता लगाएका थिए । उनले लेखेको पुस्तकमा नैतिक शिक्षासमेत समावेश गरिएको थियो । त्यस समयमा प्रचलनमा रहेका देवताको स्तुति र कथाहरू पनि उनको पुस्तकमा समावेश छन् । मातापिता र मानव जातिको सेवा गर्नुपर्ने कुरा पनि त्यसै पुस्तकमा उल्लेख गरिएको छ ।

मिश्रबासीहरू पाषाणकला (ढुङ्गामा बुट्टा बनाउने) मा पनि दक्ष थिए । त्यसको उदाहरणमा पिरामिड र कलात्मक मन्दिरहरूलाई लिन सकिन्छ । उनीहरू महत्त्वपूर्ण घटनाहरूलाई ढुङ्गामा कुँदेर राख्थे । मिश्रबासीहरूले सुनचाँदीलाई पनि कलात्मक रूपमा प्रयोग गर्थे । चिहानभित्र लाससँगै चित्र र मूर्तिहरू पनि राखिन्थ्यो । मूर्ति निर्माण गर्नुलाई मिश्रबासीहरू ठुलो धार्मिक कार्य सम्झन्थे । मिश्र लिपिलाई अङ्ग्रेजीमा "हाइरोग्लिफस्" (Hieroglyphs) भनिन्थ्यो तर उनीहरू अक्षर चिन्दैनथे ।

उनीहरू सूर्यका बारेमा धेरै जान्दथे । आकाशलाई उनीहरू पृथ्वीको छानो ठान्थे । उनीहरूलाई गणित शास्त्रको जोड, घटाउ, गुणन र भागको मात्र ज्ञान थियो । मिश्रवासीहरूले पात्रो पनि बनाएका थिए, जसमा ३६५ दिनको एक वर्ष र ३० दिनको एक महिना हुन्छ भन्ने उनीहरूको विश्वास थियो । त्यही चलन ग्रिक र रोमले अनुसरण गरेका थिए ।

मिश्रबासीले चित्रकलाको विकास गर्दा रङ भर्ने तरिका पनि जानेका थिए । फारोहको चित्र अरूको भन्दा ठुलो आकारको बनाउने चलन थियो । धातुको ज्ञान र धातुकलामा पनि उनीहरू निकै सिपालु

भइसकेका थिए । उनीहरूले धातुबाट आवश्यक सामान बनाई प्रयोगमा ल्याएका थिए । लेखपढ गर्ने कार्यमा भने पुरोहित वर्ग अगाडि थियो ।

### (घ) आर्थिक अवस्था

मिश्रलाई नाइल नदीको छोरी भनिन्थ्यो । नाइल नदीले थुपारेको उर्वर माटो खेतीयोग्य भएकाले मिश्रवासीहरूको आर्थिक अवस्था मजबुत भएको थियो । त्यहाँको प्रमुख आयस्रोत कृषि थियो । नाइल नदीले मिश्रको ठुलो भूभागमा सिँचाइ गर्ने हुनाले कृषि उत्पादन निकै राम्रो थियो । गहुँ, जौ, लसुन, प्याज, मुसुरो, मटर, सस्युँ जस्ता खेतीबाली, जैतुन, खजुर अङ्गुर जस्ता फलफूल र कपडाका लागि कपास यहाँका प्रमुख उत्पादनहरू थिए । नहर तथा पोखरीहरूले सिँचाइमा सहजता पुऱ्याएका थिए । खेतबारी जोत्नका लागि हलोको प्रयोग गरिन्थ्यो । पशुपालन र उद्योग, व्यापारका साथै अन्य पेसा पनि थिए । दासदासीहरू त्यहाँका प्रमुख कामदार थिए ।

त्यसैगरी गाई, गोरु, गधा, घोडा, भेडा, बाख्रा, कुखुरा आदिको राम्रो स्याहार गरी पालिने हुनाले पशुपालन पनि त्यहाँको अर्को आयस्रोत थियो । गोरु र गधाबाट भारी बोक्ने काम हुन्थ्यो । त्यहाँका मानिसले गाईलाई पवित्र प्राणी मान्दथे र गाईको पूजा पनि हुने गर्थ्यो । त्यहाँका मानिस माछा मार्ने र पशुपक्षीको सिकार गर्ने गर्थे ।

मिश्रबासीहरू तामाको खानीसँग परिचित थिए । त्यसबाट हातहतियारसमेत बनाइन्थ्यो । उद्योग, व्यापारमा पनि त्यहाँका मानिसहरू निकै सिपालु थिए । उनीहरू राम्रो र मसिनो कपडा बुन्न जान्थे । ढुङ्गा, ग्रेनाइट र मार्बल काटेर टल्काउने, विभिन्न आकारमा पत्थरलाई काट्ने, माटो, पत्थर र काँचका भाँडा बनाउने काममा उनीहरू निकै सिपालु थिए । यसका साथै उनीहरू सुन र चाँदीका गहना बनाउन निपुण थिए । उनीहरू आकर्षक फर्निचर बनाउन सिपालु थिए । मिश्रबासीहरू डुङ्गाको प्रयोग गरेर टाढा टाढासम्म व्यापार गर्ने गर्थे । सुन, चाँदी र तामाका बहुमूल्य वस्तुहरू, हात्तीको दाँत, मसला, श्रीखण्ड, शृङ्गारका सामानको व्यापार हुन्थ्यो । त्यस कालमा त्यहाँका कृषि तथा औद्योगिक उत्पादनहरूको मेसोपोटामिया, अरब, भारत र नेपालसम्म पनि व्यापार हुने गर्थ्यो । निकासी पैठारीको हिसाबले पनि त्यहाँको व्यापार सन्तुलित नै थियो ।

## २. आधुनिक विश्वमा मिश्र सभ्यताको प्रभाव

(क) दर्शन, खगोल र बीजगणित, अणु, धर्मशास्त्रका कुरा विश्वका विभिन्न भागमा फैलिएको छ ।

(ख) कागज, कलम, मसी र मसी राख्ने भाँडाको आविष्कार पनि त्यहींबाट भएको थियो । पेपिरसको कागजमा लेखिएका कुरा र लेखन कला वर्तमान समयसम्म पनि पढ्न पाइन्छ ।

(ग) गणित, विज्ञान कलाको क्षेत्रमा पनि मिश्रवासीले योगदान दिएका छन् ।

(घ) इन्जिनियरिङ, गृह निर्माण तथा मूर्तिकलाको विकास पनि मिश्रबाट नै भएको थियो ।

(ङ) चिकित्सा र औषधी, भौतिक विज्ञानको विकास मिश्रबाट नै भएको थियो ।

(च) मिश्रबासीको सबैभन्दा महत्त्वपूर्ण कार्य पञ्चाङ्गको निर्माण गर्नु पनि हो ।

(छ) जन्म, पुनर्जन्म र बहुदेवताको धारणा पनि मिश्रबाटै विकास भएको हो ।

(ज) लिपि र मुद्राको सुरुआत, खेतीपातीको विकास, भाँडावर्तन बनाउने कला, ग्लासको आविष्कार, चित्रकला, उद्योग र व्यापारको विकासमा पनि मिश्रबासीको अतुलनीय योगदान रहेको छ ।

### अभ्यास

## १. तलका प्रश्नहरूको अति छोटो उत्तर दिनुहोस् :

(क) प्राचीन मिश्रको समाज कति वर्गमा विभाजित थियो ?

(ख) मिश्रको सभ्यतामा सबैभन्दा उच्च स्थानमा को रहन्थे ?

(ग) मिश्रको लिपिलाई के भनिन्छ ?

(घ) मिश्रलाई किन नाइल नदीको छोरी भनिन्छ ?

(ङ) मिश्रबासीले गोरु र गधाको पालन गर्ने कारण के थियो ?

## २. तलका प्रश्नहरूको छोटो उत्तर दिनुहोस् :

(क) मिश्रमा दासहरूको अवस्था वर्णन गर्नुहोस् ।

(ख) मिश्रको न्याय पद्धतिको अवस्था कस्तो थियो ?

(ग) मिश्रबासीहरूले लासलाई किन र कसरी सुरक्षित राख्ने गर्थे, विश्लेषण गर्नुहोस् ।

(घ) मिश्रमा मध्यम वर्गको काम के थियो, स्पष्ट पार्नुहोस् ।

(ङ) प्राचीन मिश्रमा नारीको स्थान उच्च थियो भन्ने कुरा उदाहरणसहित स्पष्ट पार्नुहोस् ।

(च) मिश्रमा पुरोहितको भूमिका कस्तो थियो, व्याख्या गर्नुहोस् ।

३. तलका प्रश्नहरूको लामो उत्तर दिनुहोस् :

(क) मिश्रको सभ्यतालाई किन पिरामिड सभ्यता/युग भनिएको हो, आफ्नो शब्दमा लेख्नुहोस् ।

(ख) प्राचीन मिश्रको जीवन पद्धतिको सम्बन्धमा विश्लेषण गर्नुहोस् ।

(ग) मिश्रको सभ्यताबाट आधुनिक विश्वलाई प्राप्त भएका उपलब्धिहरू उल्लेख गर्नुहोस् ।

## परियोजना/प्रयोगात्मक कार्य

पाना भरिने गरी विश्वको नक्सा बनाउनुहोस् र मिश्र सभ्यताको विकास भएका स्थानहरू देखाउनुहोस् ।

पाठ ९

# ह्वाङ्हो सभ्यता

## १. परिचय

ह्वाङ्हो सभ्यता वर्तमान चीनको ह्वाङ्हो नदीको किनारमा इ.पू. ५००० तिर विकसित भएको थियो । त्यसलाई पहेँलो नदीको उपत्यका पनि भनिन्छ । यहाँ प्राप्त धेरै पुराना अवशेषहरूका आधारमा यो निकै प्राचीन सभ्यता भएको मानिन्छ ।

नदी, सागर, पर्वतशृङ्खला र घना जङ्गलहरूले गर्दा चीनको प्राचीन सभ्यता विश्वका अन्य सभ्यताभन्दा पृथक् अवस्थामा रह्यो । चीनमा अन्य मुलुकमा जस्तो जातीय मिश्रण थिएन । प्राचीन सभ्यताका आधारमा चीनको आफ्नै अलग अस्तित्व र विशेषता रहेको पाइन्छ

इ.पू. २००० तिर चीन धातु युगमा प्रवेश गरी नगर सभ्यताका रूपमा विकास भएको पाइन्छ । विभिन्न राजवंशले शासन गरेको यस सभ्यतामा इ.पू. २०७०-१६०० सम्म सिया राजवंश (Xia Dynasty) ले प्रथम राजवंशका रूपमा शासन गरेको मानिन्छ । यहाँको आधिकारिक इतिहास भने साङ्ग्वंशको शासनपछि मात्र पाइन्छ ।

प्राचीन चीनका शासकको वंश

साङ वंश (इ.पू. १७६६-११२२)

चाउ वंश (इ.पू. ११२२-२२५)

हान वंश (इ.पू. २०६-२२१)

ताङ वंश (इ.पू. ६१८-९६० )

शुङ्ग वंश (इ.पू. ९६०-१२७९)

## २. सभ्यताका विशेषता

ह्वाङ्हो सभ्यताका विशेषताहरू यस प्रकार रहेका छन् :

### (क) शासन पद्धति

साङ वंशको शासनपछि चाऊ वंशले शासन गरेको थियो । यस वंशका 'पु वाङ' नाम गरेका कुनै व्यक्तिले साङ वंशलाई पराजित गरी इ.पू. ११२२ मा आफ्नो साम्राज्य स्थापना गरेका थिए । चाउ

वंशले झन्डै ९०० वर्षसम्म चीनमा आफ्नो साम्राज्य कायम गर्‍यो । त्यो वंशको पालामा ह्वाङ्हो सभ्यताको राम्रो विकास भएको हुनाले चीनको इतिहासमा त्यो काललाई 'स्वर्णयुग' भनेर चिनिन्छ ।

इ.पू. दोस्रो शताब्दीको मध्यतिर हान वंशका 'सी ह्वाङ् ति' नाम गरेका एक सामन्तले चाउ वंशलाई पराजित गरेर हानवंशको शासन स्थापना गरे । चीनको एकीकरण गर्ने कार्य पनि 'सी ह्वाङ् ति'ले नै गरेका थिए । हान वंशले चीनमा झन्डै ७०० वर्षसम्म शासन चलायो । यस वंशको पतनसँगै ताङ्ग वंशको उदय भयो । ताङ्ग वंशको शासन काललाई चीनको इतिहासमा दोस्रो 'स्वर्णयुग' भनेर चिनिन्छ । ताङ्ग वंशपछि सुङ्ग वंश (९६०-१२७९) ले शासन गरेको पाइन्छ ।

इ.पू. ५५१ तिर चीनमा कन्फुसियसको जन्म भयो । उनले प्रतिपादन गरेको दर्शनले चिनियाँ समाजलाई नै परिवर्तन गरिदियो । सन् ९६० मा सुङ्ग वंशले शासन स्थापना गरेपछि ताङ वंशको पतन हुन गयो । छिङ् वंश चीनको अन्तिम राजवंश हो ।

## (ख) जीवन पद्धति

तत्कालीन चिनियाँ समाज मुख्यत: पाँच वर्गमा विभाजित थियो । ती वर्गमा उच्च वर्ग, मध्यम वर्ग, भूमिहीन वर्ग, दास वर्ग र मन्डेरिन वर्ग पर्थे । सामन्ती तथा पुजारीहरू उच्च वर्गमा पर्थे र यिनीहरूले राज्यद्वारा प्रदान गरिने विशेष सुविधाहरू उपभोग गर्थे । उच्च ओहदाका सरकारी पदहरू त्यही वर्गको नियन्त्रणमा रहन्थे ।

मध्यम वर्गका मानिसहरू शिल्पकार, व्यापारी, सैनिक, कृषक आदि पेसामा आबद्ध थिए । आर्थिक क्षेत्रमा राम्रो पहुँच भएका कारणले यस वर्गको सामाजिक प्रतिष्ठा पनि उच्च नै थियो । भूमिहीन वर्गले ज्याला मजदुरी गरेर आफ्नो जीवनयापन गर्नु परेकाले उनीहरूको अवस्था नाजुक थियो । त्यसैगरी दास वर्ग यस समाजको सबैभन्दा निम्नस्तरको वर्ग थियो । तिनीहरूलाई मालिकको इच्छाअनुसार किनबेच गरिन्थ्यो भने दासहरूलाई देवीदेवताका मन्दिरहरूमा लगी बलिसमेत चढाइन्थ्यो । मण्डेरिन वर्ग ह्वाङ्हो समाजको पाँचौँ वर्गमा पर्थ्यो । त्यस वर्गलाई शिक्षित मानिसको समूह मानिन्थ्यो । जुनसुकै वर्गका मानिसले उचित शिक्षा प्राप्त गरेपछि मन्डेरिन वर्गमा प्रवेश गर्न पाउने नियम थियो ।

चिनियाँ समाज पुरुषप्रधान भए पनि यो सभ्यताको थालनीतिर नारीहरूको स्थान मर्यादित र उच्च थियो । नारीहरू शिक्षा आर्जन गरेर प्रशासनका उच्च पदहरूमा पनि पुग्थे । बिस्तारै समाजमा नारीको स्थान र मर्यादामा कमी आउँदै गयो । जेष्ठ नागरिकहरूको स्याहार तथा सेवालाई परिवारका सदस्यहरूले आफ्नो कर्तव्य मान्थे । त्यतिबेलाको समाजमा संयुक्त परिवारको प्रचलन थियो ।

### (ग) साहित्य, कला र दर्शन

त्यस कालका शिक्षाविद् तथा दार्शनिक कन्फुसियसले आफ्ना पुस्तकमार्फत नैतिकता, सामाजिक स्थायित्व र शान्तिका विषयमा उल्लेख गरेका थिए । नैतिकता सिकाउने अर्का विद्वान् लाओत्सेले चीनको अराजकता तथा अस्तव्यस्त अवस्था सुधार गर्नका लागि वैचारिक रूपमा महत्त्वपूर्ण भूमिका निर्वाह गरेका थिए । लाओत्सेको विचारलाई ताओवादका नामले चिनिन्छ । यस विचारअनुसार प्रकृतिसँग मिलेर सादा जीवन बिताउने, अनावश्यक धन नथुपार्ने, लोभ र ईर्ष्या नगर्ने भनेर सन्देश दिएको पाइन्छ । यिनै नैतिक सन्देशलाई पालना गर्दा व्यक्तिको जीवन सुखी हुन्छ ।



*कन्फुसियस*

चिनियाँहरू काठ र ढुङ्गाको प्रयोग गरेर घर निर्माण गर्थे । चिनियाँहरूमा धार्मिक सहिष्णुताको राम्रो विकास भएको थियो । उनीहरू प्रकृतिलाई देवता मानी पूजाआजा गर्ने र पशुलाई बलि चढाउने गर्थे । यो समाजमा नरबलिकोसमेत प्रचलन रहेकाले दासदासी तथा युद्धबन्दीहरूलाईसमेत बलि चढाइन्थ्यो । पितृहरूलाई उनीहरूले निकै सम्मान गर्ने भएकाले वर्षमा एकपटक पितृपूजा गर्ने चलन थियो । उनीहरू विभिन्न देवीदेवताहरूमा विश्वास गर्थे । राङ्सी सबैका मूल देवता मानिन्थे ।

नेपालमा बौद्ध धर्मको विकास र विस्तारसँगै चीनको सम्पूर्ण भूभागमा पनि यस धर्मले लोकप्रियता हासिल गरेको थियो ।

चिनियाँ समाजमा शिक्षाको स्थान उच्च रहेको थियो । उनीहरू साङ्केतिक लिपिको प्रयोग गर्थे । शिक्षा आर्जनका लागि विद्यालयहरूसमेत स्थापना भएका थिए । निश्चित तहको शिक्षा प्राप्त गरेका व्यक्तिहरूले मात्र सरकारी सेवाका लागि आवेदन दिन पाउँथे । तोकिएको परीक्षा पास गरेपछि मात्र उनीहरूले सरकारी सेवामा प्रवेश पाउँथे । चिनियाँहरू साहित्य र दर्शनमा पनि निकै अगाडि थिए । चीनमा हाल पनि गीत, सङ्गीत, कविता, कथा तथा निबन्धका प्राचीन पुस्तकहरू पाइन्छन् ।

प्राचीन चीनमा वैज्ञानिक तथ्याङ्क सङ्कलन गर्ने, बादल र हावाको सङ्केत चिन्ने र ठुला ताराहरूको अवस्थिति थाहा पाउने नक्सासमेत बनाएका थिए । अङ्क गणितकोसमेत ज्ञान भएका उनीहरूले दशमलव पद्धतिको विकास पनि गरेका थिए ।

त्यसबेलाको चिनियाँ समाजमा माटो तथा धातुका भाँडावर्तन बनाउने, रेशम प्रशोधन गर्ने, बाँस तथा काठका फर्निचर बनाउने, कागज र कालोमसी बनाउने, रङ, रङ्गीबिरङ्गी टायल, आकर्षक पङ्खा, गरगहनामा लगाउने पत्थर उत्पादन गरी निर्यातसमेत गर्ने गरिन्थ्यो । चीनमा सर्वप्रथम मुद्राको आविष्कार भएको हुनाले व्यापारका लागि मुद्राको प्रयोग गरिन्थ्यो । चीनमा वास्तुकलाको विकास पनि भएको थियो । दरबार, प्यागोडा शैलीका मन्दिर र धार्मिक स्थल त्यसका उदाहरण हुन् ।

पानीजहाज र त्यसमा प्रयोग गरिने दिशासूचक यन्त्र पनि चीनमा नै आविष्कार भएको हो । सर्वप्रथम चीनमा कागजको आविष्कार भएको हुनाले छापाखानाकोसमेत विकास भएको पाइन्छ ।

## ३. आधुनिक विश्वमा ह्वाङ्हो सभ्यताको प्रभाव

ह्वाङ्हो सभ्यताले आधुनिक विश्वमा महत्त्वपूर्ण प्रभाव पारेको पाइन्छ । यस सभ्यताका केही प्रभावहरू यस प्रकार छन् :

(क) बौद्धिक ज्ञानका रूपमा कन्फुसियस तथा ताओका दर्शनले चिनियाँ समाजलाई सभ्य हुन सिकाएर विश्वलाईसमेत प्रभावित गरेको छ ।

(ख) त्यसकालमा काव्य रचनामा श्लोकबद्ध कविताको सिर्जनासमेत भएको पाइन्छ । विश्वका मुलुकहरूमा श्लोकबद्ध कविता लेखिनु यही सभ्यताको प्रभाव हो ।

(ग) भौतिक तथा प्राविधिक सिपको विकास ह्वाङ्हो सभ्यतामा भएको हो । कृषि विज्ञानमा पनि यस सभ्यताको योगदान रहेको पाइन्छ । त्यहाँ विकास गरिएको दिशासूचक यन्त्रको पनि विश्वमा प्रयोग भएको पाइन्छ ।

(घ) माटाका भाँडाकुँडा, कागज, कलम, मसी बनाउने र छाप्ने, कपडा, बारुद बनाउने प्रविधिको विकास चीनबाट अन्य मुलुकहरूमा फैलिएको थियो । उँटको रौंबाट बुरुस बनाउने प्रचलन पनि प्राचीन चीनबाट भएको थियो ।

(ङ) चिया, भटमास जस्ता पेय तथा खाद्य पदार्थको चलन चीनमा नै भयो ।

(च) रेशम धागाको कपडा बनाउने प्रविधि र कागज बनाउने प्रविधिको आविष्कार यही सभ्यताबाट भएको थियो ।

(छ) कन्फुसियस, लाओत्से जस्ता विद्वान् तथा दार्शनिकको योगदान संसारभरि फैलिएको छ ।

## अभ्यास

१. तलका प्रश्नहरूको अति छोटो उत्तर दिनुहोस् :

(क) ह्वाङ्हो नदीलाई अर्को कुन नामले चिनिन्छ ?

(ख) चिनियाँ सभ्यता धेरै पुरानो सभ्यता हो भन्ने आधार स्पष्ट पार्नुहोस् ।

(ग) चीनमा कुन वंशको पालादेखि इतिहास लेखन थालनी भएको पाइन्छ ?

(घ) प्राचीन चीनको एकीकरण कसले गरेका थिए ?

(ङ) प्राचीन चीनको लिपिको कुनै एक विशेषता लेख्नुहोस् ।

२. तलका प्रश्नहरूको छोटो उत्तर दिनुहोस् :

(क) चीनको इतिहासमा पहिलो र दोस्रो स्वर्णयुगको विषयमा विश्लेषण गर्नुहोस् ।

(ख) मन्डेरिन वर्गको परिचय दिँदै कस्ता व्यक्तिहरू यसको सदस्य हुन पाउँथे, लेख्नुहोस् ।

(ग) चिनियाँ समाजमा धार्मिक विश्वासको विषयमा उल्लेख गर्नुहोस् ।

(घ) ह्वाङ्हो सभ्यताका मानिसको आर्थिक गतिविधिहरूलाई सूची बनाई देखाउनुहोस् ।

३. तलका प्रश्नको लामो उत्तर दिनुहोस् :

(क) प्राचीन ह्वाङ्हो सभ्यताको शासन पद्धतिको विषयमा उल्लेख गर्नुहोस् ।

(ख) चीनको इतिहासमा ताङ्ग वंश अरूभन्दा किन बढी महत्त्वपूर्ण मानिन्छ, आफ्नो विचार लेख्नुहोस् ।

(ग) कन्फुसियसको दर्शनले चीनलाई पारेको प्रभाव उल्लेख गर्नुहोस् ।

### परियोजना कार्य

समूहगत रूपमा एक एकओटा सभ्यताका बारेमा खोजी गरी निम्नलिखित ढाँचामा प्रतिवेदन तयार पारी प्रस्तुत गनुहोस् :

(क) सभ्यताको नाम (ख) सभ्यताको परिचय

(ग) सभ्यताको विशेषता (घ) निष्कर्ष

एकाइ
चार

# विश्वका क्रान्तिहरू

पाठ
१

## बेलायतको गौरवमय क्रान्ति

### १. परिचय

गौरवमय क्रान्ति बेलायतमा सन् १६८८ मा जेम्स द्वितीयको निरङ्कुश शासनका विरुद्ध संसदले गरेको शान्तिपूर्ण क्रान्ति हो । बेलायतमा निरङ्कुश राजतन्त्र समाप्त भएर संसद्ले सर्वोपरिता कायम गर्दा एक थोपा पनि रगत नबगीकन सत्ता परिवर्तन भएको हुनाले यसलाई गौरवमय क्रान्ति भनिन्छ । विश्वको इतिहासमा बेलायतको गौरवमय क्रान्तिको विशेष प्रभाव रहेको छ ।

गौरवमय क्रान्तिका कारणहरू

- स्टुवर्ट वंशको दैवी सिद्धान्त
- क्याथोलिक धर्मप्रतिको मोह
- शिक्षामा राजाको हस्तक्षेप
- पक्षपातपूर्ण न्यायालय
- स्थायी सेना र फ्रान्सेली मित्रता
- टेस्ट एक्ट विरोधी काम
- जेम्स द्वितीयको पुत्रलाभ

सन् १६८८ नोभेम्बर ५ का दिन राजा बन्न विलियम अफ अरेन्ज हल्यान्डबाट १५०० हजार सैनिकसहित बेलायत आए । बेलायतका सेना, नेता र कर्मचारी वर्ग सबैले विलियमको भव्य स्वागत गरे । यस्तो घटना घटेको थाहा पाइसकेपछि बेलायतका राजा जेम्स द्वितीय भागेर फ्रान्समा शरण लिन पुगे । यसरी जेम्स द्वितीय भागेर गएपछि बेलायतको संसद्ले अधिवेशन बोलाई राजगद्दी

खाली भएको घोषणा गऱ्यो । जेम्स द्वितीयको स्वेच्छाचारी शासनबाट दिक्क भएको संसद्ले सीमित अधिकारसहित विलियमको राज्यारोहण गरायो । यसरी बेलायतको राज्य सञ्चालनसम्बन्धी अधिकार संसद्मा निहित गरियो ।

## २. गौरवमय क्रान्तिका परिणामहरू

बेलायतमा राजा जेम्स द्वितीय पलायन भएपछि उनको स्वेच्छाचारी शासनको पनि अन्त्य भयो । यस क्रान्तिका परिणामहरू निम्नानुसार छन् :

### (क) निरङ्कुश राजतन्त्रको अन्त्य

बेलायतमा हेनरी ट्युडर वंशको शासन कालदेखि चल्दै आएको दैवी अधिकारको सिद्धान्तमा आधारित निरङ्कुश शासन पद्धतिलाई सन् १६८८ को गौरवमय क्रान्तिले समाप्त गरिदियो । यो वंशले पनि दैवी शक्तिमा विश्वास गरेर निरङ्कुश शासनका कारणले दिक्क भएका जनताले गौरवमय क्रान्तिबाट सफलता प्राप्त गरेपछि त्यस वंशको अन्त्य भयो ।

### (ख) संसद्को सार्वभौमिकता कायम

गौरवमय क्रान्तिले संसद्को सार्वभौमिकताको स्थापना गरेको थियो । स्टुवर्ट वंशको सुरुदेखि नै राजा र संसद्का बिचमा सार्वभौमिकताको विषयलाई लिएर सङ्घर्ष सुरु भएको थियो । सन् १६०४ मा सुरु भएको सङ्घर्षको अन्त्य पनि यही क्रान्तिबाट भयो । यस सङ्घर्षमा संसद्ले विजय हासिल गरेकाले राजाको विशेषाधिकार पनि अन्त्य भयो । बहुसङ्ख्यक बेलायतीहरू संसद्को पक्षमा थिए तर स्टुवर्ट वंशीय राजाहरू भने संसद्को सर्वोपरिता मान्न तयार थिएनन् । अत: यी दुई पक्षका बिच लामो समयसम्म सङ्घर्ष चली यस क्रान्तिको अन्त्य भयो ।

### (ग) जनअधिकारको सुरक्षा

गौरवमय क्रान्तिले बेलायतको संवैधानिक विकासमा विशेष योगदान दिएको पाइन्छ । यस क्रान्तिले बेलायतका नागरिकहरूको अधिकार प्रत्याभूति गर्नुका साथै संवैधानिक शासन व्यवस्थाको विकास पनि गरेको थियो । यस क्रान्तिबाट जनतालाई प्रदान गरेको अधिकारपत्र (Bill of Rights) ले जनाधिकारको सुरक्षा गरेको थियो । यस अधिकारपत्रअनुसार अबदेखि बेलायतमा राजाले स्थायी सेना राख्न नपाउने, संसद्को अनुमतिबिना कर लगाउन र उठाउन नपाउने, कुनै पनि नियम कानुनलाई

स्थगित वा भङ्ग गर्न नपाउने व्यवस्था गरिएको थियो । जनताले राजालाई कुनै पनि बेला प्रार्थनापत्र दिन सक्ने व्यवस्था थियो भने सांसदहरू पनि संसद्मा स्वतन्त्रतापूर्वक बोल्न पाउँथे ।

### (घ) धार्मिक सहिष्णुताको घोषणा

गौरवमय क्रान्तिले बेलायतको धार्मिक इतिहासमा महत्त्वपूर्ण योगदान दिएको छ । क्याथोलिक धर्मले निम्त्याएको सबै सङ्कट यस क्रान्तिले अन्त्य गरेको थियो । यसपछि बेलायतले धार्मिक सहिष्णुताको विधेयक (Toleration Act) पास गरेपछि त्यहाँ धार्मिक सहिष्णुता कायम भयो । यस कानुनले धार्मिक सद्भावको विकास गर्न महत्त्वपूर्ण योगदान दिनुका साथै प्रोटेस्टेन्ट मतका सम्पूर्ण सम्प्रदायहरूलाई धार्मिक स्वतन्त्रतासमेत प्रदान गरेको थियो ।

### (ङ) शक्तिशाली राष्ट्रका रूपमा बेलायतको उदय

गौरवमय क्रान्तिको सफतापछि बेलायतका राजा जेम्स सपरिवार फ्रान्समा शरण लिन गए । बेलायतको संसद्ले राजपरिवारको विषयलाई लिएर फ्रान्ससँग आपत्ति जनायो । यस घटनाले गर्दा बेलायत र फ्रान्सका बिचमा असमझदारी बढाएको थियो । यी दुई मुलुकहरूका बिचमा कैयौँ वर्षसम्म युद्ध चल्दै रह्यो । युद्धमा बेलायत विजयी भएकाले यसको मान प्रतिष्ठा बढ्दै गई विश्वको सबैभन्दा शक्तिशाली राष्ट्रका रूपमा उदय हुन पुग्यो । विश्वको सबैभन्दा बलियो र शक्तिशाली देश बन्नका लागि बेलायतले फ्रान्सलाई हराउनु जरुरी थियो । हल्यान्डका राजा विलियम अफ अरेन्ज बेलायतका पनि राजा बनाइएकाले दुबै देशको संयुक्त प्रयासले फ्रान्सलाई हराउन सम्भव भयो ।

## अभ्यास

१. तलका प्रश्नहरूको अति छोटो उत्तर दिनुहोस् :

(क) बेलायतको इतिहासमा गौरवमय क्रान्तिलाई किन रक्तहीन क्रान्ति भनिन्छ ?

(ख) जेम्स द्वितीय बेलायतबाट किन भागेका थिए ?

(ग) बेलायत शक्तिशाली हुनुमा गौरवमय क्रान्तिको प्रभाव एक बुँदामा उल्लेख गर्नुहोस् ।

२. तलका प्रश्नहरूको छोटो उत्तर दिनुहोस् :

(क) बेलायतमा गौरवमय क्रान्तिको पृष्ठभूमि छोटकरीमा लेख्नुहोस् ।

(ख) बेलायतको गौरवमय क्रान्तिले संवैधानिक विकासमा दिएको योगदान उल्लेख गर्नुहोस् ।

(ग) गौरवमय क्रान्ति र धार्मिक सहिष्णुताको सम्बन्ध प्रस्तुत गर्नुहोस् ।

३. तलका प्रश्नहरूको लामो उत्तर दिनुहोस् :

(क) गौरवमय क्रान्तिको परिणामहरूको सूची बनाई व्याख्या गर्नुहोस् ।

(ख) 'बेलायतमा भएको गौरवमय क्रान्ति विश्वका लागि उदाहरणीय क्रान्ति हो ।' यसलाई उदाहरणसहित स्पष्ट पार्नुहोस् ।

## परियोजना कार्य


आजको प्रजातान्त्रिक युगमा बेलायतको गौरवमय क्रान्तिको प्रभाव सम्बन्धमा सोधखोज गरी विवरण तयार पारी प्रस्तुत गर्नुहोस् ।

पाठ २

# कृषि क्रान्ति

## १. परिचय

बेलायतमा कृषिको क्षेत्रमा सुधार गरी आयआर्जनमा वृद्धि गर्नका लागि गरिएको प्रविधिको प्रयोगलाई कृषि क्रान्ति भनिन्छ । अठारौँ शताब्दीको सुरुआतसम्म बेलायतमा परम्परागत तरिकाले खेती गरिन्थ्यो । बेलायतमा औद्योगिक क्रान्तिको प्रारम्भ कृषि क्रान्तिबाट भएको थियो । परम्परागत कृषि प्रणालीबाट न त उत्पादनमा वृद्धि भएको थियो न त किसानहरूको आवश्यकता नै पूरा गर्न सकेको थियो । परम्परागत कृषि प्रणालीले गर्दा उद्योगधन्दाको विकास हुन नसकेकाले वैज्ञानिकहरूको ध्यान कृषि क्रान्तितर्फ गयो । बेलायतको बढ्दो जनसङ्ख्यालाई अन्नको आवश्यकता पूरा गर्नका लागि पनि कृषि उत्पादनमा वृद्धि गराउनु आवश्यक थियो ।



*कृषि क्रान्तिको चित्र*

## २. कृषि क्रान्तिका कारणहरू

बेलायतको कृषि क्रान्तिका कारणहरू यसप्रकार रहेका थिए :


### (क) बढ्दो जनसङ्ख्या

बेलायतको जनसङ्ख्या दिनदिनै वृद्धि हुँदै जाँदा खाद्यान्नको समस्या पनि बढ्दै गएको थियो । यसरी खाद्यान्नको समस्या बढ्नुका विभिन्न कारणहरूमध्ये अठारौँ शताब्दीमा युरोपमा भएका ठुला ठुला

युद्धहरू पनि थिए । युद्धको समयमा विदेशबाट खाद्यान्न ल्याउँदा विभिन्न कठिनाइको सामना गर्नुपर्थ्यो । अन्नको कमी हुँदै जाँदा खाद्यान्नको बजार मूल्य पनि बढ्दै गएको थियो । बढ्दो जनसङ्ख्याको आवश्यकतालाई पूरा गर्न कृषि उत्पादन पनि बढाउनुपर्ने भयो । त्यसैले बेलायतले कृषिमा आधुनिकीकरण सुरु गर्‍यो ।

### (ख) कृषि यन्त्रको आविष्कार

कृषि क्रान्तिबाट खेतीपाती गर्न आधुनिक प्रविधिको विकास भयो । सन् १७०१ मा जेथ्रो टुल नामका कृषि वैज्ञानिकले 'सिड ड्रिल' नामको मेसिन आविष्कार गरे । यस यन्त्रले बिउलाई सहज र व्यवस्थित तरिकाले पङ्क्तिबद्ध रूपमा छर्नलाई सजिलो भयो । यही मेसिनको आविष्कारबाट कृषि क्रान्तिको सुरुआत भयो ।



### (ग) खेतीपाती र नस्ल सुधार

लोड टाउन्सेन्ड (Load Townshend) ले बालीमा विविधता ल्याई माटाको उर्वराशक्ति बढाउन सकिन्छ भन्ने तथ्य पत्ता लगाए । सन् १७३० मा लर्ड टाउनसेन्ड राजनीतिबाट अलग भएपछि कृषि कार्यमा संलग्न भए । उनले कृषिमा उब्जनी बढाउनका लागि एउटै जमिनमा जौ, दुबो वा अन्य घाँस र गहुँको फसल लगाउने गर्थे । यसले गर्दा खेत मलिलो हुन गई उब्जाउ पनि बढ्न थाल्यो । घरपालुवा पशुलाई घाँसपात खुवाउन पनि सजिलो भयो । यही अनुसन्धान कार्यले गर्दा टाउनसेन्ड 'टर्निप टाउनसेन्ड' नामले चिनिन पुगे । रबर्ट बेकवेल (Robert Bakewell) ले पशुहरूको नस्ल सुधारको उपाय पत्ता लगाई पशुपालनका क्षेत्रमा व्यापक परिवर्तन ल्याएका थिए ।

आर्थर यङ (Arthur Young) ले जमिनलाई चक्लाबन्दी गरेर कृषि उत्पादनमा वृद्धि गर्न सकिन्छ भन्ने कुराको प्रचारप्रसार गरे उनलाई 'नयाँ खेतीका अवतार' भन्ने उपनामलेसमेत चिनिन्छ ।

## ३. कृषि क्रान्तिका परिणामहरू

बेलायतको कृषि क्रान्तिका परिणामहरू यसप्रकार रहेका थिए :

### (क) कृषिमा मेसिनको प्रयोग

बेलायतमा कृषि क्रान्तिले उत्पादनमा वृद्धि ल्यायो, जस्तै : जेथ्रो (Jethur Tull) ले बनाएको ड्रिल मेसिनले खेत जोताएर पङ्क्तिबद्ध रूपमा बिउ रोप्ने कार्यले उत्पादनमा वृद्धि ल्यायो । एक वर्ष बिराएर खेती गर्ने परम्परालाई हटाई बर्सेनि खेती गर्न थालियो । यसरी बेलायको कृषिमा व्यापक विकास भएर उत्पादनमा वृद्धि हुन थाल्यो ।

### (ख) उद्योगधन्दामा मजदुरहरूको सङ्ख्यामा वृद्धि

बेलायतका गाउँहरूमा किसानहरूको सङ्ख्या बिस्तारै घट्न थाल्यो । उनीहरू कामको खोजीमा सहरतिर बसाइँ सर्न थाले । यसरी बसाइँ सरी गएका मानिस उद्योगहरूमा काम गर्न थाले । यसपछि बिस्तारै सहरको जनसङ्ख्या वृद्धि भई औद्योगिक उत्पादन पनि बढ्न थाल्यो ।

### (ग) कृषि प्रणालीमा परिवर्तन

आधुनिक कृषि प्रणालीको कारणले ससाना टुक्रामा गरिने खेती चक्लाबन्दीमा परिणत भयो । खेतीमा आधुनिक औजारहरूको प्रयोग हुन थालेकाले बेलायतमा कृषि उब्जनी बढ्न थाल्यो ।

**अभ्यास**

१. तलका प्रश्नहरूको अति छोटो उत्तर दिनुहोस् :

(क) बेलायतमा औद्योगिक क्रान्तिको सुरुआत केबाट भएको थियो ?

(ख) कुन क्रान्तिले बेलायतमा पर्याप्त मात्रामा अन्न पुऱ्याउन सहयोग गरेको थियो ?

(ग) बेलायतमा 'जुथ्रो टुल' ले कुन मेसिनको आविष्कार गरेका थिए ?

२.	तलका प्रश्नहरूको छोटो उत्तर दिनुहोस् :

(क)	बेलायतको बढ्दो जनसङ्ख्यालाई अन्न पुऱ्याउन केकस्ता काम गरिएको थियो ?

(ख)	कृषि यन्त्रको प्रयोगले तत्कालीन समयमा कस्तो प्रभाव पारेको थियो ?

(ग)	कृषि क्रान्ति हुनुका कारणहरूको सूची बनाउनुहोस् ।

३.	तलको प्रश्नको लामो उत्तर दिनुहोस् :

बेलायतमा कृषि क्रान्तिका परिणामहरूको सूची बनाउनुहोस् र प्रभावहरूको विश्लेषण गर्नुहोस् ।

## परियोजना कार्य

तपाईं बसेको समुदाय वरपर भएका परम्परागत खेती र आधुनिक तरिकाले गरिएका खेतीका बारेमा सोधखोज गरेर तुलनात्मक अध्ययन गरी प्रतिवेदन तयार पार्नुहोस् ।

पाठ ३

# औद्योगिक क्रान्ति

## १. परिचय



*औद्योगिक कारखानाको चित्र*

विश्वको इतिहासमा फरक फरक समयमा विभिन्न क्रान्तिहरू भए । हरेक क्रान्तिको आफ्नै विशेषता रहेको देखिन्छ । अठारौँ शताब्दीको मध्यदेखि उन्नाइसौँ शताब्दीको मध्यसम्मको अवधिमा बेलायतमा भएको औद्योगिक र वैज्ञानिक परिवर्तनलाई नै औद्योगिक क्रान्ति भनिन्छ । सत्रौँ शताब्दीसम्म मानिसले आफ्नो सबै कार्यका निम्ति आफ्नै शारीरिक बलमा निर्भर रहनुपर्थ्यो । मानिसले गोरु, घोडा, उँट इत्यादि पशुहरूको सहयोगबाट जीवन निर्वाह गर्थे । तर अठारौँ शताब्दीदेखि यो अवस्थामा परिवर्तन भयो । उत्पादनका निम्ति नयाँ नयाँ मेसिनको आविष्कार भयो । आवागमनका साधनहरूको पनि विकास भयो । यसबाट मानिसको समय र श्रमशक्तिकोसमेत बचत हुन थाल्यो । पहिले मानिस

हातले नै सबै कार्य गर्थे तर अब प्राय: सबै कार्य यन्त्रबाट हुन थाल्यो । यी सबै परिवर्तनले मानिसको सामाजिक र आर्थिक जीवनमा गहिरो प्रभाव पार्‍यो । यही परिवर्तनलाई 'औद्योगिक क्रान्ति' भनिन्छ ।

औद्योगिक क्रान्तिले उद्योगधन्दाको परम्परागत ढाँचामा परिवर्तन ल्याएको थियो । फलाम, कोइला, काँसका उत्पादनबाट विभिन्न वस्तुहरू बनाउने तौरतरिकाहरूमासमेत आमूल परिवर्तन आयो । यसलाई नै औद्योगिक क्रान्तिको संज्ञा दिइएको छ । मध्ययुगमा घरेलु उद्योगधन्दाहरूको बोलवाला थियो र त्यसताका कालीगढहरूले आआफ्ना घरमा हातद्वारा नै विविध वस्तुहरूको तयारी गर्थे । आधुनिक युगमा आएर कालीगढहरूको ठाउँमा मेसिनको प्रयोग बढ्दै जान थाल्यो । औद्योगिक विकास क्रमिक रूपले चलिरहने प्रक्रिया हो । यो क्रम अठारौँ शताब्दीदेखि वर्तमान समयसम्म र भविष्यमा पनि चलिरहने छ । विशेष गरेर सन् १७७० देखि १८३० सम्मको ६० वर्षको अवधिमा बेलायतलगायत युरोपका अन्य देशमा पनि औद्योगिक क्षेत्रमा आमूल परिवर्तन भएको थियो ।

## २. औद्योगिक क्रान्तिका कारणहरू

औद्योगिक क्रान्ति हुनुपूर्व बेलायत एउटा कृषिप्रधान देश थियो । त्यहाँ परम्परागत कृषि प्रणाली नै प्रचलनमा रहेको थियो । घरेलु तथा साना उद्योग सञ्चालनमा थिए । औद्योगिक क्रान्तिका कारणहरू यसप्रकार रहेका छन् :

### (क) बेलायतको भौगोलिक स्थिति

बेलायतको भौगोलिक स्थिति सुविधाजनक थियो । काटिएको सामुद्रिक तटले गर्दा राम्रा राम्रा बन्दरगाहहरू थिए । यसका साथै बेलायतको भित्री भागमा बहने अनेक नदीनालाहरूले समुद्रलाई छोएको हुनाले पानी र यातायातका निम्ति सुविधा पुर्‍याएको थियो । यी नदीनालाहरूमा सञ्चालित पानीजहाजले आन्तरिक व्यापारको विस्तारमा मदत पुर्‍याएको थियो भने बेलायतको सामुद्रिक किनारमा रहेका बन्दरगाहहरूले बाह्य मुलुकहरूसँग व्यापारिक सम्बन्ध कायम गराउन सहज बनाएको थियो । यसकारण बेलायतको सामुद्रिक शक्ति अन्य देशको दाँजोमा बलियो मानिन्थ्यो ।

### (ख) राजनीतिक स्थिरता

बेलायतको राजनीतिक स्थिरताले गर्दा औद्योगिक क्रान्तिका लागि अनुकूल वातावरण सिर्जना भएको थियो । त्यहाँका प्रथम प्रधानमन्त्री 'रबर्ट वालपोल' को दूरदर्शी नीतिले गर्दा बेलायतको आन्तरिक र बाह्य व्यापारमा निकै वृद्धि भएको थियो । यिनले बेलायतको स्वतन्त्र व्यापारलाईसमेत प्रोत्साहन दिएका कारण त्यसबेलादेखि नै बेलायतको व्यापारिक अवस्थामा सुधार हुँदै आएको थियो ।

### (ग) बेलायतका उपनिवेशहरू

बेलायतले एसिया, अफ्रिका र अमेरिका महादेशका धेरै देशहरूलाई उपनिवेश बनाएको थियो । यही उपनिवेशवादकै कारण बेलायतको व्यापारमा भएको एकाधिकारले गर्दा अङ्ग्रेजहरूलाई निकै फाइदा भएको थियो । ती देशहरूबाट कच्चा पदार्थहरू ल्याई बेलायतले मालसामान उत्पादन गरेर त्यहाँकै बजारमा बिक्री गर्थे ।

### (घ) कुशल कालीगढहरू र सस्ता मजदुरहरू

१७ औँ शताब्दीमा युरोपेली राष्ट्रहरूले धार्मिक असहिष्णुताको नीतिलाई अवलम्बन गरेका थिए । त्यस अवधिमा फ्रान्स र स्पेनका क्याथोलिकहरूले प्रोटेस्टेन्टहरूमाथि घोर अत्याचार गरेका कारणबाट ती देशका बासिन्दाहरू हजारौँ सङ्ख्यामा बेलायतमा ओइरिएका थिए । बेलायतमा भागेर आएका शरणार्थीहरूले आफूसँग धन, सिप र व्यापार गर्ने बुद्धिसमेत लिएर आएका थिए । यिनीहरू अत्यन्त कुशल कालीगढ भएका हुनाले बेलायतको औद्योगिक क्रान्तिका लागि ठुलो सहयोग पुग्न गएको थियो ।

### (ङ) वैज्ञानिक आविष्कार

नवजागरणले गर्दा विज्ञानको क्षेत्रमा पर्याप्त उन्नति भयो र वैज्ञानिक आविष्कारहरू हुँदै गए । बेलायतका तत्कालीन वैज्ञानिकहरू जेम्स हारग्रिब्स (James Hargreaves), रिचार्ड आर्कराइट (Richard Arkwright) र इडमन्ट कार्टराइट (Edmund Cartwright) ले नयाँ नयाँ मेसिनको आविष्कार गरे । यसले गर्दा वस्त्र, कोइला र फलाम उद्योग तथा यातायातको क्षेत्रमासमेत प्रगति भयो । सर्वप्रथम धागो कात्ने र कपडा बुन्ने मेसिन तयार भयो । सन् १७३३ मा लङ्कासायर निवासी 'जाँनके' ले फ्लाइङ्ग सट्लको आविष्कार गरे । यसबाट कपडा बुन्ने कार्य छिटोछरितो भयो । सन् १७६५ मा ब्ल्याक वर्ग निवासी जेम्स हारग्रिब्सले अर्को धागो कात्ने स्पिनिङ जेनी मेसिन बनाए । यो मेसिनबाट सोह्र कतुवाहरू चल्थे । यसको सहायताबाट आठ गुना बढी धागो कात्न सकिन्थ्यो । अर्का बेलायत निवासी वैज्ञानिक रिचार्ड आर्कराइटले 'वाटर फ्रेम' नामक मेसिन बनाए । यसपछि धागो कात्ने कार्यको आवश्यकता नै रहेन । हारग्रिब्स र आर्कराइटकै मेसिनको आधारमा सन् १७७९ मा वेल्स निवासी 'क्रोम्पटन' ले म्युल नामक एउटा मेसिन बनाए । यसबाट मसिनो धागो धेरै परिमाणमा निकाल्न सकिन्थ्यो । सन् १७८५ मा एडमन्ड कार्टराइटले पानीबाट चल्ने 'पाओर लुम' को आविष्कार गरे । यी आविष्कारहरूले गर्दा कलकारखानाहरू वाष्प शक्तिका माध्यमले चल्न थाले । जलशक्तिको आवश्यकता घट्दै गयो । सन् १७६४ मा जेम्सवाटले वाष्पशक्तिले चल्ने इन्जिनको आविष्कार गरे । सन् १८८५ देखि कताइ र बुनाइ मेसिन चलाउनमा पनि वाष्पशक्तिकै प्रयोग गरियो ।

सन् १८१२ र सन् १८१४ मा वाष्पशक्तिबाटै क्रमश: स्टिम र रेलको इन्जिन चलाउन थालियो । रेलको इन्जिन वाष्पशक्तिले चलाउन 'जर्ज स्टिफेन्सन' ले सुरुआत गरेका थिए ।

### (च) फलाम र कोइलाको प्रयोग

बेलायत पहिलेदेखि नै प्राकृतिक स्रोतको धनी देश थियो । यसको अपार प्राकृतिक स्रोतले गर्दा औद्योगिक क्रान्तिका निम्ति अनुकूल वातावरण तयार भयो । मेसिन बनाउन र चलाउनका लागि फलाम र कोइलाको आवश्यकता थियो । बेलायतमा विद्यमान फलाम र कोइला खानीले गर्दा उद्योगधन्दाको विस्तार हुनमा मदत पुऱ्याएको थियो । फलाम र कोइला जस्तो महत्त्वपूर्ण खानी पनि एकअर्काको नजिक भइदिनाले पनि यो काम सजिलो भएको थियो । फलाम खानीले गर्दा यन्त्र बनाउन सजिलो भयो भने फलाम पगाल्न कोइलाले मदत पुऱ्याएको थियो । यसैको सहायताले खानीमा काम हुन थाल्यो र औद्योगिक क्रान्तिको सुरुआत भयो ।

### (छ) यातायातको साधनमा सुधार

उत्पादनमा वृद्धि भएकाले तयारी मालहरू विभिन्न स्थानहरूमा पठाउनका लागि यातायातको अवस्था राम्रो थिएन । पक्की सडकको अभाव थियो । अत: इन्जिनियरहरूको सहायताले पक्की सडकहरूको निर्माण गरियो । 'ट्राम' गाडीहरूको निर्माण भयो । सन् १७८४ मा पामरले नयाँ 'डाँक' को प्रचलन सुरु गरे । सन् १७५९ मा बेलायतमा पहिलोपटक नहरको निर्माण भयो । अठारौँ शताब्दीको अन्त्यसम्म आइपुग्दा अनेकौँ नहरहरूको निर्माण भयो । यसबाट लन्डन, ब्रिस्टल, लिवरपुर आदि प्रमुख सहरहरू एकआपसमा जोडिए । उन्नाइसौँ शताब्दीको प्रारम्भमा रेल र स्टिमरको आविष्कार भयो । बेलायत र युरोपमा रेलगाडीको विकास तीव्र रूपमा भयो ।

## अभ्यास

१. तलका प्रश्नहरूको अति छोटो उत्तर दिनुहोस् :

(क) कुन क्रान्तिपछि उत्पादनका लागि मेसिनको प्रयोग हुन थाल्यो ?

(ख) मध्य युगमा कस्ता उद्योगहरू सञ्चालनमा थिए ?

(ग) बेलायतमा कति वर्षको अवधिमा औद्योगिक क्षेत्रमा आमूल परिवर्तन भएको थियो ?

(घ) बेलायतमा कुन खनिज पदार्थ पर्याप्त मात्रामा थियो ?

२. तलका प्रश्नहरूको छोटो उत्तर दिनुहोस् :

(क) बेलायतको भौगोलिक अवस्थाका बारेमा छोटो वर्णन गर्नुहोस् ।

(ख) बेलायतमा औद्योगिक क्रान्तिपश्चात् केकस्ता वैज्ञानिक आविष्कार भएका थिए, तालिकामा देखाउनुहोस् ।

(ग) तत्कालीन समयमा बेलायतमा वाष्प शक्तिले के चलाइन्थ्यो ?

३. तलका प्रश्नहरूको लामो उत्तर दिनुहोस् :

(क) बेलायतमा औद्योगिक क्रान्ति हुनुका कारणहरूको सूची निर्माण गर्नुहोस् ।

(ख) बेलायतको राजनीतिक स्थिरता नै औद्योगिक क्रान्तिको प्रमुख कारण थियो, तर्कसहित लेख्नुहोस् ।

## परियोजना कार्य

बेलायतको औद्योगिक क्रान्तिका तस्बिरहरू विभिन्न मध्यमबाट सङ्कलन गरी पोस्टर तयार गरी कक्षामा प्रस्तुत गर्नुहोस् ।

पाठ ४

# औद्योगिक क्रान्तिका परिणाम

औद्योगिक क्रान्तिको कारणले सम्पूर्ण संसारकै रूप बदलिन थाल्यो । मानिसको सामाजिक, आर्थिक, सांस्कृतिक र राजनीतिक जीवनमा आमूल परिवर्तन भयो । आधुनिक इतिहासमा औद्योगिक क्रान्तिले सर्वसाधारणको जीवनमा व्यापक परिवर्तन ल्याइदिएको छ । यसका मुख्य परिणामहरू यसप्रकार रहेका छन् :

## १. व्यापार व्यवसायको उन्नति

औद्योगिक क्रान्तिको परिणामस्वरूप प्रशस्त मात्रामा यान्त्रिक उद्योगहरूको स्थापना भयो । यसरी सस्तो र ठुलो मात्रामा मालसामानहरू उत्पादन भएका कारणले बेलायतको व्यापारको प्रभाव सम्पूर्ण विश्वमा पर्न गयो । 'स्टिम इन्जिन' द्वारा सञ्चालित रेल र जहाज जस्ता यातायातका साधनहरूको आविष्कारले गर्दा कलकारखानाबाट उत्पादित वस्तुहरू युरोपबाट बाहिरी मुलुकहरूमा बिक्री गर्न र अन्य मुलुकहरूबाट कच्चा पदार्थहरू ल्याउन सजिलो भयो । मेसिनहरूको आविष्कार भएकाले आवागमनको साधनमासमेत परिवर्तन आयो । यी परिवर्तनले बेलायतको अवस्था नै बदलिन पुग्यो । उत्पादन बढेकाले उत्पादित वस्तुको खपत हुन थाल्यो, अनि व्यापारमा सुधार भयो । संसारको अधिकांश भागको व्यापारमा बेलायतकै बोलवाला रहन गयो । व्यापार बढ्नाले ठुलाठुला बैङ्क, कलकारखाना आदिको स्थापना हुन थाल्यो । आवागमनका साधनहरूको विकास हुन गएकाले बेलायतलाई बाहिरबाट कच्चा माल मगाउन र तयारी माल पठाउन सहज हुन थाल्यो ।

## २. घरेलु उद्योगधन्दाको पतन

औद्योगिक क्रान्तिका कारणले घरेलु उद्योगहरू बिस्तारै विस्थापित हुन थाले । शिल्पकारले आफ्नो घरमा परिवारसँगै बसेर आफ्नो इच्छाअनुसारको मालसामान तयार गर्थे । आफूले बनाएका मालसामान सोझै वा अरूमार्फत बेच्ने प्रबन्ध पनि शिल्पकारले नै गर्थे । नयाँ कलकारखाना खुलेपछि सस्ता किसिमका मालसामान धेरै सङ्ख्यामा बिक्न थाले । शिल्पकारले औद्योगिक उत्पादनसँग प्रतिस्पर्धा गर्न सकेनन् । यसप्रकार उद्योग र कारखानाहरूको स्थापना भयो त्यसैले घरेलु उद्योगहरू क्रमशः बन्द हुँदै गए । यसबाट धेरै शिल्पकार बेरोजगार हुन थाले । फ्याक्टरीमा काम गर्ने शिल्पकारहरू र श्रमिकहरू पुँजीपतिहरूका दास बन्न पुगे ।

### ३. जनसङ्ख्यामा वृद्धि

उत्पादनमा वृद्धि भएकाले साधारण जनताको जीवनस्तर उठ्यो । मानिसलाई राम्रो खाना प्राप्त हुन थाल्यो र बिमारीको सङ्ख्या कम हुँदै गयो । औद्योगिक क्रान्तिले गर्दा विश्वको जनसङ्ख्या निकै वृद्धि भएको थियो । पौष्टिक खाना र औषधीको निर्माणबाट मृत्युदर निकै घट्यो र सन्तान उत्पादन गर्ने क्रममा तीव्रता आयो । विलासी जीवनले गर्दा महिला र पुरुषमा सन्तान उत्पादन गर्ने क्षमतामा पनि वृद्धि भयो । फलस्वरूप युरोपको जनसङ्ख्या तीव्र गतिले बढ्न गयो ।

### ४. सहरहरूको निर्माण

औद्योगिक क्रान्तिका कारणले व्यावसायिक सहरहरू विकसित हुन थाले । सहरका मानिसको खानपान, रहनसहन, आहारविहार आदि सबै गाउँका मानिसको भन्दा उच्च हुन थाल्यो । किसानहरू आफ्नो गाउँको खेतीपाती बेचेर कामको खोजीमा सहरतर्फ लागे । यसले गर्दा गाउँ उजाड भयो भने सहरमा चहलपहल बढ्न थाल्यो । उद्योग र कारखानामा काम गर्न आउने मजदुरहरूका निम्ति घर, अस्पताल, पाठशाला, सुरक्षा, पानी, बिजुली, पसलको व्यवस्थाले गर्दा सहरको विकास हुँदै गयो । उद्योगमा संलग्न उद्योगपति तथा पुँजीपतिहरूका लागि मनोरञ्जन गर्ने क्लब तथा नाट्यघरहरूको निर्माण भयो । स्वास्थ्य, सफाइ, शिक्षा आदिको प्रबन्धका लागि नगरपालिका, औषधालय, विद्यालय इत्यादि स्थापित हुन थाले ।

### ५. पुँजीवादको विकास

औद्योगिक क्रान्तिको फलस्वरूप कृषिको महत्त्व घटेर गयो र पुँजीवाद र साम्राज्यवादको विकास भयो । औद्योगिक क्रान्तिले कसैलाई करोडपति बनायो भने कसैलाई गरिब बनायो । व्यापार स्वतन्त्रताको नीति कार्यान्वयनमा आयो । विस्तृत बजार र कच्चा मालको खोजी गर्नका लागि साम्राज्यको स्थापना हुन थाल्यो । यसप्रकार युरोपवासीहरूले एसिया, अफ्रिका र अमेरिका महादेशमा साम्राज्यको स्थापना गरे ।

### ६. मजदुरहरूको दुर्दशा

औद्योगिक क्रान्तिले गर्दा मजदुरहरूको दुर्दशा भएको थियो । आफ्नो खेत बेचेर गाउँ छोडी सहर पसेका किसानहरू उद्योगमा प्रवेश पाएपछि मजदुर बनेका थिए । सहर पसेका यस्ता मजदुरहरूको सङ्ख्या धेरै हुनाले पुँजीपतिहरूलाई श्रमको न्यूनतम मोल निर्धारण गर्न सजिलो भयो । यस्ता मजदुर हरूले कम पारिश्रमिक लिएर धेरै काम चाहिँ गर्नुपर्थ्यो । गाउँबाट सहर पस्ने मजदुरहरूको ओइरोले गर्दा सहरको वातावरणमा प्रतिकूल असर परेको थियो ।

### ७. मजदुर आन्दोलन

औद्योगिक क्रान्तिपश्चात् समाजमा पुँजीपति र मजदुर गरी प्रस्ट रूपमा दुई वर्गमा विभाजित भयो । । पुँजीपति वर्ग प्रभावशाली थियो तर शिक्षित र मध्यम वर्गलाई सरकारको समर्थन प्राप्त नभएकाले उनीहरू प्रभावहीन भएका थिए । कारखानाका मालिक र मजदुरहरूका बिचमा पारस्परिक द्वन्द्वको जन्म नै औद्योगिक क्रान्तिले गराएको थियो । मिल मालिकहरू मजदुरको शोषण गरी आफ्नो पुँजी बढाइरहेका थिए । धेरैजसो मजदुरलाई बस्नका लागि राम्रो र स्वस्थप्रद घरहरू थिएनन् । औद्योगिक क्रान्तिले गर्दा युरोपका देशहरूमा प्रतिस्पर्धा बढ्दै जाँदा पछि त्यही द्वन्द्व विश्वयुद्धमा परिणत भयो । मजदुरहरू लामो समयसम्म दयनीय हालतमा बस्न तयार थिएनन् । अतः उनीहरूले ट्रेड युनियन, सङ्घ र सङ्गठन खोली मिल मालिकका विरुद्ध सङ्घर्ष गर्न थाले ।

## अभ्यास

१. तलका प्रश्नहरूको अति छोटो उत्तर दिनुहोस् :

(क) औद्योगिक क्रान्ति भएपछि मानिसहरूले केको सहायताले काम गर्न थाले ?

(ख) बेलायतमा औद्योगिक क्रान्ति कहिलेबाट सुरु भयो ?

(ग) मध्ययुगमा बेलायतमा कस्ता उद्योगधन्दा चलेका थिए ?

२. तलका प्रश्नहरूको छोटो उत्तर दिनुहोस् :

(क) औद्योगिक क्रान्तिले के के कुरामा परिवर्तन ल्याएको थियो, छोटकरीमा लेख्नुहोस् ।

(ख) बेलायतको भौगोलिक अवस्था कसरी उद्योगका लागि उपयोगी साबित भयो, कारण लेख्नुहोस् ।

(ग) औद्योगिक क्रान्तिले बेलायतमा यातायातको साधनमा कसरी सुधार गऱ्यो, लेख्नुहोस् ।

(घ) औद्योगिक क्रान्तिका कुनै चार परिणामको सूची बनाउनुहोस् ।

३. तलका प्रश्नको लामो उत्तर दिनुहोस् :

(क) औद्योगिक क्रान्तिका परिणामहरू के के हुन्, विश्लेषण गर्नुहोस् ।

### परियोजना कार्य

बेलायतमा भएको औद्योगिक क्रान्तिका तस्बिरहरू खोजी गरी स्क्र्याप पुस्तिका तयार गर्नुहोस् ।

पाठ ९

# अमेरिकी स्वतन्त्रता सङ्ग्राम

## १. परिचय

कोलम्बस सन् १४९२ मा अमेरिका पुगे । त्यसपछि मात्र मानिसलाई अमेरिकाका बारेमा थाहा हुन थाल्यो । व्यापारिक उन्नति र ठुलो धनराशि प्राप्त गर्ने लालच लिएर स्पेनिस, फ्रान्सेली, अङ्ग्रेज आदि युरोपेलीहरूले अमेरिकी भूभागलाई उपनिवेशमा परिणत गरे । १८ औँ शताब्दीमा आएर बेलायत सरकारले अमेरिकी उपनिवेशहरूमा जनताको आकाङ्क्षा विपरीत कानुनहरू लागु गर्न थाल्यो । यसको परिणामस्वरूप अमेरिकी उपनिवेशबासीको मनमा आफ्नो स्वतन्त्र राष्ट्र निर्माण गर्ने भावना जागेर आयो । उपनिवेशबासीलाई बेलायतले पक्षपाती व्यवहार गरेका कारण उनीहरू भित्रभित्रै आक्रोशित भएका थिए । उनीहरू बेलायतसँग लडेर अमेरिकाको भूभागलाई आफ्नो स्वतन्त्र राज्य बनाउन चाहन्थे ।

एउटा स्वाधीन राष्ट्र निर्माणका लागि अमेरिकी उपनिवेशबासी बेलायत विरुद्ध सङ्घर्षको मैदानमा उत्रिए । सन् १७७५ अप्रिल १९ का दिनमा अमेरिकी स्वतन्त्रता सङ्ग्राम सुरु भयो । एउटा स्वतन्त्र राष्ट्रको निर्माण गर्ने वा नगर्ने भन्ने विषयमा बेलायती सेना र अमेरिकी उपनिवेशबासीका बिचमा भएको यही सङ्घर्षलाई अमेरिकी स्वतन्त्रता सङ्ग्राम (American War of Independence) भनिन्छ । यही सङ्घर्षले अमेरिकालाई एक स्वतन्त्र राष्ट्रमा परिणत गऱ्यो ।

## २. स्वतन्त्रता सङ्ग्रामका कारणहरू

अमेरिकी स्वतन्त्रता सङ्ग्रामका कारणहरू निम्नानुसार प्रस्तुत गरिएका छन् :

### (क) शासन व्यवस्था

बेलायतले अमेरिकामा तेह्रओटा औपनिवेशिक राज्यहरू बनाएको थियो । अमेरिकी उपनिवेशबासीले १७ औँ शताब्दीको बेलायतको मान्यता र संस्थाहरू साथमै लिएर अमेरिका बस्न गएकाले उनीहरू कानुनी राज्य (Rule of Law) मा विश्वास गर्थे । हरेक उपनिवेशमा स्थापित व्यवस्थापिका सभाको गभर्नर बेलायतबाट नियुक्त हुनाले गभर्नर र व्यवस्थापिकाको बिचमा बारम्बार झैझगडा भइरहन्थ्यो । व्यवस्थापिका सभाको बहुमतद्वारा पारित प्रस्तावहरूलाई गभर्नरले निषेधाधिकार (Veto) प्रयोग गरी रद्द गर्न सक्थे । अमेरिकामा बेलायतको उपनिवेश कायम भएको हुँदा बेलायतको हित अनुकूलको सरकार गठन हुनुपर्छ भन्ने उनीहरूको विचार थियो । यसरी बेलायतीहरूले उपनिवेशबासी शासन गर्न अयोग्य हुन्छन् भन्ने धारणा राख्ने भएकाले उनीहरू सङ्घर्षमा उत्रिए ।

### (ख) भौगोलिक कारण

अमेरिकाको भौगोलिक स्थिति पनि बेलायतका लागि उचित थिएन । अमेरिका बेलायतबाट टाढा भएकाले नियन्त्रण राख्न सम्भव थिएन । यातायातका साधनको पूर्ण रूपले विकास भइनसकेकाले बेलायतबाट अमेरिकी उपनिवेशहरूमा नियन्त्रण राख्न गाह्रो थियो । बेलायत अमेरिकी उपनिवेशहरू गरिब छन् र त्यहाँ विकासको आशा राख्न सकिन्न भन्ने मानसिकताबाट उपनिवेशप्रति उदासीन थियो

### (ग) सामाजिक र सांस्कृतिक कारण

क्रिस्टोफर कोलम्बसले अमेरिका पत्ता लगाएपछि युरोपबाट आई त्यहाँ बसोबास सर्ने मानिसहरूको ताँती लाग्यो । तीमध्ये अङ्ग्रेजहरूको सङ्ख्या बढी थियो । अठारौँ शताब्दीमा आएर यी अङ्ग्रेजहरूको जीवनशैलीमा निकै परिवर्तन आयो । यिनीहरूले कृषि, उद्योग, वाणिज्य तथा व्यवसायको क्षेत्रमा निकै उन्नति गरे । शिक्षाका क्षेत्रमा पनि निकै प्रगति भयो । पाठशाला, महाविद्यालय र विश्वविद्यालयको स्थापना गरियो । यस्तै परिस्थितिमा अमेरिकामा युरोपेली र अङ्ग्रेजी संस्कृतिको विकास भयो । भौगोलिक दुरी, वातावरण, हावापानी तथा माटाको बनोटले गर्दा यहाँका अङ्ग्रेजले आफूलाई मूल जातिबाट भिन्न ठान्न थाले । दोस्रो पुस्ताका मानिसले आफ्ना पुर्खाहरू आएको थलोलाई बिर्से । अब यिनीहरूलाई आफ्नो पुर्ख्यौली भूमिको संरक्षणको आवश्यकता परेन । अमेरिकामा भिन्न संस्कृतिको विकास भयो । एकले अर्कोभन्दा आफूलाई श्रेष्ठ ठान्न थाले । अन्ततोगत्वा यसले सङ्घर्षको रूप लियो ।

### (घ) आर्थिक कारण

अमेरिकी स्वतन्त्रता सङ्ग्रामका निम्ति आर्थिक कारण नै मुख्य रूपमा जिम्मेवार थियो । आफ्नो आर्थिक स्थिति सुधार्ने र छिटै नै शक्तिशाली र सम्पन्न राष्ट्र बन्नलाई बेलायतले आफ्ना उपनिवेशहरूमाथि अनेक करहरू लगाई आर्थिक शोषण गर्न थाल्यो । यसका कारण अमेरिकीहरू बेलायतका विरुद्ध सङ्घर्षमा उत्रिए ।

### (ङ) बौद्धिक कारण

अमेरिकी स्वतन्त्रता सङ्ग्राममा बुद्धिजीवी वर्गले दिएको योगदान महत्त्वपूर्ण थियो । युरोपेली दार्शनिक भोल्टाएर, मन्टेस्क्यु, रुसो आदि र अमेरिकी  विद्वान्हरूका विचारले उपनिबेशवासीलाई स्वतन्त्रता सङ्ग्राममा भाग लिन प्रेरित गऱ्यो । यस्ता ओजस्वी अमेरिकी विद्वान्हरूमा सेम्युअल एडम्स (Samual Adams, 1722-1803), जोन एडम्स (Johan Adams, 1735-1826), थोमस पेन (Thomas

Paine, 1737-1809) को नाम मुख्य रूपमा लिइन्छ । थोमस पेनको 'कमनसेन्स' (Common Sense) नामको पर्चाले तत्कालीन अमेरिकी समाजमा बौद्धिक भुइँचालो ल्याइदिएको थियो । यिनले यस पर्चामार्फत सम्पूर्ण अमेरिकीहरूलाई आफू स्वतन्त्र भएको घोषणा गर्न आह्वान गरेका थिए ।

### (च) सप्तवर्षीय युद्धको परिणाम

उपनिवेश विस्तारको होडबाजीमा लागेर युरोपीय राष्ट्रहरू सप्तवर्षीय युद्ध (सन् (१७५७-१७६३) मा होमिएका थिए । यस युद्धमा एकातिर बेलायत र पर्सिया अर्कातिर फ्रान्स, अस्ट्रिया, रुस, स्वीडेन आदि राष्ट्रहरू शत्रु भएका थिए । यो युद्ध युरोप, अमेरिका र भारत गरी विभिन्न ठाउँहरूमा एकैपटक सुरु भएको थियो । यस युद्धमा बेलायत विजयी भएकाले सम्पूर्ण उत्तरी अमेरिका बेलायतको उपनिवेश बन्यो । यसै युद्धले गर्दा अमेरिकाबाट फ्रान्सको अधिकार खत्तम भएकाले अमेरिकीहरूलाई बेलायतका विरुद्धमा सङ्घर्ष गर्न सजिलो भयो । यस युद्धले गर्दा बेलायत र फ्रान्सको सम्बन्ध बिग्रियो र अमेरिकीहरूलाई आन्दोलन गर्न सजिलो भयो । त्यसै हुनाले अमेरिकामाथि करको बोझ अझै थोपरियो । यसले गर्दा अमेरिकीहरू रिसाए । यसै कारणले गर्दा अमेरिकीहरूलाई स्वतन्त्रता सङ्ग्राममा भाग लिने जोस आएको थियो ।

### (छ) तत्कालीन कारण

### (अ) चियासम्बन्धी कानुन

अमेरिकी स्वतन्त्रता सङ्ग्रामको तत्कालीन कारण 'बोस्टन टी पार्टी' (Boston Tea Party) थियो । सन् १७७३ मा बेलायतको संसद्ले चिया विधेयक (Tea Act) पास गऱ्यो । यस विधेयकले भारतको इस्ट इन्डिया कम्पनीलाई अमेरिकामा चियाको व्यापार गर्न एकाधिकार दियो तर बेलायत सरकारले चियामा सामान्य कर लगाएको थियो । अमेरिकीहरू कुनै पनि किसिमको कर तिर्ने पक्षमा थिएनन् । त्यसैले उनीहरूले करको विरोध गरेका थिए । यसै क्रममा बेलायती संसद्ले करसम्बन्धी विधेयक पारित गऱ्यो । उक्त विधेयकका विरुद्धमा बेलायतीहरू सङ्घर्षमा उत्रे ।

### (आ) टिकट टाँस्नुपर्ने कानुन

सन् १७६५ को स्ट्याम्प एक्टअनुसार बेलायती सरकारले अखबार, पुस्तक र कानुनी कार्बाहीका लागि दिइने निवेदनहरूमा टिकट टाँस्नुपर्ने नियम जारी गऱ्यो । तर अमेरिकीहरूले बेलायतको संसद्मा "हाम्रा प्रतिनिधि नभएको हुनाले हामीमाथि कर लगाउने अधिकार संसद्लाई छैन" (No taxation without represetation) भनेर विरोध जनाउँदै जुलुस प्रदर्शन गरे ।

(इ) भन्सार महसुल थप

सन् १७७० मा बेलायती अधिकारीहरूले बल प्रयोग गरेर जबरजस्ती भन्सार महसुल असुल गर्न खोज्दा बोस्टन सहरका निवासीहरूले प्रहरीमाथि ढुङ्गा बर्साउन थाले । यसको प्रतिरोधमा बेलायती सिपाहीहरूले गोली प्रहार गर्दा केही उपनिवेशबासीको ज्यान गयो । विद्रोहीलाई साम्य पार्न बेलायती सरकारले 'गेस्पी' नामक शाही जहाज अमेरिका पठायो । सो जहाज अमेरिकीहरूले देख्नेबित्तिकै जलाइदिए । यस घटनाबाट बेलायती सरकार आक्रोशित भयो र सैनिक शक्तिको प्रयोग गरेर उपनिवेशबासीलाई दमन गर्ने नीति लियो ।

## अभ्यास

१. तलका प्रश्नहरूको अति छोटो उत्तर दिनुहोस् :

(क) कोलम्बस कहिले अमेरिका पुगेका थिए ?

(ख) उपनिवेशबासीलाई बेलायतले कस्तो व्यवहार गर्‍यो ?

(ग) अमेरिकी स्वतन्त्रता सङ्ग्रामको कुनै एउटा कारण लेख्नुहोस् ।

(घ) बेलायतले अमेरिकामा कतिओटा औपनिवेशिक राज्यहरू बनाएका थिए ?

२. तलका प्रश्नहरूको छोटो उत्तर दिनुहोस् :

(क) अमेरिकी स्वतन्त्रता सङ्ग्रामको छोटो वर्णन गर्नुहोस् ।

(ख) बेलायतले अमेरिकामा कस्तो शासन व्यवस्था लागु गरेको थियो ?

(ग) अमेरिकी स्वतन्त्रता सङ्ग्रामको बौद्धिक कारण के थियो ?

३. तलका प्रश्नहरूको लामो उत्तर दिनुहोस् :

(क) अमेरिकी स्वतन्त्रता सङ्ग्रामका तत्कालीन कारणहरूको विश्लेषण गर्नुहोस् ।

(ख) अमेरिकी स्वतन्त्रता सङ्ग्राममा सप्त वर्षीय युद्धको के भूमिका रहेको थियो, समीक्षा गर्नुहोस् ।

## परियोजना कार्य

अमेरिकी स्वतन्त्रता सङ्ग्रामका तस्बिरहरू विभिन्न माध्यमद्वारा खोजी गरी पोस्टर निर्माण गर्नुहोस् ।

पाठ ६

# अमेरिकी स्वतन्त्रता सङ्ग्रामको परिणाम

अमेरिकीहरूले आफ्नो भाग्यको फैसला गर्ने अधिकारको प्राप्ति गर्नु नै अमेरिकी स्वतन्त्रताको ठुलो परिणाम थियो । विद्रोहद्वारा उनीहरूले राष्ट्रिय सरकारको स्थापना गरे । अमेरिकाको आर्थिक र सामाजिक विकास गर्न स्वतन्त्र राष्ट्रिय सरकारको आवश्यकता थियो । अमेरिकी स्वतन्त्रता सङ्ग्रामको परिणाम यसप्रकार छन् :

## १. अमेरिकामाथि प्रभाव

अमेरिकी स्वतन्त्रता सङ्ग्रामको फलस्वरूप एउटा नयाँ राष्ट्रको उदय भयो । जो संयुक्त राज्य अमेरिकाको नाउँले चिनिन्छ । यसमा तेह्रओटा अमेरिकी उपनिवेशहरू सामेल भए । यसको छुट्टै आफ्नै सङ्घीय संविधान बन्यो । यसलाई नै विश्वको पहिलो लिखित सङ्घीय संविधान मानिन्छ । यस संविधानले अमेरिकामा प्रतिनिधिसभा (House of Representative) र सिनेट (Senate) गरी दुई सदनात्मक व्यवस्थापिकाको व्यवस्था गरेको थियो । त्यसपछि अमेरिकामा उद्योगधन्दाको विकास हुन थाल्यो, घरेलु उद्योगधन्दालाई प्रोत्साहन दिइयो । अमेरिकामा औद्योगिक क्रान्ति प्रारम्भ भयो जसबाट अमेरिकाको स्वरूप नै परिवर्तन भयो । महिलाहरूमा जागरण आयो । अर्को महत्त्वपूर्ण कुरा संयुक्त राज्य अमेरिकाले एउटा लिखित संविधानको परम्परा चलायो । यस प्रकार सङ्घवाद, जनतन्त्र, न्यायिक पुनरवलोकन आदि अमेरिकी स्वतन्त्रता सङ्ग्रामका देन हुन आए ।

## २. बेलायतमाथि प्रभाव

अमेरिकी स्वतन्त्रता सङ्ग्रामको प्रभाव बेलायतमा पनि पर्‍यो । यस आन्दोलनले गर्दा अमेरिकाजस्तो विशाल उपनिवेशबाट बेलायतले निस्कनुपर्‍यो । यति मात्र होइन, विश्वमा सबै ठाउँ र युद्धमा आफ्नो प्रतिष्ठा बचाइरहेको बेलायतले अमेरिकी स्वतन्त्रता सङ्ग्राममा लाजलाग्दो पराजय भोग्नुपर्‍यो । अमेरिकी स्वतन्त्रता सङ्ग्राममा बेलायतको पराजयलाई त्यहाँका जनताले 'राजाकै कारणले हार भएको हो' भनी आरोप लगाए । राजाको शक्ति कम गर्ने प्रयास गरियो र उत्तरदायी शासनको विकास भयो । यस युद्धमा पराजय भएकाले बेलायतलाई ठुलो आर्थिक क्षति भयो । एउटा सम्पन्न भूभाग बेलायतको हातबाट फुत्कियो । बेलायतले उपनिवेशहरूप्रति आफ्नो नीति बदल्यो र तिनीहरूका साथ मित्रताको सम्बन्ध स्थापित गर्‍यो ।

### ३. फ्रान्समाथि प्रभाव

अमेरिकी स्वतन्त्रता सङ्ग्रामको सबैभन्दा ठुलो प्रभाव फ्रान्समाथि पर्‍यो । फ्रान्सले आफ्नो पुरानो शत्रु बेलायतसँग बदला लिनका लागि यस युद्धमा अमेरिकीहरूको सहायता गरेको थियो । फ्रान्स र स्पेनले बेलायतसँग आफ्नो पुरानो दुस्मनीको बदला लिन अमेरिकालाई मदत गरेका थिए । यी दुबै राष्ट्रहरूले अमेरिकालाई सैनिक र आर्थिक सहयोग गरेर बेलायतसँग साँच्चै बदला लिएका थिए । यिनीहरूको सहयोगबाट अमेरकीहरूले सफलता प्राप्त गरेका थिए ।

### ४. अस्ट्रेलियामाथि प्रभाव

अस्ट्रेलिया पनि बेलायतको एक उपनिवेश थियो । बेलयतबाट विभिन्न अपराधमा सजाय पाएका व्यक्तिहरूलाई अमेरिका या अस्ट्रेलिया पठाइन्थ्यो । अमेरिकी स्वतन्त्रता सङ्ग्राममा बेलायतले हारेकाले बेलायतलाई 'अपराधी' घोषित गरी अमेरिका पठाइएका बेलायती अपराधीहरूलाई अस्ट्रेलिया पठाइयो । यस्ता व्यक्तिहरूको सङ्ख्या पचास हजारभन्दा पनि बढी नै थियो । यसप्रकार निर्जन र जङ्गली महादेश ठानिएको अष्ट्रेलियामा अङ्ग्रेजहरूको जनसङ्ख्या बिस्तारै वृद्धि हुँदै गयो । यिनीहरू ज्यादै परिश्रमी थिए । यिनीहरूको प्रयासबाट अष्ट्रेलिया समृद्ध हुँदै गयो । अमेरिकी स्वतन्त्रता सङ्ग्रामको क्रान्तिकारी भावनालाई अस्ट्रेलियाले मूर्त रूप नदेओस् भन्ने उद्देश्यले बेलायत सरकारले त्यहाँ जनताकै शासन स्थापित गरेको थियो ।

### ५. क्यानडामाथि प्रभाव

सप्तवर्षीय युद्धपछि क्यानडा फ्रान्सको उपनिवेशबाट बेलायतको उपनिवेशमा परिणत भएको थियो । बेलायतीहरूको शासनबाट क्यानडा निवासी फ्रान्सेलीहरू प्रसन्न थिएनन् । अमेरिकामा स्वतन्त्रताका लागि युद्ध सुरु भएपछि यसको प्रभाव क्यानडामाथि पनि पर्न गयो र स्वतन्त्रताको माग हुन थाल्यो । यस क्रान्तिपछि बेलायतले क्यानडालाई औपनिवेशिक स्वराज्य प्रदान गर्‍यो ।

### ६. भारतमाथि प्रभाव

अमेरिकी स्वतन्त्रता सङ्ग्रामपछि बेलायतको ध्यान भारततर्फ थियो । फ्रान्सको कारणले गर्दा बेलायतले अमेरिकी स्वतन्त्रता सङ्ग्राममा पराजय भोग्नुपरेको थियो । त्यसकारण बेलायतले फ्रान्सलाई भारतबाट धपाउने योजना बनायो । भारतमा 'इस्ट इन्डिया कम्पनी' र 'फ्रेन्च इस्ट इन्डिया कम्पनी' बिचमा युद्ध भयो र फ्रान्स त्यहाँबाट पलायन भयो ।

## अभ्यास

१. **तलका प्रश्नहरूको अति छोटो उत्तर दिनुहोस् :**

(क) अमेरिकी स्वतन्त्रता सङ्ग्राम कसको विरुद्धमा लक्षित थियो ?

(ख) अमेरिका स्वतन्त्र हुनुभन्दा अगाडि त्यहाँका ठुला ठुला पदमा कुन देशका मानिस नियुक्त हुन्थे ?

(ग) अमेरिकी स्वतन्त्रता सङ्ग्रामको सबैभन्दा ठुलो प्रभाव कुन देशमाथि पऱ्यो ?

२. **तलका प्रश्नहरूको छोटो उत्तर दिनुहोस् :**

(क) अमेरिकी स्वतन्त्रता सङ्ग्राम हुनाका कुनै दुई कारण लेखी व्याख्या गर्नुहोस् ।

(ख) सप्तवर्षीय युद्धमा विजयी बेलायतले किन अमेरिकी स्वतन्त्रता सङ्ग्राममा हार्नुपऱ्यो, लेख्नुहोस् ।

(ग) अमेरिकी स्वतन्त्रता सङ्ग्रामले अमेरिकाभित्र के प्रभाव पाऱ्यो ?

(घ) अमेरिकी स्वतन्त्रता सङ्ग्रामका कारणले भारत र अस्ट्रेलियामा के के प्रभाव पऱ्यो, उल्लेख गर्नुहोस् ।

३. **तलका प्रश्नको लामो उत्तर दिनुहोस् :**

(क) अमेरिकी स्वतन्त्रता सङ्ग्रामका परिणामहरूको सूची बनाई व्याख्या गर्नुहोस् ।

## परियोजना कार्य

(क) अमेरिकी स्वतन्त्रता सङ्ग्रामका कारण र परिणाम समेटेर तालिका बनाई कक्षामा टाँस्नुहोस् ।

| क्र.स. | कारणहरू | परिणामहरू |
|---|---|---|
| १. | | |
| २. | | |
| ३. | | |
| ४. | | |

एकाइ पाँच

# विश्वयुद्ध

## पाठ १ प्रथम विश्वयुद्ध : कारण र घटना

युद्धको कारणले गर्दा ठुलो आर्थिक तथा मानवीय क्षति हुन्छ । विश्वमा विभिन्न समयमा यस्ता युद्धहरू भएका छन् । यस्ता युद्धहरूले मानव सभ्यतामाथि नै नकारात्मक असर पारेको पाइन्छ । यस्तै युद्धहरूमध्ये प्रथम विश्वयुद्ध (सन् १९१४–१९१९) पनि एक हो । यस पाठमा प्रथम विश्वयुद्धका कारण र प्रमुख घटनाहरू प्रस्तुत गरिएको छ ।



*युद्धका सिपाही*

### १. प्रथम विश्वयुद्धका कारण

#### (क) गोप्य सन्धि र गुटबन्दी

गोप्य सन्धि र गुटबन्दी प्रथम विश्वयुद्धको प्रमुख कारण हो । युरोपेली मुलुकहरूका बिचमा राम्रो सम्बन्ध थिएन । यस कारणले गर्दा एक राष्ट्रले अर्को राष्ट्रलाई दमन गर्ने र आफ्नो प्रभुत्व जमाउने चाहना राख्थे, जसका कारणले युरोपेली मुलुकहरूले आपसमा गोप्य सन्धिहरू गर्न थाले । यसको

परिणामस्वरूप उनीहरूका बिचमा गुटबन्दी भयो । युरोपमा गुटबन्दीको थालनी गर्ने व्यक्ति जर्मनीका चान्सलर बिस्मार्क थिए । उनले युरोपमा फ्रान्सलाई एक्लो पार्ने उद्देश्यले सन् १८८२ मा जर्मनी, इटाली र अस्ट्रिया-हङ्गेरीका बिच त्रिराष्ट्र सन्धि (Tripple Alliance) गरे । अर्कोतर्फ सन् १८९४ मा फ्रान्स र रुसको सन्धि भयो । सन् १९०४ मा बेलायत पनि यही समूहमा सहभागी भयो । यसलाई त्रिपक्षीय मैत्री सन्धि (Tripple Entente) भनियो । एसियाको जापान पनि सन् १९०७ मा यही गुटमा सहभागी भयो । यसरी युरोपमा दुई गुटहरूको सिर्जना भयो । त्रिमैत्री सन्धिसँग सम्बन्धित देशहरूलाई मित्रराष्ट्र भनिन्थ्यो भने त्रिराष्ट्र गुटसँग सम्बन्धित देशहरूलाई धुरीराष्ट्र भनिन्छ ।

| त्रिमैत्री गुट (Tripple Entente)<br>(फ्रान्स, रुस र बेलायत) | ⟷ | त्रिराष्ट्र गुट (Tripple Alliance)<br>(जर्मनी, इटली र अस्ट्रिया-हङ्गेरी) |
|---|---|---|

### (ख) सैनिकीकरण

प्रथम विश्वयुद्धताका प्राय: सबै युरोपेली मुलुकहरूले सेनाको सङ्ख्या र हातहतियारको विकासमा जोड दिएका थिए । यस्तो अवस्थाले युद्धको वातावरण तयार गर्न थाल्यो । यसलाई रोक्ने उद्देश्यले सन् १९०७ मा नेदरल्यान्डको हेगमा एउटा सम्मेलन आयोजना गरियो । तर यो सम्मेलन फलदायी हुन सकेन । यस बेला युरोपका केही मुलुकहरूमा उग्रराष्ट्रवादसमेत विकास भएको थियो । उग्रराष्ट्रवादको अवस्थामा एक राष्ट्रले अर्को राष्ट्रको स्वाधीनतालाई चुनौती दिन थाले । यो भावना जर्मनी र इटालीमा अझै बढेको थियो । यसले युरोपको शान्तिमा खलल पारिरहेको थियो । अत: यो पनि प्रथम विश्वयुद्धको कारण थियो ।

### (ग) साम्राज्यवादी नीति

युरोपका मुलुकहरूमा औद्योगिक विकास भएको थियो । यी राष्ट्रहरूलाई उद्योग चलाउन कच्चा पदार्थको आवश्यकता थियो । त्यसैगरी उद्योगबाट उत्पादन भएका वस्तुको व्यापारका लागि बजारको आवश्यकता थियो । आफ्ना यस्ता आवश्यकता पूरा गर्नका लागि युरोपेली मुलुकहरूले एसिया, अफ्रिका र दक्षिण अमेरिकामा आफ्ना साम्राज्य विस्तार गरेका थिए । युरोपका एक राष्ट्रले अर्को राष्ट्रको साम्राज्यमाथि आक्रमणसमेत गर्थे । यसले गर्दा उनीहरूमा आपसी द्वन्द्व बढेको थियो ।

### (घ) समाचारपत्रको भ्रामक बढाइचढाइ

तत्कालीन समयमा युरोपबाट प्रकाशित हुने समाचारपत्रहरूले भ्रामक समाचार प्रकाशित गरी अरू देशका विरुद्धमा भ्रम सिर्जना गराए । यस्ता कारणले एक देशका नागरिक र सैनिकहरूमा अर्को देशका विरुद्ध आक्रोश बढ्दै गयो । अत: यो पनि प्रथम विश्वयुद्धको एउटा कारण बन्न गयो ।

### (ङ) एल्सेस र लोरेनको विवाद

फ्रान्स र जर्मनीबिचको भूमिको विवाद पनि प्रथम विश्वयुद्धको कारण थियो । यी दुबै राष्ट्रहरूले आफ्नो साम्राज्य विस्तार गर्ने नीति बनाएका थिए । यी दुई देशहरूबिचको सन् १८७० को युद्धमा फ्रान्सको पराजय भएपछि सन् १८७१ मा फ्र्याङ्कफर्ट सन्धि भयो । यो सन्धिअनुसार जर्मनीले फ्रान्सका एल्सेस र लोरेन प्रान्तहरू आफ्नो नियन्त्रणमा लियो । यी क्षेत्रहरू आर्थिक हिसाबले निकै महत्त्वपूर्ण थिए । यहाँ पर्याप्त मात्रामा फलाम र कोइला खानीहरू रहेका थिए । जर्मनीले आफ्नो भूमि लगेपछि फ्रान्स र जर्मनीका बिचमा अझै ठुलो शत्रुता बढ्यो । फ्रान्सले आफ्नो भूमि फिर्ता लिन र जर्मनीसँग बदला लिने योजना बनायो ।

### (च) मध्यस्थताको अभाव

कुनै समस्या वा विवाद भएमा त्यसको समाधानका लागि मध्यस्थता आवश्यक पर्छ । फ्रान्स र जर्मनीका बिच विवाद हुँदा मेलमिलाप गराई शान्तिपूर्ण अवस्थाको सिर्जना गर्न त्यसबेलाका युरोपेली देशहरू सक्षम भएनन् । फ्रान्स र जर्मनी अन्य देशको मध्यस्थता स्वीकार गर्न राजी थिएनन् । अन्य देशहरू पनि ती दुई देशहरूको विवाद मिलाउन चाहँदैनथे । ती दुई देशहरूका बिचमा विवाद भइरहेमा तेस्रो देशले आफूलाई सुरक्षित सोच्थ्यो । युरोपका सबै देशहरूमा समस्या थियो र यसको समाधानका लागि एउटा निष्पक्ष न्यायालयको स्थापना गर्नु आवश्यक थियो । त्यसैले रुसका जार निकोलस द्वितीयले सन् १८९८ मा २६ राष्ट्रका प्रतिनिधिहरू भएको एउटा सम्मेलनको आयोजना गरे । तर बेलायत र जर्मनी आफ्नो स्वार्थमा अडिग रहेका हुनाले न्यायालय स्थापनाको कार्य सम्भव भएन ।

### (छ) विलियम द्वितीयको चरित्र

विलीयम द्वितीय जर्मनीका सम्राट् हुन् । उनी अदूरदर्शी र महत्त्वाकाङ्क्षी सम्राट् थिए । उनमा कुटनीतिक क्षमताको अभाव थियो । त्यसबेला जर्मनीका चान्सलर बिस्मार्क थिए । उनी भने चतुर र कुटनीतिक क्षमता भएका व्यक्ति थिए । सम्राट् विलियमलाई बिस्मार्कको बढ्दो प्रभाव मन परेको थिएन । त्यसै हुनाले सम्राट् विलियमले बिस्मार्कलाई चान्सलर पदबाट हटाई कैद गरे । त्यसपछि

अन्य मुलुकहरूलाई चुनौती दिँदै आफूलाई 'विश्वविजयी वा अस्तित्वहीन' (Either World Power or Downfall) को घोषणा गरे । यसले गर्दा युरोपेली मुलुकहरू जर्मनी बिरुद्ध गुटबन्दीमा सामेल भए ।

### (ज) बाल्कनको समस्या

बाल्कन सागरको वरिपरि रहेका सर्बिया, ग्रिस, बुल्गेरिया र मोन्टेनिग्रोको समूहलाई बाल्कन राष्ट्र भनिन्छ । प्रथम विश्वयुद्ध हुनुभन्दा पहिला यी राष्ट्रहरू टर्कीको साम्राज्यअन्तर्गत रहेका थिए । त्यसबेला यिनलाई अटोमन साम्राज्य भनेर पनि चिनिन्थ्यो । बाल्कन राष्ट्रहरूको बिचमा पनि मेलमिलाप थिएन । यी राष्ट्रहरू टर्कीको साम्राज्यबाट स्वतन्त्र हुन चाहन्थे । यसका लागि बाल्कन राष्ट्रहरू मिलेर बाल्कन सङ्घ (Balkan League) को निर्माण गरे । सन् १९१२ मा बाल्कन सङ्घले टर्कीसँग युद्ध गरी टर्कीलाई हरायो । यसपछि बाल्कन र टर्कीका बिचमा लन्डन सन्धि सम्पन्न भयो । यस सन्धिअनुसार टर्कीको केही भूभाग बाल्कन राष्ट्रहरूले आपसमा बाँडेर लिए । यसपछि 'अल्बानिया' भन्ने नयाँ राष्ट्रको स्थापना भयो । टर्कीबाट स्वतन्त्रता प्राप्त गरे पनि बाल्कन क्षेत्रमा शान्ति स्थापना हुन सकेन । यी राष्ट्रहरूका बिचमा द्वन्द्व चलिरह्यो । जर्मनी र अस्ट्रिया हङ्गेरीले बुल्गेरियालाई र रुसले सर्बियालाई भड्काए । यही भड्काइमा लागेर बुल्गेरियाले सन् १९१३ मा सर्बियामाथि आक्रमण गर्‍यो र यस आक्रमणमा बुल्गेरियाको हार भयो । यसलाई दोस्रो बाल्कन युद्ध भनिन्छ ।

### (झ) बोस्निया हर्जगोभिनाको समस्या

बाल्कनमा अशान्ति मच्चिइरहेको बेला बोस्निया हर्जगोभिना (Bosnia-Herzegovina) मासमेत आतङ्क मच्चियो । सन् १९०८ देखि यो क्षेत्रलाई अस्ट्रिया-हङ्गेरीले आफ्नो अधीनमा लिएको थियो । बाल्कन राष्ट्रहरू स्वतन्त्र भएपछि बोस्निया र हर्जगोभिनाका युवाहरू अस्ट्रिया-हङ्गेरी विरुद्धको अभियानमा लागे । उनीहरूले 'ब्ल्याक ह्यान्ड सोसाइटी' (Black Hand Society) नामको सङ्गठन स्थापना गरे । यो सङ्गठनले 'एकता अथवा मृत्यु' (Union or Death) भन्ने नाराका साथ स्वतन्त्रताका लागि विद्रोहको थालनी गर्‍यो । यस सङ्गठनलाई सर्बियाले गोप्य रूपमा सहयोग गरिरहेको थियो ।

### (ञ) तत्कालीन कारण

कुनै पनि घटनाका अनेक कारणहरूमध्ये तत्कालीन कारण निकै महत्त्वपूर्ण हुन्छ । प्रथम विश्वयुद्धको तत्कालीन कारण 'साराजेभो हत्याकाण्ड' थियो । यो हत्याकाण्ड बोस्निया-हर्जगोभिनासँग जोडिएर आउँछ । बोस्निया-हर्जगोभिनामा ब्ल्याक ह्यान्ड सोसाइटीको विद्रोह चलिरहेकै समयमा अस्ट्रिया,

हङ्गेरीका राजकुमार आर्कड्युक फ्रान्सिस फर्डिन्यान्ड (Archduke Fransis Ferdinand) र उनकी पत्नी सोफी चोटेक (Sophie Chotek) ले त्यहाँको भ्रमण गरे । बोस्निया, हर्जगोभिनाको राजधानी साराजेभोमा सन् १९१४ जुन २८ मा ती राजकुमार दम्पत्तिको हत्या भयो । ब्ल्याक हयान्ड सोसाइटीको योजनाअनुसार ग्याभ्रिलो प्रिन्सेप (Gavrilo Princep) भन्ने व्यक्तिले गोली चलाई ती दुबै जना दम्पत्तिको हत्या गरेका थिए । यो नै प्रथम विश्वयुद्धको तत्कालीन कारण थियो ।

## २. प्रथम विश्वयुद्धका घटनाहरू

अस्ट्रिया-हङ्गेरीले साराजेभो हत्याकाण्डको सम्पूर्ण दोष सर्बियालाई लगाई ४८ घन्टे चेतावनीपूर्ण आदेश पत्र पठायो । सो पत्रमा अस्ट्रिया-हङ्गेरी विरुद्ध सर्बियामा भइरहेका सबै गतिविधिहरू बन्द गर्नुपर्ने, अस्ट्रिया-हङ्गेरी विरुद्ध लागेका सबै सरकारी सेनाहरूलाई बर्खास्त गर्नुपर्ने, अस्ट्रिया-हङ्गेरी विरोधी गतिविधिमा संलग्न व्यक्तिहरूको खोजी गरी कारबाही गर्नुपर्ने, सर्बियाका अदालतहरूमा अस्ट्रिया-हङ्गेरीका न्यायाधीशहरू नियुक्त गर्नुपर्ने आदि चेतावनी दिइएको थियो । सर्बियाले आफ्ना




History of Modern Europe p.451

अदालतहरूमा अस्ट्रिया-हङ्गेरीका न्यायाधीशहरू राख्ने कुरा अस्वीकार गर्‍यो । यस अवस्थामा फ्रान्स र रुसले सर्बियालाई सहयोग गर्ने घोषणा गरे । यसैबिच अस्ट्रिया-हङ्गेरीले सन् १९१४ जुलाई २८ मा सर्बियाको राजधानी बेलग्रेडमाथि आक्रमण गरी प्रथम विश्वयुद्धको थालनी गर्‍यो । अर्कोतर्फ जर्मनीले रुसलाई आफ्नो सेना फिर्ता गर्ने चेतावनी दिएको थियो तर रुसले यसको बेवास्ता गर्‍यो । यसपछि जर्मनीले पनि रुस विरुद्ध आफ्नो सेना परिचालन गर्‍यो । जर्मन सेनाले बेल्जियममा प्रवेश गरेपछि बेलायतले पनि जर्मनी विरुद्ध युद्धको घोषणा गर्‍यो । बेलायत र फ्रान्सको संयुक्त सेनाले जर्मन सेनामाथि आक्रमण गर्‍यो तर जर्मनीसँग संयुक्त सेना पराजित भयो । यस युद्धमा फ्रान्सका सेनाहरूको ठुलो नोक्सानी भएको अनुमान गरिन्छ । यसैगरी सन् १९१४ सेप्टेम्बर ४ को मार्न (Marne) को युद्धमा फ्रान्स, बेलायत र जर्मनीका सेनाको ठुलो नोक्सानी भएको थियो । यसैबिच धुरी राष्ट्रको पक्षमा रहेको इटालीले धूरी राष्ट्र विरुद्ध नै युद्धको घोषणा गर्‍यो । जर्मनीले अमेरिकाका केही सैनिकको ज्यान लिएकाले अमेरिकाले पनि जर्मनीका विरुद्ध युद्धमा सामेल भयो । सन् १९१७ मार्चमा रुसमा क्रान्ति भएर जारको शासन अन्त्य भयो र साम्यवादको स्थापना भयो । त्यसपछि रुस युद्धबाट बाहिरियो । यसैबिच मित्र राष्ट्रहरूले संयुक्त रूपमा अभियान चलाए । बिस्तारै धुरी पक्षका धेरै राष्ट्रहरूको पराजय भएपछि जर्मनी एक्लो बन्दै गयो । जर्मनीका जनताहरूले सम्राट् विलियम द्वितीय विरुद्ध आन्दोलन चलाए । फलस्वरूप सन् १९१८ को नोभेम्बर ९ मा जर्मन सम्राट् देशबाट भागेर हल्यान्डमा शरण लिन गए । जर्मनीले आत्मसमर्पण गरेपछि सन् १९१८ नोभेम्बर ११ मा पहिलो विश्वयुद्धको अन्त्य भयो ।

## प्रथम विश्वयुद्धका घटनाहरू

### समय रेखा

| | |
|---|---|
| १९१४ जुन २८ | साराजेभो हत्याकाण्ड |
| १९१५ मे ७ | जर्मनीले अमेरिकाका पनडुब्बीमाथि आक्रमण |
| १९१७ मार्च | रुसमा क्रान्ति र रुसद्वारा युद्ध त्याग |
| १९१८ नोभेम्बर ११ | जर्मनीद्वारा आत्मसमर्पण |

## अभ्यास

१. तलका प्रश्नहरूको अति छोटो उत्तर दिनुहोस् :

(क) युरोपमा गोप्य सन्धिहरूको थालनी कसले गरेका थिए ?

(ख) साम्राज्यवाद कसरी प्रथम विश्वयुद्धको कारण बन्न गयो, कुनै एउटा कारण लेख्नुहोस् ।

(ग) बाल्कन सङ्घको स्थापना कुन उद्देश्यले भएको थियो ?

(घ) साराजो भो हत्याकाण्डको दोष अस्ट्रिया-हङ्गरीले किन सर्बियालाई लगायो ?

(ङ) बेलायतले जर्मनी विरुद्ध युद्धको घोषणा गर्नुको कारण के थियो ?

२. तलका प्रश्नहरूको छोटो उत्तर दिनुहोस् :

(क) प्रथम विश्वयुद्धको तत्कालीन कारण उल्लेख गर्नुहोस् ।

(ख) प्रथम विश्वयुद्धको समयमा युरोपमा के कस्तो गुटबन्दी भएको थियो, स्पष्ट पार्नुहोस् ।

(ग) सैनिकीकरणलाई सकारात्मक रूपमा नलिनुको कारण के हो, आफ्नो विचार लेख्नुहोस् ।

(घ) अस्ट्रिया-हङ्गेरीले सर्बियालाई पठाएको आदेशपत्रमा के लेखिएको थियो, बुँदामा लेख्नुहोस् ।

(ङ) प्रथम विश्वयुद्धका घटनाहरूमध्ये सारजेभो हत्याकाण्ड महत्त्वपूर्ण मानिनुका कारण उल्लेख गर्नुहोस् ।

(च) अमेरिका प्रथम विश्वयुद्धमा किन प्रवेश गऱ्यो, छोटकरीमा लेख्नुहोस् ।

३. तलका प्रश्नको लामो उत्तर दिनुहोस् :

(क) 'समस्याको समाधान उग्रराष्ट्रवादबाट होइन, सौहार्दपूर्ण वातावरणबाट मात्र सम्भव छ,' आफ्ना तर्कद्वारा पुष्टि गर्नुहोस् ।

(ख) जर्मनी प्रथम विश्वयुद्धको प्रमुख जिम्मेवार थियो, कसरी ?

(ग) विश्वका विभिन्न स्थानहरूमा सयम समयमा युद्धहरू भइरहेका हुन्छन् । युद्धले कसैलाई पनि राम्रो गर्दैन भन्ने थाहा हुँदाहुँदै पनि किन युद्ध भएका होलान्, आफ्नो तर्क प्रस्तुत गर्नुहोस् ।

### परियोजना कार्य

प्रथम विश्वयुद्धका कुनै पाँच घटना र मितिलाई समयरेखामा प्रस्तुत गर्नुहोस् ।

पाठ
२

# प्रथम विश्वयुद्धका परिणामहरू

प्रथम विश्वयुद्ध करिब चार वर्षसम्म चलेको थियो । यस युद्धमा मित्रराष्ट्रहरूको विजय भए पनि विश्वले ठुलो क्षति बेहोर्नुपरेको थियो । यसका केही परिणामहरू यसप्रकार रहेका छन् :

## १. भर्सेलिजको सन्धि

भर्सेलिजको सन्धि प्रथम विश्वयुद्धका विजेता राष्ट्रहरू र जर्मनीका बिचमा सन् १९१९ जुन २८ मा फ्रान्सको राजधानी पेरिसमा रहेको भर्सेलिज दरबारमा भएको थियो । यस सन्धिमा जर्मनीलाई दमन गरी जबरजस्ती हस्ताक्षर गर्न बाध्य बनाइएको थियो । यस सन्धिका मुख्य गरी चारओटा सर्तहरू यसप्रकार रहेका थिए :

### (क) भूमिसम्बन्धी सर्त

भूमिसम्बन्धी सर्तबमोजिम एल्सेस र लोरेन प्रान्तहरू जर्मनीले फ्रान्सलाई फिर्ता गर्नुपर्ने भयो । जर्मनीकै आफ्नो भूमि सार (Saar) भने जर्मनीबाट खोसेर १५ वर्षका लागि राष्ट्रसङ्घको नियन्त्रणमा राखियो । जर्मनीका मूलभूमि मोर्सनेट (Morsnet), मालमेडी (Malmedi) र युपेन (Eupen) बेल्जियमलाई दिइयो ।

भर्सेलिज सन्धिको भूमिसम्बन्धी सर्तअनुसार नयाँ राष्ट्र पोल्यान्डको उदय भयो र जर्मनीका डान्जिङ र पोलिस कोरिडर पोल्यान्डलाई दिइयो । त्यसैगरी जर्मनीका उपनिवेशहरू पनि खोसिए । समग्रमा जर्मनीले आफ्नो कुल भूभागको १३ प्रतिशत जमिन र २५ प्रतिशत जनसङ्ख्या छाड्नुपर्ने भयो ।

### (ख) सैनिक सर्त

सैनिक सर्तबमोजिम जर्मनीले जम्मा एक लाखमात्र सेना राख्न पाउने भयो । नयाँ सैन्य भर्ती गर्न नपाउने भयो । जलसेनाका लागि छओटा युद्धपोत र क्रुजर राख्न पाउने भयो । हवाई सेना राख्न नपाउने भयो ।

### (ग) आर्थिक क्षतिपूर्तिसम्बन्धी सर्त

प्रथम विश्वयुद्धको सम्पूर्ण दोष जर्मनीलाई लगाइयो र युद्धमा भएको खर्चको जिम्मेवारी जर्मनीले लिनुपर्ने भयो । यसको क्षतिपूर्ति स्वरूप जर्मनीले मित्रराष्ट्रहरूलाई ६६ करोड पाउन्ड तिर्नुपर्ने भयो । सार क्षेत्रमा रहेका जर्मनीका उद्योग र खानीहरू फ्रान्सलाई दिनुपर्ने भयो ।

### (घ) युद्ध अपराधसम्बन्धी सर्त

प्रथम विश्वयुद्धको दोषी जर्मनीलाई ठहर गरियो । युद्ध अपराधमा सम्राट् कैजर विलियम द्वितीयसहित अन्य १२ जनालाई अन्तर्राष्ट्रिय न्यायालयमा मुद्दा चलाउने निर्णय भयो । कैजर विलियम द्वितीयले गद्दी त्यागी हल्यान्डमा शरण लिन पुगे । हल्यान्डले उनलाई मित्रराष्ट्रहरू समक्ष बुझाउन नमानेको हुनाले उनीमाथि मुद्दा चलेन । मुद्दा चलाइएका अन्य १२ जनामध्ये छ जनालाई यसको दोषी ठहर गरियो ।

### २. जनधनको क्षति




प्रथम विश्वयुद्धमा झन्डै साढे छ करोड मानिसको सहभागिता थियो । यस युद्धमा ठुलो सङ्ख्यामा मानिस हताहत हुनुका साथै कैयौँ मानिस अपाङ्ग र बेपत्तासमेत भएका थिए । त्यस्तै केही मानिस घरबारविहीनसमेत भएका थिए । आर्थिक रूपले पनि यस युद्धमा ठुलो क्षति भएको थियो । त्यसैगरी यो युद्धले युरोपका उद्योग, भवन, खानी, सहर जस्ता पूर्वाधारहरूमासमेत क्षति गरेको थियो । युद्धको परिणामस्वरूप विश्वले ठुलो आर्थिक मन्दीको सामना गर्नुपर्‍यो । अनिकाल, बेरोजगारी, मुद्रास्फीति, औद्योगिक उत्पादनमा ह्रास आदि समस्याहरू आइपरेका थिए ।

### ३. अमेरिकाको शक्तिमा वृद्धि

प्रथम विश्वयुद्धअघि इङ्ल्याण्ड, फ्रान्स, अस्ट्रिया-हङ्गेरी, जर्मनी, इटाली र रुस निकै शक्तिशाली थिए । तर युद्धले ती देशहरूलाई राजनीतिक र आर्थिक रूपमा कमजोर बनायो । प्रथम विश्वयुद्धमा अमेरिका प्रत्यक्ष रूपमा सहभागी नभई हतियारको व्यापार गरेर प्रशस्त आर्थिक लाभ प्राप्त गरेको थियो । यसरी यो युद्धपछि अमेरिका निकै शक्तिशाली भयो ।

### ४. राजनीतिक परिवर्तन


प्रथम विश्वयुद्धपछि रुस, जर्मनी, अस्ट्रिया, आदि मुलुकहरूबाट राजतन्त्र हटेर गणतन्त्रको स्थापना भयो । त्यसैगरी युरोपमा आठओटा नयाँ राष्ट्रहरूको उदय भयो । त्यसैगरी रुसमा साम्यवादी व्यवस्थाको स्थापना भयो । यस युद्धपछि विभिन्न मुलुकहरूमा उपनिवेशविरुद्ध आन्दोलनहरू समेत भए ।

## ५. अधिनायकवादको उदय

प्रथम विश्वयुद्धपछि अस्ट्रिया-हङ्गेरी, जर्मनी, इटालीलगायतका देशहरूमा गणतन्त्रको स्थापना भएको थियो । केही देशहरूमा यो व्यवस्था लामो समयसम्म टिक्न सकेन । धुरी राष्ट्रहरूले आफ्नो पराजयको बदला लिन चाहन्थे । फलस्वरूप इटली, जर्मनी र स्पेनमा उग्रराष्ट्रवादी भावना र अधिनायकवादको उदय भयो ।

## ६. गठबन्धनको थालनी

प्रथम विश्वयुद्धले राष्ट्रहरूका बिच अविश्वास, त्रास र असुरक्षाको वातावरण सिर्जना गऱ्यो । यसले युरोपमा आफ्नो खेमा बनाउने र सैनिकीकरण गर्ने कार्यको सुरुआत भयो । यस्तो परिस्थितिले राष्ट्रहरूबिच पुन: गठबन्धनको थालनी भयो ।



**Map 7.1** Europe after 1945

## ७. राष्ट्रसङ्घको स्थापना

विश्वमा युद्ध रोकेर शान्ति स्थापना गर्ने उद्देश्यले सन् १९२० जनवरी १० मा राष्ट्रसङ्घको स्थापना भएको हो । सुरुमा ४२ राष्ट्रहरू यसका सदस्य थिए भने दोस्रो विश्वयुद्ध हुने समयमा यसको सदस्य सङ्ख्या ६२ पुगेको थियो । यसले सफलतापूर्वक काम गर्न नसकेपछि सन् १९३९ बाट दोस्रो विश्वयुद्धको सुरुआत भयो ।

**अभ्यास**

१. तलका प्रश्नहरूको अति छोटो उत्तर दिनुहोस् :

(क) प्रथम विश्वयुद्धको अवधि लेख्नुहोस् ।

(ख) भर्सेलिजको सन्धिलाई सकारात्मक रूपमा नलिनुको कारण के होला ?

(ग) विश्वमा अधिनायकवादलाई किन नराम्रो व्यवस्था मानिन्छ, लेख्नुहोस् ।

(घ) प्रथम विश्वयुद्धपछि किन गठबन्धनको सुरुआत भएको होला ?

२. तलका प्रश्नहरूको छोटो उत्तर दिनुहोस् :

(क) प्रथम विश्वयुद्धले आर्थिक क्षेत्रमा केकस्ता परिणामहरू निम्त्यायो, उदाहरण दिएर लेख्नुहोस् ।

(ख) भर्सेलिजको सन्धिअनुसार जर्मनीलाई केकस्ता सर्तहरूमा हस्ताक्षर गर्न बाध्य पारिएको थियो, बुँदागत रूपमा लेख्नुहोस् ।

(ग) प्रथम विश्वयुद्धमा जर्मनीलाई दोषी बनाउनु उपयुक्त थियो कि थिएन, आफ्नो विचार तर्कसहित प्रस्तुत गर्नुहोस् ।

(घ) राष्ट्रसङ्घ आफ्नो कार्यमा सफल हुन नसके पनि यसको स्थापना हुनु विश्व शान्तिको महत्त्वपूर्ण प्रयास थियो । तपाईं यस भनाइसँग सहमत हुनुहुन्छ, आफ्नो विचार राख्नुहोस् ।

३. तलका प्रश्नको लामो उत्तर दिनुहोस् :

(क) प्रथम विश्वयुद्धले युरोपेली राष्ट्रहरूलाई हानि पुऱ्याए पनि अमेरिकालाई कसरी लाभदायक भयो ? प्रथम विश्वयुद्धका परिणामहरूका आधारमा लेख्नुहोस् ।

(ख) युरोपका कुन कुन मुलुकहरूमा कसरी अधिनायकवादको उदय भयो, तपाईंको विचार लेख्नुहोस् ।

(ग) भर्सेलिजको सन्धिले जर्मनीमाथि लगाएको सैन्य प्रतिबन्ध उचित थियो कि थिएन, तर्क प्रस्तुत गर्नुहोस् ।

पाठ ३

# प्रथम विश्वयुद्धमा नेपालको सहभागिता र प्रभाव

## १. प्रथम विश्वयुद्धमा नेपालको सहभागिता

प्रथम विश्वयुद्धमा नेपालको प्रत्यक्ष सहभागिता रहेको थियो । यस युद्धमा नेपालीहरू ब्रिटिस गोरखा सैनिक र नेपाली सेना गरी दुई प्रकारले सहभागी भएका थिए ।




प्रथम विश्वयुद्ध हुनुभन्दा करिब १०० वर्ष पहिला अर्थात् सन् १८१६ को सुगौली सन्धिपछि नै नेपालीहरू बेलायती सेनामा भर्ती हुन थालेका थिए । प्रथम विश्वयुद्ध सुरु हुनुभन्दा केही पहिला बेलायतले आफ्नो सेनामा गोरखा रेजिमेन्टको सङ्ख्या पनि थप गरेको थियो ।

प्रथम विश्वयुद्धको समयमा नेपालका प्रधानमन्त्री चन्द्रशमसेर थिए र उनले पहिलोपटक छ हजार नेपाली सेनालाई अङ्ग्रेजको सहयोगका लागि पठाएका थिए । नेपाली फौजको नेतृत्व त्यसबेलाका कमान्डिङ जनरल पद्मशमसेर र जनरल तेजशमसेरले गरेका थिए ।

नेपाली फौज भारत प्रस्थान गर्ने बेलामा प्रधानमन्त्री चन्दशमसेरले सैनिकहरूलाई टुँडिखेलमा भेला गराई सम्बोधन गरेका थिए । भारत जाने नेपाली फौजको प्रमुखका रूपमा आफ्ना माइला छोरा जनरल बबरशमशेरलाई नियुक्त गरेका थिए । नेपाली कमान्डर बबरशमशेरले ब्रिटिस भारतीय सेनाका कमान्डर इन चिफको मातहतमा रहेर काम गर्नुपर्थ्यो । नेपाली फौज भारतको देहरादुन

गएर केही समय बसेको थियो । नेपाली सेनाप्रति अङ्ग्रेज निकै आशावादी रहेको थियो । देहरादुनमा रहेको नेपाली फौजलाई अङ्ग्रेज गभर्नर जनरललेसमेत निरीक्षण गरेका थिए । नेपालीहरूको साहस र आत्मबल देखेर गभर्नर जनरल निकै प्रभावित भई नेपालका प्रधानमन्त्री चन्दशमसेरलाई प्रशंसा पत्रसमेत पठाएका थिए । प्रथम विश्वयुद्धमा नेपालले पटक पटक गरी १५ हजारभन्दा बढी नेपाली सेनाहरू अङ्ग्रेजको सहयोगका लागि पठाएको थियो ।

प्रथम विश्वयुद्धको समयमा अङ्ग्रेजले खडा गरेको युद्धकोषमा नेपालले एक करोड ३७ लाख जम्मा गरेको थियो । यस युद्धमा नेपालले ठुलो मात्रामा जिन्सी सामान पनि सहयोग गरेको थियो । नेपालले अङ्ग्रेजलाई अलैँची, चिया, बख्खु, कम्मल र बन्दुकसमेत दिएर सहयोग गरेको थियो ।

नेपालले अङ्ग्रेजलाई सिसौ र सालको काठ पनि दिएको थियो । नेपालको काठ लगेर अङ्ग्रेजले रेलवेको स्लिपर बनाउन प्रयोग गरेको थियो । रेलका लिक (बाटो) अडाउनका लागि बिचमा राखिने काठलाई स्लिपर भनिन्छ ।

नेपाली युवाहरूले विश्वका विभिन्न मोर्चाहरूमा युद्ध गरेका थिए । त्यसबेला ब्रिटिस गोर्खा सेनामा करिब २ लाख जति युवाहरूलाई भर्ती गरिएको थियो । यस युद्धमा करिब ३० हजार नेपाली युवाहरूले आफ्नो ज्यान गुमाएको अनुमान गरिन्छ । चन्दशमसेरले नेपालका कैदीहरूलाई पनि बेलायती सेनामा भर्ती हुन पठाएका थिए ।

वजिरीस्तानका लडाकुहरूले प्रथम विश्वयुद्धको समयमा अङ्ग्रेजविरुद्ध नै युद्ध गर्न थालेका थिए । नेपाली सेनाले अङ्ग्रेजलाई वजिरीस्तानमा सहयोग गरेको थियो । वजिरीस्तान हालको अफगानिस्तानको नजिकमा पर्छ । अङ्ग्रेजले स्थिति नियन्त्रणमा लिन नसकेपछि नेपाली सेनाको सहयोग लिएको थियो । यस युद्धमा बहादुरी देखाएका कारण थुप्रै नेपालीहरूलाई अङ्ग्रेजले सैनिक पदकबाट सम्मान गरेको थियो ।

## २. प्रथम विश्वयुद्धको प्रभाव

प्रथम विश्वयुद्धपछि नेपालमासमेत यसको प्रभाव परेको थियो । नेपालले गरेको सहयोगबाट खुसी भएर बेलायत सरकारले नेपाललाई प्रतिवर्ष १० लाख रुपियाँ नगद दिन सुरु गरेको थियो । यस युद्धले नेपालको अर्थतन्त्रमासमेत पारेको विशेष प्रभाव थियो ।

युद्धबाट फर्कँदा केही नेपालीहरूले नगद र जिन्सीसमेत साथमा ल्याएका थिए । युद्धमा वीरगति प्राप्त गर्नेहरूका परिवारलाई आर्थिक क्षतिपूर्ति पनि दिएको थियो । यसले पनि नेपालको अर्थतन्त्रमा केही प्रभाव पारेको थियो ।

नेपालीहरूले विदेशका विभिन्न स्थानहरूको भ्रमण गरेर त्यहाँको अवस्था र नेपालको अवस्थाका विषयमा तुलना गर्ने अवसर पाए । नेपालमा जातिप्रथा पनि अलिक खुकुलो हुँदै गयो । नेपालीहरू आफ्ना अधिकारप्रति सचेत भए । विदेशबाट फर्केका नेपालीहरूमा राजनीतिक चेतना पनि बढेको थियो । यसले गर्दा नेपालमा राणा शासनको विरुद्धमा जागरुकता आयो । नेपालीहरू भारत र बर्माका विभिन्न स्थानहरूमा बसोबाससमेत गर्न थाले ।




नेपालको स्वास्थ्य क्षेत्रमा पनि प्रथम विश्वयुद्धको प्रभाव परेको थियो । बेलायत सरकारको सहयोगमा नेपालमा चन्द्र मिलिटरी अस्पतालको स्थापना भएको थियो ।

युद्धका केही फाइदाहरू देखिए पनि वास्तवमा यो हानिकारक नै हुन्छ । अत: कुनै पनि विवादको समाधान युद्धबाट होइन, वार्ताबाट खोजिनुपर्छ ।

## अभ्यास

१. तलका प्रश्नहरूको अति छोटो उत्तर दिनुहोस् :

(क) नेपालीहरू कुन घटनापछि ब्रिटिस सेनामा भर्ती हुन सुरु गरेका थिए ?

(ख) गोरखा रेजिमेन्ट भनेको के हो ?

(ग) देहरादुनमा रहेका नेपालीहरूप्रति अङ्ग्रेज गभर्नरले कस्तो प्रतिक्रिया जनाएका थिए, एक वाक्यमा लेख्नुहोस् ।

(घ) नेपाली सेनालाई अङ्ग्रेजले किन वजिरीस्तानको युद्धमा पठाएको होला, आफ्नो विचार एक वाक्यमा लेख्नुहोस् ।

२. तलका प्रश्नहरूको छोटो उत्तर दिनुहोस् :

(क) नेपालले प्रथम विश्वयुद्धको समयमा अङ्ग्रेजलाई के कसरी सैनिक सहयोग गरेको थियो, छोटकरीमा लेख्नुहोस् ।

(ख) नेपालले बेलायत सरकारलाई प्रथम विश्वयुद्धको समयमा गरेको आर्थिक सहयोगको विवरण खुलाउनुहोस् ।

(ग) प्रथम विश्वयुद्धले नेपाललाई पारेको सकारात्मक र नकारात्मक प्रभावहरूको सूची बनाउनुहोस् ।

३. तलका प्रश्नहरूको लामो उत्तर दिनुहोस् :

(क) प्रथम विश्वयुद्धले नेपालको आर्थिक र सामाजिक क्षेत्रमा कस्तो प्रभाव पारेको थियो, विश्लेषण गर्नुहोस् ।

(ख) विश्वका विभिन्न देशहरूमा अहिले पनि युद्धहरू भइरहेका छन् । केही युद्धहरूमा नेपालीहरू पनि सहभागी भएका भन्ने समाचार आइरहेका छन् । यस्ता युद्धहरूमा सहभागी हुनु राम्रो होइन भन्ने सन्देश दिँदै छोटो संवाद लेख्नुहोस् ।

## परियोजना कार्य

प्रथम विश्वयुद्धमा नेपाल सहभागी हुनु उचित थियो कि थिएन भनी शिक्षक तथा समाजका ज्येष्ठ नागरिकहरूसँग कुराकानी गर्नुहोस् । उहाँहरूले ठिक वा बेठिक के भन्नुहुन्छ, त्यसको कारण सोधेर आफ्नो कापीमा एक अनुच्छेद लेखी कक्षामा प्रस्तुत गर्नुहोस् ।

एकाइ
छ

# क्षेत्रीय सङ्गठन

पाठ
१

## क्षेत्रीय सङ्गठनको अवधारणा र महत्त्व

### १. परिचय र अवधारणा

कुनै निश्चित भौगोलिक क्षेत्रमा रहेका देशहरूले बनाएका सङ्गठन क्षेत्रीय सङ्गठन हुन् । यस्ता सङ्गठनका विभिन्न उद्देश्य हुन्छन् । मुख्य गरी आफ्ना साझा चुनौतीहरू सामूहिक रूपमा सम्बोधन गर्नु, सहयोगको आदानप्रदान गर्नु र आपसी हित अभिवृद्धि गर्नु यस्ता सङ्गठनका मुख्य उद्देश्य हुन् । त्यस्तै आर्थिक विकास, राजनीतिक स्थिरता, शान्ति सुरक्षा र सदस्य राष्ट्रहरूका बिचमा सांस्कृतिक आदानप्रदान गर्नु पनि क्षेत्रीय सङ्गठनहरूका उद्देश्य र मान्यता हुन् ।

आफ्नो क्षेत्रमा केकस्ता समस्याहरू देखिएका छन् र ती समस्याहरूले राष्ट्र राष्ट्रबिचको सम्बन्धमा कस्तो असर पुऱ्याएका छन् भन्ने कुरा यस्ता सङ्गठनहरूको चासोको विषय हो । एकै क्षेत्रका विभिन्न देशहरूका समस्या पनि एकै प्रकारका हुन्छन् । अतः राष्ट्रबिचका साझा समस्याहरूलाई शान्तिपूर्ण तवरले समाधान गर्नु र साझा चासोका विषयमा सहकार्य गर्नु पनि क्षेत्रीय सङ्गठनका उद्देश्य हुन् । यस्ता सङ्गठनहरूले क्षेत्रीय द्वन्द्व समाधान, तनाव व्यवस्थापन र शान्तिसुरक्षा स्थापनाका लागि पनि कार्य गर्छन् । युरोपेली समुदाय, आसियान, सार्क, अफ्रिकी समुदाय आदि क्षेत्रीय सङ्गठनका केही उदाहरणहरू हुन् ।

### २. क्षेत्रीय सङ्गठनको महत्त्व

क्षेत्रीय सङ्गठनहरू आपसी समझदारी निर्माणका लागि महत्त्वपूर्ण रहेका छन् । यस्ता सङ्गठनको महत्त्वलाई निम्नलिखित बुँदामा उल्लेख गरिएको छ :

### (क) राजनीतिक सहयोग

एउटै क्षेत्रका देशहरू भए पनि ती देशहरूमा फरक फरक प्रकारका राजनीतिक व्यवस्थाहरूको अभ्यास गरिएको हुन सक्छ । आफ्ना आफ्ना राजनीतिक विश्वासका कारणले गर्दा देशहरूका बिचमा मतमतान्तर हुन सक्छ । देशहरूका बिचमा आउन सक्ने सीमा विवाद, सुरक्षा सरोकार र क्षेत्रीय अस्थिरता जस्ता चुनौतीहरूलाई सम्बोधन गर्नका लागि क्षेत्रीय सङ्गठनहरू सक्रिय हुन्छन् ।

### (ख) आर्थिक सहकार्य

क्षेत्रीय सङ्गठनहरूले आर्थिक सहकार्यका लागि विभिन्न नीतिहरू निर्धारण गरेका हुन्छन् । यिनीहरूले स्वतन्त्र व्यापार सम्झौता, भन्सार व्यवस्थापन, साझा बजार जस्ता गतिविधिहरू सञ्चालन गरी आर्थिक सहकार्य गरेको पाइन्छ । युरोपेली समुदायले भने साझा मुद्रासमेत प्रचलनमा ल्याएको छ ।

### (ग) सामाजिक तथा सांस्कृतिक आदानप्रदान

सदस्य राष्ट्रहरूका बिचमा आपसी सम्बन्ध विस्तारका लागि क्षेत्रीय सङ्गठनहरूले विभिन्न देशका बिचमा सामाजिक तथा सांस्कृतिक आदानप्रदानका कार्यक्रमहरू सञ्चालन गर्छन् । यस्ता कार्यक्रमहरूले गर्दा सदस्य राष्ट्रहरूका बिचमा शिक्षा, पर्यटन विकास तथा सम्पदा संरक्षणमासमेत सहयोग पुग्छ ।

### (घ) वातावरण संरक्षण

वातावरणीय असन्तुलन सबै भौगोलिक क्षेत्रको साझा समस्या हो । क्षेत्रीय सङ्गठनहरूले वातावरण संरक्षणका लागि सहकार्य गर्छन् । यसका लागि उनीहरूले साझा नीतिसमेत निर्धारण गरेका हुन्छन् ।

### (ङ) मानवीय सहयोगको आदानप्रदान

विभिन्न मुलुकहरूले समय समयमा अनेक प्रकारका प्राकृतिक र मानवीय विपत्तिहरूको सामना गरिरहेका छन् । कुनै पनि सदस्य राष्ट्रमा विपत्तिहरू सिर्जना भएका बेलामा मानवीय सहयोगका लागि यस्ता क्षेत्रीय सङ्गठनहरूको आवश्यकता पर्छ ।

## अभ्यास

१. तलका प्रश्नहरूको अति छोटो उत्तर दिनुहोस् :

(क) कस्ता सङ्गठनहरूलाई क्षेत्रीय सङ्गठन भनिन्छ ?

(ख) क्षेत्रीय सङ्गठनहरूको स्थापना हुनुको कुनै एउटा कारण लेख्नुहोस् ।

(ग) राष्ट्रहरूका बिचको राजनीतिक विश्वासले कसरी आपसी द्वन्द्वको सिर्जना गर्छ, कुनै एकको उल्लेख गर्नुहोस् ।

२. तलका प्रश्नहरूको छोटो उत्तर दिनुहोस् :

(क) क्षेत्रीय सङ्गठनको अवधारणा स्पष्ट हुने गरी एक अनुच्छेद लेख्नुहोस् ।

(ख) क्षेत्रीय सङ्गठनको परिचय दिँदै दुई साथीहरूका बिचमा संवाद तयार गर्नुहोस् ।

(ग) क्षेत्रीय सङ्गठनहरूले आर्थिक सहकार्यलाई कसरी मजबुत बनाउँछन्, छोटकरीमा लेख्नुहोस् ।

३. तलका प्रश्नको लामो उत्तर दिनुहोस् :

(क) क्षेत्रीय सङ्गठन भनेको के हो र विश्वमा क्षेत्रीय सङ्गठनहरूको स्थापना किन गरिन्छ, आफ्नो विचार समावेश गरेर लेख्नुहोस् ।

(ख) क्षेत्रीय सङ्गठनको आवश्यकता र महत्त्व लेखी छोटकरीमा चर्चा गर्नुहोस् ।

### परियोजना कार्य

एउटा चार्ट पेपरमा क्षेत्रीय सङ्गठनहरूको महत्त्वसम्बन्धी बुँदाहरू लेखी कक्षामा प्रस्तुत गर्नुहोस् ।

पाठ २

# दक्षिण एसियाली क्षेत्रीय सहयोग सङ्गठन (सार्क)

South Asian Association for Regional Cooperation (SAARC)

## समाचार

### सार्क परिचयात्मक कार्यक्रम

काठमाडौँ, चैत्र १९, सार्क सचिवालयले आज परिचयात्मक कार्यक्रमको आयोजना गऱ्यो । सो कार्यक्रममा सार्कका सदस्य राष्ट्रका परराष्ट्र मन्त्रीहरूको सहभागिता रहेको थियो । यस कार्यक्रममा विभिन्न देशका वक्ताहरूले आफ्नो विचार व्यक्त गरेका थिए । सार्क स्थापनाको परिचय दिँदै सार्कका वर्तमान महासचिव गोलाम सरवारले भनेका थिए, “दक्षिण एसियाली क्षेत्रीय सहयोग सङ्गठन एसियाको दक्षिणी क्षेत्रमा रहेका देशहरूको सङ्गठन हो । यस सङ्गठनको अवधारणा भने सन् १९७६ मा विकसित भएको थियो । यसबेला काठमाडौँमा कोलम्बो परामर्शदातृ समितिको मन्त्रीस्तरीय बैठक आयोजना गरिएको थियो र सोही बैठकलाई नेपालका राजा श्री ५ वीरेन्द्रले सम्बोधन गरेका थिए । सम्बोधन गर्ने बेलामा उनले दक्षिण एसियाली देशहरू स्रोत र साधनमा सम्पन्न भएकाले यिनीहरूको सामूहिक प्रयासबाट समुचित लाभ लिन सकिने अवधारणा व्यक्त गरेका थिए । यसै क्रममा उनले नेपाल जलस्रोतको धनी मुलुक भएको हुनाले यहाँको जललाई अरू राष्ट्रको हितमा पनि प्रयोग गर्न सकिने कुरा बताएका थिए । त्यस्तै यस क्षेत्रका देशहरूले भोग्नुपरेका समस्याको समाधानका लागि सामूहिक पहल गर्ने उद्देश्यले दक्षिण एसियाली सहयोग सङ्गठन (सार्क) को स्थापना गर्नुपर्ने अवधारणा बङ्गलादेशका राष्ट्रपति जियाउर रहमानले सन् १९८० मे २ मा अगि सारेका थिए । यही अवधारणालाई साकार पार्नका लागि सन् १९८१ को अप्रिलमा श्रीलङ्काको कोलम्बोमा नेपाल, भारत, बङ्गलादेश, पाकिस्तान, भुटान, श्रीलङ्का र माल्दिभ्सका विदेश सचिवहरूको बैठक सम्पन्न भयो । यस बैठकले जियाउर रहमानको अवधारणालाई प्रमाणीकरण गऱ्यो । सन् १९८३ मा भारतको नयाँ दिल्ली र सन् १९८४ मा माल्दिभ्सको मालेमा विदेश मन्त्रीहरूको बैठक बसी राष्ट्रप्रमुखहरूको


सम्मेलनबाट औपचारिक रूपमा दक्षिण एसियाली क्षेत्रीय सहयोग सङ्गठन (सार्क) को स्थापना गर्ने निर्णय गऱ्यो । यही निर्णय फलस्वरूप सन् १९८५ डिसेम्वर ७ र ८ गते बङ्गलादेशको राजधानी ढाकामा सम्पन्न राष्ट्र प्रमुखको सम्मेलन सम्पन्न भयो र यही सम्मेलनपछि औपचारिक रूपमा दक्षिण एसियाली क्षेत्रीय सहयोग सङ्गठन (सार्क) को स्थापना भयो । यही सम्मेलनलाई नै दक्षिण एसियाली क्षेत्रीय सहयोग सङ्गठन (सार्क) को प्रथम शिखर सम्मेलन मानियो । उनले भनेका थिए, "सन् २००७ मा नयाँ दिल्लीमा सार्कको चौधौँ शिखर सम्मेलन सम्पन्न भएको थियो र यस सम्मलेनले अफगानिस्तानलाई पनि सार्कको सदस्यता प्रदान गरेको थियो । हाल यस सङ्गठनका सदस्यहरूको सङ्ख्या आठ रहेको छ । यसको तेस्रो शिखर सम्मेलन सन् १९८७ मा काठमाडौँमा सम्पन्न भएको थियो र यसले आफ्नो सचिवालय काठमाडौँमा स्थापना गरेको थियो ।"

सार्कका उदेश्यहरू

- दक्षिण एसियाका जनताहरूको हितलाई अभिवृद्धि गर्ने र उनीहरूको जीवनस्तरमा सुधार ल्याउने
- यस क्षेत्रको आर्थिक वृद्धि, सामाजिक उन्नति तथा सांस्कृतिक विकासलाई अभिवृद्धि गर्ने र सबै व्यक्तिहरूलाई उनीहरूको पूर्ण सार्थकता महसुस गर्नका लागि सम्मानपूर्वक बस्ने अवसर प्रदान गर्ने
- दक्षिण एसियाका राष्ट्रहरूबिचको सामूहिक आत्मनिर्भरतालाई अभिवृद्धि गर्ने र समृद्ध गर्ने
- एक अर्काका समस्याप्रति पारस्परिक विश्वास र समझदारी राख्दै योगदान दिने
- आर्थिक, सामाजिक, सांस्कृतिक, प्राविधिक तथा वैज्ञानिक क्षेत्रहरूमा सक्रिय सहभागिता र पारस्परिक सहयोगको अभिवृद्धि गर्ने
- साझा हितका विषयहरू रहेका अन्तर्राष्ट्रिय तथा क्षेत्रीय संस्थाहरूसँग सहयोग अभिवृद्धि गर्ने

वक्ताहरूमध्ये एक जनाले सार्कका उद्देश्यहरू उल्लेख गर्दै भनेका थिए, "सार्कको बडापत्रको धारा एकमा जम्मा छ उद्देश्यहरू रहेका छन् । ती उद्देश्यहरूमा दक्षिण एसियाका जनताहरूको हितलाई अभिवृद्धि गर्ने र उनीहरूको जीवनस्तरमा सुधार ल्याउने, यस क्षेत्रको आर्थिक वृद्धि, सामाजिक उन्नति तथा सांस्कृतिक विकासलाई अभिवृद्धि गर्ने र सबै व्यक्तिहरूलाई उनीहरूको पूर्ण सार्थकता महसुस गर्नका लागि सम्मानपूर्वक बस्ने अवसर प्रदान गर्ने, दक्षिण एसियाका राष्ट्रहरूबिचको सामूहिक आत्मनिर्भरतालाई अभिवृद्धि गर्ने, एकअर्काका समस्याप्रति पारस्परिक विश्वास र समझदारी राख्दै योगदान दिने, आर्थिक, सामाजिक, सांस्कृतिक, प्राविधिक तथा वैज्ञानिक क्षेत्रहरूमा सक्रिय सहभागिता

र पारस्परिक सहयोगको अभिवृद्धि गर्ने र साझा हितका विषयहरू रहेका अन्तर्राष्ट्रिय तथा क्षेत्रीय संस्थाहरूसँग सहयोग अभिवृद्धि गर्ने रहेका छन् ।" आफ्नो बोल्ने क्रममा अर्का वक्ताले सार्कका जम्मा छ अङ्गहरू रहेको र राज्य तथा सरकार प्रमुखहरूको बैठक, मन्त्रिपरिषद्, स्थायी समिति, प्राविधिक समिति, कार्य समिति तथा सचिवालय सार्कका अङ्गहरू भएको कुरा बताए । विभिन्न वक्ताहरूले सार्कका गतिविधिहरूका विषयमा बोल्ने सिलसिलामा सार्कको प्रथम शिखर सम्मेलन १९८५ डिसेम्बर ७ र ८ मा ढाकामा भएको र त्यसपछि विभिन्न देशहरूमा भएको कुरा बताएका थिए । उनका अनुसार सार्कको अठारौँ शिखर सम्मेलन सन् २०१४ नोभेम्बर २६ र २७ मा काठमाडौँमा सम्पन्न भएको थियो । सार्कका कार्यक्रमहरूका विषयमा बोल्दै अर्का वक्ताले भने, "सार्कले विभिन्न समयमा विभिन्न प्रकारका कार्यक्रमहरू गरेर यसको शिखर सम्मेलनले गरेका निर्णयहरू कार्यान्वयन गर्छ । यसले सुरुदेखि नै विभिन्न गतिविधिहरू गर्दै आइरहेको छ । यस क्षेत्रका नागरिकहरूमा सचेतना अभिवृद्धि गर्नका लागि विभिन्न वर्षहरूलाई सार्क विशेष वर्षका रूपमा मनाउने गरेको छ । यसै क्रममा सन् १९९० देखि सार्क दशकसमेत घोषणा गर्ने गरेको छ । सार्कको माध्यमबाट नेपालले शिक्षा, स्वास्थ्य, विकास निर्माण, आर्थिक, सांस्कृतिक आदि क्षेत्रमा प्रशस्त फाइदा लिन सक्छ ।" कार्यक्रमको अन्त्यमा नेपालका प्रतिनिधिले मन्तव्यसहित कार्यक्रमको विर्सजन गरेका थिए ।



## अभ्यास

१. **तलका प्रश्नहरूको अति छोटो उत्तर दिनुहोस् :**

(क) दक्षिण एसियाली क्षेत्रीय सहयोग सङ्गठन (सार्क) को स्थापना गर्नुपर्ने अवधारणा कसले प्रस्तुत गरेका हुन् ?

(ख) सार्कको कुन शिखर सम्मेलनले यसको सचिवालय स्थापना गर्ने निर्णय गरेको थियो ?

(ग) सार्कको स्थापना कहिले भएको थियो, पूरा मिति लेख्नुहोस् ।

(घ) सार्कको बडापत्र भनेको के हो ?

२. **तलका प्रश्नहरूको छोटो उत्तर दिनुहोस् :**

(क) विश्वव्यापी सङ्गठन र क्षेत्रीय सङ्गठनको उदाहरणसहित परिभाषा लेख्नुहोस् ।

(ख) सङ्गठनहरूको स्थापना किन गरिन्छ, आफ्नो विचार लेख्नुहोस् ।

(ग) कोलम्बो परामर्शदातृ समितिको मन्त्रीस्तरीय बैठकमा नेपालका राजा वीरेन्द्रले कुन उद्देश्यका लागि क्षेत्रीय सङ्गठनको स्थापना गर्नुपर्ने आवश्यकता औँल्याएका थिए ?

३. **तलका प्रश्नहरूको लामो उत्तर दिनुहोस् :**

(क) सार्कबाट नेपाललगायतका अन्य मुलुकहरूले बढीभन्दा बढी फाइदा लिनका लागि के गर्नुपर्ला ? सार्कका गतिविधि र कार्यक्षेत्रका आधारमा लेख्नुहोस् ।

(ख) सार्कको विधिवत् स्थापनाका लागि भएका पहल र प्रयासहरू लेखी छोटकरीमा चर्चा गनुहोस् ।

### परियोजना कार्य

(क) पाना भरिने गरी सार्कको नक्सा बनाउनुहोस् र सबै देशको नाम लेख्नुहोस् ।

(ख) हालसम्म सार्कका शिखर सम्मेलनहरू कुन कुन देशमा र कुन कुन मितिमा भए, सोधखोज गरी तालिकामा प्रस्तुत गर्नुहोस् ।

पाठ ३

# बिमस्टेक (BIMSTEC)

## १. परिचय

"Bay of Bengal Initiative for Multi-Sectoral Teachnical and Economic Cooperation अर्थात् बहुक्षेत्रीय प्राविधिक तथा आर्थिक सहयोगका लागि बङ्गालको खाडीको प्रयास" लाई छोटकरीमा बिमस्टेक BIMSTEC भनिन्छ । यो बङ्गालको खाडी आसपासका सात राष्ट्रहरू मिलेर बनेको सङ्गठन हो र यसका सदस्य राष्ट्रहरू बङ्गलादेश, भुटान, भारत, म्यानमार, नेपाल, श्रीलङ्का र थाइल्यान्ड हुन् । सन् १९९७ मा यस क्षेत्रका राष्ट्रहरूको आर्थिक वृद्धि, प्राविधिक सहयोग र सांस्कृतिक आदानप्रदान गर्ने उद्देश्यले यस संस्थाको स्थापना भएको हो । यसको घोषणापत्र तयार गरी सन् १९९७ को जुन ६ तारिखमा थाइल्यान्डको बैङ्ककमा बङ्गलादेश, भारत, श्रीलङ्का र थाइल्यान्डका प्रतिनिधिहरूद्वारा हस्ताक्षर भएपछि यसको औपचारिक रूपमा स्थापना भएको थियो । सन् १९९७ मा म्यानमार र भुटान पनि यसका सदस्य बने भने सन् २००४ को फेब्रुअरी महिनामा नेपालले पनि यसको सदस्यता प्राप्त गऱ्यो । बङ्गलादेशको ढाकामा सन् १९१४ मा स्थापित यसको सचिवालयले बिमस्टेकका गतिविधिहरूका लागि प्रशासनिक हबका रूपमा कार्यसमेत गरिरहेको छ ।

बिम्स्टेकका सदस्य देशहरू

- बङ्गलादेश
- भुटान
- भारत
- म्यानमार
- नेपाल
- श्रीलङ्का
- थाइल्यान्ड

## २. बिमस्टेकका उद्देश्य

(क) सदस्य राष्ट्रहरूका बिचमा आर्थिक सहकार्य गर्ने र आर्थिक विकासका परियोजनाहरू कार्यान्वयन गर्ने

(ख) आर्थिक, सामाजिक, प्राविधिक र वैज्ञानिक क्षेत्रमा साझा हितका विषयमा सक्रिय सहयोग र पारस्परिक सहयोग प्रवर्धन गर्ने

(ग) शैक्षिक, व्यावसायिक र प्राविधिक क्षेत्रमा तालिम र अनुसन्धान सुविधाहरूका रूपमा एकअर्कालाई सहयोग प्रदान गर्ने

(घ) सदस्य राष्ट्रहरूका राष्ट्रिय विकास योजनाहरूलाई आवश्यक सहयोग र समर्थन गर्ने

(ङ) सदस्य राष्ट्रका नागरिकहरूको जीवनस्तर उकास्न, रोजगारी सिर्जना गर्ने तथा यातायात र सञ्चारका पूर्वाधारहरूको विकास गर्न सहयोग गर्ने

(च) अन्तर्राष्ट्रिय आतङ्कवाद, अन्तर्राष्ट्रिय सङ्गठित अपराधका साथै प्राकृतिक प्रकोप, जलवायु परिवर्तन र सरुवा रोगहरू विरुद्ध सामूहिक पहल गर्ने

(छ) बङ्गालको खाडी क्षेत्रमा शान्ति र स्थिरता कायम गर्ने

(ज) समान उद्देश्य भएका अन्तर्राष्ट्रिय र क्षेत्रीय सङ्गठनहरूसँग सम्बन्ध विस्तार गर्ने


(झ) बङ्गालको खाडी क्षेत्रबाट गरिबी उन्मूलन गर्ने प्रयास गर्ने

(ञ) बहुआयामिक कनेक्टिभिटी स्थापना गर्न, साझा समृद्धिको लागि आर्थिक एकीकरणको लागि प्रमुख सक्षमकर्ताका रूपमा यस क्षेत्रमा कनेक्टिभिटी फ्रेमवर्कहरूबिच समन्वयलाई बढावा दिने

(ट) यस क्षेत्रको आर्थिक र सामाजिक विकासका लागि प्रमुख योगदानकर्ताका रूपमा व्यापार र लगानी प्रवर्धन गर्ने

## ३. बिमस्टेकका क्षेत्र

बहुक्षेत्रीय प्राविधिक तथा आर्थिक सहयोगका लागि बङ्गालको खाडीको प्रयास (बिमस्टेक) ले सदस्य राष्ट्रहरूबिचको सहयोगका विभिन्न क्षेत्रहरूलाई समेटेको छ । यसको दायरा यस प्रकार रहेको छ : समग्रमा बिमस्टेकले यसका सदस्य राष्ट्रहरूबिच क्षेत्रीय सहयोग, दिगो विकास र साझा समृद्धिको प्रवर्धनका कार्य गर्नका लागि विभिन्न विषयहरू समेटेको छ ।




## ४. नेपाल र बिमस्टेक

नेपाल बहुक्षेत्रीय प्राविधिक तथा आर्थिक सहयोगका लागि बङ्गालको खाडीको प्रयास (बिमस्टेक) को सदस्य राष्ट्र हो । बिमस्टेकको सदस्यका रूपमा नेपालले बङ्गालको खाडी क्षेत्रमा आर्थिक वृद्धि, प्राविधिक सहयोग र सांस्कृतिक आदानप्रदानलाई प्रवर्धन गर्न अन्य सदस्य राष्ट्रहरूसँग सहभागी र संलग्न रहेको छ । बिमस्टेकले नेपाललाई छिमेकी राष्ट्रहरू भारत, बङ्गलादेश, भुटान, म्यानमार, श्रीलङ्का र थाइल्यान्डसँग आफ्नो सम्पर्क विस्तार गर्न प्लेटफर्म उपलब्ध गराएको छ । यो कनेक्टिभिटी व्यापार, लगानी र पूर्वाधार विकासका लागि महत्त्वपूर्ण छ । जसले नेपालको आर्थिक विकास र क्षेत्रीय एकीकरणमा महत्त्वपूर्ण योगदान पुऱ्याउन सक्छ ।



BIMSTEC

बिमस्टेकमार्फत नेपालले व्यापार, लगानी, पर्यटन, कृषि, मत्स्यपालन, ऊर्जा, जलवायु परिवर्तन, विपद् व्यवस्थापन र सांस्कृतिक आदानप्रदान जस्ता क्षेत्रहरूमा केन्द्रित विभिन्न पहल र गतिविधिहरूमा भाग

लिन्छ । सङ्गठनले साझा चुनौतीहरूलाई सम्बोधन गर्न र आपसी समृद्धि प्रवर्धन गर्नुका साथै सदस्य राष्ट्रहरूबिच वार्ता र सहयोगलाई पनि सहजीकरण गर्छ ।

समग्रमा बिमस्टेकले नेपालको क्षेत्रीय संलग्नता र बङ्गालको खाडी क्षेत्रमा आफ्ना छिमेकीहरूसँग घनिष्ट सम्बन्ध बढाउने प्रयासमा महत्त्वपूर्ण भूमिका खेल्छ ।

## अभ्यास

१. तलका प्रश्नहरूको अति छोटो उत्तर दिनुहोस् :

(क) बिमस्टेकको अङ्ग्रेजी पूरा रूप लेख्नुहोस् ।

(ख) नेपालले बिमस्टेकको सदस्यता कहिले प्राप्त गरेको थियो ?

(ग) बिमस्टेकको स्थापना किन भएको होला, एक वाक्यमा लेख्नुहोस् ।

(घ) बिमस्टेकको स्थापना कुन देशमा भएको थियो ?

२. तलका प्रश्नहरूको छोटो उत्तर दिनुहोस् :

(क) बिमस्टेकको स्थापनाका लागि भएका पहलहरूको चर्चा गर्नुहोस् ।

(ख) बिमस्टेकका सदस्य राष्ट्रहरूको नाम लेख्नुहोस् ।

(ग) बिमस्टेकको स्थापना किन भएको होला, यसका उद्देश्यका आधारमा लेख्नुहोस् ।

३. तलका प्रश्नहरूको लामो उत्तर दिनुहोस् :

(क) नेपालले बिमस्टेकबाट के कसरी लाभ लिन सक्छ, यसका क्षेत्रहरूका आधारमा लेख्नुहोस् ।

(ख) नेपाल बिमस्टेक जस्तै अरू केकस्ता संस्थाहरूमा आबद्ध भएको छ, कुनै तीन संस्थाहरूको नाम लेखी ती संस्थाहरूका उद्देश्य चर्चा गर्नुहोस् ।

## परियोजना कार्य

(क) एसियाको नक्सामा बिमस्टेकका सदस्य राष्ट्रहरूको नाम लेख्नुहोस् ।

(ख) बिमस्टेकका क्षेत्रहरूलाई चार्टमा प्रस्तुत गर्नुहोस् ।